CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२४६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्त ३२५४

द० ६३२०

वा०वि०पीठ,

पुस्तकालय,

मू० १०/-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाशिष्ठामृत

(वाशिष्ठ वचनमाला)

[योगवाशिष्ठ मोक्षोपाय शास्त्रका सम्पूर्ण उत्तम-उत्तम
विषयहरूको स्पष्ट र सरल रूपले वर्णन।
यो वेदान्त ग्रन्थ मुमुक्षुको लागि
अत्यन्त उत्कृष्ट छ।]

लेखक
नेपाल राजकीय महाविद्यालयको गीताशास्त्र आदिका
भूतपूर्व प्राध्यापक
श्री क्षितीशचन्द्र चक्रवर्ती, एम० ए० बी० एल०

NEPAL

प्रकाशक
गंगा, जोती चुके
कुन्छा, नारायणगढ़, नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

● प्रकाशक
जोति लाल, गंगालक्ष्मी
प ३ नं०, कुन्छा (लमजुङ्)
नेपाल ।

● फर्म—बैकुण्ठलाल बसन्तलाल
नारायणगढ़—भरतपुर,
नेपाल ।

● सं० २०२३ भाद्र

● प्रथम बार १०००

● मूल्य —Rs-1 2

● मुद्रक
मनोज प्रिंटिंग प्रेस,
भाट की गली, वाराणसी-१
(भारत)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निवेदन

आज यो वाशिष्ठामृत-वचनमाला प्रकाशित गर्न परमात्मा वशिष्ठद्वारा प्रेरणा पाई मेरो हात परेकोले—प्रकाशित गर्न पाउँदा आफूलाई धन्य संझी मुमुक्षु जिज्ञासावानहरूलाई पनि यसको श्रवण मननबाट आफ्नू स्वरूप—परमात्मामा पुग्न बल र प्रेरणा मिल्नेछ।

गंगादेवी, जोतीलाल

कुंछा बजार,
लमजुङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो भन्नु

•

हामीमाथि परम कृपालु परमात्माको प्रेरणाबाट—आफू हो अविनाशी ज्ञानस्वरूप। यस्तो परमात्मा स्वरूपलाई बताईकन—फेरि त्यो परमात्मा र आफूमा अभेद ज्ञान देखाउनाको लागि यो वाशिष्ठामृत वचनमाला—नेपाली सरल वचनमा श्री गुरु ब्रह्मस्वरूप चक्रवर्तीज्यूबाट रचना गर्नुभयो।

यो वचनमालाको सार वस्तु हो – संसार दृश्य भएको हैन संकल्प मात्र हो, त्यसलाई मिथ्या जानी त्यागिदिनु। भएको वस्तु हो अकल्पित र अविनाशी शुद्ध चैतन्य सुखस्वरूप आफू – त्यसलाई सधैं संझिराख्नू। त्यो सदा प्राप्त नै छ।

यो "महारत्न" वाशिष्ठामृतको अवलोकन गरेपछि आफ्नो भूल धारणालाई परित्याग गरी जीव फेरि आफ्नू "ब्रह्मस्वरूपलाई" पाईकन चिर सुखी हुनेछ।

यो वचनमाला प्रकाशित गर्न परमभक्त वसन्त-अनन्तको उदारताले वहाँका माता पिताज्यूको नामबाट प्रकाशित गरी सारा भक्तहरूको उद्धार गर्नुभएकोमा हृदयदेखि सहस्र धन्यवाद दिएर श्री ब्रह्मस्वरूप बाबाज्यूलाई आफ्नू हृदयमा वारंवार प्रणाम-वन्दना गर्दछु।

—हीरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वासिष्ठामृत



नेपाल राजकीय महाविद्यालय को गीता शास्त्र को भूतपूर्व अध्यापक
ब्रह्मनिष्ठ पं० शिवराम पुरूषोत्तमानन्द
(अध्यक्ष श्री क्षितीशचन्द्र चक्रवर्ती, एम० ए० बि० एल०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तावना

योगवाशिष्ट महारामायण हो ज्ञानशास्त्र। जुन शास्त्रले जिज्ञासुको हृदयमा आफ्नू सनातन अद्वितीय स्वरूपको सम्यक् नाम उदित गरिदिन्छ—अर्थात् जन्म मरण आदि सारा दुःखको आत्यन्तिक निवृत्ति पूर्वक आफ्नू निरतिशय सुखस्वरूपमा फेरि प्रतिष्ठित गरिदिन्छ—त्यसलाई ज्ञानशास्त्र भनेको छ। योगवाशिष्ट शास्त्रमा मोक्षको उपाय (मोक्षको बाटो) सरल र विस्तृत रूपले देखाएको छ, त्यसकारण यसलाई मोक्षोपाय शास्त्र भनेको छ।

यो मोक्षशास्त्र बत्तीस हजार श्लोकमा रचिएको छ र यो ६ प्रकरणमा विभक्त छ। यसमा नाना उपाख्यान पनि ग्रथित भएको छ। भगवान वशिष्ठले जुन ज्ञानामृत रामलाई पान गराउनुभएको थियो त्यसको नै सार यो प्रस्तुत सानु ग्रन्थमा सरल र सुस्पष्टरूपले उद्धृत भएको छ। सूक्ष्मातिसूक्ष्म र अत्यन्त हितकर भएकोले यो उपदेशामृतमा जुन पुनरुक्ति देखिन्छ त्यो दूषण हैन किन्तु भूषण हो। श्रद्धापूर्वक यो वचनमालालाई कण्ठमा धारण गरेपछि संसारको त्रिविध ताप जिज्ञासुको हृदयलाई कहिले पनि छुन सक्दैन—यो वाशिष्ठामृत ग्रंथको विशेषता हो। भूलोकमा यस्तो ज्ञान शास्त्र अरू छैन। ब्रह्मलोकमा ब्रह्माजीको सभामा यो सर्वोत्तम मोक्षशास्त्रको चर्चा भइरहन्छ।

मोहयुक्त पुरुषलाई मात्र धेरै प्रकारको शोक प्राप्त हुन्छ। आफ्नू स्वरूपलाई बिर्सेपछि (स्वरूपको अज्ञान भएपछि मात्र अशेष दुःख प्राप्त हुन्छ) यसको दृष्टान्त हो स्वप्न—छोराको आमा भैकन पनि स्वप्नमा स्वरूपलाई बिर्सिएको हुनाले आमा पुत्रको अभावजनित शोक प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्छे । जाग्रतमा पनि देखिन्छ कि गलाको हारलाई भुलेर—'मेरो हार हराएको छ' यस्तो अज्ञानले मानिस ठूलो दुःखको अनुभव गर्छ । उभय स्थलमा देखिन्छ कि यस्तो दुःख र शोकको निवर्तक हो आफ्नू स्वरूपलाई जान्नु मात्र—'म छोराकी आमा हुँ' किंवा 'मेरो गलामा हार रहेको छ' यस्तो प्रत्यक्ष रूपले जान्नु (अरू कुनै प्रकारको प्रयत्न किंवा कुनै विषय प्राप्त गर्नु हैन) ।

हामीहरूको प्रतिदिनको दुःख पनि हामीहरूले स्वरूपलाई बिर्सनुको अवश्यंभावी फल हो । त्यसकारण आफ्नू वास्तविक स्वरूपलाई जानेपछि मात्र यो दुःख कष्टको निवृत्ति संभव हुन्छ—अरू कुनै उपाय अवलम्बनले यो अशेष दुःखको निवृत्ति संभव हुँदैन । यो हो शास्त्रसिद्ध—गीतामृत वाशिष्ठामृत । सबै ज्ञानशास्त्रले एक स्वरले भन्दछन् कि आफ्नू सनातन एकरस स्वयंप्रकाश—अखण्ड सुख स्वरूपलाई जानेपछि मात्र सारा दुःखको निवृत्ति संभव हुन्छ,अरू कुनै प्रकारले संभव हुँदैन । सुषुप्ति स्थिति पनि हो यो विषयमा अकाट्य प्रमाण—सुषुप्ति कालमा हामीहरू जो अखण्ड आनन्दको अनुभव गर्छौं त्यो आफ्नू स्वरूपको प्राप्तिबाट नै संभव हुन्छ, कुनै प्रयत्न किंवा विषय प्राप्तिको परिणामले हैन—किनकि त्यो वेला कुनै प्रयत्न किंवा विषयको प्राप्ति छैन ।

हामीहरूको आफ्नू स्वरूप हो अद्वितीय एकरस स्वप्रकाश अखण्ड आनन्द । शास्त्र विद्वान्‌को अनुभव र सुषुप्तिकालीन सबैको अनुभवबाट सिद्धि भएको आफ्नू—वास्तव स्वरूपमा देह किंवा जगत्‌को कुनै पदार्थ छैन । आफ्नू अखण्ड सनातन स्वप्रकाश आनन्द स्वरूपमा ज्ञाता ज्ञान र ज्ञेयरूप त्रिपुटी रहन सक्दैन । त्रिपुटी हो साभास अन्तःकरणको तीनोटा विभाग, त्यसकारण अखण्ड आफ्नू वास्तव स्वरूपमा वृत्तियुक्त अन्तःकरण रहन सक्दैन । अन्तिम अखण्डाकार (ब्रह्माकार) वृत्ति (किंवा साक्षात्कार वृत्ति) पनि हो निर्विभाग र निराभास निज अद्वितीय सनातन स्वरूपमा कल्पित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्यक् ज्ञान (वा साक्षात्कार वृत्ति) उदित भए आफ्नू स्वरूपको अज्ञान नष्ट भैहाल्छ। सम्यक् ज्ञान पनि आफ्नू वास्तव अखण्ड चिदानन्दस्वरूपको उपलक्षण मात्र हो।

यो सम्यक् ज्ञान किंवा यथार्थ अनुभवको साधन हो आदरपूर्वक दीर्घ काल र निरन्तर आफ्नू वास्तव स्वरूपको अभ्यास। यसैलाई निष्ठा ज्ञानाभ्यास ब्रह्माभ्यास आत्मानुसन्धान स्वरूपानुसंधान उत्तम भक्ति किंवा सत्संग भनेको छ। यसैलाई विचार पनि भनेको छ।

यो आत्मनिष्ठाको एक मात्र—साधन हो शुद्ध चित्त (किंवा वैराग्यपूर्वक विवेक ज्ञान)। वैराग्यविना विवेक सफल हुन सक्दैन। अन्वय र व्यतिरेकबाट सिद्ध भएको आफ्नू अव्यभिचारी स्वरूपको एक मात्र सत्य वस्तु। देहादि जगत् पदार्थ हो बिलकुल मिथ्या, यस्तो शास्त्र र सज्जनबाट जानीकन पारमार्थिक सत् वस्तुलाई सत्य भनी ग्रहण र देहादि जगत्लाई मिथ्या भनी परित्याग (वैराग्य या देहादि सारा अनात्म पदार्थमा अनिच्छा) लाई विवेक भनेको छ। देहदेखि शुरू गरेर अहंकार (प्रतिबिम्ब प्रमाताभाव) संम पदार्थमा म बुद्धि किंवा मेरो बुद्धि जब वासनाको बलले उदित हुन्छ त्यो क्षणमा विवेक ज्ञानको सहाराले आफ्नू वास्तव स्वरूपलाई ग्रहण गर्नुपर्छ, शुद्ध चित्तद्वारा आत्मस्वरूपको अनुभव गर्नुपर्छ (अर्थात्—आत्माकार वृत्तिको उत्पत्ति गर्नुपर्छ) र देहादि अहंभावको चिन्तनलाई परित्याग गर्नुपर्छ। यसरी विषयाकार वृत्तिको निवृत्तिपूर्वक आत्माकार वृत्तिको उत्पत्तिलाई विचार भनेको छ।

एवं प्रकारले संपूर्ण वाशिष्ठ वचनमालाभित्र प्रधानरूपले तीन किसिमका मनोहर पुष्प लक्षित हुन्छन्—(१) विवेकबोधक वचन, (२) विचारबोधक वचन र (३) अनुभवसूचक वचन।

वाशिष्ठ वचनमाला चार भागमा विभक्त छ। प्रति भागमा विवेक विचार र अनुभवको अमृत वचन मिल्छ, किनकि विवेक र विचार हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुभवको अविच्छेद्य अंग। निरन्तर आत्मानुसंधानविना आफ्नू अखण्ड एकरस स्वरूपको साक्षात्कार संभव छैन। अनात्म निरसन विना विचार किंवा आत्मानुसंधान संभव हुँदैन। बाहिरी पदार्थ शरीर, इन्द्रिय, प्राण मन बुद्धि अहंकार जीव भाव र ईश्वर भाव—यी सारा हुन् अनात्म वस्तु—पारमार्थिक सत्य वस्तु हैन। त्यसकारण यिनीहरूको निरसन नभए आत्मविचार उत्पन्न हुन सक्दैन। त्यसकारण वाह्य र आन्तर सारा दृश्य पदार्थ संवेदन (जान्नुको इच्छा या वासना) किंवा सङ्कल्पबाट उत्पन्न हुन्छ, यो भगवान वशिष्ठले देखाउनुभयो। आत्म-तत्वमा जो स्पन्दन फुर्छ (चलन बन्दछ) त्यो हो अवस्तुरूप जस्तो समुद्रमा तरंग फुरेर आउंछ। मन चित्त किंवा सङ्कल्प मिथ्या उदित हुन्छ, त्यो हो भ्रम मात्र। यसलाई रज्जु सर्प झैं मिथ्या जानीकन खडा हुन नदिएपछि किंवा त्यसको साथ नमिलेपछि सङ्कल्प स्फुरित हुन सक्दैन। यसरी ज्ञानाभ्यासद्वारा संवेदन (चेतन र जडको ग्रन्थि) विनष्ट भए साक्षात्कार किंवा आत्मस्वरूपको सम्यक् ज्ञान उदित हुन्छ (जडबाट छुट्टयाएको चिन् मात्र स्वरूप परिज्ञातरूपले सम्यक् प्रकाशित भैहाल्छ)। (गीतामृत पृष्ठ ५-७, ११-१२ हेर्नुहोस्)।

संवेदन या सङ्कल्पलाई अन्तवाहक शरीर भनेको छ। यो शरीरमा दृढता भए (सङ्कल्प हो कल्पना मात्र र अवास्तव यस्तो नजानेर सङ्कल्पसित मिलेपछि अर्थात् तादात्म्य अध्यास भएपछि) आधिभौतिक शरीर (पाञ्चभौतिक शरीर) प्राप्त हुन्छ। संवेदनबाट भावना उत्पन्न हुन्छ, भावनाबाट समष्टि वासना उद्बुद्ध हुन्छ र समष्टि वासनाबाट व्यष्टि जीवको विषय चिन्तन या विषयाकार वृत्ति खडा हुन्छ। यसरी अज्ञानी जीव चैतन्य मात्र आफ्नू स्वरूपलाई भुलीकन दृढ कल्पनाले स्थूल शरीरमा सत्यता बुद्धि गर्छ र उसमा अभिमान गरेकोले धेरै प्रकारको दुःख (राग भय क्रोध आदि) व्यर्थ अनुभव गर्छ।

स्वप्नमा जस्तो आफूबाट बनेको (विश्वबाट कल्पित भएको) जगत्-भित्र कुनै एउटा जीवमा दोषले म बुद्धि हुन्छ त्यस्तो फलोन्मुख समष्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वासनाबाट—निर्मित भएको यो ब्रह्माण्डभित्र जीवमा मूर्खताले तिम्रो म बुद्धि उदित भएको छ । वास्तवमा तिमी चैतन्य मात्र सत्ताबाट उठेर भावनाद्वारा उद्-बुद्ध भएको समष्टि वासनाको बलले यो जगत्-को—सारा जीवलाई सृष्टि गरीकन भूलले—(आफ्नू यथार्थ स्वरूपलाई बिर्सेर) यौटा जीव शरीरमा अभिमान गरीकन व्यर्थ प्रमाता भावलाई स्वीकार गरेका छौ र निरन्तर नाना किसिमका विषयाकार वृत्ति उठाई-कन धेरै चिन्ता र भयलाई अनुभव गरिरहन्छौ । 'यो दृश्यमान अत्यन्त विस्तृत जगत् हो—सत्य र यसको भित्र मेरो शरीर रहेको छ र यो शरीरभित्र-भित्र म निवास गर्छु'—यो हो तिम्रो ठूलो भूल । सम्पूर्ण जगत् र तिम्रो शरीर हो स्वप्न प्रपञ्च झैं मिथ्या । सारा दृश्य तिम्रो चैतन्यस्वरूपमा कल्पित छ। विवेक वैराग्य र विचारलाई अवलम्बन गरेपछि तिमी क्रमले आफ्नू वास्तव सनातन स्वरूपको यथार्थ अनुभव (साक्षात्कार) गर्न सक्छौ ।

समष्टि अनुद्बुद्ध वासना संयुक्त—चैतन्यलाई संवेदन, क्षेत्रज्ञ किंवा अहंकार भनेको छ(यो हो जड र चेतनको परस्पर मिश्रण किंवा ग्रन्थि)। निरहंकार उदासीन चैतन्य—अज्ञानले खडा भएको दृश्यको किंवा वासनासित मिलेपछि क्षेत्रज्ञ नामले कथित हुन्छ । चैतन्य मात्र सत्ता हो दृश्यरहित (सङ्कल्प उठाएपछि सङ्कल्पित पदार्थ भासेर आउँछ, त्यो क्षणिक भएकोले मिथ्या हो । सङ्कल्पित पदार्थ मिथ्या हो सङ्कल्प न उठाएपछि प्रतिभासित हुँदैन । आफ्नू चैतन्यस्वरूप हो एक मात्र सनातन सारा दृश्यरहित पारमार्थिक सत्य वस्तु) । साक्षी किंवा क्षेत्र-ज्ञपछि अज्ञानको कार्यसित (अन्तःकरणसित) मिलेपछि त्रिपुटी भाव प्राप्त हुन्छ—द्रष्टा दर्शन र दृश्यरूप सम्पूर्ण जगत् विस्तार भैहाल्छ । त्यसकारण विषय ज्ञानकालमा ज्ञानको आश्रय भएको जो विषयको अनुसंधाता हो त्यसको प्रकाशभित्र त्रिपुटी हराइहाल्छ—विषयको संस्कार मात्र (अर्थात्—विषय वासना) बाँकी रहन्छ । (यो सानु ग्रन्थको दोस्रो भाग हेर्नुहोस्) । 'चैतन्यस्वरूप हामीमा सारा त्रिपुटी

॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप दृश्य खडा हुन्छ र नष्ट हुन्छ। यिनीहरू हुन् क्षणिक र त्यसकारण मिथ्या—यिनीहरूले मलाई अलिकति पनि छुन सक्तैनन्, म सधैं एकरस चैतन्य र प्रकाशस्वरूपमा बसिराखेको छु'—यस प्रकार निरन्तर विवेक भैरहे आफ्नू वास्तव स्वरूपमा विकाररहित र सुखपूर्वक स्थिति बन्दछ।

विषय वासनाको आत्यन्तिक क्षय नभएसंम (अर्थात् संवेदन किंवा साक्षीभाव विनष्ट नभएसंम) आफ्नू चैतन्य मात्र स्वरूपको सम्यक् ज्ञान (साक्षात्कार) उत्पन्न हुन सक्दैन। लीला उपाख्यानमा बताएको छ कि लीला धारणाभ्यासद्वारा अन्तवाहक शरीरलाई प्राप्त गरीकन विदुरथको लोकमा जानसक्नुभयो तापनि—अनात्मवासनाको सम्यक् क्षय नहुनाले—सम्यक् ज्ञानलाई प्राप्त गर्न सक्नुभएन। त्यसपछि जब सारा जगत् वासनाको प्रकृष्ट रूपले क्षय भएको थियो तब लीला प्रबुद्ध भयो। वास्तवमा विदुरथलाई जगत् देख्ने इच्छा भएको हुनाले नै लीला धारणाभ्यासबाट अन्तवाहक शरीरलाई प्राप्त गर्नुभयो—उहाँले स्थूल शरीरको अभिमानलाई परित्याग गरीकन, व्यष्टिजीव भावलाई छोडीकन, संपूर्ण विषयाकार वृत्तिलाई निरुद्ध गरेर वासनासंयुक्त चैतन्य भावलाई (संवेदन किंवा अन्तवाहक शरीरलाई) प्राप्त गर्नुभयो। समष्टि वासनायुक्त चैतन्यमा स्थित भैकन वासनाको स्फुरणले लीला विदुरथले जगत्लाई हेर्न सक्नुभयो। स्वप्न दृष्ट जगत् जस्तो वासनाको विजृम्भण हो त्यस्तै सारा जाग्रत् जगत् हो वासनारूप। यसकारण हृदयमा जहाँसंम अनात्मवासना रहिरहन्छ त्यहाँसंम अन्तःकरणको विषयाकार वृत्तिको संपूर्ण अभाव हुन सक्दैन। उद्बुद्ध भएको वासनाले वृत्तिरूप धारण गर्छ (अन्तःकरणको विषयाकार वृत्ति उत्पन्न हुन्छ)। चित्त निर्वासनिक भए चैतन्य मात्र रूपले अत्यन्त आकारित हुन्छ (चैतन्य स्वरूपदेखि अत्यन्त अभिन्न भैहाल्छ)। त्यो नै हो सम्यक् ज्ञानको (साक्षात्कारको) एकमात्र हेतु। (गीतामृत पृष्ठ ३०१–३०२ हेर्नुहोस्)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्वाण प्रकरण उत्तरार्धमा विपश्चितको कथामा पनि अन्तःवाहक ब्रह्माण्डमा विपश्चितले सजिलोसित घुमिरहनुको बारेमा उल्लेख छ। यसको कारण यो हो कि सबै ब्रह्माण्ड दृढ़सङ्कल्प रूप भएको हुनाले र सारा सङ्कल्प अधिष्ठानरूप आफ्नू स्वरूपमा कल्पित भएको हुनाले सबै देश आफ्नू अधिष्ठानस्वरूपदेखि अभिन्न हो र आफ्नै अंग हो (संस्काररूपले अन्तवाहक शरीरमा स्थित हो)। त्यसकारण सारा ब्रह्माण्डहरू आफ्नू चैतन्यस्वरूपको नजीकमा अवस्थित छ र दृढी भूत सङ्कल्पबाट सजिलोसित—स्थूल शरीरको प्रचेष्टाविना प्राप्य छ। सङ्कल्पमा सब कुछ अनायासले सिद्ध हुन्छ। जगत् र सारा पदार्थ संस्कार (वासना) रूपले सूक्ष्म शरीरमा (अन्तवाहक शरीरमा) निवास गर्छ र निमित्तवशात् उद्‌बुद्ध भएर बाहिर दृष्ट हुन्छ (इन्द्रिय-गोचर हुन्छ)। धारणाभ्यासी योगीको शरीर हो अन्तवाहक (संस्कारमय मात्र)। साधारण मानिस हो स्थूल शरीरमा अभिमानी—आफूलाई स्थूल शरीरयुक्त ठान्छ। धारणाभ्यासी योगी आफूलाई सङ्कल्पमय शरीरयुक्त भनी दृढ निश्चय गर्छ। (यो सानु ग्रन्थको तेस्रो चौथो भाग हेर्नुहोस्)। आधुनिक समयमा पनि काशीका तैलङ्ग स्वामी अन्तवाहक शरीरमा जहाँ तहाँ सजिलोसंग जान सक्तथे यो प्रसिद्ध कुरा हो। तर यस्तो धारणाभ्यासी योगी मानिस वासना क्षय भएपछि मात्र—सम्यक् ज्ञान प्राप्त गरेर मुक्त हुन्छ। स्थूल र सूक्ष्म दुइ प्रकारको शरीर हो अज्ञानले कल्पित मात्र, वासना हो आवरण। वासनाको (उभय शरीरको संपूर्ण क्षय भएपछि आत्म-स्वरूप सम्यक् प्रकाशित हुन्छ। (गीतामृत पृष्ठ ५ को माथि हेर्नु होस्)।

आफ्नू स्वरूपको सम्यक् ज्ञानको लागि धारणाभ्यासको (अन्तः-वाहक शरीरमा दृढ अभिमानको) प्रयोजन छैन प्रत्युत जसको दृढ जगत् वासना हुन्छ त्यो मानिस धारणाभ्यासमा प्रवृत्त हुन्छ (लीला र विपश्चित झैं) मुमुक्षु पुरुष विवेक र विचारको सहाराबाट अनात्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(स्थूल र सूक्ष्म शरीरको) वासनाको नाश र आत्म-वासनाको वृद्धिद्वारा आफ्नू चैतन्य स्वरूपलाई साक्षात्कार गरेर मुक्त हुन्छन्। मुमुक्षु पुरुष वासना क्षयपूर्वक ज्ञान लाभ गरीकन मुक्त हुन्छन् तर वासनायुक्त योगी धारणाभ्यासमा प्रयत्न गर्छ र सिद्धि प्राप्त गरेर आफूव्यर्थ कृतकृत्य सम्झन्छ। यत्ति हो ज्ञानी र योगीमा भेद। ज्ञानी हो निर्वासनिक, योगी हो वासनायुक्त। (प्रथम भागमा प्रदर्शित *सहज रूपले सात अवस्थाको निरूपण* हेर्नुहोस्)।

यसरी जगत् (वाह्य र आन्तर सारा दृश्य प्रपञ्च—संवेदन किंवा अहंकारदेखि शुरू गरीकन तृणसम्म सारा पदार्थ) हो काल्पनिक र मिथ्या, यस्तो जानीकन निरन्तर वैराग्यपूर्वक विवेकलाई अवलम्बन गरेर विचारशील भएर—सारा दृश्य प्रपञ्चमा अनास्थापूर्वक पदार्थ वासना शिथिल गरीकन आत्मस्वरूपमा स्थित रहन प्रबल प्रयत्न गर्नुपर्छ। आफ्नू चैतन्य स्वरूपदेखि भिन्न अरू कुनै पदार्थ पनि जब वास्तव भनी सिद्ध हुँदैन तब चित्तमा कुनै प्रकारको इच्छा किंवा चिन्तन उठ्न पाउँदैन। जगत्को सारा दृश्य पदार्थ हो सङ्कल्परूप मात्र। सङ्कल्पदेखि भिन्न देह गेह धन कुनै पदार्थको पृथक् सत्ता छैन। सारा दृश्य पदार्थ हो स्वप्न प्रपञ्च झैं अलीक (तुच्छ र अत्यन्त नि:सार)। सङ्कल्पद्वारा कुनै दृश्य भासेको हो तापनि आफ्नू चैतन्य स्वरूपपट्टि अवधान गरेर त्योसित नमिलेपछि—त्योसित तद्रूप नभएपछि—आफ्नू चैतन्य स्वरूपमा कुनै प्रकार विकार उत्पन्न हुन सक्दैन। सङ्कल्प (अविद्या) बाट उपस्थापित भएको दृश्य पदार्थमा मूर्ख मनुष्य मात्र सत्यता बुद्धि र शोभन बुद्धि गर्छ ('यो हो साँचो पदार्थ र रमाइलो वस्तु' यस्तो मान्दछ), बुद्धिमान पुरुप काल्पनिक पदार्थमा अलिकति पनि आस्था गर्दैन। यसरी थाहा भएपछि प्राक्तन जगत् वासना शिथिल हुँदै जान्छ र धीरे धीरे चित्तवृत्ति रहित (अखण्डाकार) भैहाल्छ। आत्मस्वरूपको निरन्तर अभ्यासको परिणामले आफ्नू परमात्मस्वरूपको वासना बढेर आउँछ र परिणामले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्त अत्यन्त अखण्डाकार हुन्छ र साक्षात्कारको उदय हुन्छ। (गीता-मृत पृष्ठ १९४–१९९ र गीता-रहस्य पृष्ठ १५–१६ हेर्नुहोस्)।

एवं प्रकारले वर्तमान ग्रंथको चारै भागमा प्रदर्शित भएको विवेक विचार र उत्तरोत्तार वृद्धि प्राप्त अनुभवको अवलम्बनवाट श्रद्धालु जिज्ञासु श्याम गोविंद वसन्त अनन्त आदि सारा भक्तजन आफ्नू आफ्नू हृदयमा यथाकालमा परमात्मास्वरूपको सम्यक् प्रकाश अवश्य अनुभव गर्न सक्नुहुन्छ। परिणामले उहाँहरूका सारा संशय र विपरीत ज्ञान (कर्त्ता भोक्ताभाव) निर्मूल भैहाल्छ र उहाँहरूको सारा व्यवहार विषय चिन्तनविना प्रारब्धको बलले ज्ञानी जनक आदि झैं सुखपूर्वक र स्वाभाविक रूपले हुँदै जान्छ। उहाँहरूको मनमा जगत्‌को कुनै पदार्थको वासना फुर्दैन। जस्तो मणिको झलक मणिको विलास मात्र हो—(मणिदेखि भिन्न हैन) त्यस्तै उहाँहरूको सारा व्यवहार परम शान्त आत्म-स्वरूपको झलक मात्र भै रहन्छ—(उहाँ-हरूको बन्धनको कारण हुँदैन)।

क्षितीशचन्द्र चक्रवर्ती

२२, कंग्रेस एक्जिभिशन रोड,
कलकत्ता १७
कृष्णाष्टमी १३–७२ सन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

• प्रथम भाग	१
• दोस्रो भाग	४७
• तेस्रो भाग	७६
• चौथो भाग	१०३
• परिशिष्ठ	१५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द० नं० ६३२०
वा० वि० पीठ पुस्तकालय
मूल्य ८- १०।-

वाशिष्ठामृत

प्रथम-भाग

१. म दृश्यरहित प्रकाश (अनुभव) मात्र हुँ । जो जति देखिन्छ त्यो दृश्य भएको हुनाले मिथ्या हो, त्यसकारण त्यससित मेरो कुनै प्रकारको संबन्ध हुन सक्दैन । सुख-दुःख भए हुन सक्दैन । जस्तो स्वप्नकालमा देखिएको प्रपञ्चले मेरो लागि कुनै बाधा उत्पन्न गर्न सक्दैन, ठीक त्यस्तै जाग्रत प्रपञ्च पनि दृश्य मात्र भएको हुनाले (मिथ्या भएको हुनाले) मेरा निम्ति कुनै प्रकारका बाधा उत्पन्न गर्दैन ।

२. सृष्टि हो (ईश्वर सृष्टि हो) स्फुरण मात्र त्यसमा वासनाअनुसार जस्तो निश्चय हुन्छ (यो सुन्दर हो यो सुन्दर हैन आदि) त्यस्तै जीवको प्रतीत हुन्छ (जीवले मान्दछ किंवा जीवलाई अनुभव हुन्छ) ।

३. जाग्रत आदि तीन अवस्था आउँछ र गैहाल्छ । जो सत्ता यिनीहरूलाई अनुभव गर्छ (जान्दछ, प्रकाश गर्छ) त्यो हो आफ्नू स्वरूप । आफ्नू स्वरूप हो सदा एकरस । जुन मानिसले आफ्नू स्वरूपलाई यथार्थ जानेको छ (अवस्थाहरूदेखि पृथक् भनी आफ्नू वास्तव सत्तालाई उपलब्धि गरेको छ) यसको लागि उसको दृष्टिमा सारा अवस्था आफ्नू चमत्कार भनी प्रतिभात हुन्छ र जसले आफ्नू स्वरूपलाई जानेको छैन त्यसको दृष्टिमा जगत प्रतीत भैरहन्छ । इन्द्रिय जब विषयको सन्मुख हुन्छ तब जगत् देखिन्छ । जगत्लाई चित्त कल्पना गर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. तीन अवस्थाको द्रष्टा-जो तीन अवस्थालाई अनुभव गर्छ—त्यो हो गुणातीत र सबैको आत्मरूप (यथार्थ स्वरूप)। स्वप्न जगत् र जाग्रत जगत् सङ्कल्प मात्र हो—क्यै पनि उत्पन्न भएको छैन। ब्रह्मसत्ताकै झलकबाट जगत्रूपले भासमान भएको छ।

५. जगत् हो आफ्नो अंग। ज्ञान उत्पन्न भए जगत् आफ्नो अंग भनी अनुभव हुन्छ। आफूदेखि भिन्न भए जगत्को ज्ञान हुन पाउँदैनथ्यो। यसरी आफ्नू स्वरूपलाई जानेपछि जगत्को भय हराइहाल्छ। स्वप्नकालमा जस्तो अज्ञानवशात् नाना पदार्थ देखिन्छन्, तर नाना पदार्थ त्यहाँ वास्तवमा छैनन् त्यस्तै जाग्रत्मा जुन धेरै पदार्थ देखिन्छन् ती वास्तवमा छैनन्। मानिस जब अन्तर्मुख हुन्छ तब त्यसको बोध दृढ हुन्छ। जति जति अन्तर्मुख हुन्छ त्यति त्यति स्पष्ट भएर आउँछ। विषयदेखि वैराग्य र आत्माको अभ्यास भए बुद्धि अन्तर्मुख हुन्छ र आत्मस्वरूप प्राप्त हुन्छ। तब सारा आत्मा एकरस नै भासमान हुन्छ।

६. संवित् तत्वमा (आफ्नू चैतन्यस्वरूपमा) जस्तो निश्चय दृढ हुन्छ—त्यस्तो नै प्रतिभासित हुन्छ। वास्तवमा कुनै पदार्थ छैन—भित्र किंवा बाहिर पनिछैन—जाग्रत स्वप्न सुषुप्ति पनि छैन। यो सारा सृष्टि मानिसभित्र नै स्थित रहन्छ र प्रमादले बाहिर दृष्ट हुन्छ।

७. दृढ बोध उत्पन्न भए राग द्वेष आदि जीव धर्म चलाउन सक्दैन र संसारलाई सच्चा जानीकन कुनै वासना उठ्न सक्दैन, यसकारण बोधवान पुरुषलाई चलायमान गर्न सक्दैन। जबसम्म बोध दृढ हुँदैन तबसम्म जगत्को वासना मानिसलाई खिच्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. आफ्नू चैतन्य स्वरूपमा जगत् वास्तवमा उत्पन्न भएको छैन। आफ्नू स्वरूप सदा एकरस भएर स्थित रहन्छ। उसमा अहंभाव (संवेदन) उठ्छ र तब जगत् आकारको स्मरण हुन्छ। त्यसपछि जस्तो जस्तो संङ्कल्प फुरिरहन्छ त्यस्तो त्यस्तो रूपले जगत् भासमान हुन्छ।

९. वास्तवमा परमात्म-सत्ता सदा आफ्नू स्वरूपमा अवस्थित छ—त्यो संवेदनवशात् जगत्रूपले भासमान हुन्छ। जगत्लाई आफ्नू स्वरूपदेखि अभिन्न रूपले जानेपछि जगत्मा सत्यता बुद्धि शिथिल हुन्छ—यसरी नजानेपछि वासनाको बलले जीव सृष्टि उत्पन्न हुन्छ र राग द्वेष खडा हुन्छ।

१०. जगत् हो आफ्नू स्वरूप। सङ्कल्पको दृढता भए कारण कार्य भाव प्रतीत हुन्छ र जगत् सत्य भनी प्रतिमान हुन्छ। जसको कारण कार्य बुद्धि उत्पन्न हुन्छ त्यसको जगत् सत्यरूपले प्रतीत हुन्छ—पुण्य गरेपछि त्यसलाई स्वर्ग सुख प्राप्त-हुन्छ र पाप गरेपछि नरक दुःख भोग गर्छ। आफ्नू स्वरूप हो अनुभव रूप मात्र, त्यसलाई नजानीकन प्रमादवशले जीव पापजनित आपत् भोग गर्छ।

११. आत्मसत्ता हो निष्किञ्चन पद र आफ्नू स्वभावमा सधैं अवस्थित। उसमा चैतन्यता (संवेदन) फ़ुर्छ, अर्थात म हुँ यस्तो भावना उठ्छ। यसैलाई चित्त भनेको हो। त्यो चैतन्यता देह इन्द्रिय प्राण मन र बुद्धि-आदि दृश्य जगत्को कल्पना गर्छ। त्यो कल्पनाको परिणामले विश्व चित्तमा स्थित भैहाल्छ। चित्त आफ्नू स्वरूपबाट फुरेर प्रमादले देहादि जगत्लाई कल्पना गर्छ।

१२. सज्जनबाट अमृत वचन प्राप्त हुन्छ कि म को हुँ, यो जगत् कस्तो हो, जगत् कहाँबाट उत्पन्न भएको छ। तब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जानिन्छ कि म हुँ चिन्मात्र स्वरूप (शुद्ध चैतन्य मात्र) र जगत् हो मेरो विवर्त (आभास)। चित्तको स्फुरण (चल्नु स्पन्दित हुनु) नै हो जगत्को कारण। त्यो चित्त ममा छैन, त्यसो भए जगत्कहाँबाट आउला ? जगत् ममा छैन, म केवल आफ्नू चैतन्यस्वरूपमा बसिराखेको छु—यसरी सारा अर्थबाट मनलाई खाली तुल्याएपछि आफ्नू स्वरूपमा स्थित हुन्छ र परमानंद निर्वाण पद प्राप्त गर्छ।

१३. पदार्थको प्रतिपादक सारा शब्दलाई परित्याग गरेर निर्मल ज्ञान मात्र जुन आफ्नू चैतन्य स्वरूपमा रहेको छ उसमा अवस्थित हुनु। खानु पिउनु-बोल्नु चल्नु सारा काम गर्नु तर हृदयमा परमपद प्राप्तिको निम्ति प्रयत्न गर्नू।

पहिले "नेति नेति" बाट सारा शब्दलाई अभाव तुल्याउनू, त्यसपछि अभावलाई पनि अभाव गर्नू। तब जो बाँकी रहन्छ त्यो परम निर्वाणरूप आफ्नू वास्तव स्वरूपमा स्थित भैहाल्नू।

जो कुछ आफ्नू स्वाभाविक आचरण (कर्म) हो त्यसलाई यथाशास्त्र संपादन गर्नु तर हृदयबाट सारा कल्पनालाई त्याग गरिदिनु--यसरी आफ्नू स्वरूपमा स्थित रहनू।

१४. चित्तको स्फुरण (चैतन्यता) जस्तो स्वप्नको नगर भैंकन भासमान हुन्छ त्यस्तै जगत् उत्पत्तिको पहिले जो चैतन्य सत्ता थियो त्यो जगत्रूपले खडा भएको छ। आफ्नू स्वरूपदेखि जगत् कुनै भिन्न वस्तु हैन—जगत् हो आफ्नू स्वरूप नै।

आत्मसत्ता नै चैतन्यताले जगत्को आकार लीकन प्रतीत भैरहेको छ—यस्तो जानेर परम शान्ति जो निर्वाण पद हो उसमा स्थित भैहाल्नु। आफ्नू स्वरूप हो सदा अद्वैत र निर्विकार तर अज्ञान दृष्टिले नाना प्रकारको विकार भासमान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ। जब सारा विकारलाई निषेध गरीकन मिथ्या भनी जान्दछ तब त्यो साराको अभाव भैहाल्छ र आफ्नू स्वरूप बाँकी रहन्छ।

जब सत्शास्त्र र सज्जनको संगति प्राप्त हुन्छ र उनीहरूको तात्पर्य अर्थमा दृढ अभ्यास हुन्छ तब तिम्रो वास्तव स्वरूपमा स्थिति प्राप्त हुन्छ।

१५. जब आत्माको अनुभव हुन्छ तब जगत् पदार्थको इच्छा रहँदैन।

आफ्नू स्वरूपमा जागेपछि जगत् पदार्थको निम्ति इच्छा हुँदैन।

१६. मानिसको स्वरूप हो अचेत्य चिन्मात्र (विषयरहित शुद्ध चैतन्य), उसमा जो संवित्को (चैतन्यको) स्फुरण हुन्छ त्यसबाट संवित्को अंतःकरण र दृश्य जगत्सित संबन्ध हुन्छ। त्यसलाई जीव भनेको छ। जहाँबाट चित्त उठेको छ त्यहाँ नै चित्तलाई स्थिर गरिराख। त्यसो भए इन्द्रियको अभाव भैहाल्छ। मनलाई स्थित गरेपछि सारा इन्द्रिय वशीभूत हुन्छ। इन्द्रिय वशीभूत भए आफ्नू शुद्ध स्वरूप अनुभवमा आउँछ। मनरूपी वर्षाकाल र वासनारूपी बादलको अभाव भए शुद्ध निर्मल आफ्नू स्वरूप नै अनुभवमा आउँछ (स्वयं प्रकाश आफ्नू स्वरूप बाँकी रहन्छ)। सारा पदार्थ जो जगत्मा देखिन आएको छ त्यो हो असत्य। प्रत्यक्ष भासमान भए तापनि पदार्थलाई त्याग गरीकन आफ्नू स्वरूपपट्टि वृत्ति राखेपछि (चित्तलाई जोडेपछि) बुझ्नुपर्छ कि मलाई इन्द्रको पद प्राप्त भैसकेको छ।

१७. जसको मन आफ्नू स्वरूपपट्टि लागेको छ त्यसको सारा पदार्थ आत्मरूपमा प्रतीत हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८. सङ्कल्प तब फुर्छ जब चित्तमा अहं अभिमान हुन्छ। चित्तलाई आफ्नू वस्तुस्वरूपमा लीन गरिदेऊ। चित्त निर्वाण भए (वृत्ति नउठाए) सारा जगत् हराइहाल्छ।

यो मोक्षशास्त्रको अर्थ मनन गर (विचार गर) सारा, सङ्कल्प परित्यागपूर्वक आफ्नू परमानन्द स्वरूपमा बसिराख्नू।

१९. यो सारा जगत् जसलाई तिमीले देखिराखेका छौ त्यो हो अनुभवरूप मात्र।

अनुभव स्वरूप नै जगत्को रूपले भासमान भैरहेको छ।
२०. जो अनुभवरूप हो त्यसलाई अनुभव गर।

२१. अनुभव हो स्वतः सिद्ध, उसमा जुन पदार्थ प्रतीत हुन्छ त्यो हो अनुभवरूप। अनुभव वस्तु नै पदार्थरूपले भासेको हुन्छ। सबै पदार्थ हो अनुभवरूप—अनुभवदेखि भिन्न कुनै वस्तु छैन।

२२. अनुभव हो सधैं जाग्रत ज्योति, त्यसलाई जान। जो सदा समीपमा भएको आत्मालाई जान्दैन त्यो हो उन्मत्त मानिस, किनकि उन्मत्त मानिसले आफ्नू स्वरूपलाई बिर्सन्छ।

२३. आफ्नू स्वरूपलाई नजानेर विपरीत बुद्धिले देहादि-लाई सारा जगत्लाई आफ्नू स्वरूप भनी जान्नु।

२४. जबसम्म संवेदन द्वैतसित मिल्छ तबसम्म सृष्टिको अन्त हुँदैन। चित्त उपसम भए (शान्त या वृत्तिरहित भए) संपूर्ण जगत्-भ्रम नष्ट हुन्छ।

जब भोगको इच्छा अलिकति पनि उठ्दैन तब जान्नु कि मलाई आत्मपद प्राप्त भयो। यो हो श्रुतिको निश्चय।

२५. तरंग बुद्बुद जस्तो समुद्रको आफ्नू अंग भास्तछ त्यस्तै ज्ञानवान्लाई सारा जगत् आत्मरूप अनुभव हुन्छ !

२६. जस्तो अन्तवाहक शरीरमा अहं प्रत्यय हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अन्तवाहक शरीरलाई प्रत्यक्ष हुन्छ) त्यसलाई सारा जगत् सङ्कल्प मात्र प्रतीत हुन्छ । त्यो जहाँ जाने इच्छा गर्छ त्यहीं पुग्छ—कुनै आवरण त्यसलाई बाधा दिन सक्दैन । त्यसको आधिभौतिक भावमा निश्चय हुन्छ, त्यसको अंतवाहक शक्ति उत्पन्न हुँदैन ।

२७. प्रमादले जीवलाई अन्तवाहकबाट आधिभौतिक शरीर प्राप्त हुन्छ ।

जसको संवेदन दृश्यपट्टि धावमान हुन्छ त्यसको मृत्यु मूर्छाको पछि अज्ञान संवेदन फुरिहाल्छ र त्यसको शरीर-इन्द्रिय खडा हुन्छ । त्यो शरीर अन्तवाहक हो, तर चिरकाल प्राप्तिले गर्दा त्यो आधिभौतिक भनी प्रतीत हुन्छ । संवेदनको परिणामले जब जगत् भास्दछ तब त्यो मानिस ठान्दछ कि म यहाँ उत्पन्न भएको छु—भ्रमले आफूलाई उत्पन्न मान्दछ । अज्ञानले जीव आफूलाई जन्मेको छु भनी मान्छ र नाना जगत् भ्रमगत देख्दछ ।

२८. दृश्य कुनै भिन्न वस्तु हैन—द्रष्टा नै दृश्य झैं भएर अवभासित हुन्छ । जसलाई चिदाकाशको (शुद्ध चैतन्यस्वरूपको) अनुभव भएको छ त्यसलाई केही बाधा दिन सक्दैन । सर्वरूप भएर जो अवस्थित रहन्छ त्यसले कुनै कोठामा प्रवेश गर्न कठिन हुँदैन किनकि त्यो हो अन्तवाहक रूप ।

जहाँ जस्तो स्पन्दन फुर्छ त्यस्तै रूपले जगत बनेर त्यहाँ देखिन्छ, जस्तो कि स्वप्नको सृष्टि देखिन्छ । त्यो स्वप्नभ्रम चिदाकाशमा (शुद्ध चैतन्यस्वरूपमा) स्थित रहन्छ । चिदाकाशमा जो स्वप्नको नगर फुरेर आउँछ त्यसमा स्रष्टा नै दृश्यलाई देख्तछ । त्यो द्रष्टा र दृश्य दुइटा नै हो चेतन संवित्मा आभासरूप । ठीक त्यस्तै यो जगत् पनि हो आभास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप। सृष्टिको पहिले जो शुद्ध आत्मसत्ता थियो त्यसमा आदि संवेदन फुर्‍यो, त्यो हो ब्रह्मा। पछि ब्रह्माको सङ्कल्पबाट यो सारा जगत् रचिएको हो। यो हो स्वप्न झैं। त्यो स्वप्न-रूपजगत्मा तिमी भएका हौ र तिमी जस्ता छौ अरू सबै पनि त्यस्तै हुन्– (अर्थात् भ्रम मात्र मिथ्या हो)।

जगत् हो आभासरूप ! जाग्रत र स्वप्नमा अलिकति पनि भेद छैन।

चिदाकाश (शुद्ध चैतन्य) हो सर्वगत—जहाँ जस्तो दृढ चित्त हुन्छ त्यहाँ त्यस्तै अनुभव हुन्छ।

२९. दृश्यको अत्यन्त अभाव भएपछि बन्धनबाट मुक्ति मिल्दछ। वासना मात्र हो बन्धनको कारण। वासना नष्ट भए बन्धन रहँदैन। आत्म विचारबाट ज्ञान प्राप्त हुन्छ र ज्ञान भए दृश्यको अत्यन्त अभाव भैहाल्छ। दृश्यको अत्यन्त अभाव भए संपूर्ण वासना नष्ट हुन्छ। जगत् उत्पन्न भएको छैन—वासनाले उत्पन्न झैं प्रतीत भएको छ। त्यसकारण वासनालाई त्याग गरिदिनू। वासनालाई त्याग गरेपछि बन्धन रहँदैन।

३०. जति जीव छन् ती सब हुन् अन्तवाहक, कुनै पनि आधिभौतिक हैनन्। शुद्ध-संवित् मात्र तत्वमा (आफ्नू शुद्ध चैतन्य स्वरूपमा) जो आदि संवेदन आभास भएको छ त्यसैले जोवको सङ्कल्परूप अन्तवाहक शरीर भएको छ। उसमा दृढ अभ्यास (सत्यता बुद्धि) हुनाले सङ्कल्परूपी शरीर आधिभौतिक भएर प्रतीत हुन्छ।

सङ्कल्पको अभ्यासले आधिभौतिक भैहाल्छ। जब स्वरूपको बोध हुन्छ तब आधिभौतिक भाव आकाशरूप (सङ्कल्परूप) भैहाल्छ।

३१. परमात्मस्वरूपको बोध भए आधिभौतिक शरीर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निवृत्ति हुन्छ (सङ्कल्परूप भास्दछ)—अन्तवाहक उदित हुन्छ (जस्तो स्वप्नबाट जागेपछि स्वप्न शरीर सङ्कल्परूप प्रतीत हुन्छ) । सारा जगत् हो भ्रम मात्र (सङ्कल्परूप) ।

३२. ज्ञानवानको नजीक जगत् (दृश्य) सब आकाश-रूप (सङ्कल्परूप) भासित हुन्छ । उहाँ आकाश झैं स्थित हुनुहुन्छ ।

जसलाई आत्मपदको साक्षात्कार भएको छ तिनलाई दृश्य भ्रमको अभाव भैहाल्छ ।

जगत् उत्पन्न भएको छैन, केवल संवेदन फुरेकोले जगत् भासमान हुन्छ (देखिन आउँछ) । प्रयत्नपूर्वक संवेदनलाई बन्द गरेपछि भ्रम नष्ट भैहाल्छ । प्रयत्न हो संवेदनलाई अन्त-र्मुख तुल्याउनु—अर्थात् आत्माको साक्षात्कार नभएसंम श्रवण मनन ध्यानबाट दृढ अभ्यास गरिराख्नु—(आत्मस्वरूपलाई मात्र निरन्तर अनुभव गरिराख्नु, कहिले पनि विषयको अनु-भव नगर्नु) ।

३३. जस्तो संवेदन फुर्छ त्यस्तै भासित हुन्छ (अनुभव हुन्छ)—वासनापूर्वक जस्तो निश्चय हुन्छ त्यस प्रकारको अनु-भव हुन्छ, धेरै सुन्दर धेरै इष्ट यस्तो प्रकारको अनुभव हुन्छ—अर्थात् जीवको जो अनुभव हुन्छ अर्थात् जसलाई जीवको सृष्टि भनेको छ त्यो हो मनोमय मात्र । सारा दृश्य हो सङ्कल्परूप (मायिक) अर्थात् भ्रम मात्र किंवा मिथ्या । जस्तो भावना दृढ हुन्छ अनुभव पनि त्यस्तै हुन्छ ।

३४. संवेदनमा जस्तो दृढता हुन्छ त्यस्तै अनुभव हुन्छ । जगत् जो देखिन्छ त्यो संवेदनको स्फुरणमा (जगत् आकार दृढ निश्चयमा) अवस्थित छ । दृढ भावना किंवा वासना को परिणाम हो जगत् दृश्य । संवेदन नफुरेपछि कुनै पदार्थ

२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किंवा शरीर भास्दैन (सत्य बुद्धिले अनुभव हुँदैन)—केवल आत्मतत्वको अनुभव हुन्छ। मन फुरेपछि (वृत्ति उठेपछि) जगत् दृष्ट हुन्छ।

जसलाई ब्रह्मको निश्चय हुन्छ त्यसलाई ब्रह्म नै भासमान हुन्छ (अर्थात् सारा जगत् ब्रह्मस्वरूप भनी अनुभव हुन्छ।)

३५. संवेदनको परिणामले (चित्तवृत्तिद्वारा) ब्रह्मसत्ता नै जगत्‌रूपले भासेको छ। जगत् अरू (भिन्न) कुनै वस्तु हैन।

संवेदनमा जस्तो भावना दृढ हुन्छ त्यस्तै भएर प्रतीत हुन्छ। जुन पदार्थको तीव्र संवेग (भावना) हुन्छ त्यसको प्रतिबिम्ब चैतन्यदर्पणमा अवभासित हुन्छ। जुन पदार्थको वासना दृढ हुन्छ त्यो परलोकमा मिल्छ। ज्ञानीको लागि त्रिपुटी परमात्मरूप नै प्रतीत हुन्छ र अज्ञानीको लागि द्वैतरूप जगत् भएर भासमान हुन्छ। परम पद र जगत् अभिन्न हो, संवेदनको स्पन्दनरहित हुनु हो जगत्‌लाई ब्रह्म भनी जान्नु—(साक्षात्कार वृत्ति)। संवेदनको स्फुरणबाट रहित भएर आत्मस्वरूपमा स्थित भएपछि सङ्कल्परूप जगत् भासे तापनि आत्मरूपले भासित हुन्छ।

३६. जगत आफ्नू स्वरूपमा अनन्य रूप हो। केही पनि उत्पन्न भएको छैन, किन्तु संवेदनको स्फुरणले अर्थात् चित्तवृत्तिबाट भासित भैराखेको छ (देखिन आएको छ)। जगत् र वासनाको बीज हो संवेदन, त्यसैले जगत् हो भ्रम मात्र (रज्जु सर्प झैं), त्यसकारण संवेदन फुर्नाको अभावको निम्ति पुरुषार्थ गर्नु। संवेदनको अभाव भए जगत् भ्रम नष्ट हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३७. जबसंम संवेदन द्वैतसँग मिलिरहन्छ (अनात्माकार वृत्ति उठिरहन्छ) तबसंम सृष्टिको अन्त हुँदैन। चित्त उपसम (वृत्तिरहित) भए जगत भ्रम नष्ट हुन्छ। जब भोगको निम्ति अलिकत्ति पनि इच्छा उठ्दैन तब जान्नु कि आतमपद प्राप्त हुन्छ। ज्ञानवान्लाई सब अचल ब्रह्मसत्ता नै प्रतीत हुन्छ। अज्ञानीलाई चलनरूप जगत् अवभासित हुन्छ।

३८. संवित् र संवेदनको भित्र संवित् हो वास्तव र संवेदन हो कल्पना (वृत्तिरूप)। स्वभाववशात् किञ्चन रूप संवेदन फुरेपछि दृश्य देखिन्छ र द्वैत दर्शनको परिणामले धेरै प्रकारको आकार भासित हुन्छ। तर त्यो द्वैत (दृश्य) कुनै भिन्न वस्तु हैन। ब्रह्म सत्ताको आश्रयमा सङ्कल्प आभास फुरेर आउँछ। सङ्कल्पको तीव्रता भए त्यसको भान (अनुभव) भैहाल्छ।

३९. आत्मा हो सर्वशक्ति र सर्वरूप। जस्तो जस्तो स्फुरण उसमा दृढ भएर आउँछ त्यस्तो रूप भएर त्यो भासमान हुन्छ।

४०. विषयको अभिमुखता (चेत्योन्मुखता) हो जीव भाव, साक्षी किंवा अहंकार।

४१. संवेदन (जीवभाव) बाट सङ्कल्प फुर्छ। त्यो सङ्कल्प (कल्पना) बाट कर्म हुन्छ र कर्मबाट जन्म मरण विकार आउँछ। मनको स्फुरणको नाम हो कर्म। ब्रह्मबाट मन हुन्छ मनबाट जगत रचना बन्दछ।

४२. संवेदन किंवा अहंभाव नष्ट भए सारा शोक (विकार) नष्ट हुन्छ। संवेदन नष्ट भए जगत भ्रम नष्ट हुन्छ। चित्त शान्त भए जगत शान्त (अभाव प्राप्त) भैहाल्छ। संपूर्ण जगत हो भ्रम मात्र, उसमा सार केही पनि छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन नै घुमिरहन्छ, सारा प्रपञ्च हो मनको घुमिराख्नु। अज्ञान (संवेदन) बाट जगत भ्रम भासित हुन्छ, चित्तको संयोग भ्रमले जगत द्वैत भास्दछ।

४३. जबसंम चित्त फुर्छ तबसंम नाना प्रकारको जगत् भासमान हुन्छ र शान्ति प्राप्त हुँदैन । जीव जब महा-चैतन्यघनता (शुद्ध चैतन्यलाई) प्राप्त हुन्छ तब शान्ति प्राप्त हुन्छ—व्यवहार भैरहोस् किंवा तूष्णी भैरहोस् सदा शान्तियुक्त भएर रहन्छ।

४४. दृश्य हो व्याधिरोग। त्यो रोगको नाशकर्त्ता हो संवित् मात्र (शुद्ध चैतन्य) । जबसंम चित्त बहिर्मुख भएर दृश्यलाई चिताइरहन्छ तबसंम त्यो शान्ति पाउँदैन। जब सारा वासनालाई परित्याग गरेर अन्तर्मुख भैकन आफ्नू स्वभावमा स्थित हुन्छ तब त्यै वेलामा नै मुक्तिरूप शान्ति प्राप्त गर्छ।

टाढाबाट डोरीलाई देखेपछि सर्प भनीकन प्रतीत हुन्छ त्यस्तै बहिर्मुख (चैत्योन्मुख) भएर हेरेपछि जगत देखिन्छ। नजीकमा पुगीकन हेरेपछि जस्तो सर्प भ्रम हराउँछ र डोरी नै देखिन आउँछ त्यस्तै अन्तर्मुख भएर हेरेपछि जगत् भ्रम रहन पाउँदैन र आत्माको नै अनुभव हुन्छ। जसमा अभिलाषा हुन्छ त्यसलाई परित्याग गरेपछि चित्त उठ्न पाउँदैन र मुक्ति प्राप्त हुन्छ। आत्माको अगाडि अभिलाषा हो आवरण—अभिलाषा (इच्छा) निवृत्त भए आत्मा साक्षात् अनुभूत हुन्छ (आत्माको साक्षात्कार हुन्छ)। तिमी निरभिलाष भैकन आफ्नू स्वरूपमा बसिराख र देह इन्द्रियबाट व्यवहार गर तर उसमा ग्रहण त्याग बुद्धि नगर। संपूर्ण दृश्यको इच्छा त्याग गरेपछि आफ्नू चैतन्यस्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यक्ष भासमान हुन्छ (स्पष्टरूपले प्रकाशित हुन्छ) र जगत पनि आत्मरूप नै प्रतीत हुन्छ ।

४५. जब चित्त फुर्छ तब नाना प्रकारको जगत भासमान देखिन्छ र चित्त अस्फुर भए जगत भ्रम नष्ट हुन्छ र नित्य शान्त ब्रह्मस्वरूपको प्राप्ति हुन्छ ।

चित्तको स्पंदनबाट दृश्य प्रतीत हुन्छ र चिदाभासबाट देहमा अहं प्रतीति हुन्छ र देहमा स्थित भैकन संवेदन दृश्यपट्टि लागि रहन्छ (चलिरहन्छ) ।

४६. संवेदन नै काष्ठ लोष्ट आदि रूपले भासमान भै रहेको छ ।

४७. समष्टि कोटी—ब्रह्मरूपी अचल पानीमा जीवरूपी चक्र फुर्छ र चित्तरूपी तरंग उदित हुन्छ र सृष्टिरूपी बुद्‌बुद उत्पन्न हुन्छ र लीन भैहाल्छ । चैतन्य जब चेत्य (दृश्य) सित संयुक्त हुन्छ (मिलिहाल्छ) तब जीव नामले कथित हुन्छ । सङ्कल्प फुरेपछि मन बन्दछ जब सङ्कल्प निश्चय रूप धारण गर्छ तब त्यसलाई बुद्धि भन्दछन् । जब अहंभाव हुन्छ तब अहंकार नामले कहलाउँछ । अहंभाव प्राप्त भए तन् मात्रको (पञ्चसूक्ष्मभूतको) कल्पना हुन्छ र त्यसपछि जगत बन्दछ । चित्तको असत् स्फुरणबाट नै जगत भासित भएको छ ।

व्यष्टि कोटी--यो जगत हो स्वप्न भ्रम भैं मिथ्या । भूलले जगतमा सत्यता बुद्धि भैरहेको छ। चित्तसित तादात्म्य अध्यासको फलले जगत सत्य प्रतीत हुन्छ ।

४८. मनको चलन हो जाग्रत, अहंकार हो स्वप्न (आवृत्त), चैतन्य स्वरूपको भान हो सुषुप्ति, चैतन्य स्वरूप हो—तुरीय, चैतन्य स्वरूपमा अत्यन्त परिणाम हो (साक्षात्कारको दोस्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षण हो तुर्यातीत), उसमा स्थित भए ज्ञानी कहिले पनि शोकयुक्त हुँदैन । अनुभव भन्ने वस्तु हो शुद्ध चैतन्यस्वरूप, चैतन्यको स्पन्दन हो संवेदन, दृश्य जगत हो आधिभौतिक ।

४९. जगतरूपले जोचाहिं भासमान हुन्छ त्यो सारा हो संवेदनरूप । सुमेरु आदि पदार्थ क्यै पनि उत्पन्न भएको छैन । चित्त सत्ता (शुद्ध चैतन्य) आफ्नू अद्वितीय निर्विकार स्वरूपमा बसिराखेको छ । उसमा जस्तो संवेदन फुर्छ त्यस्तो आकारले चैतन्य भासमान हुन्छ ।

५०. जतिजति संवेदन दृढ हुन्छ त्यति-त्यति देश काल भएर प्रतीत हुन्छ । जो कुछ भासमान देखिन्छ सारा हो आभास मात्र (छाया, अवस्तुभूत वस्तु मात्र) । यो जगत को स्वरूप क्यै पनि हैन—संवेदनको फलले जगत भासित हुन्छ । संवेदनमा जस्तो जस्तो दृढ़ प्रतीति हुन्छ त्यस्तो त्यस्तो नै अनुभव भैहाल्छ ।

५१. जबसंम दृश्यको सत् भाव दृढ रहन्छ तबसंम द्रष्टा भासमान हुँदैन (भूषण बुद्धि रहेसंम सुवर्ण भास्दैन) । सुवर्ण भनी जानेपछि भूषण बुद्धि हराउँछ, सुवर्ण मात्र प्रतीत हुन्छ । त्यस्तै जबसंम दृश्यको स्पन्दभाव रहन्छ (दृश्य देखिन्छ) तबसंम द्रष्टा अनुभूत हुँदैन । चेत्यको (दृश्य को) अभाव भएपछि तिमी दृश्यरहित चैतन्य बनिहाल्छौ । एक अद्वैत चेतनघन (शुद्ध चैतन्य) चेतनताले जगत् जस्तो भासमान भैरहेको छ ।

५२. जगत कल्पना चित्तको स्फुरणबाट बन्दछ (सामान्य प्रतीति मायाबाट बन्दछ, शोभन बुद्धि वासनाले थपिन्छ) । चित्रको मनुष्य आदि पदार्थलाई (सामान्य प्रतीतिलाई) अविचारले मात्र सत्य र रमणीय भनी प्रतीत हुन्छ । विचार-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वानको दृष्टिमा जगत्को सामान्य प्रतीति भए तापनि उसमा सत्यता बुद्धि (किंवा रमणीय बुद्धि) हुँदैन। स्वप्नको नगर जस्तो आकारसहित भास्दछ किन्तु त्यो हो मिथ्या, त्यस्तो यो जगत दीर्घ कालको स्वप्न हो (उसमा सत्यता बुद्धि अविचारले मात्र बन्दछ)। जसको संवेदनमा जस्तो कल्पना दृढ हुन्छ त्यसको त्यो रूप नै भासित हुन्छ—वास्तवमा एक मात्र चिदाकाश नै (शुद्ध चैतन्य नै) प्रकाशमान रहन्छ।

५३. बीजमा जस्तो वृक्षभाव स्थित रहन्छ त्यस्तै ब्रह्ममा जगत स्थित छ (जगत ब्रह्मसित अनन्य रूप हो)।

५४. जाग्रत जगत्को प्रतीतिको जब अभाव हुन्छ तब आफ्नू स्वरूपको प्रतीति भैरहन्छ (हुनसक्छ)। सारा सङ्कल्परूप स्फुरण जब नष्ट हुन्छ तब आत्माको साक्षात्कार हुन्छ।

५५. जस्तो बालकको मन जुन विषयमा लाग्छ त्यस विषयको रूप नै त्यसलाई प्रतीत हुन्छ त्यस्तै संवित्को (शुद्ध चैतन्यको) आश्रयमा जुन प्रकारको संवेदन फुर्छ त्यस्तो नै प्रतिभासित हुन्छ।

५६. दृश्य खडा भए द्रष्टा देखिंदैन। जब दृश्य नष्ट हुन्छ तब द्रष्टाभाव पनि अवास्तव भैहाल्छ—द्रष्टा तब अदृश्य भैहाल्छ (दृश्यको विषयभूत किंवा संबन्धी रहँदैन) जगत हो उसैको आभास (जगत वास्तव हैन)। दृश्यको अभाव भए द्रष्टा भनी भन्न हुँदेन केवल शुद्ध चैतन्यपद अवशिष्ठ रहन्छ, त्यो वाणीको विषय हैन।

५७. दृश्यलाई उत्पन्न गर्ने ताकत द्रष्टाको छ, तर दृश्य द्रष्टालाई उत्पन्न गर्न सक्दैन—दृश्य हो जड। द्रष्टा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाट दृश्य उत्पन्न हुन्छ—दृश्यबाट द्रष्टा उत्पन्न हुँदैन। द्रष्टामा जो दृश्य हुन्छ त्यो भ्रमरूप हो-(जस्तो सुवर्णमा भूषण भ्रमरूप हो)।

द्रष्टा जब दृश्यलाई देख्दछ तब दृश्य भासित हुन्छ (द्रष्टाभाव भास्दैन)। द्रष्टा आफ्नू स्वभावमा स्थित भएपछि दृश्य भास्दैन। एउटा सत्तामा दुई वस्तु सिद्ध हुँदैन। डोरीको ज्ञान भएपछि जस्तो सर्पको अभाव हुन्छ त्यस्तै बोध उत्पन्न भए दृश्यको अभाव भैहाल्छ--तब एक परमात्म सत्ता अनुभूत हुन्छ (द्रष्टा भन्ने नाम रहँदैन)।

५८. ज्ञान उदित भए त्रिपुटीको अभाव भैहाल्छ र शुद्ध अद्वैतरूप अवशिष्ट रहन्छ र जहाँबाट सारा पदार्थ सिद्ध हुन्छ र जो सधैं प्रकाशरूप हो त्यो मूर्खको लागि भासमान हुँदैन—यो हो ठूलो आश्चर्य। जहाँ जस्तो स्फुरण दीर्घ हुन्छ त्यस्तो नै भासित हुन्छ। जो कुछ आकाश भासिराखेको छ त्यो भ्रान्तिमात्र हो (वासनाले मात्र देखिन्छ)।

५९. द्वैत र अद्वैतको कल्पनाबाट रहित हुनुलाई परम पद भनेको छ। अचेत्य चिन्मात्र सत्तामा (शुद्ध चैतन्य आफ्नू स्वरूपमा) जस्तो जस्तो भावना हुन्छ चैतन्य वस्तु त्यस्तो त्यस्तो रूपले प्रतीत भैहाल्छ।

६०. आत्मसत्ता सधैं आफ्नु शुद्ध स्वरूपमा बसिराखेको छ र उसमा जस्तो जस्तो स्पन्द दृढ हुन्छ (यो हो साह्रै रमाइलो आदि) त्यस्तो त्यस्तो भएर आफ्नू स्वरूप भासमान हुन्छ (भावनाअनुसार मानिसलाई अनुभव हुन्छ)। स्थिर शान्तरूप आत्मामा (आफ्नू शुद्ध चैतन्यस्वरूपमा) जब जगतको भावना फुरिहाल्छ तब नाना प्रकारका पदार्थ देखिन्छन्। अहिले यो जगत् दृश्यको निवृत्तिको लागि उपाय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर। वस्तु स्वरूपलाई जानेपछि हृदयको चित् जड ग्रन्थि नष्ट भैहाल्छ।

६१. जीव जब सारा सङ्कल्प कलनालाई (सङ्कल्प हो समष्टि कोटी, कलना हो व्यष्टि कोटी) परित्याग गर्छ तब निर्मल ब्रह्म बनिहाल्छ।

६२. पहिलेको देह हो मन र त्यो मनरूपी शरीरबाट कर्म हुन्छ। मनमा संकल्प हुन्छ र त्यो सङ्कल्पबाट कर्म उत्पन्न हुन्छ। मनमा जो स्फुरण हुन्छ त्यो नै हो क्रिया— त्यो नै हो कर्म। ब्रह्ममा जो चेत्यता हुन्छ त्यो नै हो कर्म रूप र सारा पदार्थको बीज।

६३. चिदाकाश
|
चित्स्वरूप — ज्ञानदृष्टि……एकब्रह्म स्वयं प्रकाश अद्वैत
|
चित्ताकाश (सङ्कल्प) …… चित्तदृष्टि …… सङ्कल्परूप धेरै सृष्टि साक्षीभाष्य
|
भूताकाश (स्थूल पदार्थ) …… चर्मदृष्टि …… अरूको सृष्टि भास्दैन

जीवले आफ्नू सृष्टि दृढ वासनाको बलले देख्दछ।

अइन्दव सृष्टि उनीहरूको चित्तमा स्थित भएको छ। त्यो सृष्टिलाई ब्रह्मा पनि नष्ट गर्न सक्दैनन्। इन्द्रियबाट जो कर्म हुन्छ त्यसको नाश हुन्छ तर मनको निश्चयलाई कोही पनि नाश गर्न सक्दैन। मनमा जो दृढ निश्चय हुन्छ त्यसको निवृत्ति उसैबाट मात्र संभव छ—अरूले त्यसलाई निवृत्त गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्दैन । मनले सारा जगत्लाई रचना गरेको छ । मनमा जस्तो जस्तो दृढ निश्चय हुन्छ त्यस्तो नै अनुभव हुन्छ – त्यो नष्ट हुँदैन । शरीर नष्ट भए पनि मनको निश्चय नष्ट हुँदैन । मनको निश्चय जब उल्टाउँछ तब नै त्यो निश्चय हटिहाल्छ ।

जुन विषयमा मन दृढ भएर लाग्दछ त्यो मानिसको लागि त्यो नै अनुभूत हुन्छ—संसारको कुनै कष्ट वा श्रापले मन विचलित हुँदैन । दुःख किंवा श्रापबाट मन विपर्यय भाव प्राप्त भएपछि बुझ्नुपर्छ कि मन दृढरूपले त्यस विषयमा लागेको थिएन—अभ्यास शिथिल थियो । मनको तीव्रतालाई कुनै शक्ति चलित गर्न सक्दैन, किनकि सृष्टि हो मानसिक (अर्थात् जुन विषयमा मन दृढीभूत भएको छ त्यो नै भास्दछ, संसारको दुःख भास्न सक्दैन, किनकि त्यसमा मन बसेको छैन) । त्यसकारण चित्तलाई आफ्नू पारमार्थिक स्वरूपमा राखिछोड—परमार्थ सत्य वस्तुसित जोडिराख्नू । चित्त आत्मामा दृढ स्थित भए जगतको पदार्थद्वारा विचलित हुँदैन । मन आफ्नू चैतन्यस्वरूपमा स्थिर भएपछि संसारको विषयबाट चलायमान हुँदैन । मनको जस्तो जस्तो तीव्र भाव भैहाल्छ त्यो नै सिद्ध हुन्छ (त्यसैको नै अनुभव हुन्छ—अरू भाव स्फुरित हुन सक्दैन) । त्यसकारण जुन विषयको अभ्यास दृढ हुन्छ त्यो नष्ट हुँदैन ।

पानी भए सूर्यको प्रतिबिम्ब पर्छ—पानी नभए प्रतिबिम्बको कल्पना हुँदैन । त्यस्तै संवेदनद्वारा ब्रह्मामा सृष्टि रचना हुन्छ । अज्ञानीको लागि ब्रह्मा हो सृष्टिकर्त्ता—वास्तवमा ब्रह्मा हो निष्क्रिय र शुद्ध चैतन्य स्वरूपमा अवस्थित । नीतिअनुसार ब्रह्मामा सृष्टि उत्पन्न हुन्छ । सृष्टि हो सङ्कल्परूप – उसमा आस्था गर्नु योग्य हैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो धैर्यवान् पुरुषको वृत्ति एक क्षणको लागि पनि आत्म स्वरूपबाट चलायमान हुँदैन त्यसलाई संसारको ताप, आँधी, व्याधि, श्राप, मन्त्र, पाप कर्मरूप संसारको कुनै क्षोभ किंवा दुःख छुन सक्दैन । आँधी व्याधि दुःख जसलाई अनुभव हुन्छ त्यसलाई परमार्थिक दर्शन (आत्मसाक्षात्कार) भएको छैन ।

ब्रह्ममा जो चेत्यता हुन्छ त्यो नै हो मन । मनको चेतन भाग (साभास सात्विक भाव) हो ब्रह्मा । समष्टि प्रमाता, जड भाव साभास तामसिक भाग) हो दृश्य (जगत्) । चेतन भावमा स्थित भए शुद्धरूप भैहाल्छ । शुद्ध चैतन्यस्वरूपमा जो अहंकार उठ्छ (त्यो पनि हो दृश्य) त्यो परमार्थ चैतन्यदेखि भिन्न वस्तु हैन किनकि सबैको प्रतीति (अहं प्रत्यय म भनीकन ठान्नु) हो ब्रह्ममा (सबै म भनीकन ब्रह्मलाई नै लक्ष गर्छ) चित्त । चेतन आफ्नू स्वरूपमा स्थित भएपछि त्यसको जडभाव रहँदैन—मन आत्मामा स्थित भए दृश्य भाव नष्ट हुन्छ—शुद्ध चैतन्य मात्र अवशिष्ट रहन्छ । जसको देहाभिमान निवृत्त हुन्छ (शुद्ध चैतन्यस्वरूप प्राप्त हुन्छ) त्यसको देहादि जगत् भ्रम नष्ट भैहाल्छ । त्यसकारण, दृढ़ पुरुषार्थ गरीकन मनद्वारा (स्थित मनद्वारा) मनलाई (चञ्चल मनलाई) मार्नुपर्छ, त्यसो भए जगत् भ्रम नष्ट भैहाल्छ । स्वरूपको प्रमाद चैतन्य स्वरूपलाई बिर्सनु किंवा चैतन्य स्वरूपमा चित्तलाई 'स्थित नराख्नु किंवा चित्तलाई चैतन्य स्वरूपबाट खसाल्नु भए एक क्षणमा जगत् भ्रम दृढ़ भएर आउँछ (प्रमादले मात्र जगत् देखिन्छ) ।

६४. चित्त नै हो कर्म--कर्मविना चित्त रहँदैन । चित्तबाट स्पन्दता हटेपछि चित्त पनि नष्ट हुन्छ । चित्त नष्ट भए कर्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि नष्ट हुन्छ र कर्मको नाश भए मनको नाश भैहाल्छ। मन नष्ट भए कर्म नष्ट हुन्छ। कर्मको नाश भए मन पनि नष्ट हुन्छ। चित्त हो कर्मरूपी र कर्म हो चित्तरूपी। चित्त र कर्म हो परस्पर अभेद रूप।

६५. कल्पनारहित भए मन रहँदैन। मन र आत्मामा कुनै भेद छैन। कल्पना नै हो संसारको कारण। चित्ताको जब चेत्यसित संयोग हुन्छ तब संसार भ्रम खडा हुन्छ। चित्त उठेपछि मन बुद्धि अहंकार कल्पना कर्म स्मृति वासना अविद्या प्रकृति माया यिनीहरू अकस्मात् काकतालीय झैं फुरेर आउँछन्।

वृत्तिको धर्म हो फुर्नु—त्यो फुर्नमा फल आरोप गरीकन त्यसपछि दौडनु र कर्तव्यको अभिमान फुराउनुलाई कर्म भनेको छ।

६६. जुन पदार्थको अनुभव हुन्छ र जसबाट संस्कार हृदयमा दृढ हुन्छ त्यसअनुसार चित्त फुर्छ, त्यसलाई वासना भनेको छ।

६७. शुद्ध चैतन्य स्वरूपमा जो स्फुरण हुन्छ त्यसको नाम हो मन।

६८. चैतन्य र जडको मध्य भाग (गाँठी) हो जगत्को कारण (ग्रन्थिको फलले जगत् देखिन्छ अर्थात् वासना संयुक्त चैतन्य हो अहंकार किंवा मन किंवा ब्रह्मा)।

६९. परमात्माका शक्तिहरूमध्ये मंन हो एउटा शक्ति।

७०. मलिन चैतन्य हो मन। दृश्य भ्रम नष्ट भए मुक्त-रूप हुन्छ।

७१. पुरुषको बन्धनको कारण हो वासना।

७२. ब्रह्मस्वरूपमा म यस्तो उठानलाई मन भनेको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र जड र अजडरूप जो मन हो त्यसबाट जगत् उत्पन्न भएको छ ।

७३. जस्तो मिथ्या छायामा पिशाचलाई हेरीकन मानिस भय पाउँछ त्यस्तै देहमा अहंकार देखेर मानिस खेदमा प्राप्त हुन्छ ।

७४. जीव ब्रह्मदेखि अभिन्न हो (अहंकार हो मिथ्या) ।

७५. चित्त जब आफ्नू संकल्प विकल्पलाई छोडीकन आत्माको अभिमुख हुन्छ (आत्मालाई देखिहाल्छ) तब चित्त नष्ट हुन्छ। जबसम्म आत्मापट्टि चित्त फर्किदैन तबसम्म जगत्-लाई विस्तार गर्छ र दुःखको कारण हुन्छ। संकल्प (वासना) हो आत्माको आवरण ।

७६. मनको दृढ स्फुरणलाई निश्चय किंवा मनको तीव्र संवेग भनेको छ ।

७७. जब मन संसारको वासनालाई परित्याग गरेर आफ्नू शुद्ध चैतन्य स्वरूपमा स्थित हुन्छ तब एक क्षणमा सारा दुःख नष्ट भैहाल्छ ।

७८. वासनारहित चित्तमा आत्मा प्रकाशित हुन्छ ।

७९. जस्तो मनको वृत्ति दृढ हुन्छ त्यस्तो नै सत्य भनी-कन अनुभव हुन्छ (मनको जस्तो निश्चय हुन्छ मानिसलाई त्यस्तो नै अनुभव हुन्छ) ।

८०. आफ्नू अन्तःकरणमा जो सृष्टि भासित हुन्छ त्यो मनको भ्रमले (मनको वृत्तिद्वारा) भासित हुन्छ। एक मन-भित्र जाग्रत स्वप्न आदि भ्रम उत्पन्न हुन्छ (यो भ्रम हो वृत्तिरूप)। जाग्रत स्वप्न अवस्था मनदेखि भिन्न हैन । वास-नाले मन अनेक रूप धारण गर्छ। मनको जस्तो स्पन्द दृढ हुन्छ त्यस्तो नै अनुभव भैहाल्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८१. आफ्नू सङ्कल्पद्वारा मन अनेक रूप धारण गर्छ ।

८२. जुन पदार्थ रस संयुक्त दृष्ट हुन्छ त्यसलाई त्यागिदिनू । वाञ्छित पदार्थको त्याग भएपछि मन वशीभूत (वृत्तिशून्य)—हुन्छ र अचल पद प्राप्त हुन्छ । अवस्तुमा वस्तुको भावना र वस्तुमा अवस्तुको (देहादिको) भावना-लाई परित्याग गरीकन आफ्नू चैतन्यस्वरूपमा भावना लगा-उनुपर्छ ।

पदार्थको चिन्तन नगरेर आत्मपद प्राप्तिको लागि चिप्तना गर । यत्नपूर्वक चित्तलाई चेतन संवित्पट्टि लगाउनु र सारा वासनालाई त्याग गरीकन चित्तलाई एकाग्र गर—त्यसोभए परमपद प्राप्त हुन्छ ।

८३. मनलाई मार्ने मन्त्र हो दृश्यबाट चित्तलाई निवा-रणपूर्वक आत्म चेतन संवित्मा (आफ्नू शुद्ध चैतन्यस्वरूप-मा) लगाउनु—-अर्थात् आत्म-चिन्तनद्वारा मनलाई मार्नु पर्छ । यसको साधन हो सङ्कल्प नगर्नु, इच्छा नगर्नु, दृश्यबाट उपरत हुनु किंवा जगत्को भावना नगर्नु ।

८४. जब जगत्को भावनाबाट मुक्त हुन्छ तब तिम्रो बुद्धि परमार्थ तत्वमा संलग्न हुन्छ—बोधरूप भैहाल्छ । पुरु-षार्थद्वारा चित्तलाई अचित्त (वृत्तिरहित) तुल्याएपछि अद्वैत आफ्नू स्वरूपलाई प्राप्त हुन्छ ।

दृश्यबाट निवृत्त गरेर चित्तलाई आत्मामा लगाउनु (यो नै हो यत्न) । (पुरुषार्थ हो चित्तलाई विकार प्राप्त हुन नदीकन समान किंवा एकनास राख्नु) ।

दीर्घ कालसम्म मनको तीव्र संवेग आफ्नू चैतन्यस्वरूप-तिर भएपछि चैतन्यले चित्तलाई भक्षण गरिहाल्छ र चित्तको चित्तभाव निवृत्त हुन्छ—परिणामले केवल चैतन्य मात्र नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाँकी रहन्छ (र स्वयं अनुभूत हुन्छ)। जब जगत्को भावनाबाट तिमी मुक्त हुन्छौ तब तिम्रो बुद्धि बोधरूप भैहाल्छ।

८६. (भ्रमरूप) चपलताबाट जीवभाव खड़ा हुन्छ। चित्त वृत्तियुक्त नभए जीवभाव अनुभूत हुँदैन। मोक्ष नभएसंम चित्त नष्ट हुँदैन तब मृत्युबाट भय कसरी हुन सक्ला ? सारा दुःख हो चित्तको वृत्तिरूप मात्र—(मानिस चित्तद्वारा मात्र दुःख मान्दछ, वास्तवमा त्यसको कुनै लेश छैन)। शान्त हुने उपाय हो चित्तलाई वृत्तिरहित तुल्याउनु। जबसम्म चित्त दृश्यलाई देखिरहन्छ (अर्थात् चित्त विषय आकारमा आकारित भैरहन्छ) तबसंम शान्ति मिल्दैन। चित्तको उपसम भए आफ्नू शुद्ध चैतन्य सुखस्वरूपमा विश्राम प्राप्त गरिहाल्छ।

८७. ब्रह्माकार वृत्तिपट्टि जब मनको तीव्र संवेग हुन्छ तब सारा दुःखको अभाव सिद्ध हुन्छ। ब्रह्माकार वृत्तिबाट मनको मनन भाव (चपलता) नष्ट भैहाल्छ।

८८. संसारको भोग जब रमणीय भास्दैन तब मनको अङ्ग नष्ट हुन्छ (मन अचल हुन्छ)।

दृढ विचारको सहाराले म तिमी आदि मनोभावको (मनो मात्र पदार्थको) जब अभावना हुन्छ तब मनको वासना नष्ट हुन्छ (मन वृत्तियुक्त हुँदैन)।

अहं त्वं वास्तव हैन। त्यसकारण यिनीहरूको लागि भावना गर्नु मूर्खता मात्र हो। एवं प्रकारले भावनालाई त्याग गरेपछि वासना नष्ट हुन्छ र मन वृत्तिरहित ब्रह्माकारमा आकारित) भैहाल्छ।

मनमा जो सङ्कल्प कल्पना उठ्छ त्यसलाई त्यागिदिनू। त्यसो भए तिम्रो मन स्वतः नष्ट हुन्छ। सङ्कल्पलाई त्याग गर्नु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा केको भय छ ? मन स्थिर भए कुनै क्षोभ (विकार) रहँदैन। मन क्षय भए जीवले उत्तम परमानन्द आफ्नू स्वरूपलाई प्राप्त गरिहाल्छ । संतोषले मन वशीभूत हुन्छ र नित्य सत्य आत्मपद प्राप्त हुन्छ ।

८९. मनमा विषयको जस्तो तीव्र संवेग हुन्छ मनले त्यस्तो नै देखिहाल्छ । अज्ञानले दृश्यको तीव्र संवेग भएकोले चित्त जन्ममरण आदि विकारको अनुभव गर्छ ।

आत्मस्वरूपको मृदु (मन्द) संवेग भएमा पनि आत्मस्वरूपको अनुभव हुँदैन--आत्म चैतन्य प्रत्यक्ष भासमान हुँदैन किन्तु संसारको अनुभव भैरहन्छ ।

संवेग दुई प्रकारको छ—(१) मृदुं किंवा मन्द र (२) तीव्र ।

९०. चञ्चलता (वासना) रहित भए मन मृत हुन्छ (मृत मनबाट आत्मस्वरूपको ज्ञान हुन्छ, प्रत्यक्ष अनुभव संभव हुन्छ) । संसारसित चित्तको एकता भए संसार नै प्रतीत हुन्छ । आत्मस्वरूपसित एकत्र भए आत्मा नै प्रत्यक्ष अनुभव हुन्छ ।

मनद्वारा (प्रयत्नद्वारा अर्थात् मनलाई सात्विक तुल्याएर आत्माकार गरीकन) मनलाई मार्नु (विषयाकार वृत्तिको अभाव तुल्याउनु) तब नै शान्ति प्राप्त हुन्छ । शुद्ध मनको सहाराबाट अशुद्ध मनलाई मार्नु—त्यसकारण शुद्ध मन हो संसार समुद्रबाट पार लगाउने नौका । मन जो दृश्यपट्टि धावित हुन्छ त्यहाँबाट वैराग्यद्वारा आफ्नू स्वरूप चैतन्यपट्टि नियोजित गर्नु (लगाउनु–अर्थात् चित्तलाई शान्त राखेर आत्मस्वरूपलाई अनुभव गर्नु)।

(१) विषयाकार वृत्ति उठ्न नदिनु (किनकि जगत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो मिथ्या), (२) आत्माको चिन्तन गर्नु—चित्तलाई शान्त राख्नु (यो हो प्रयत्न), (३) वासना नष्ट भए आत्माको अनुभव हुन्छ (यो हो मोक्ष) ।

दृश्यको अभाव भए भावना गर्ने मन पनि नष्ट भैहाल्छ। संवेदन फुर्नुलाई जगत् भनेको छ—असंवेदन हुनुको नाम हो निर्वाण (मोक्ष) ।

राग द्वेष अबोधबाट खडा हुन्छ—सारा पदार्थको आस्था-लाई त्याग गर्नू—यिनीहरू अवस्तु हुन्, तिम्रो स्वरूप हो नित्य तृप्त—उसमा स्थित भैहाल ।

९१. भोग वासनारूप प्रमादलाई त्याग गरेपछि यत्न-विना जगत्‌को वासना नष्ट हुन्छ । भाव अभावरूप जगत्-लाई त्याग गरेपछि तिमी निर्विकल्प सुखरूप बनिहाल्छौ ।

९२. चित्तमा जो वासना फुर्छ त्यो संसारको पदार्थ-लाई उत्पन्न गरिदिन्छ—संसार हो अविद्यारचित र असार ।

९३. स्वरूपको प्रमादलाई अविद्या भनेको छ ।

९४. दृश्य पदार्थको लागि इच्छाको उत्पत्ति (मनन) हो अविद्या र त्यो इच्छाको नाश हो विद्या (आत्माको साक्षात्कार) । दृश्य पदार्थको लागि इच्छा नहुनु र केवल चिन् मात्र स्वरूपमा चित्तवृत्ति स्थित राख्नू (ब्रह्माकार वृत्तिको स्वतः अनुवृत्ति) हो अविद्या नाशको उपाय । सारा वासना निवृत्त भए आत्मतत्व प्रकाशित हुन्छ । वासनाको कारण जीव भय-प्राप्त हुन्छ ।

विभाग कलना (सङ्कल्पकलना) हो चेत्योन्मुखता (अर्थात् दृश्यको भावना) किंवा चेत्यता किंवा मन । त्यो मन सङ्कल्प कलनाबाट दृश्य (चेत्य) भासित हुन्छ । चित्त-

४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को वृत्ति जब दृश्यपट्टि फुर्छ तब अविद्या वृद्धि पाउँदछ र जब दृश्यको वृत्ति नष्ट हुन्छ र स्वरूपपट्टि आउँछ तब अविद्या नष्ट हुन्छ।

"म ब्रह्म हैन" यस्तो सङ्कल्पबाट मन बद्ध हुन्छ। "सब कुछ हो ब्रह्म" यस्तो सङ्कल्पबाट मुक्ति बन्दछ। दृश्यको सङ्कल्प हो बन्धन। सर्व ब्रह्मको संकल्प हो मोक्ष। दृश्यको सङ्कल्प हो बन्ध, असंकल्प हो मोक्ष।

९५. आत्मालाई नदेखेपछि अविद्यारचित सृष्टि देखिइरहन्छ—त्यो हो दुःखरूप। सङ्कल्प नगरेपछि अविद्या नष्ट हुन्छ।

भावनाको नाम हो अविद्या। त्यो भावना आत्मापट्टि भए (ब्रह्माकार वृत्तिको अनुसार वृत्ति भए) अविद्या नष्ट हुन्छ। वारंवार चिन्ता गर्नुको नाम हो भावना। आत्माको भावना बढेपछि आत्माको प्राप्ति हुन्छ र अविद्या नष्ट भैहाल्छ। बाहिरी विषय पदार्थको भावना छाडीकन भित्र आत्माको भावना गरे आत्मपद प्राप्त हुन्छ। जो मानिस अन्तःकरणमा आत्माको भावना यत्नपूर्वक गरिरहन्छ त्यो मानिस शान्ति प्राप्त गरिहाल्छ। स्वप्नको झैं यो सारा जगत् चित्तको वासनाबाट भासित भैरहेको छ। यथा प्राप्त आचार गर्नु परन्तु भित्र कुनै अभिमान नगर्नु—निरभिमान भएर कार्य गर्नु (शरीर इन्द्रियबाट कार्य निष्पन्न होस्)—यो ज्ञान हो सर्वोत्तम।

९६. जस्तो सङ्कल्प दृढ हुन्छ त्यस्तो नै देखिन आउँछ।

९७. जबसम्म आत्म-विचाररूपी आगोबाट अविद्या-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपी वल्लीलाई जलाउँदैनौ तबसंम जगत्रूपी लहरा निवृत्त हुँदैन ।

९८. चित्तको संसरणलाई वासना भनेको छ । सबैको आफ्नू स्वरूपलाई ब्रह्म भनेको हो ।

९९. संङ्कल्प क्षय भए चित्त नष्ट हुन्छ । चित्त नष्ट भए आफ्नू स्वरूप प्रकाशित भैहाल्छ । चैतन्य मात्र सत्तामा जो स्पन्द फुर्छ त्यसलाई सङ्कल्प किंवा ब्रह्मा भन्दछन् । ब्रह्माले नाना प्रकारको जगत्लाई रचना गरेको छ ।

१००. **अज्ञानका सात भूमिका**

जीव भावनाको पहिले—चेतनता अहं ईश्वर भाव हो... **बीजजाग्रत**

दृढ अहं मम भाव—जीवभाव हो……**जाग्रत**

यो, म यस्तो जन्मान्तरमा दृढ प्रतीति हो…**महाजाग्रत**

जाग्रतमा मनोराज्य—दृढ किंवा अदृढ हो जाग्रत…**स्वप्न**

दुई चन्द्रमा इत्यादि (विपर्यय भासित हुनु) हो जाग्रत… **स्वप्न**

निद्रामा मनको स्फुरण हो……**स्वप्न**

स्वप्नमा दीर्घकाल व्यतीत हुनु, अहं मम भाव दृढ हुनु र जन्म मरण देख्नु (जाग्रतको शरीर होस् वा नरहोस्) स्वप्न महाजाग्रतमा (परिणत भो) हो…**स्वप्न जाग्रत**

जडता प्राप्ति—भविष्यत्मा फुर्ने—(घाँस, पत्थर वृक्षको स्थिति) हो……**सुषुप्ति**

सहज रूपले सात अवस्थाको निरूपण

जाग्रत् स्वप्न सुषुप्ति मूढ समाधि, मूर्छा, मृत्यु र तुर्य —यो सात अवस्था हो भिन्न भिन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाग्रत् सिद्धिएपछि निद्रा आउँछ । त्यो निद्रामा जब पदार्थ दर्शन हुन्छ तब जाग्रत अवस्थाको विस्मरण भए ता पनि त्यसको मिथ्यात्व निश्चय हुँदैन । "जाग्रत-प्रपञ्च हो मिथ्या" यस्तो विचार स्वप्न कालमा हुँदैन—किन्तु त्यै वेला जाग्रत अवस्थालाई भूलेर तेजस् जीवले स्वप्नको प्रतिभासिक पदार्थलाई देखिरहन्छ । जाग्रत प्रपञ्च त्यै वेला भास्दैन तर त्यो मिथ्या हो भनी प्रतीति पनि हुँदैन । यो हो स्वप्नको स्वरूप ।

स्वप्नावस्था समाप्त भएपछि जब मनुष्य जाग्दछ तब त्यसले स्वप्न प्रपञ्चलाई मिथ्या भनी अनुभव गर्छ—अर्थात् जाग्रतमा स्वप्नलाई बिर्सेको मात्र हैन किन्तु त्यसको मिथ्यात्व निश्चय भैहाल्छ ।

अर्थात् स्वप्नमा जाग्रत्को विस्मरण हुन्छ, तर जाग्रत्मा स्वप्नको मिथ्यात्व निश्चय हुन्छ । जाग्रत्मा स्वप्न पदार्थको स्मरण भए तापनि त्यसको मिथ्यात्वको बोध हुन्छ । तर स्वप्नमा जाग्रत्को स्मरण पनि रहँदैन र उसको मिथ्यात्व प्रतीत पनि हुँदैन ।

सिद्धिको कामनापूर्वक उग्रतपस्याको फलले प्राप्त भएको **मूढ समाधि** (जोगीको समाधि) **मूर्छा हैन** रोग पनि हैन र प्राणधारण भएको हुनाले त्यो मृत्यु पनि हैन । **निद्राकालीन** आनन्दको अनुभव त्यै वेला नभएको हुनाले त्यो **सुषुप्ति पनि** हैन ।

देहको विस्मरण भए तापनि स्वप्रकाश आफ्नू चैतन्य स्वरूपको साक्षात्कार त्यै वेला नभएको हुनाले त्यो **तुरीय** अवस्था पनि हैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् तपस्याको क्लेशवशात् देहादिलाई बिर्सनु हो **मूढ समाधि**। रोगादि जनि देह विस्मरण हो **मूर्छा**। प्राणादिको निर्गमवशात् देहविस्मरण हो--**मृत्यु**। सुखानुभव भए तापनि अज्ञान अवशिष्ट रहन्छ। यस्तो अवस्थामा देहको विस्मरणलाई **सुषुप्ति** भनेको छ। स्वयं/प्रकाश आत्मस्वरूपको दर्शन भैरहन्छ र मूढता सर्वथा नष्ट हुन्छ यस्तो अवस्थालाई **तुरीय** (ज्ञानीको समाधि) भनेको छ।

पहिला चारै अवस्थामा दृश्यको भान नभए तापनि (अज्ञान विनष्ट नभएको हुनाले) उसमा कृतार्थता (नित्य तृप्ति) हुन सक्दैन।

मूढ समाधि प्राप्त भए जगत्को विस्मरण हुन्छ, तर जगत्को बाध हुन सक्दैन—समाधिअनन्तर पहिलेको झैं संसार देख्नमा आउँछ। तुरीय अवस्थामा संसार बाधित हुन्छ (मिथ्या भैहाल्छ)—-विस्मृत मात्र हुँदैन—त्यसकारण व्युत्थान भए तापनि जगत् मिथ्या नै अनुभूत भैरहन्छ। त्यसकारण तुरीय अवस्था हो अरू सबै अवस्थादेखि विलक्षण र श्रेष्ट।

यो सात अवस्था हो अन्तःकरणको अवस्था। यो सारा अवस्थाको जो साक्षी चैतन्यस्वरूप तिमी हौ त्यसको कुनै अवस्थासित सम्बन्ध छैन। यदि वारंवार यी अवस्थाहरूको विचार गरेदेखि जाग्रत आदि अवस्थाको साक्षी तिम्रो आफ्नू वास्तव सनातन स्वरूपको स्वतः प्रत्यक्ष अनुभव हुन्छ। वेदान्त शास्त्रमा श्रद्धा, तीव्र मुमुक्षा र ज्ञानाभ्यास भए सबैको लागि र सर्वत्र यो निरतिशय आनन्दप्रद मोक्ष सुलभ हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तःकरणको सात अवस्था

पदार्थ-ज्ञान-को अवस्था	तपस्यारूप महाफलप्रद (राज्यादि प्राप्ति वर आपादि सामर्थ्य आदि	तपस्यारूप हैन किन्तु निष्फल हो	मोक्षप्रद ज्ञान समाधि (तुरीय)
जाग्रत् स्वप्न	जोगीको समाप्ति (मूढ़ समाधि)	मृत्यु मूर्छा सुषुप्ति	

ज्ञानको सात भूमिका

मेरो बुद्धि आफ्नू वास्तव स्वरूपमा स्थित छैन, संसारमा आसक्त छ यस्तो जानीकन वैराग्यपूर्वक सत्संग गर्नु र सत्शास्त्र हेरिराख्नुलाई भनेको……**शुभेच्छा**

सत्शास्त्रको विचार, विषयबाट वैराग्य र सत्य मार्गको अभ्यास—सत्यलाई सत्य जान्नु, असत्यलाई असत्य जान्नु (त्याग गर्नु) लाई भनेको……**विचार**

तत्वको अभ्यास, इन्द्रियहरूका विषयहरूबाट वैराग्य र मनको सूक्ष्मता (विषय-चिन्तनको अभाव) हो…**तनुमानसा**

जगतबाट वैराग्यपूर्वक श्रवण मनन निदिध्यासनको सहाराले आत्मस्वरूपको अभ्यासद्वारा आफ्नू स्वरूपमा स्थित भैहाल्नुलाई भनेको……**सत्वापत्ति**—स्वप्न

चार भूमिकारूप संयमको फलले प्राप्त भएको शुद्ध विभूतिमा असंसक्त रहनुलाई भनेको……**असंसक्ति**—सुषुप्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृश्यको विस्मरण र आत्मारामी भाव—अन्तर र बाह्य पदार्थहरूलाई तुच्छ भन्ने प्रतीतिलाई भनेको……

पदार्थाभावनो—दृढ सुषुप्ति

भेद कलनाको अभाव र स्वरूपमा चित्तको दृढ परिणति लाई भनेको……**तुरीया-तुरीयगा** ।

१०१. जबसंम देहको भावना परित्याग गर्दैन तबसंम कुनै पदार्थसित एकता हुँदैन ।

आत्माको प्रदान भए जाग्रत आदि तीन अवस्था प्राप्त हुन्छ । चित् कला तुरीय स्वरूपमा स्थित भए जीवन्मुक्त हुन्छ, आत्मसत्ता स्वभावमा स्थित भए आत्मासित एकता प्राप्त हुन्छ, सबै जीवसित सुहृदभाव हुन्छ ।

चित्तसत्ताले जगत् सत्य भासित हुन्छ र जगत् सत्ता-बाट चित्त सिद्ध हुन्छ । एउटाको नाश भए उभय नष्ट हुन्छ। जगत्को सत् भाव नष्ट भए चित्त रहँदैन, चित्त उपशान्त भए जगत् शान्त भैहाल्छ ।

जसको चित्त निर्मल हो त्यसको विचार उत्पन्न हुन्छ । शास्त्रानुसार क्रिया गरेपछि हृदय निर्मल हुन्छ । चित्त शुद्ध भए अरूको सृष्टिलाई जान्न सकिन्छ । जब दृढ अभ्यास हुन्छ तब चिरपर्यन्त सब कुछ भास्दछ, किनकि सारा पदार्थको अधिष्ठान हो एक आत्मा—उसमा स्थित भए सबै पदार्थको ज्ञान भैहाल्छ। जसले आत्मसत्तालाई देख्यो त्यसको जगत् भाव रहँदैन । जो जगतलाई देख्दछ त्यसको निम्ति आत्मसत्ता प्रकाशित हुँदैन । वस्तु हो एउटा, यथार्थ दृष्टिले देखेपछि त्यो हो जगत्रहित ब्रह्म (जगत् हो उसमा कल्पित, जस्तो रज्जुमा सर्प) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०२. जस्तो निश्चय चित्तमा हुन्छ त्यस्तो नै भासमान हुन्छ। जस्तो जस्तो भावना दृढ हुन्छ त्यस्तो नै पदार्थ दृढ भएर अनुभव हुन्छ। स्फुरणको नाम हो जगत्। त्यसकारण यस्तो भावना दृढ गर कि जगत् हो असत् रूप, स्वप्नको झैं– जगत्मा सद्रूप भावना गर्नु दुःखको कारण हो।

आगोमा फलाम हालेपछि जस्तो त्यो आगोरूप भैहाल्छ, त्यस्तै मन जुन पदार्थमा लाग्छ त्यस्ता रूप नै भैहाल्छ (मन नै पदार्थको रूपले प्रतिभासित हुन्छ)।

सारा पदार्थ मनको चञ्चलताले फुरेर आउँछ। मन नष्ट भए जगत् नष्ट हुन्छ।

जुन विषयमा चित्त लाग्छ त्यो पदार्थको प्राप्ति हुन्छ। त्यसकारण चित्तमा आत्मसत्ताको सर्वदा अभ्यास गर्नु र दृश्यरूप भ्रमलाई परित्याग गरिदिनु।

दृश्यपट्टि मन प्रवाहित भए धेरै जन्मसम्म दुःख प्राप्त हुन्छ र जब आत्मातिर मनको प्रवाह हुन्छ तब परमपद प्राप्त हुन्छ। त्यसकारण दृश्य भ्रमलाई त्याग गरेर मनलाई आत्मपदमा स्थित गर।

सारा दृश्य जगत् तिम्रो मनको संझनाले मात्र खडा भएको हो। त्यो तुच्छ रूप हो, त्यसलाई मनबाट परित्याग गरिदेऊ।

१०३. संसारको भावना हो दुःखको कारण। दृश्यसित मिलेर भ्रमले अनात्ममा आत्माभिमान गर्छ र देहादिलाई आफ्नू स्वरूप जान्दछ। जगत्सित संवित्को (शुद्ध चैतन्यरूप तिम्रो) तन्मय हुनुलाई कर्म भनेको छ। दृश्यसित संयोग भए (दृश्यसित मिलेपछि) द्रष्टा मोह प्राप्त हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०४. मनको आवरण (दृश्यसित संपर्क) रहेसम्म आफ्नू स्वरूपको भान हुँदैन। मन हो स्फुरणरूप (वृत्तिरूप), उसैलाई संकल्प भनेको छ। असङ्कल्प भए मन नष्ट हुन्छ। जब जब संकल्प फुर्छ तब तब त्यसलाई परित्याग गरिदिनू। आत्म भावना भए दृश्य भावनाको अभाव हुन्छ (यसरी भावनालाई भावनाले काटिदिन्छ) । जस्तो जस्तो भावना बन्दछ त्यस्तो नै अनुभव हुन्छ।

१०५. तिमी हौ चैतन्यरूप आत्मा—तिमीमा जो दृश्य प्रतिबिम्ब पर्छ त्यसलाई तिमी त्याग गरिदेऊ। दृश्यको जो सङ्कल्प उठ्छ त्यसलाई असत् भनी जानेर परित्याग गरिदिनु र जस्तो व्यवहार पर्न जावस् त्यसलाई गर्नु तर कुनैमा रंजित नहुनू। बाहिरी दृष्टिले तिमीमा व्यवहार भासित हुन्छ तर तिमी हृदयमा राग द्वेषयुक्त नहुनु (तिमीलाई त्यसले नछो-ओस्) ।

१०६. मनको दुई स्थिति हो—एक वृत्तियुक्त (विषय-पट्टि दौड्नु) र दुई निर्वाण प्राप्त (वृत्तिरहित) ।

मनलाई विषयबाट संयम गर्नु—त्यसपछि निर्वाण प्राप्त मनलाईसंसारको पदार्थको बीचमा राख्नु (यसैलाई जीवन्मुक्त भनेको छ)।

१०७. वासनारूपी वेताल र पिशाच तबसम्म डुलि-रहन्छन् जबसम्म एकतत्वको दृढ अभ्यासबाट मनलाई जितेको छैन। विवेकरूपी सूर्य उदय भए अन्धकार नष्ट हुन्छ—विवेकवाट मनलाई वश गर्नुपर्छ । आत्म-विचार वैराग्य अभ्यास र विवेकद्वारा मन वशीभूत हुन्छ। हर समयमा मनमा कुनै मनन (सङ्कल्प) वृत्ति उठ्न नपाओस्—त्यसो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भए म मेरो निश्चय शिथिल भैहाल्छ र तत् पदको (आफ्नू शुद्ध चैतन्य स्वरूपको) आश्रय लिन सकिन्छ ।

१०८. संसारमा सद्भावना गर्नु हो अत्यन्त दुःखको कारण । संसारमा असत्य बुद्धि गर्नु हो सुखको कारण । जसको शरीरमा अहंभावना र जगत्को पदार्थमा सत्यबुद्धि हुन्छ त्यो हो जीव–त्यो दीनता प्राप्त हुन्छ ।

जो तृष्णाबाट बद्ध छ त्यो मानिस तुच्छ हो ।

१०९. जब दाम व्याल र कटको अहंकार फुरेर आयो तब पदार्थको वासना पनि फुरेको थियो । यसरी आशाको पासोले बद्ध भएर दीनभाव प्राप्त भयो । तिनीहरूको धैर्य नष्ट भएर गयो—-खान-पानको वासना फुर्‍यो र संसारको भयावह गति प्राप्त भयो ।

११०. अहंकारलाई यत्नपूर्वक मार्जन गर्नु—अहंवृत्ति-लाई असत् जान्नु, म केही पनि हैन । जब विवेक उत्पन्न हुन्छ तब अहंकाररूपी मेघ नष्ट भैहाल्छ र आत्मरूपी चन्द्रमा प्रत्यक्ष भासमान हुन्छ । अहंकाररूपी मेघ आएपछि चन्द्रमा अदृष्ट हुन्छ भासमानं हुँदैन । तिमी म देवता दानवसहित सम्पूर्ण संसार—(दृश्यपदार्थ) असत् माया मात्र भैकन पनि सत्‌रूपले प्रतीत भैरहेको छ—वास्तवमा यिनीहरू केही पनि हैन—(सत्य पदार्थ हैन) । स्वप्नको झैं जाग्रतको म तिमी आदि सारा जगत् असत्‌रूप हो ।

१११. अभ्यासविना संसारको दृढ सत् भाव निश्चयको अभाव हुँदैन । जुन निश्चय कसैको हृदयमा दृढ भैसकेको छ त्यो दृढ अभ्यासको यत्नविना कहिले पनि हट्‌दैन ।

जसको चित्तमा जुन निश्चय भएको छ त्यसलाई यदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो अभ्यास र यत्नको सहाराले हटाएपछि हटिहाल्छ, अरू उपायले त्यो निश्चय हट्दैन ।

११२. आफ्नू स्वरूपमा कसैको जस्तो निश्चय भैसकेको छ त्यस्तो नै तत्कालमा भासमान हुन्छ ।

जस्तो संवित्‌को किञ्चन दाम आदिको निश्चयबाट आकारवान भएर भासित भएको थियो त्यस्तो नै म तिमी पनि हो स्फुरण मात्र—अर्थात् संवेदनको स्फुरणवशात् हामीहरू स्थित भएका छौं । जस्तो स्वप्न नगर र मृगतृष्णाको नदी भासमान हुन्छ त्यस्तै म तिमी आदि सारा जगत आत्मा नै यसरी भासमान भैराखेको छ । प्रबुद्ध पुरुषलाई सारा पदार्थ शुद्ध चैतन्य भन्ने भास्दछ र पदार्थ आदि तिनलाई स्वप्न नगर झैं प्रतीत हुन्छ ।

त्यसकारण सारा-कलना परित्याग गरेर आफ्नू चैतन्यस्वरूपमा स्थित भैराख ।

११३. आत्मवेत्ता पुरुषको संगतिबाट बुद्धिमा संसारको अत्यन्त अभाव भैहाल्छ । दृश्यको अत्यन्त अभाव भए आत्मा अवशिष्ट रहन्छ र जीव भाव निवृत्त हुन्छ ।

अचल चैतन्यस्वरूपमा चञ्चल चित्त फुर्छ र त्यो नै जगत्—आभासलाई रचना गर्छ । जस्तो-जस्तो चित्त फुर्छ त्यस्तो-त्यस्तो नै प्रतिभासित हुन्छ—वास्तवमा क्यै पनि छैन ।

११४. आफूलाई नजान्नु नै हो आत्माकाशमा मेघरूप मलिनता । आफ्नू वास्तव स्वरूपको अनुभव भए अनात्मामा म भाव (अहंकार) लीन भैहाल्छ र चिदाकाशसित जीवको अत्यन्त एकता साधित हुन्छ ।

अहं आदि दृश्य वास्तवमा क्यै पनि भएको हैन–विचार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भए म मेरो निश्चय शिथिल भैहाल्छ र तत् पदको (आफ्नू शुद्ध चैतन्य स्वरूपको) आश्रय लिन सकिन्छ ।

१०८. संसारमा सद्भावना गर्नु हो अत्यन्त दुःखको कारण । संसारमा असत्य बुद्धि गर्नु हो सुखको कारण । जसको शरीरमा अहंभावना र जगत्को पदार्थमा सत्यबुद्धि हुन्छ त्यो हो जीव—त्यो दीनता प्राप्त हुन्छ ।

जो तृष्णाबाट बद्ध छ त्यो मानिस तुच्छ हो ।

१०९. जब दाम व्याल र कटको अहंकार फुरेर आयो तब पदार्थको वासना पनि फुरेको थियो । यसरी आशाको पासोले बद्ध भएर दीनभाव प्राप्त भयो । तिनीहरूको धैर्य नष्ट भएर गयो—-खान-पानको वासना फुर्यो र संसारको भयावह गति प्राप्त भयो ।

११०. अहंकारलाई यत्नपूर्वक मार्जन गर्नु—अहंवृत्तिलाई असत् जान्नु, म केही पनि हैन । जब विवेक उत्पन्न हुन्छ तब अहंकाररूपी मेघ नष्ट भैहाल्छ र आत्मरूपी चन्द्रमा प्रत्यक्ष भासमान हुन्छ । अहंकाररूपी मेघ आएपछि चन्द्रमा अदृष्ट हुन्छ भासमान हुँदैन । तिमी म देवता दानवसहित सम्पूर्ण संसार—(दृश्यपदार्थ) असत् माया मात्र भैकन पनि सत्‌रूपले प्रतीत भैरहेको छ—वास्तवमा यिनीहरू केही पनि हैन—(सत्य पदार्थ हैन) । स्वप्नको झैं जाग्रतको म तिमी आदि सारा जगत् असत्‌रूप हो ।

१११. अभ्यासविना संसारको दृढ सत् भाव निश्चयको अभाव हुँदैन । जुन निश्चय कसैको हृदयमा दृढ भैसकेको छ त्यो दृढ अभ्यासको यत्नविना कहिले पनि हट्‌दैन ।

जसको चित्तमा जुन निश्चय भएको छ त्यसलाई यदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो अभ्यास र यत्नको सहाराले हटाएपछि हटिहाल्छ, अरू उपायले त्यो निश्चय हट्दैन ।

११२. आफ्नू स्वरूपमा कसैको जस्तो निश्चय भैसकेको छ त्यस्तो नै तत्कालमा भासमान हुन्छ ।

जस्तो संवित्को किञ्चन दाम आदिको निश्चयबाट आकार-वान भएर भासित भएको थियो त्यस्तो नै म तिमी पनि हो स्फुरण मात्र—अर्थात् संवेदनको स्फुरणवशात् हामीहरू स्थित भएका छौं । जस्तो स्वप्न नगर र मृगतृष्णाको नदी भास-मान हुन्छ त्यस्तै म तिमी आदि सारा जगत आत्मा नै यसरी भासमान भैराखेको छ । प्रबुद्ध पुरुषलाई सारा पदार्थ शुद्ध चैतन्य भन्ने भास्दछ र पदार्थ आदि तिनलाई स्वप्न नगर झैं प्रतीत हुन्छ ।

त्यसकारण सारा-कलना परित्याग गरेर आफ्नू चैतन्य-स्वरूपमा स्थित भैराख ।

११३. आत्मवेत्ता पुरुषको संगतिबाट बुद्धिमा संसारको अत्यन्त अभाव भैहाल्छ । दृश्यको अत्यन्त अभाव भए आत्मा अवशिष्ट रहन्छ र जीव भाव निवृत्त हुन्छ ।

अचल चैतन्यस्वरूपमा चञ्चल चित्त फुर्छ र त्यो नै जगत्—आभासलाई रचना गर्छ । जस्तो-जस्तो चित्त फुर्छ त्यस्तो-त्यस्तो नै प्रतिभासित हुन्छ—वास्तवमा क्यै पनि छैन ।

११४. आफूलाई नजान्नु नै हो आत्माकाशमा मेघरूप मलिनता । आफ्नू वास्तव स्वरूपको अनुभव भए अनात्मामा म भाव (अहंकार) लीन भैहाल्छ र चिदाकाशसित जीवको अत्यन्त एकता साधित हुन्छ ।

अहं आदि दृश्य वास्तवमा क्यै पनि भएको हैन–विचार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेपछि रहँदैन । आफ्नू कल्पनाबाट भास्दछ र दुःखदायक हुन्छ । तर विचार गरेपछि नष्ट भैहाल्छ ।

संसाररूपी चक्रको अहंकार हो नाभि (जसबाट चक्र घुमिरहन्छ) । त्यसकारण यत्नपूर्वक अहंकारको नाश गर्नु ।

११५. अहंकारको चमत्कार जो भासिराखेको छ त्यो वास्तव हैन—त्यो हो मिथ्या । वासना भ्रमले उत्पन्न भएको छ र पुरुष प्रयत्नबाट नष्ट भैहाल्छ । म पनि हैन, मेरो पनि केही हैन—म मेरोमा सार केही पनि छैन । त्यस्तो भावना जब दृढ हुन्छ तब अहंकार नष्ट भैहाल्छ ।

आत्मामा अहं छैन, अहं आदि सारा हो दृश्य कोटीमा । यसरी सारा स्फुरण (चित्तवृत्ति) शान्त भएपछि अहंकार पनि नष्ट हुन्छ । अहंकार नष्ट भए हेय पादेय बुद्धि पनि शान्त हुन्छ (फुर्दैन) र समता प्रसन्नता उदित हुन्छ ।

११६. जीवले अनात्मामा अहं बुद्धि त्याग गरे परमपद प्राप्त हुन्छ । जति जति अहंकार त्याग गर्छ त्यति त्यति नै दुःखबाट मुक्त हुन्छ । सधैं सारा प्रयत्नबाट दुष्ट अहंकारलाई नष्ट गरिदिनु । परमानन्द बोधको नजीक यो नै हो आवं-रण—यसलाई परित्याग गरेपछि तिमी बोधवान हुन्छौ । जसको अनात्मामा अहंभाव नष्ट भएको छ तिनको भोगमा राग हुँदैन-तृष्णा राग द्वेष नष्ट भैहाल्छ । दृढ पुरुषार्थबाट अहंकार अनुसन्धान नष्ट हुन्छ । त्यसकारण निश्चय धारणा गर कि (१) म छैन, मेरो पनि क्यै छैन किंवा (२) सब कुछ म नै हुँ मदेखि भिन्न कुनै वस्तु छैन । यस्तो निश्चय जब दृढ हुन्छ तब संसारको द्वैत भावना बन्द हुन्छ र आत्मतत्वको मात्र सर्वदा भान भैरहन्छ ।

११७. जस्तो जस्तो वासना लिएर चित्त स्थित हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्तो नै आकार निश्चित रूपले प्रतीत हुन्छ (अनुभव हुन्छ) चित्तको परिणामको फलले दामादिको स्वरूपको विपर्यय भएको थियो । तिम्रो निश्चय भीम भासको जस्तो हवस् । जब तिमी संसारको भावना त्याग गर्छौ तब देहादिबाट बद्ध हुँदैनौ—व्यवहारमा पनि आसक्त हुँदैनौ ।

११८. संसारलाई सत्य जानेर वासना फुरेपछि त्यो दुःखको कारण हुन्छ । शुभ वासनाको अनुसन्धान भए मन बुद्धि नर्मल भावमा प्राप्त हुन्छ । मन निर्मल भए धीरे धीरे अज्ञान नष्ट हुन्छ । शुभ गुण-परंपरा स्थित भएपछि विवेक उत्पन्न हुन्छ र त्यसको प्रकाशबाट हृदयको मोह नष्ट हुन्छ । सत्संग र सत्शास्त्रको अभ्यासबाट शुभ गुण उदित हुन्छ । सत्संगबाट विवेक उत्पन्न हुन्छ । विवेकबाट समता आउँछ र मन निर्द्वन्द्व सारा कामनारहित र निरुपद्रव हुन्छ ।

मनको चपलता हो स्वकर अनर्थको कारण—मन अचल भए यो सारा निवारित भैहाल्छ । शास्त्रको अर्थलाई धारणा गरेपछि सन्देह नष्ट हुन्छ र नाना प्रकारको कल्पना जाल नष्ट भैहाल्छ ।

११९. मनको नष्ट हुनु हो सुखदायक । चिन् मात्र शुद्ध कलामा जो चित्कलाको स्फुरण (चलन) हुन्छ त्यो हो संवेदन । (स्फुरण) सङ्कल्प विकल्पसित युक्त भएर मलिनता प्राप्त हुन्छ—त्यसलाई मन भनेको छ ।

दृश्यसित मिलेपछि त्योसित चिन्तन भए भैहाल्छ—यस्तो चित् संवित्‌लाई (दृश्यसित मिलेको चैतन्यलाई जीव भनेको छ) दृश्य वर्गसित मिलीकन संसार दशामा प्राप्त हुन्छ । कल्पना नै जीवको बन्धनको कारण हो । आफ्नू वासनाबाट जगत प्रतीत हुन्छ । जुन वासना जसको हृदयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृढ हुन्छ त्यो रूप नै अनुभव हुन्छ । मन निर्मल भए कल्पना र पाप वासना नष्ट हुन्छ ।

१२०. मनबाट नै सारा पदार्थ रचित भएको छ । त्योसित मिलीकन तद्रूप हुनुलाई असम्यक् ज्ञान भनेको छ । जब भित्र बाहिर दृश्यलाई परित्याग गर्छ र मन स्वरूपमा स्थित हुन्छ तब परमपद प्राप्त हुन्छ । द्रष्टा र दृश्य हो असत् । त्यो असत् वस्तुसित तन्मय हुनु हो मनको रूप । जुन पदार्थ आदि र अन्तमा रहँदैन र त्यो बीचमा भासित हुन्छ त्यसलाई असत् जान्नु । दृश्य पहिले उत्पन्न भएको थिएन, पछि पनि रहँदैन, बीचमा जे जति देखिन्छ त्यो हो असत् । अज्ञानको परिणामले यो असत् दृश्य पदार्थ (देहादि जगत् पदार्थ) सद्रूपले प्रतीयमान भैरहेको छ—यो नै हो दुःखको कारण । आत्म-भावनाविना दुःखको निवृत्ति हुँदैन । ज्ञानीलाई सारा आत्मा भास्दछ—उ भेद-भावनारहित र अन्तर्मुखी रहीकन सुखी हुन्छ ।

सङ्कल्प गर्नुको नाम हो मन—त्यो हो असत् ।

१२१. शिव तत्व (शुद्ध चैतन्य हो) द्रष्टा र दृश्यको बीचमा व्यापक—त्यसमा स्थित भए मन शान्त (वृत्तिरहित) भैहाल्छ । अहंकाररूपी मेघ नष्ट भए परम निर्मल चिदाकाश (सारा दृश्यरहित चैतन्य) मा आत्मारूप सूर्य स्वतः प्रकाशित भैहाल्छ ।

१२२. आत्मा पुर्यष्टकरूप हृदयमा प्रतिबिम्बित हुन्छ—किन्तु सारा सङ्कल्प र संगदेखि रहित हो । आत्मा आभास-द्वारा जगत्रूप भएर भासित हुन्छ—जगत् अरू कुनै भिन्न वस्तु हैन । तरंग जस्तो पानीदेखि भिन्न छैन त्यस्तै जगत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मादेखि भिन्न हैन। चैतन्य सत्ता नै चेत्यता (स्फुरण) बाट जगत्रूप भएर प्रतीत हुन्छ।

आत्मा सारा पदार्थलाई प्रकाश गर्छ। सारा पदार्थ आत्माबाट सिद्ध हुन्छ। आत्मसत्ता नै जगरूप भएर प्रतिभासित छ।

जीव आफ्नू संवेदन (स्फुरण) बाट नाना सङ्कल्पको सहाराले विपर्यय रूप—(भिन्न भिन्न अनेक पदार्थलाई) देखिरहन्छ—यो हो अमुक पदार्थ, यो हो म, यो अरू हो, इत्यादि। आफ्नू स्वरूप जानेपछि अज्ञान भ्रम नष्ट भैहाल्छ। स्फुरण हो सङ्कल्परूप—यो विस्तार प्राप्त हुन्छ र त्यसमा जगत्को दृढता भएको छ।

१२३. आत्माबाट जगत् स्वतः उत्पन्न हुन्छ—कुनै कारणबाट हैन। पछि कारण कार्यभाव प्राप्त हुन्छ। जबसम्म आत्मादेखि भिन्न क्यै पनि देखिन्छ तबसंम त्यसको लागि वासनाभै रहन्छ। आत्मादेखि भिन्न क्यै पनि सिद्ध हुँदैन—त्यसकारण केको लागि इच्छा गर्नु, केलाई अनुसन्धान गर्नु, केलाई ग्रहण त्याग गर्नु ? जगत्को सारा दृश्य पदार्थ त्याग गरेपछि जो शिष्ट रहन्छ त्यो हो तिम्रो वास्तव स्वरूप। त्यसमा स्थित भए शान्ति प्राप्त हुन्छ। सत्य जानीकन जुन पदार्थलाई ग्रहणको इच्छा गर्छौं त्यो हो वासनारूप। सद्भाव फुर्नुको नाम हो कर्तव्य। त्यसबाट फल प्राप्त हुन्छ। जुन पदार्थलाई सत्य भनी जानेर वासना फुर्छ त्यसको अनुभव हुन्छ। शरीर गरोस् या नगरोस् जस्तो वासना मनमा दृढ हुन्छ—शुभ होस् किंवा अशुभ होस् त्यसको अनुसार दृश्य भासेर आउँछ। शुभबाट स्वर्ग भासित हुन्छ, अशुभबाट नरकको अनुभव हुन्छ।

ज्ञानवान् पुरुषको हृदयमा पदार्थको सद्भाव र वासना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुवै हुँदैन, किनकि तिनको लागि कर्तव्यको अभाव हुन्छ। कर्म गरे तापनि कर्तव्यको फल प्राप्त हुँदैन । संसारलाई असत्य जान्दछ—केवल शरीरको स्पन्द मात्र हो तिनको कर्म, हृदयमा बन्धन प्राप्त हुँदैन । पहिलेको प्रारब्धको फलले तिनलाई सुख-दुःख प्राप्त हुन्छ—तर त्यसलाई आत्मादेखि भिन्न जान्दैनन् सबै ब्रह्मस्वरूप नै देख्तछन् ।

मन अनात्मभावमा मग्न भए अकर्त्ता पनि कर्त्ताभावमा प्राप्त हुन्छ। मनरहित केवल शरीरद्वारा कर्म गरे तापनि अकर्त्ता हुन्छ ? मन नै हो कर्त्ता, शरीर केही पनि गर्दैन—(कर्त्ताभाव प्राप्त हुँदैन)।

जगत् मनबाट उत्पन्न भएकोले, मनरूप भएको हुनाले र मनमा नै स्थित भएकोले मन अमनभावमा प्राप्त हुन्छ त्यसको लागि सारा शान्त–दृष्ट हुन्छ ।

आत्मज्ञान भए जगत् शान्त भैहाल्छ—जगत्मा सत्यता बुद्धि नष्ट हुन्छ । अज्ञानीको मन संसारभ्रममा मग्न रहन्छ–त्यो सर्वदा पदार्थको तृष्णा गरिरहन्छ ।

हात पाउ इन्द्रियबाट गर्नुको नाम कर्म हैन—मनले गर्नुलाई कर्म भनेको छ। मन नै हो सारा कर्मको कर्त्ता। म तिमी सारा भाव, सम्पूर्ण लोकको बीज हो सर्वत्र प्राप्त मन । मन नष्ट भए कर्म नष्ट हुन्छ र सारा दुःख हराउँछ ।

यो विचित्र दृश्य चेतनताबाट (संवेदनबाट) रचिएको छ। चैतन्य नै स्फुरणद्वारा जगत्रूप भएर भासेको छ—चैतन्यले नै सब रूप धारण गरेको छ। त्यसकारण हर्ष शोक आश्चर्यको अवसर छैन ।

१२४. देह आदि हो कल्पना मात्र––कल्पना हो आत्मरूप। आत्मादेखि भिन्न कल्पना कुनै वस्तु हैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२५. शुद्ध आत्मसत्ताको आश्रयमा जो संवेदन आभास फुर्छ त्यसलाई अविद्या भनेको छ। अविद्या हो (१) उत्तम रूप र (२) मलिनरूप। एउटा हो अविद्याको नाशको निमित्त प्रवृत्त भएको (विद्या), दोस्रो हो संसारको लागि फुरेको (अविद्या)। आत्मापट्टि फुर्नु हो विद्या र दृश्यपट्टि फुर्नु हो अविद्या। दुई नै हो स्पन्दरूप। अविद्या हो नाशरूप, त्यो छैन। जगत्‌रूप दृश्य जो भासित हुन्छ त्यो हो मनको मननरूप (असत्‌रूप) यस्तो जसको निश्चय भएको छ त्यो पुरुष हो मोक्षभागी। मनको स्फुरणरूप यो जगत्, जो दृश्य-भावमा प्राप्त भएको छ त्यो सारा हो ब्रह्मरूप।

ज्ञानवान् पुरुषको हृदयमा जगतको शब्द अर्थको रंग चढ्दैन। आत्माविना जगत् छैन—जगत् हो आत्मरूप।

आत्मज्ञानद्वारा अविद्या नष्ट हुन्छ। जसलाई अविद्या-रूप संसारको पदार्थको इच्छा उदित हुन्छ त्यो अविद्यारूप नदीमा बगेर जान्छ। अविद्या दृढ भएर स्थित भए तत् पद-लाई आवृत गर्छ। कसरी यसको नाश हुन्छ त्यसको विचार गर—जसबाट अक्षयपद प्राप्त हुन्छ त्यसको लागि प्रयत्न गर।

१२६. स्वरूपको विस्मरण भए अविद्या उत्पन्न भएर दृढ भै दुःखदायक हुन्छ। त्यसकारण बलपूर्वक त्यसलाई नाश गर। आकाश जसरी आकाशमा स्थित रहन्छ त्यसै गरी आत्मस्वरूपमा चित् शक्ति स्थित भएको छ। वायुको संयो-गले जसरी नदीमा तरंग उठ्छ त्यसरी नै आत्मामा चित्‌कला दृश्य जगत् भैहाल्छ। बरु यो पनि हैन—आत्मा हो अद्वैत, स्वतः उसमा चित्‌कला हुन्छ। चित् कला जब फुर्छ तब त्यो लक्षमा आउँछ, निस्पन्द भए अलक्षण हुन्छ (अनुभवमा आउँदैन)। स्वरूपको स्वतः अनुभव हुन्छ—उसमा शब्दको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसार हुन सक्दैन । स्पन्द भए जगत्भाव प्राप्त हुन्छ । समुद्रमा जसरी तरंग उठ्छ त्यसै गरी चैतन्यमा चित्कला फुर्छ। आफ्नू स्वरूपलाई बिर्सेपछि दृश्यसित तन्मय हुन्छ तापनि स्वरूपदेखि भिन्न हुँदैन--भिन्नभावको भावना हुन्छ । आफ्नू अनन्त स्वभावलाई भुलेर देश काल क्रिया द्रव्यलाई मान्दछ। सङ्कल्पलाई धारण गरीकन कल्पनाभाव प्राप्त हुन्छ र विकल्प कल्पनाको वशले क्षेत्ररूप हुन्छ (दृश्यको प्रकाशक वा ज्ञाता बन्दछ)। शरीरको नाम हो क्षेत्र र शरीरको भित्र बाहिर जान्ने हुनाले क्षेत्रज्ञ नामले कथित हुन्छ । त्यो क्षेत्रज्ञ चित्कला अहंभावको वासना गर्छ र अहंकारको वशले आत्मादेखि भिन्न रूप धारण गर्छ ।

स्वरूपको प्रमादबाट जीव दृश्यभावलाई प्राप्त गर्छ । मन देह र इन्द्रियरूप भएर स्थित हुन्छ र आफ्नू अनन्त रूपलाई भूलिहाल्छ र परिच्छिन्न भावलाई ग्रहण गरीकन इच्छा मोह आदि शक्ति प्राप्त हुन्छ । मन नै आफ्नू सङ्कल्पबाट दृश्यलाई रचना गर्छ र त्यो दृश्य शरीरमा आस्था गरिरहन्छ, जसको नतीजाले आफू नै दुःखी भैहाल्छ--चित्त संतप्त रहन्छ र आफूलाई बन्धन गरेर संसार जंगलमा मिथ्या (अविद्यारूप) आशा बोकीकन घुमिरहन्छ । आफ्नै सङ्कल्प कलनाको फलले तन्मात्रा देह बन्दछ र उसमा अहं प्रतीति हुन्छ । पानीमा जस्तो तरंग हुन्छ त्यस्तो देहादि उत्पन्न हुन्छ--उसमा बद्ध भएर जीव दुःखी हुन्छ । एउटै स्वरूप मात्र भएको हो--त्यो नै स्फुरणको फलले नाना भावमा प्राप्त हुन्छ--मन, बुद्धि, अहंकार ज्ञान क्रिया पुर्यष्टक प्रकृति माया कर्म विद्या अविद्या इच्छा, इत्यादि ।

यसरी जीव चित्तवशात् भ्रम पाउँछ र तृष्णारूपी शोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोगबाट दुःख पाउँछ। तिमी यत्नपूर्वक त्यसबाट मुक्त भै-हाल—अभ्यास र वैराग्यको बलले मनलाई वृत्तिरहित तुल्याएर आफ्नू उद्धार गर।

१२७. आत्मस्वरूपलाई बिर्सीकन जो देहसित मिल्छ र वासनारूप कर्ममा मग्न हुन्छ त्यो जन्ममरणमा प्राप्त हुन्छ। यो संसार रचना हो इन्द्रजाल झैं। जबसंम जीव आफ्नू आनन्द स्वरूपलाई प्राप्त गर्दैन (साक्षात्कार गर्दैन) तबसम्म संसार भ्रममा घुमिरहन्छ। जुन मानिसले आफ्नू स्वरूपलाई जान्दछ र आफ्नू स्वरूपलाई नत्यागीकन बारबार संसारको पदार्थरहित भएर आत्मातिर धावमान हुन्छ त्यो यथाकालमा आत्मपद प्राप्त गर्छ र फेरि जन्मदैन।

१२८. जीव संसारलाई सत्‌रूप भनी आफूभित्र सधैं कल्पना गरिरहन्छ। कल्पनारूपी देह मनको स्फुरणमा (वृत्तिमा) स्थित रहन्छ। मन फुरेपछि देह रचित हुन्छ। स्वप्नमा जस्तो देह रचित हुन्छ त्यस्तो यो देह र जगत् पनि भूलले रचित भएको छ। मनको स्फुरणमा देह उत्पन्न भएको छ। सबै देह मनको स्फुरणमा (वृत्तिमा) स्थित रहेको छ। जे जति जगत देखिन्छ त्यो हो सारा सङ्कल्प मात्र। स्फुरणवशात् जीवको देहादि भासमान हुन्छ। वासनासित तद्रूप भएर चित्कला चपलरूप मन बनिहाल्छ र दृश्य कलनाको सम्मुख हुन्छ। पहिले चित्‌कला आकाशको भावना गर्छ। ब्रह्माले वासना र कल्पित मनद्वारा शरीर उत्पन्न गरेको छ। आदि ब्रह्माको प्रकाश नै शरीर थियो—त्यो सधैं ज्ञानरूप र संपूर्ण ऐश्वर्य आदिद्वारा सम्पन्न छ। परम तत्वबाट पहिले फुरीकन ब्रह्मा आफूसित शरीर देख्छ। स्फुरणबाट सृष्टि भयो र स्फुरणको दृढतामा नै स्थित छ। यो विचित्र रूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रचना विलास ब्रह्माको चित्तमा कल्पित हो । वास्तवमा केही पनि उत्पन्न भएको छैन, नष्ट पनि हुँदैन—स्वप्न सृष्टिको झैं हो यो संसार रचना ।

१२९. ब्रह्माण्ड हो स्वप्न नगर झैं सङ्कल्प मात्र—वास्तवमा कुनै स्थानलाई रोक्दैन । जगत् ठूलो प्रतीत हुन्छ तर हो मिथ्या । स्वप्नमा जस्तो भासमान जगत् असत्य, त्यस्तै शरीर आदि जगत् मनको स्फुरणले भासिराखेको छ—मनको स्फुरण नै हो यसको कारण ।

सङ्कल्परहित भए कुनै पदार्थ सिद्ध हुँदैन । सारा पदार्थ मनको यत्नले सिद्ध हुन्छ । परमात्मामा सब केही संभव छ (मन हो परमात्माको शक्ति, पदार्थ मनबाट सिद्ध हुन्छ) । आदि चित्कला ब्रह्मारूप भएर उदित हुन्छ । ब्रह्माको सङ्कल्प मिटेपछि सृष्टि नष्ट भैहाल्छ । जगत् दीर्घ स्वप्न झैं स्थित भएको छ ।

जगत् मिथ्या ज्ञानले भासित हुन्छ । भ्रम दृष्टिले जगत् भास्दछ । त्यो हो मनको मनन मात्र । असत्यरूप भैकन पनि सत्यवत् स्थित भएको छ । जगत् आडम्बर हो भ्रान्ति मात्र—मनको दृढ भावनाको फलले प्रतिभासित छ । प्रतीयमान प्रपञ्च हो वास्तवमा भित्र तुच्छ । यसको तृष्णा परित्याग गरेर सुखी होऊ । यो जगत् हो दीर्घकालको स्वप्न—चित्तबाट कल्पित भएको छ । ठूलो विस्तृतरूप भनी भासित भैराखे तापनि विचारमा केही कुरा हात लाग्दैन । मनबाट रचित जगत् मनलाई दुःख दिन्छ ।

१३०. जो मानिस जगत्लाई असत्य भनी जान्दछ त्यो फेरि जगत्को भावना गर्दैन । ज्ञानवान् जगत्को पदार्थमा राग गर्दैन । डोरीमा जस्तो सर्प भास्दछ त्यस्तै मनको मोह-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ले जगत् भासिराखेको छ र भयदायक हुन्छ—तर सारा हो भावना मात्र। जो आत्म-विचारलाई त्याग गरेर सुखको निम्ति जगत्‌को पदार्थलाई चाहना गर्छ त्यो हो मूर्ख। सबै जगत् हो असत्यरूप र मनको मननबाट रचित भएको छ। चित्तरचित स्वप्नको नगर नष्ट भए जस्तै पुरुष नष्ट हुँदैन, त्यस्तै जगत् नष्ट भए आत्माको नाश हुन सक्दैन।

१३१. जो वस्तु आदि र अन्तमा असत्य हो त्यसलाई बीचमा पनि असत्य जान्नु। जो परिशिष्ट रहन्छ त्यो हो सत्य, जसबाट असत्य पदार्थ सिद्ध हुन्छ। जगत्‌को आस्थालाई त्याग गरीकन परमार्थसत्य आफ्नू स्वरूपमा स्थित होऊ।

१३२. ज्ञानवानको झैं व्यवहारमा विचरण गर। जो नष्ट भएको छ त्यो नष्ट होस्, जो प्राप्त भएको छ त्यो प्राप्त होस्—उसमा हर्ष शोक नगर्नु। यथाशास्त्र हर्ष शोकरहित भएर भोग गर र जो प्राप्त भएको छैन त्यसको लागि इच्छा नगर। यो हो पण्डितको लक्षण।

सत्य-असत्य जगत्‌को बीचमा स्थित जो शुद्ध तत्व हो त्यसलाई हृदयमा ग्रहण गर र भित्र र बाहिर जो जगत् दृश्य पदार्थ रहेको छ त्यसलाई ग्रहण नगर। दृश्य पदार्थको आस्थालाई परित्याग गरेर परमपद आफ्नू स्वरूपमा स्थित होऊ र रागद्वेषरहित भएर सब कार्य गर। आकाश जस्तो निर्मल हो त्यस्तो सब कार्य गरेर तिमी निर्मल रहू।

इन्द्रियको साथ जो अहंकार हो त्यो जब हृदयमा फुर्दैन तब तिमी योग्य पदमा प्राप्त हुन्छौ। हृदयमा रागद्वेषरहित भएपछि मुक्तिको लागि इच्छा नगरे तापनि मुक्तरूप भैहाल्छ। यो शरीरबाट आफूलाई भिन्न जानीकन जो उत्तम पद हो उसमा स्थित भैहाल। परमात्मवेत्ता पुरुषले न कुछ ग्रहण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्छ न त्याग गर्छ र न कुछ इच्छा गर्छ । जो व्यवहार प्रारब्ध वेगले प्राप्त हुन्छ उसमा उ विचरण गर्दछ र केही कुरामा रागद्वेष गर्दैन ।

१३३. जबसंम समुद्रमा पानो रहन्छ तबसंम तरंग आवर्त निवृत्त हुँदैन—उत्पन्न र लय हुँदै रहन्छ—त्यस्तै ब्रह्म चिदाकाशमा त्रिलोकी जगत् उत्पन्न भएर उसमा नै लय हुन्छ। जबसंम आफ्नू स्वरूपको प्रमाद हुन्छ तबसंम विकार संयुक्त जगत् उत्पन्न हुन्छ र ठूलो विस्तारसति भासित भैरहन्छ। आत्मस्वरूपलाई देखेपछि कुनै विकार भास्दैन। समुद्रमा तरंग झैं ब्रह्म र जगत् हो अभिन्न—अविद्यावशात् भिन्न भएर भासित हुन्छ तर विचार गरेपछि निवृत्त भैहाल्छ ।

आत्मादेखि जगत् भिन्न देखिन्छ तापनि भिन्न हैन, त्यो हो आत्मरूप (जस्तो फूल, फल र शाखा हो वृक्षदेखि अभिन्न) । शुद्ध सत्ताको आभास संवेदन जब फुर्छ तब त्यो नै जगत्‌रूप भएर देखिन्छ। धेरै प्रकारका जगत्‌को उत्पत्ति हो मनको स्फुरण मात्र—अरू क्यै पनि हैन ।

जगत्‌को भावना अत्यन्त विगलित हुनुको नाम हो मोक्ष। यसकारण तनुमानसा परिपक्व भए सत्वापत्ति भूमिका प्राप्त हुन्छ ।

चित्तको स्फुरणबाट आत्मामा जगत् प्रतीत हुन्छ र उसमा स्थित र लय भइहाल्छ । जसको चित्तमा जगत्‌को अत्यन्त असत्यताको निश्चय हुन्छ उ फेरि संसारी बन्दैन—स्वरूपमा लागिरहन्छ । ज्ञानवान पुरुषको दृष्टिमा सर्वब्रह्म-विषयक निश्चय भैहाल्छ । "संसार छैन, सर्वब्रह्मतत्व नै सदा विद्यमान रहेको छ"—यो हो ज्ञानीको निश्चय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रो भाग

१३४. निरहंकार उदासीन तुरीय परमपद हो अन्त-वाहक शरीर (क्षेत्रज्ञ किंवा अहंकार) देखि अतीत । क्षेत्रज्ञ (अहंकार) हो दृश्यसित मिलित चिन्मात्र तत्व । वास्तवमा चिन्मात्र तत्वमा कुनै दृश्य छैन । अज्ञानबाट उपस्थित भएको दृश्य (वासना) सित संयुक्त भएर क्षेत्रज्ञ बन्दछ--पछि अन्त-करणसित (अज्ञानको कार्यसित) मिलेर त्रिपुटी हुन्छ। त्रिपुटी ज्ञानको आसरा जो विषय अनुसंधाता हो त्यसको स्वरूप प्रकाशको भित्र हराइहाल्छ। स्फुरणमा दृश्य भावनाले संसार सत्य भनी हृदयमा स्थित हुन्छ (यो हो अन्तवाहक किंवा क्षेत्रज्ञ भाव) । यसकारण आकार अन्तः करणमा भासित हुन्छ । संवेदन त्याग गरेपछि संसारको सत्यता रहँदैन ।

कलना आत्माको आश्रयमा स्फुरित हुन्छ—त्यसकारण आत्मादेखि भिन्न हैन । भेद प्रतीतिलाई मिथ्या भनी जानेर भेद-भावलाई परित्याग गरिदिनू । परिणामले आफ्नू निर्वि-कार स्वरूपमा स्थिति प्राप्त हुन्छ ।

१३५. चित्तरूपी मृग आत्मरूपी मरुस्थलमा देहेन्द्रिय विषयरूपी पानीलाई कल्पना गरेर दौडिरहन्छ (यो कल्पना वासनाको फलले संभव हुन्छ) ।

१३६. दृश्य पदार्थलाई त्याग गरेर जो द्रष्टा दृश्यलाई जान्ने हो उसमा स्थित होऊ ।

जो द्रष्टा स्वरूपमा स्थित हुन्छ त्यो संसार समुद्रको पार लाग्छ ।

१३७. सारा सङ्कल्प आत्माको आश्रयमा रहन्छ । सब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्कल्पको सृष्टि आत्माको आश्रयमै बन्दछ एक जनाको सङ्कल्प अरूले जान्दैन—सृष्टि हो आफआफ्नो ।

चित्तलाई आत्मस्वरूपमा जोड, विषयतिर जान नदेऊ। यो चित्त हो दुष्ट, यसलाई स्थित गरेपछि परम अमृत प्राप्त हुन्छ—परम निर्वाणपद प्राप्त हुन्छ ।

१३८. विषय भोगबाट वैराग्य, संसार मिथ्यात्त्व बोध, निष्काम भएर शुभ कर्म गर्नु—यसैको फलले अन्तःकरण शुद्ध हुन्छ (वैराग्य उत्पन्न हुन्छ)। कर्म बुद्धिलाई त्याग गरीकन केवल आत्मपरायण हुनु, शास्त्रको दृढ भावना गर्नु, सर्वदा आत्माको चिन्तन गर्नु—**प्रथम भूमिका ।**

ब्रह्म विद्याको विचार अर्थात् दृढ भावना गर्नु र विचारवान् पुरुषले इन्द्रियको विषयलाई नष्ट गर्छ । सबैतिरबाट उदासीन रहनु, सन्तुष्ट रहनु, यसको परिणामले निषिद्ध गुण हराइहाल्छ—**दोस्रो भूमिका :**

वैराग्य बढेर आउँछ—धारणाबाट चित्तलाई कुनै विषयमा लगाउँदैन, आत्मभावना (ध्यान) गर्नु, सर्वदा असङ्ग रहनु ।

(१) सबै ईश्वरको आज्ञाअनुसार व्यवहार गर्छ । ईश्वर नै सब कुछ गर्नुहुन्छ—कर्त्ता-कारयिता हो ईश्वर । जो कुछ हुन्छ त्यो ईश्वरको सत्ताले बन्दछ ।

(२) सारा शब्द अर्थरहित केवल शून्य आकाशमा (चिन्मात्र स्वरूपमा) स्थित रहनु—**तेस्रो भूमिका ।**

१३९. जो कुछ देखिन्छ सुनिन्छ त्यो सबै आत्मा हो यस्तो जान्नु अथवा जो पनि अरूलाई जान्दछ, अनुभवरूप वस्तु हो उसमा स्थित हुनु—इन्द्रिय र विषयलाई त्याग गरीकन अनुभव स्वरूपमा स्थित हुनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्नुरूप स्फुरण (यो पदार्थ हो, यो हैन) नष्ट भए तुरीय पद बाँकी रहन्छ (जाग्रत आदि रहँदैन)। यो विश्व हो स्फुरण मात्र। स्वप्नको पदार्थ जस्तो जागेपछि रहँदैन त्यस्तो यो जगत् पनि हो मिथ्या। स्फुरणरूप अहंकारलाई परित्याग गरेपछि आफ्नू पदार्थ स्वरूपमा स्थिति बन्दछ।

स्फुरणरूप सृष्टिमा सत्ता सामान्य ब्रह्म स्थित छ—त्यो हो सबैको आफ्नू स्वरूप—-द्वैतभाव कहिले पनि प्राप्त भएको छैन।

(१) सब पदार्थ हो आत्मा यस्तो जान्नु किंवा (२) सबै पदार्थ हो मिथ्या—यसको साक्षी सद्रूप ब्रह्म आफ्नू स्वरूपमा स्थित रहेको छ अरू केही पनि उत्पन्न भएको छैन। जो कुछ प्रतिभासित भै रहेको छ त्यो हो स्फुरणरूप। त्यस-कारण मिथ्या स्फुरणवशात् जो कुछ उत्पन्न देखिन्छ अस्फुर दशामा त्यो रहँदैन। अज्ञानले उत्पन्न भएको जगत् ज्ञान दशामा लीन भएर जान्छ। जो दृश्यपट्टि फुर्छ त्यो हो अहं-कार-अहंकार बन्नु हो बन्धन।

१४०. तीव्र संवेग जगत्मा सत्यता बुद्धि र मृदु संवेद (बालुवाबाट तेलको उत्पत्ति) भिन्न भिन्न अवस्था हो। तीव्र संवेग हटेपछि मिथ्या भैहाल्छ (जागेपछि जस्तो स्वप्न प्रपञ्च)। जाग्रत र स्वप्न दुई नै हो मनोराज्य।

जो कुछ आकार दृष्टिमा आउँछ त्यो सब हो मिथ्या। तिमी म जगत् भएको वस्तु होइन—केवल परमार्थ सत् वस्तु आफ्नू स्वरूपमा बसिराखेको छ। उसमा तिमी म-रूप कुनै स्फुरण छैन। त्यो हो शान्त र अद्वैतस्वरूप। संसार हो तिम्रो स्फुरण मात्र।

१४१. ज्ञान-परायण भए बुद्धिको दृढता हुन्छ र ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पन्न हुन्छ। प्रमाद हो स्वरूपबाट झरीकन अनात्मामा अभिमान गर्नु—(अहंकार) । यो हो अज्ञान—अज्ञानबाट दुःख प्राप्त हुन्छ ।

संसारको बीज हो अहंकार—अनात्मामा आत्माको अभिमान । आत्मा हो शुद्ध—(अहं उत्थानरहित), केवल शान्त। संवेदन शक्ति आत्माको आश्रयमा स्फुरित हुन्छ, स्फुरित भएर नाना प्रकारको विश्वलाई उत्पन्न गर्छ । सम्यक्‌दर्शीको लागि नाना प्रकारको विश्व एक आत्मा नै प्रतीत हुन्छ । तिमी पदार्थको भावनालाई त्याग गरेर आत्मस्वरूपमा स्थित रहू ।

१४२. विश्व पुरुषको भित्र स्थित छ—(वासनारूपले) भावनावशात् बाहिर देखिन्छ । जीवमा विश्व कल्पित हो (जस्तो सुवर्णमा भूषण कल्पित छ) । दृश्यलाई जो जान्दछ त्यो हो अहंकार (म जान्दछु यस्तो अभिमान), त्यो अहंकार हो मिथ्या । चेत्य (दृश्य) र अहंकार संवित् यो दुईटाको सम्बन्ध नष्ट भएपछि (ग्रन्थिभेद भएपछि) आत्मा नै परिशिष्ट रहन्छ । ब्रह्म शिव हो आत्माको नाम त्यो स्वरूपमा स्थित रहनु । भाव अभाव पदार्थको स्फुरण भए जीव बन्दछ, स्फुरण नष्ट भए शिव हुन्छ । जुन जुक्तिबाट पुरुषको इच्छा अनिच्छा (अर्थात् स्फुरण) निवृत्त हुन्छ त्यो जुक्ति हो श्रेष्ट ।

१४३. अहंभाव निवृत्त भए कुनै कर्मले स्पर्श गर्दैन । अहंभावरहित केवल चिन्मात्र स्वरूपमा ज्ञानी स्थित रहन्छ—किनकि चिद् जड ग्रन्थि भेद किंवा अनात्मामा अहं अभिमानको नाश ज्ञानवान्‌को हुन्छ । अहंकाररूप घट नष्ट भए आत्मा नै भासमान हुन्छ । जब संवेदन स्फुरणको (अहंकारको) अभाव हुन्छ तब तुरीय पद प्राप्त हुन्छ अहंकारको नाश भए आनन्द प्राप्त हुन्छ । आत्मपददेखि भिन्न जो—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मायाको रचना हो त्योसित मिलेर जो आफूलाई जान्नु--म हुँ यो नै हो अनर्थ। त्यसकारण अहंकारलाई त्याग गरिदेऊ। जसलाई देखेर अहंकार फुर्छ त्यसलाई (आत्मादेखि भिन्न भएको हुनाले) मिथ्या भनी जान। जो कुछ संसार भासेको छ त्यसलाई स्वप्न मात्र जानिलेऊ—सत् भनी जानेर त्यसको निम्ति इच्छा गर्नु हो अनर्थको कारण।

संवेदन हुनु नै हो अनर्थ—अर्थात् आफूलाई केही जान्नु (अहंकार)। यसको निवृत्ति भएमा आनन्द प्राप्त हुन्छ। भिन्न भिन्न शब्द अर्थ तबसम्म भासमान हुन्छ, जबसम्म अहं वेदनाकाश रहन्छ—(अहंकार बनीकन शब्द अर्थलाई जानिरहन्छ)। अहंकार नै हो कर्मको मूल। म हैन, म हैन, यस्तो क्षण क्षणमा ठान्नु यो दृढ भए अहंकार नष्ट हुन्छ। अहं मनरहनु नै हो परमब्रह्म। अज्ञानीको हृदयमा (अहं वेदनाको भित्र) सारा पदार्थको भाव स्थित रहन्छ—देशकाल, घर, नगर, मनुष्य, पशु-पक्षी आदि त्रिगुण संसार। जब यो साराको अभाव हुन्छ तब शान्त पद प्राप्त हुन्छ।

संपूर्ण संसार क्रियाको बीज अहंकार नष्ट भए अक्रिय आतमस्वरूपमा प्राप्त हुन्छ। सारा दृश्यको ज्ञाता (अभिमानी) हो अहंकार, अहंकारसंग संयुक्त भए देश काल पृथिवी पर्वत दृश्यलाई प्रत्यक्ष देख़िहाल्छ। जो कुछ नामरूप र उसको अर्थ हो त्यो अहंताबाट देखिन्छ।

म हैन, जगत् पनि छैन (द्रष्टा र दृश्य भाव किंवा जड र चेतन भाव छैन)—केवल परम चेतन सद्वस्तु हो।

१४४. चित् शक्ति जब भावना गर्छ तब आफूलाई त्यस्तै देख्दछ। शुद्ध मणिको नजीक रंग राखेपछि मणि रंगयुक्त देखिन्छ तर मणिमा कुनै रंग छैन। चित् शक्तिमा केही पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन (केही छ जस्तो देखिन्छ) । दृश्य पदार्थ जो भासिराखेको छ त्यो बिलकुल छैन, त्यसकारण त्यसलाई जान्ने अहंकार पनि कोही छैन । निराकार शुद्ध चैतन्य स्वरूपमा अहंकार हो मिथ्याकल्पना मात्र (जस्तो आकाशमा दोस्रो आकाश हो कल्पना मात्र) । अहंको उत्थान भए जगत्को विस्तार हुन्छ—चेत्योन्मुख चेतनालाई अहंकार भनेको छ । प्रमादको फलले संवित् (शुद्ध चैतन्य) दृश्यभाव प्राप्त हुन्छ—तर अरू केही पनि भइहाल्दैन । द्रष्टादेखि भिन्न केही पनि छैन—जगत आत्मादेखि भिन्न केही पनि छैन, आत्मामा जो देशकाल पदार्थ देखिन्छ त्यो हो अविद्या । पुरुषार्थद्वारा यसैको अभाव गर । दिनको दुई भाग साधुसंग र कथा श्रवण गर, तेस्रो भाग शास्त्रको विचार गर र चतुर्थ भागमा आत्मज्ञानको अभ्यास गर । किंवा ज्ञानवानको सङ्गत गर, मनन गर र अभ्यास गर किंवा जब चित्तमा, अभिलाषा उठ्छ तब त्यै क्षणमा नै त्यो अभिलाषालाई त्याग गर—यसरी बिस्तार बिस्तार अविद्या नष्ट हुन्छ। सम्यक् दर्शनमा आत्मपद भासमान हुन्छ र अज्ञानले जगत् भास्दछ । अहं बन्नु हो अज्ञान । अहं बने मम पनि हुन्छ । अहं ममलाई संसार भनेको छ—अहं मम नभए जगत्को अभाव हुन्छ । अहं भए दृश्य भासेर आउँछ अहं दृश्यलाई जान्दछ । दृश्य भए अहं हुन्छ । त्यसकारण संवेदनलाई परित्याग गरीकन निर्वाण पदलाई प्राप्त गर ।

स्फुरणलाई त्याग गर—म हैन, जगत् पनि हैन । परिणामले निर्विकल्प केवल आत्मपद परिशिष्ट रहन्छ—जो हो सबैको आफ्नू स्वरूप त्यसको साक्षात्कार हुन्छ ।

मनुष्यले वासना त्याग गरेपछि (वासना हो अहंकार—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म हुँ रूप) विश्व देखिदैन—केवल निर्विकल्प ब्रह्म अनुभूत हुन्छ ।

जबसम्म अहंकारसंग संयोग रहन्छ तबसम्म जगत् त्यसको चित्तमा स्थित रहन्छ ।

१४५. जीवले प्रमादवशात् दृश्यलाई कल्पना गर्छ—दृश्यलाई आफ्नू रूप भनीकन मान्दछ र त्यसकारण दुःख प्राप्त हुन्छ ।

आफू हो अनुभवरूप—जसबाट सारा पदार्थ (वासना-बाट उत्पन्न भएको) सिद्ध हुन्छ । वासनाले आवृत भएको हुनाले जीव आफ्नू शुद्ध स्वरूपलाई जान्न सक्दैन र त्यसलाई दृश्य संयुक्त मान्दछ (अर्थात् दृश्यको द्रष्टा आफूलाई मान्दछ)। यसलाई अहंकार भनेको छ ।

१४६. आत्मामा बुद्धि आदि स्फुरित हुन्छ (म हुँ, किंवा अहंकार फुर्छ) तब दृश्य उत्पन्न हुन्छ। जब अहंकार खडा हुन्छ तब देह इन्द्रिय आदि विश्वलाई रचना गर्छ । फेरि देह इन्द्रिय मन आदि दृश्यमा अहं प्रत्यय फुर्दछ । एवं प्रकारले स्फुरणमा दृश्य देखिन्छ र दृश्यमा स्फुरण बनिहाल्छ। संसारबाट उपरत भए, अन्तर्मुख आत्म-परायण भए अहंकार निवृत्त हुन्छ (दृश्यको द्रष्टाभाव रहँदैन) र आत्मा भासमान हुन्छ। त्यसकारण एक अहंकार संवेदनलाई त्याग गर, अरू कुनै यत्न नगर। यसरी निश्चय गर कि सारा हो ब्रह्मस्वरूप किंवा आफूलाई उठाइदेउ—म हैन । तिमी नै नभएपछि विश्व कहाँबाट आउँछ ? पहिले अहं हुन्छ, त्यस-पछि म म बनिहाल्छ। अहं हुनु नै हो बन्धन, यसको अभाव हो मुक्ति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहंकार फुरेपछि नाना प्रकारको वासना उत्पन्न हुन्छ —वासनाअनुसार धेरै जन्म प्राप्त हुन्छ ।

भावनाबाट चेतन आत्मा नै दृश्य भएर भासमान हुन्छ। आत्माको बोध भए एक अद्वैतरूप भैहाल्छ । अज्ञानको फलले नाना प्रकारको दृश्य भासमान हुन्छ ।

आत्मतत्वदेखि विमुख अहंकारले वानर झैं वासनाले चपलता गरिरहन्छ । वासनाको वशले जीव अविद्यमान जगतलाई भ्रमले सद् भनी जान्दछ ।

त्यसकारण वासनालाई त्याग गर । वासनाको बीज जो अहंकार हो त्यसको निवृत्ति गर—म छैन—किनकि तिम्रो हुनु नै हो अनर्थको कारण । अहंकार भएपछि स्त्री कुटुम्ब धन आइहाल्छ—यो नै हो बन्धन । आफ्नू स्वरूपको प्रमाद भए विश्व भासित हुन्छ । आफ्नू स्वरूप हो दृश्यरहित द्रष्टा। आत्माको प्रमाद भए प्रत्यक्ष देह इन्द्रिय आफूमा प्रतीत हुन्छ —-तर आत्मामा देह इन्द्रिय कहिले पनि छैन ।

मनको भ्रम (वृत्ति) वशात् आत्मामा चित्त देह इन्द्रिय भासमान हुन्छ । चित्त देह इन्द्रिय आत्मादेखि भिन्न हैन— यिनीहरू हुन् आत्मस्वरूप । देहादिको आफ्नू सत्ता केही पनि छैन । भ्रमले (आफ्नू स्वरूपलाई बिर्सेपछि) भासित हुन्छ —त्यसैले देहादिमा अहं बुद्धि निष्फल हो । स्फुरणवशात् परमात्मामा जीवभाव बन्दछ, जीवमा चित्तभाव र चित्तको स्फुरणमा शरीर भएको हुन्छ, अभिलाषा नै बन्धन गर्छ । स्फुरण, अहंकार, संकल्प र संवेदन हो पर्याय शब्द । स्वरूपबाट विकार संयुक्त उठान, स्पन्दन, संवेदन, स्फुरण हो पर्याय शब्द ।

१४७. प्रपञ्चको बीज हो संवेदन, संवेदनको बीज हो शुद्ध संवित् तत्व ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन् मात्र पदबाट विकार संयुक्त उठान भए प्रपञ्च भासमान हुन्छ। उठानको अभाव भए प्रपञ्चको अभाव भैहाल्छ। सारा कलनालाई त्याग गरेर अन्तर्मुख आफ्नू संवित्स्वरूपमा स्थित होऊ।

१४८. ज्ञान भए जगत् भासित हुँदैन। प्रत्येक चैतन्यमा स्थित भए संसारको भास केही पनि रहँदैन—केवल निर्वाण भैहाल्छ। अनन्त संवेदनबाट संसार फुरेर आउँछ। संवेदन अन्तर्मुख भए जगत लीन भैहाल्छ। संसार हो स्फुरण मात्र।

१४९. ब्रह्मसत्तामा स्थित भए ग्राह्य ग्राहक सम्बन्ध रहँदैन। हर समयमा वृत्तिलाई आफ्नू चैतन्यस्वरूपमा राखिछोड्नू। भित्र दृश्यभाव शान्त भइसकेको मानिस बाहिर क्षोभवान देखिए तापनि त्यो मुक्त हुन्छ।

१५०. अहंता नै हो मल—अहंता नष्ट भए स्वरूपको प्राप्ति हुन्छ र संसारको पदार्थको भावना निवृत्त भैहाल्छ। संसारभ्रमले उत्पन्न भएको छ र भ्रमको अभाव भए निवृत्त भैहाल्छ। संसारको वासनाबाट बन्धन हुन्छ—वासना निवृत्त भए आत्मपद प्राप्त हुन्छ। जगत्को भावना भए नाना प्रकारको आकार (पदार्थ) दृष्ट हुन्छ।

आत्माको प्रमादबाट शून्यता, शून्यताबाट आकाश, आकाशबाट अहंकार र अहंकारबाट जगत् उत्पन्न हुन्छ। दृश्य प्रकृतिसित मिलन भए अहंता खडा हुन्छ र द्वैतभ्रम मेटिंदैन। अहंको उत्थान हराएपछि शुद्ध चिन्मात्र आफ्नू स्वरूप परिशिष्ट रहन्छ।

१५१. अहंकारको उत्थान भए स्वरूपको आवरण भैहाल्छ। सारा जगत्भित्र स्थित छ—प्रमादले बाहिर भास्दछ। यो आफ्नो नै स्वप्न दृष्ट हुन्छ। अहंकार आदि दृश्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन—जो भएको छैन त्यसको लागि इच्छा गर्नु मूर्खता हो। आत्माको प्रमाद भए अहंताको उदय हुन्छ र दृश्य भासित हुन्छ। अहंताको उदय हुनुलाई अज्ञान भनेको छ—अहंता-रहित हुनुको नाम हो मोक्ष। अहंताको नाश भए चैत्यको भावना नष्ट हुन्छ।

१५२. चैत्यको भावना गर्नु हो संवेदन (अहंकार)। (१) आफ्नू स्वरूपको विचार (२) विषयबाट वैराग्य र (३) स्वरूपको अभ्यासबाट ज्ञान प्राप्त हुन्छ। अहंकार-राहित्य हो आत्मपद प्राप्ति। अहंता फुरे दृश्य भासित हुन्छ—अहंताको अभाव भए दृश्यको अभाव हुन्छ।

१५३. भोगलाई त्याग गर र आत्म-विचारमा सावधान रहू।

१५४. अहंताको उदय भए रूप, अवलोक भास्दछ—अहं उत्थानरहित भए केवल ज्ञान मात्र (अनुभव किंवा प्रकाश) रहन्छ। उसमा विश्व हो—पानीमा तरंग जस्तो। स्वप्नको सृष्टि जस्तो अनुभवरूप हो जाग्रत्को सृष्टि पनि त्यस्तै अनुभवरूप मात्र हो।

१५५. मनको सङ्कल्प निवृत्त भए केवल आत्मपद अनु-भूत हुन्छ। आत्मा हो निरालम्ब—आलम्बरूप चैत्य (अहं-कार) रहित। केवल आकाशरूप विद्यमान हो—उसमा तिमी स्थित भए तिम्रो नाना प्रकारको भावना जगत्को बारेमा हुन्छ।

जगत्को बीज हो अहंता। अहंता नष्ट भए जगत्को अभाव हुन्छ। चित्तबोध हो अहंता—ब्रह्मबोध हो (चित्तको अभाव)।

१५६. चित्तवृत्ति स्वरूपपट्टि जागेपछि मोक्षरूप हुन्छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृश्यतिर फुरेपछि त्यो हो बन्धनरूप । जो द्रष्टा हो त्यो दृश्य हुँदैन । जो दृश्य हो त्यो द्रष्टा हुँदैन । आत्मा हो अद्वैत—त्यसकारण द्रष्टामा दृश्य पदार्थ केही पनि छैन । तिमी दृश्य-पट्टि नभूल (दृश्यको भावना नगर) । अनुत्पन्न (नभएको) दृश्यलाई किन ग्रहण गर्न चाहन्छौ । तिमी हौ दृश्यरहित द्रष्टा—(संवेदनरहित शुद्ध चैतन्य) आफ्नू स्वरूपमा स्थित रहू——भ्रमले आफूलाई अरू केही नठान ।

१५७. आत्मा हो चेत्यरहित शुद्ध चिन् मात्र—अज्ञानी त्यसलाई चेत्यसंयुक्त देख्छ । आत्मा हो अहंरहित आफ्नू स्वभावमा बसिराखेको—अज्ञानी जन अनात्म अहंकारमा अहं प्रतीति गर्छ (अर्थात् आत्मामा आनात्म भावना गर्छ र अनात्ममा आत्म भावना गर्छ ।

१५८. इच्छा नै हो बन्धन—इच्छारहित हुनु हो मुक्ति । इच्छारहित हुनु हो परम समाधि । इच्छाको उत्पत्ति हो बंधन, इच्छाको नाश हो मुक्ति ।

१५९. परमात्माबाट चित् शक्ति फुरेको हो, उसमा अहं भयो—तब स्वरूपको प्रमाद भएको हुनाले त्यो चित् शक्ति मनरूप बन्यो र पछि देह इन्द्रिय भयो । अज्ञानवशात् मिथ्या भ्रम उदित भयो । यसरी आफूसित मिथ्या शरीर देखियो । चित् संवित् (शुद्ध चैतन्य) प्रमादको दृढताले मन इन्द्रिय देहरूप भयो । चित् शक्ति नष्ट भए शरीर मन रहँदैन ।

१६०. स्वप्नमा जस्तो शुद्ध संवित् नै दृश्यरूप भएर स्थित हुन्छ र जागेपछि एक भइहाल्छ त्यस्तै द्रष्टा दर्शन र दृश्य त्रिपुटी हो सब संवित्रूप नै (शुद्ध चैतन्यरूप नै) ।

१६१. बोधबाट सबैको एकता हुन्छ । त्यसकारण दृश्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि हो संवित् रूप—किनकि संवित्‌सित दृश्यको एकता भै-हाल्छ। दृश्य यदि आत्मादेखि भिन्न हुँदो हो त आत्मासित त्यसको एकता हुन सक्ने थिएन।

दृश्य र द्रष्टा हो एकै रूप—द्रष्टा दृश्य जस्तो भासित हुन्छ।

१६२. चिन् मात्र अद्वैत स्वरूपमा अहंताबाट जगत् भास-मान हुन्छ। अहंता फुरेपछि जगत् भासित हुन्छ र जब स्व-रूपको साक्षात्कार हुन्छ तब अहंता भ्रम नष्ट हुन्छ। अहंता भ्रम मिटेंपछि जगत्‌को पनि अभाव हुन्छ र इच्छाको पनि अभाव भैहाल्छ। इच्छा तब उदित हुन्छ जब संसारलाई सत्य मान्दछ। अहंता भए संसार सत्य प्रतीत हुन्छ (संसार-लाई जो जान्दछ त्यसलाई अहंकार भनेको छ)। अहंतारूप बीज नष्ट भए निर्वाण पद प्राप्त हुन्छ। संसार उत्पन्न भएको छैन, भ्रमले भासित हुन्छ। सब कुछ हो ब्रह्म नै। परमात्मा-को जो अहं भाव फुर्छ त्यो नै हो उपाधि। बुद्धि आदि सारा दृश्य जसको लागि मिथ्या छ ती सन्त मुक्त पुरुष छन्।

१६३. अहं अविचारले सद् भास्दछ, विचार उत्पन्न भए असत्य भैहाल्छ। मिथ्या अहंता नै हो दुःखदायक। तिमी निरहंकार भएर चेष्टा गर। (स्वरूपमा स्थित रहनुलाई निरहंकार भनेको छ।) जस्तो यन्त्र पुतली निरभिमान भएर चेष्टा गर्छ त्यस्तो चेष्टा गर। तिमी संङ्कल्पको अभिमुखी नहोऊ—किनकि चित्तवृत्ति क्षण क्षणमा परिणाम प्राप्त भै रहन्छ--अनन्त योजनसम्म पुगिहाल्छ। दुई वृत्तिको बीचमा स्थित भएको जो अनुभव सत्ता वृत्तिको भाव र अभावलाई जान्दछ र जसको आश्रयमा वृत्ति स्थित रहन्छ त्यो चिन् मात्र वस्तु नै हो तिम्रो स्वरूप। उसमा स्थित रहू (उसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्रो आफ्नू स्वरूप भनी अनुभव गर)। त्यो संवित् हो सर्वदा प्रकाशरूप चित्तको क्षोभदेखि रहित, द्वैतरूप सारा विकारशून्य सदा ज्ञानरूप एकरस वस्तु। त्यसलाई परित्याग गरेर अरू कुनैको लागि यत्न नगर्नू।

अरू पदार्थ तिम्रो माथि उपकार गर्न सक्दैन। धन पनि मित्र पनि कुनै क्रिया पनि उपकार गर्दैन। एकमात्र स्वरूपलाई ग्रहण गर्नुबाट तिमी मुक्त हुन्छौ। त्यसकारण पुरुषार्थ हो आफ्नू चेतन वभावमा स्थित रहनु र परस्वभावलाई त्याग गरिदिनु। जो जो पदार्थ भासित हुन्छ त्यो अनुभवको सहाराले भास्दछ—पदार्थको सत्ता अनुभवदेखि भिन्न हैन। अनुभवमा स्थित भएर हेरेपछि आफ्नू स्वरूप अनुभवरूप भनी भासित हुन्छ। आफ्नू स्वभाव हो ज्ञान मात्र—(अनुभवरूप) त्यसलाई जान्नुको नाम (अर्थात् उसमा स्थित हुनुको नाम) हो ज्ञान (साक्षात्कार)।

१६४. आत्मदेवको पूजा श्रवण गर। जो कुछ अनिच्छित प्राप्त हुन्छ त्यसलाई आत्मदेवमा अर्पण गरिदिनु—जसले त्यसलाई जानेको छ (प्रकाश गर्छ पनि) त्यसमा अहं प्रत्यय गर्नु। निरहंकार हुनु नै हो सुगम उपाय—म छैन, जगत् पनि छैन यस्तो निश्चय धारण गर्नु। सारा पदार्थलाई मिथ्या जानीकन आफूलाई पनि (पदार्थ ज्ञातालाई) जब अभाव गर्छ तब प्रत्यक् चेतन परमानन्दस्वरूप, सबैको अधिष्ठान परिशिष्ठ रहन्छ। मिथ्या अहंकार उठीकन नाना प्रकार जगत् कल्पना गर्छ। अहंकार र जगत् दुई नै हो मिथ्या। तिमी जब आफ्नू स्वरूपमा स्थित हुन्छौ तब जगत् भ्रम मेटिइहाल्छ। जाग्रत्-को झैं जब आत्म स्थितिमा जाग्छौ तब सब ब्रह्म नै प्रतीत हुन्छ। चेत्यरहित जो अद्वैत चेतन हो उसमा स्थित भएर जाग्रतबाट पनि जाग्न्नु हो आत्मामा रहनु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत्लाई त्याग गर—जगत् बुद्धि जन्मको कारण हो। आत्म-स्वरूपमा दृश्य अरू कुनै वस्तु छैन। जगत् मनबाट स्फुरित हुन्छ मनमा जगत् स्थित रहन्छ। मन नष्ट भए दृश्य रहँदैन। मन नष्ट भए स्फुरण नष्ट हुन्छ र स्फुरण नष्ट भए मन पनि नष्ट हुन्छ।

१६५. यो जगत्को भित्र बाहिर जे जति देखिन्छ त्यो नै हो मन—मनलाई स्थिर गरेर हेरे जगत् सत्य प्रतीत हुँदैन। सब दृश्य--(जगत्) लाई आत्मा धारण गर्छ—संसारको शब्द अर्थ आत्मामा केही पनि छैन। त्यसलाई छोडेर हेर कि सारा शब्द अर्थको अधिष्ठान हो आत्मा नै।

१६६. जाग्रत् स्वप्न सुषुप्तिको अभाव भए शान्तपद शेष रहन्छ। त्यस्तो जगत्को अभाव गरे परिशिष्ठ आत्मपद अनुभूत हुन्छ। रूप (विषय), अवलोकन (इन्द्रिय) र मनस्कार (विषयाकार वृत्ति) मिथ्या उदित भएको छ—यिनीहरूलाई त्याग गरिदेउ। यो जगत्को अत्यन्त अभाव छ, दृष्ट भए तापनि भ्रम मात्र हो। स्वप्नमा जाग्रत् छैन, जाग्रत्मा स्वप्न छैन, सुषुप्तिमा दुईटै छैन। त्यसकारण जगत् हो भ्रम मात्र। विश्व हो आत्माको चमत्कार (आत्माको विलास मात्र, जस्तो समुद्रमा तरंग हुन्छ)। अहंताबाट (संवेदन किंवा स्फुरणबाट) उदय हुन्छ—अहंताको अभाव भए जगत्को अभाव भैहाल्छ।

१६७. पुरुष जब निर्वासनिक हुन्छ तब चञ्चल मनको सारा वृत्ति लीन भैहाल्छ। केवल आत्मस्वरूप मात्र बाँकी रहन्छ—म मेरो यो भावना नष्ट हुन्छ। जबसंम चित्तसित संबन्ध रहन्छ तबसंम म मेरो भाव भासित हुन्छ। चित्तसित सबन्ध मेटिएपछि सबै एकाकार भइहाल्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनरूप उपाधि नष्ट भए शुद्ध आत्मा नै (अहंतारहित चैतन्य नै) परिशिष्ठ रहन्छ र एकरस अनुभूत हुन्छ ।

१६८. शुद्ध स्वरूप परमानन्द आत्मा आफैं आफ प्राप्त भैहाल्छ जब धन लोक र पुत्रको इषणा त्याग हुन्छ । आत्माको प्राप्ति हुन्छ निर्विकल्प समाधिद्वारा, निर्विकल्प चैतन्यको साक्षात्कार भए । संसारको सत्यता बुद्धिबाट चित्त बढेर आउँछ—संसारको वासना नष्ट भए शुद्ध आतमपद प्राप्त हुन्छ ।

१६९. इच्छारहित भए अमन हुन्छ । वासना संयुक्त भए मन हुन्छ । जुन जुक्तिबाट वासना क्षय हुन्छ त्यो नै गर्नु कर्त्तव्य हो । जुन मनमा संसारको अभाव हुन्छ (वासना हुँदैन) त्यो मन शान्त पदलाई प्राप्त गर्छ—(अर्थात अमन हुन्छ) । जुन मन वासनासंयुक्त हो त्यो हो मन । जसरी होस् वासना क्षयमा यत्न गर्नु कर्तव्य हो ।

१७०. वासना नै दृश्यरूपले परिणत हुन्छ र द्रष्टाले दृश्यसित मिलेर अहंकार बन्दछ—दृश्यरहित द्रष्टा हो शुद्ध चैतन्य अखण्डार्थ । विषय तृष्णा नभए दुःख हुँदैन । विषयको तृष्णा तब हुन्छ जब आफ्नू स्वरूपलाई जीव परित्याग गर्छ ।

स्वभावलाई (शुद्ध चैतन्य भावलाई) परित्याग गर्नु (अहंकार ग्रहण) बाट विषय तृष्णा उत्पन्न हुन्छ र विषय तृष्णाबाट दुःख प्राप्ति (भोक्ताभाव) बन्दछ ।

१७१. हृदय शुद्ध भए बुद्धि बढेर आउँछ । बुद्धि आत्माविषयिणी भए बुद्धि आत्मारूप भैहाल्छ, बुद्धिको पृथक् संज्ञा रहँदैन ।

बुद्धि जब आत्मपद प्राप्त गर्छ (बुद्धि आत्माकार हुन्छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तब त्यसले आफ्नू संज्ञालाई छोडिदिन्छ र विषय भोगको तृष्णा पनि छुटिहाल्छ।

जीवलाई दीन तुल्याउँछ विषयको लागि तृष्णा अभिलाषाले। तृष्णालाई परित्याग गरे परम निर्मलता प्राप्त हुन्छ (चित्त निर्मल किंवा अचल भैहाल्छ)। तृष्णाको त्याग भए आत्मस्वरूपमा स्थित हुन्छ।

१७२. भोग ठूलो विषरूप हो—दिन दिनप्रति त्यसलाई त्याग गर्नुको लागि प्रयत्न गर्नु उचित छ। भोगबाट वैराग्य भए दुईवटा पदार्थ मिल्छ (१) सत्संग (२) शास्त्रको विचार। शास्त्र विचारमा दृढ भावना भए अभ्यासद्वारा त्यो रूप नै प्राप्त हुन्छ (परमानन्दरूप भैहाल्छ)।

भोगको इच्छा निवृत्त भए—गोष्पद झैं संसार समुद्रको लंघन भैहाल्छ र तिनै जगत् शुष्क तृण झैं प्रतीत हुन्छ। भोगको इच्छा त्याग गरे ईश्वर बन्दछ। जुन पुरुषलाई आत्मसुख प्राप्त हुन्छ त्यो कहिले पनि भोगको इच्छा गर्दैन। भोग प्राप्त भए तापनि त्यसलाई नीरस र मिथ्या जान्दछ—त्यसकारण भोगको इच्छा गर्दैन। जसलाई संतोष हुन्छ त्यसलाई विषयले बाँध्न सक्दैन। संतोषलाई अवलम्बन गरे मूर्खता दूर हुन्छ र सजिलैसँग संसार समुद्रको लंघन भैहाल्छ। संतोषबाट परम शान्ति प्राप्त हुन्छ—विषय-सुखबाट शान्ति हुँदैन। जसलाई तृष्णा छ त्यसलाई संतोष र शान्ति कहिल्यै पनि हुँदैन।

१७३. यो संसार हो मिथ्या। जो मानिस संसारको पदार्थलाई चाहन्छ त्यो मूर्ख हो। यो जगत्को अधिष्ठान—(परमात्मा) लाई प्राप्त हुन्छ—जब मानिस निर्वासनिक हुन्छ—निर्वासनिक भए संतोष प्राप्त हुन्छ। त्यसकारण इच्छा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाशको लागि उपाय गर, इच्छा नष्ट भए संतोष प्राप्त हुन्छ र द्वैत कलना हराइहाल्छ । यसैलाई परमपद भनेको छ ।

१७४. परमपद कसरी मिल्छ ?

(१) संसारबाट वैराग्य हुनु,

(२) सत्संग र सत्शास्त्रमा प्रतिपादित अर्थमा दृढ भावना गर्नु,

(३) आत्माको दृढ भावना भए जगत् (दृश्य) विरस भैहाल्छ, जगत् असत्य प्रतीत हुन्छ र हृदयमा शान्ति अनुभूत हुन्छ ।

(४) स्वाभाविक रूपले आफूलाई ब्रह्म जान्दछ—परिच्छिन्नता रहँदैन । संसारबाट वैराग्य, सत्संग र शास्त्र श्रवण, जगत्मा नीरसता, आत्माको दृढ अभ्यास भए स्वभाव सत्ता प्रकाशित भैहाल्छ । स्वभाव सत्तामा स्थिति हो परमानन्द प्राप्ति । तब मन अमन भैहाल्छ—कुनै अर्थको तृष्णा रहँदैन ।

१७५. ईश्वर हो अनुभव ज्योति, परम बोधस्वरूप—भक्त र भगवान्मा कुनै भेद छैन—अर्थात् क्षेत्ररहित क्षेत्रज्ञ किंवा शुद्ध चैतन्य (प्रकाश) ।

१७६. ईश्वरको दूत हो विवेक । विवेकद्वारा त्वं पदको शोधन भए—(चित्तलाई परित्याग गरेर साक्षी चैतन्य भएर स्थित भए)—ब्रह्मसित त्यसको एकता भैहाल्छ । शोधन हो वासना त्याग किंवा चिन्ताराहित्य । विवेक चित्तलाई नष्ट गरीकन र वासना क्षय गरीकन ईश्वरको अभिमुखी गरिदिन्छ ।

ब्रह्मसित एकता हो शोधित—त्वं पदार्थ—आफूलाई ब्रह्मरूपले अनुभव गर्नु (यो नै हो देवताको अर्थात् ईश्वरको दर्शन) । अन्तर्मुख हुनु--शुद्ध चित्त हुनु हो दृश्यबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विविक्त साक्षी चैतन्यलाई आफ्नू स्वरूप भनी जान्नु (त्वं पदको शोधन)—शरीर भित्र प्रकाश किंवा अनुभवरूप वस्तु हो म यस्तो जान्नु । यसैलाई ब्रह्मस्वरूपको अभिमुखी हुनु भनेको छ ।

बोध मात्रमा स्थित भए पूर्णानन्दको प्राप्ति हुन्छ । निर्दृश्य–द्रष्टा हो आनन्दस्वरूप ।

हृदय शुध्द भए आत्मपदको भावना उत्पन्न हुन्छ—अर्थात् सब कुछ हो आत्मा नै—यसलाई भक्ति भनेको छ । भक्ति भए ईश्वर कृपा गरेर विवेक दूतलाई पठाइदिनुहुन्छ । परिणामले दृश्य निरसन हुँदै जान्छ र भगवत् साक्षात्कार उदित हुन्छ । विवेकको दृढता भए परमपदको प्राप्ति हुन्छ । चेत्यको संबन्ध टुटिहाल्छ—विश्वको क्षय हुन्छ र वासना नष्ट हुन्छ ।

१७७. चेतनतारहित (अहंतारहित) आफ्नू बोध-स्वरूपमा स्थित रहू । मनबाट जगत् उत्पन्न हुन्छ त्यो मन र जगत दुवै हो मिथ्या । रूप अवलोकन र मनस्कार हो जगत्—यिनीहरू मृगतृष्णा झैं मिथ्या हुन् । दृश्य, दर्शन र द्रष्टा यी तीन हुन् भावना मात्र । यिनीहरू रहेसंम जगत् रहिरहन्छ । अहंताको अभाव भए आत्मपद बाँकी रहन्छ ।

१७८. वासनाबाट दृश्य भासमान हुन्छ—वासना मनमा स्फुरित हुन्छ । यो मन अज्ञानले बनेको छ । मन अमन भए सब दृश्य एकरूप भैहाल्छ र जबसंम वासना उठ्छ तबसंम मनमा शान्ति हुँदैन । चित्तको दृश्यसित संबन्ध भए शुध्द अद्वैत पद प्राप्त हुँदैन र यसकारण कर्मको पनि अभाव हुन सक्दैन ।

१७९. शुद्ध चिन् मात्रबाट उठान हुनुलाई चेत्योन्मु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खत्व (अहंता) भनेको छ। त्यो अहंता दृश्यपट्टि फुरिरहन्छ (यसलाई अन्तवाहक भनेको छ) । त्यसको दृढता भए आधिभौतिक भाव–(देहात्मबुद्धि) बन्दछ र पृथ्वी आदि भूत बन्दछ। बहिर्मुखता निवृत्त गरेर अर्थात् स्फुरणरहित भएर आफ्नू स्वरूपपट्टि देखेपछि आफ्नू स्वरूप नै भासमान हुन्छ–द्वैत मेटिहाल्छ र परमानन्द अद्वैतपद अनुभूत हुन्छ। पूर्ण बोध भए आत्म मात्र शुद्ध चैतन्य परिशिष्ठ रहन्छ –तब ईश्वरसित एकता भैहाल्छ र दृश्यको अभाव हुन्छ (किनकि जगत् हो भावना मात्र) । जबसम्म मन फुरिरहन्छ तबसंम जगत्को अभाव हुँदैन। मन उपशान्त भए जगत्को अभाव सिद्ध हुन्छ।

१८०. जीव वासनाबाट आवृत्त भएको छ, वासना क्षय भए ज्ञान प्राप्त हुन्छ।

अज्ञानले जगत् भासेको छ। जगत् भान भएको हुनाले नाना प्रकारको वासना दृढ भएको छ—त्यसकारण जीव दुःख पाउँछ। चित्तले बहिर्मुखता छाडेर अन्तर्मुख भएर आत्मस्वरूपको दृढ भावना गरे स्वरूपको ज्ञान प्राप्त हुन्छ र अज्ञानलाई नाश गर्न समर्थ हुन्छ।

१८१. अन्तवाहक हो शुद्ध चिन् मात्र स्वरूपमा चेत्योन्मुखत्व। चित् शक्ति स्फुरण प्राप्त भएर पञ्च तन्मात्रासित त्यसको संबन्ध हुनु—यसैलाई चित् जड ग्रन्थि भनेको छ।

१८२. विश्वजित यज्ञको वर्णन—(१) ध्यान हो आत्मपदको सदा अभ्यास (२) बलि हो तृष्णा त्याग (३) यज्ञ हो ज्ञान (आफ्नू स्वरूप हो नित्य शुद्ध बुद्ध अद्वैत निर्विकल्प र देह इन्द्रिय प्राण मनरहित यस्तो जान्नु) । यो तीन प्रकारले मात्र यज्ञ पूर्ण (सफल) हुँदैन किन्तु यसमा दक्षिणा-

९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप अंग पनि चाहिन्छ । यो दक्षिणा (४) हो सर्वस्व त्याग (अहंकारलाई त्याग्नु) । अहंताको त्याग हो सर्वश्रेष्ठ त्याग —सारा साधन हो यसको अन्तर्भूत । अहंताको त्याग भए भित्र बाहिर ब्रह्मसत्ताको नै अनुभव हुन्छ—सारा द्वैत भ्रम नष्ट हुन्छ ।

मनको सारा अर्थलाई ज्ञानरूप आगोमा डढाईकन वैराग्य पवनको सहाराले उडाइदिएपछि परमशान्ति प्राप्त हुन्छ । मन नष्ट भए सारा संपत् मिलिहाल्छ—मन उपशान्त भए कल्याण हुन्छ ।

भित्र बाहिर जो नाना प्रकारको पदार्थ भासमान छ त्यो मोहयुक्त मनबाट उत्पन्न हुन्छ—मनको उपशम भए नाना प्रकारको भूत संज्ञा रहँदैन ।

१८३. जगत् भ्रमले भासेको छ र त्यसको पदार्थमा नाना प्रकारको वासना उत्पन्न हुन्छ । जगत् आफ्नू आफ्नू वासनाअनुसार देखिरहन्छ । तिमी वासनालाई त्याग गरेर आत्मपदलाई प्राप्त गर ।

१८४. मन फुरेपछि दृश्य भासित हुन्छ, मनलाई स्थिर गरेपछि सब शून्य भैहाल्छ ।

१८५. आत्माको आवरण छैन, किनकि आत्मा हो सदा ज्ञानस्वरूप—अरू अवस्था कहिले पनि प्राप्त हुँदैन—उसमा मन बुद्धि आदि केही पनि उत्पन्न भएको छैन । त्यसैले मोह छैन, आवरण छैन । आत्मतत्व सर्वदा एकरस रहेको छ । अज्ञान दृष्टिले नाना प्रकारको जगत् देखिन्छ ।

१८६. आफूमा स्फुरण (चलन) वशात् संसार दृष्ट हुन्छ । स्फुरण (कल्पना) दृढ भए दुःख प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । यो संसार जो रसयुक्त अनुभूत हुन्छ त्यो हो भावना मात्र । भावना आत्मापट्टि भए जगत् भ्रम मेटिहाल्छ र जो देहेन्द्रिय आदि आत्माको अज्ञानले फुरेको छ र उसमा अहंकार उत्पन्न भएको छ त्यो सारा आत्मभावनाको बलले निवृत्त भैहाल्छ । आत्मबोध प्राप्त भए सारा जगत् एकरूप भैहाल्छ । मनलाई बोधरूप आत्मामा स्थित गरे जगत्को संज्ञा रहँदैन–मन केवल परमात्म आफ्नू स्वरूप भैहाल्छ । मन निर्वाण भए जगत्को अभाव भैहाल्छ र अहंकारको पनि अभाव हुन्छ । आत्मामा जगत् पदार्थ केही पनि छैन किन्तु मनको संकल्पद्वारा भासित हुन्छ । मनको निश्चयमा जगत् भएको हो—आफ्नू स्वरूपमा केही पनि छैन। जसको मन सूक्ष्म भएको छ त्यसको लागि जगत् स्वप्नवत् हुन्छ । त्यो कुनै पदार्थको इच्छा गर्दैन ।

१८७. निराभास हुनु हो चित्तबाट चेत्यको संबन्ध नष्ट भैहाल्नु-अर्थात् परम प्रकाशरूप आत्मपदको प्राप्ति हुनु । बोधस्वरूपको अनुभव भए सारा जगत् एक रूप भैहाल्छ । त्यसकारण जगत् भए तापनि जगत् हो आत्मरूप नै । असम्यक् दृष्टिले जगत् भिन्न भिन्न प्रतीत हुन्छ ।

१८८. अज्ञानी को हो ? जसको मनसित संबन्ध छ । जीवं हो महासूक्ष्मरूप । जीवमा आफ्नो सृष्टि रहन्छ अर्थात् जबसंम स्फुरण (सङ्कल्प) रहिरहन्छ तबसंम सृष्टि छ । जब स्फुरणरूप सृष्टि आत्मापट्टि जान्छ तब सारा सृष्टि एक आफ्नू स्वरूप भैहाल्छ ।

१८९. दुई वृत्तिको सन्धिकालमा जो अनुभव गर्ने सत्ता छ। उसमा-स्थित भएर हेर कि जगत् कहाँ छ र जगतको उत्पत्ति कहाँबाट हुन्छ । आफ्नू स्वरूपमा स्थित भए जगत्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्द अर्थ केही पनि भासित हुँदैन, किनकि दोस्रो पदार्थ केही पनि छैन। संवेदन वा अहंकारबाट जगत्को प्रतीति हुन्छ। जगत्लाई मिथ्या मात्र भनेर विचार गरे जगत् रहँदैन। जगत् पदार्थको स्फुरण हो, स्वप्नको झैं सृष्टि हो अकारण, सङ्कल्प मात्र। आत्मा हो अद्वैत, उसमा एक दुई शब्दको गति छैन; उसमा जान्नु पनि छैन (संवेदन छैन)। आत्मा हो अनन्त चैतन्य मात्र, केवल आफ्नू स्वभावमा स्थित अद्वैत सत्ता मात्र। त्यसकारण उसमा जगत् रहन सक्दैन।

१९०. जेलाई दृश्य भनेको छ त्यसको द्रष्टा नै दृश्य रूपले स्थित भएको छ। स्वप्नमा जस्तो द्रष्टा नै दृश्यरूप भैहाल्छ त्यस्तै आत्मा नै जाग्रत दृश्यरूप भएर स्थित छ। ब्रह्म नै जगत्को आकारमा देखिन्छ। दृश्य अरू कुनै वस्तु हैन। समुद्र जस्तो तरंग आवर्त भएर भासमान हुन्छ त्यस्तै परमात्मा अनन्त शक्ति भएर स्थित भएको छ। म तिमी जगत्को सारा पदार्थ सब स्फुरण मात्र हो। सङ्कल्प-नगर जस्तो मनबाट रचित हुन्छ त्यस्तै आत्मा यो जगत्रूपले स्थित छ—केही पनि उत्पन्न भएको छैन। केवल निर्मल शान्त पद विद्यमान छ।

१९१. संवेदन (जान्नु) को स्फुरण हो यो जगत्। यो स्फुरण चेतन मात्रको विवर्त हो। त्यो स्फुरण आफ्नू स्वरूपपट्टि आएपछि जगत् भ्रम हराउँछ। बहिर्मुखता जब स्फुरित हुन्छ तब ध्यान ध्याता र ध्येयरूपले स्थित हुन्छ। त्रिपुटीको नाम हो जगत्—यसमा नै बन्ध मोक्ष बन्दछ। आत्मामा बन्ध मोक्ष छैन।

१९२. जस्तो तरंग जब घनीभूत हुन्छ तब नदी भनिन्छ त्यस्तै जब वासना दृढ हुन्छ तब नै जगत्रूप भएर स्थित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ र देखिन्छ र राग द्वेषबाट बन्धन हुन्छ । वासनाको क्षय भए जगत्‌को अभाव भैहाल्छ । पदार्थको अभाव भए जान्नालाई के बाँकी रहन्छ ? यसरी अन्तर शीतल भैहाल्छ र संवेदन-स्फुरणको अभाव भए परमशान्त भाव प्राप्त हुन्छ र ध्यान ध्याता र ध्येय त्रिपुटीको अभाव भैहाल्छ (अज्ञान पनि रहँदैन, किनकि जान्नु नजान्नु हो त्रिपुटीको अन्तःपाती) । एवं प्रकारले स्वच्छ निर्मल पद परिशिष्ठ रहन्छ ।

१९३. नित्य र अनित्य पदार्थलाई राम्ररो पृथक् पृथक् भनी जानेर नित्य आफ्नू स्वरूपलाई सत्य भनी सम्झनु र जगत्‌को अनात्म पदार्थमा उदासीन भाव धारण गर्नुलाई विचार भनेको छ । विचारद्वारा नै आत्मसाक्षात्कार संभव हुन्छ ।

जुन कारण आत्मस्वरूपको भान सबैलाई सधैं प्राप्त छ किनकि मनुष्य सारा पदार्थको र सबै अवस्थाको प्रकाशक रूपले विद्यमान रहेको छ, त्यसकारण बुझ्नुपर्छ कि जीवले आफ्नू स्वरूपलाई सदा नै अवश्य जानिराखेको छ । यसैले मान्नुपर्छ कि मानिसले आफ्नू स्वरूपले जाने तापनि आफ्नू विशेष स्वरूपलाई जानेको छैन—आफ्नू विशेष स्वरूपको परिचय भएको छैन, किनकि आत्मस्वरूपको बारेमा त्यसको अज्ञान भएको छ । त्यसैले त्यो भन्छ कि मेरो स्वरूपलाई म जान्दिनँ—म अज्ञानी छु । परिणामले त्यो आफ्नू असंग अद्वितीय स्वप्रकाश शुद्ध चैतन्यरूप विशेषतालाई भुलेर अज्ञानी झैं बनिरहेको छ ।

यसको बारेमा विशेष ज्ञातव्य कुरा बताउँछु—सुन । चित् घन निर्विशेषरूप आत्मामा विशेषत्व (अज्ञान) छैन। यदि कोही कुनै विशेषतालाई (अज्ञानरूप) देख्दछ किंवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्दछभने त्यो प्रतीयमान विशेष वेद्य भएको हुनाले कल्पित हो भन्नुपर्छ । त्यसकारण त्यो कल्पित विशेषको स्वरूपलाई किंवा कार्यलाई विचार गर्नमा कुनै लाभ छैन— बरु त्यसको बाध जानिलिएपछि नै संपूर्ण काम सिद्ध हुन्छ । निर्विशेषस्वरूप र अविद्यारहित भनी आत्मालाई जानेपछि नै तत्कालमा पूर्ण ज्ञान भैहाल्छ । आत्मामा कुनै गुण छैन, जाति छैन, क्रिया छैन—आत्मा हो निराकार र निर्विकार । सबै मनुष्य आफ्नू स्वरूपलाई सत् चिदानन्दरूपले अनुभव गरिरहन्छन् । म छु यसरी आफूलाई सबै अनुभव गर्छन्—म छैन यो कोही पनि भन्दैन । आफ्नू स्वरूपको ज्ञान नभए कुनै मानिस मोक्षको लागि किंवा धर्म अर्थ र कामको लागि प्रयत्न गर्न सक्ने थिएन । घट पटादि पदार्थलाई म जान्दछु यस्तो सारा मनुष्य अनुभव गर्छन् । अर्थात् मनुष्य चैतन्यरूप हो भनी आफू जान्दछ । जब सबै मनुष्य सुखलाई नै प्रिय भनी सम्झन्छ तब आफ्नू स्वरूप नै सुखरूप हो यो सिद्ध हुन्छ (किनकि आफ्नो लागि नै पुत्र धन सारा वस्तु प्रिय हुन्छ) । त्यसकारण यो स्पष्ट छ कि ज्ञानैकस्वरूप आत्माको अज्ञान-भन्ने कल्पना मरुभूमिमा पानीको कल्पना झैं मिथ्या हो । अज्ञान जगत्‌रूपले प्रतीत भैहाल्छ। विद्याबाट अज्ञानको नाश भए अज्ञानस्वरूप यो जगत्‌को प्रतीति पनि बन्द हुन्छ । ज्ञानद्वारा अज्ञान विलीन भएपछि सत् चित्‌मात्र स्वरूप आत्मा प्रकाशमान रहिरहन्छ । यसरी अनुकूल तर्कसित ज्ञान-को दृढ़ संस्कारको सहाराले असंग सत् चिदानन्द आफ्नू ब्रह्मस्वरूप स्पष्ट विविक्त भैहाल्छ र अविद्या नष्ट हुन्छ र केवल ब्रह्म नै अवशिष्ठरूपले स्वयं प्रकाशित भैहाल्छ (उसमा फेरि अविद्या आउन सक्दैन) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९४. भ्रमबाट पदार्थको सत्ता भासित हुन्छ । निद्रा-दोषले जस्तो केवल अनुभवस्वरूपमा पदार्थ सत्ता भासेर आउँछ र जागेपछि भ्रम मात्र थियो भन्ने समझ हुन्छ त्यस्तै यो जगत् पनि भ्रम मात्र भनी जान्नू–परमार्थस्वरूपको प्रमादले यो जगत् भासेको छ। स्वरूपमा जागेपछि यसको अभाव भैहाल्छ ।

स्वप्नमा जस्तो नभएको राज्य पनि देखिन्छ त्यस्तै यो जगत् नभए तापनि देखिन आइराखेको छ । यसको कारण हो स्फुरण मात्र र चित्तको स्पंदन, संकल्प किंवा जान्नु मात्र । संकल्प मिटेपछि परमानन्द स्वरूपको प्राप्ति हुन्छ ।

१९५. संकल्पबाट प्राण फुर्छ, ज्ञानइन्द्रिय फुर्छ अहंकार (म हुँ वशिष्ठ) र इच्छा फुर्छ । नाना प्रकारको वासनाबाट अन्तःकरण मलिन भएको हुनाले समाधि उदित हुँदैन । शुद्ध अन्तःकरणमा जस्तो संकल्प खडा हुन्छ त्यस्तो नै सिद्ध भैहाल्छ ।

१९६. जस्तो बीज नभए अंकुर हुन सक्दैन त्यस्तै जगत्को कारण संवेदन नभए जगत् कसरी उत्पन्न होला ? ज्ञानवान्को निश्चयमा ब्रह्म नै भासमान रहेको छ–अहंकार छैन । ब्रह्मले अहंकार ज्ञात हुन्छ ।

१९७: मनको स्फुरणवशात् मैले सृष्टि देखेको थिएँ । किनकि सृष्टि हो संकल्प मात्र ।

केवल आत्मसत्ता आफ्नू स्वभावमा स्थित रहेको छ । स्फुरणरूप भ्रमद्वारा केही उत्पन्न भएको छ भनी देखिन्छ । स्फुरण भ्रम निवृत्ति भए ब्रह्म नै अवभासित हुन्छ । त्यस-कारण अविद्यारूप स्फुरणलाई त्याग गरेर आफ्नू निर्विकल्प स्वरूपमा स्थित रहू––त्यसो भए जगत् भ्रम निवृत्त हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९८. जस्तो कसैको निश्चय हुन्छ त्यस्तो नै त्यसको प्रतीति हुन्छ । यो जगत् हो संकल्प मात्र, भावनाअनुसार प्रतीति हुन्छ ।

चित्त स्पन्दित भए सारा जगत् जाल दृष्ट हुन्छ—त्यो सारा चेतन समुद्रको बुद्बुद हो, अरू क्यै पनि ह्वैन ।

चिदाकाशमा चैत्योन्मुखत्व भयो—त्यसलाई चित्ताकाश भनेको छ । त्यो चित्तमा संकल्प विकल्प फुरीकन अनन्त कोटी ब्रह्माण्ड उत्पन्न गऱ्यो—त्यसको नाम हो भूताकाश । मनबाट उत्पन्न भएको हुनाले त्यसलाई भूताकाश भनेको छ—त्यो हो संकल्प मात्र, आत्मादेखि भिन्न अलिकति पनि छैन ।

१९९. दृश्यमान यो जगत् हो ब्रह्मको हृदय—अर्थात् ब्रह्मको स्वभाव सत्ता । स्वप्नमा जस्तो आफ्नू अनुभव नै देश काल पर्वत आदि रूप भैहाल्छ त्यस्तै यो जगत् हो संवित्रूप । आफ्नू स्वरूपको अज्ञानले भएको जस्तो दुःखदायक प्रतीत हुन्छ । विचार गरेपछि यो जगत् अनुत्पन्न हो यो बुझिन्छ ।

२००. आत्मा जगत्को आकार भएर भासेको छ—त्यो आत्मस्वरूप नै हो । जो कुछ विकार भासमान देखिन्छ त्यो आत्माको अज्ञानले प्रतीत हुन्छ । जब तिमी एकाग्रचित्त भएर विचार गरेर हेर्छौ तब जगत् भ्रम शान्त भैहाल्छ ।

स्फुरणवशात् यो जगत् भ्रम भासमान भएको छ । यो स्फुरण जब आत्मातिर आउँछ (आफ्नू चैतन्यस्वरूपको नै जब अनुभव भैरहन्छ) तब यो जगत् भ्रष्ट नष्ट हुन्छ ।

२०१. चित्त फुरेपछि जगत देखिन्छ—चित्तको स्फुरण अन्तर्मुख भए जगत् भ्रम हराइहाल्छ ।

स्वप्नमा जस्तो सृष्टिको अनुभव हुन्छ परन्तु त्यो संविष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप हो अरू केही छैन त्यस्तै यो जगत् पनि ज्ञानरूप हो (चैतन्यरूप हो) ।

२०२. म (वशिष्ठ) आफूमा स्थित भएको जगत्-लाई देखेको थियो । सृष्टि म—ले आफूमा नै देख्यो । देख्नु (वेदन-किंवा संवेदन) पनि ज्ञानवानको लागि अवेदन हो (केही कुरा पनि देखेको ह्वैन) किनकि आफ्नू स्वरूप हो आकाश झैं सर्वात्मा । म ले—सर्वात्मा भएर जगत्लाई देख्यो ।

२०३. आदि परमात्म तत्वमा विराट् भयो । विराट् आत्माबाट जीव आएको छ । त्यसकारण जीव पनि हो विराट् रूप ।

स्वप्न जगत् र जाग्रत जगत् एक रूप हो, तर जाग्रत् हो दीर्घ कालको स्वप्न, त्यसैले जाग्रतमा दृढ व्यवहार देखिन्छ । स्वप्नमा भोग हुन्छ, त्यो भ्रान्ति मात्र हो । त्यस्तै यो दृश्य र द्रष्टा हो स्वप्नको झैं—नभए तापनि भासमान देखिन्छ । यदि म तिमी दृश्यलाई मनरूप द्रष्टाले सत्य मान्दछ भने यी दुईलाई नै अज्ञानले भ्रम मात्र उदित भएको छ भनी बुझ्नु । जो शुद्ध द्रष्टा हो त्यो हो दृश्यरहित—जस्तो द्रष्टा हो आकाशरूप (शुद्ध चैतन्यरूप) त्यस्तो दृश्य पनि हो आकाशरूप (चैतन्यस्वरूप) ।

२०४. जुन चैतन्यको दृश्यसित संबन्ध भएको छ त्यसलाई जीव भन्दछन् ।

२०५. सङ्कल्पको परिणाम हो विविध मृदु संवेग, मध्य संवेग र तीव्र संवेग । (१) मनोराज्य किंवा नटुवाको राजा हुनु (आफ्नू स्वरूपलाई सत् जान्नु, राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुलाई असत् जान्नू) । (२) स्वप्न सृष्टि (स्वप्नको शरीरलाई सत् जान्नु)—स्वरूपको प्रमादले स्वप्न जगत्लाई सत्य भनी ठान्नु । (३) नजान्नु—स्वरूपको प्रमाद भयो र जागेको छैन—त्यसको लागि यो जगत् हो सत्य, किनकि चित्तको—(चित्तवृत्तिको) परिणाम तीव्र भैसकेको छ । अज्ञानीको लागि यो जगत् स्वप्नरूप भए तापनि जाग्रत्को झैं प्रतीत भैरहेको छ, जस्तो स्वप्नकालमा स्वप्नको सृष्टि सत्य प्रतीत हुन्छ ।

२०६. चित्त स्फुरणको नाम हो जगत् । चित्त बहिर्मुख भए जगत् भासित हुन्छ र स्वरूपको अज्ञान हुन्छ । अज्ञान भए जगत् भ्रम दृढ हुन्छ । त्यसैले जगत्को कारण हो अज्ञान ।

आत्मज्ञान भए जगत् भ्रम निवृत्त हुन्छ । आत्मा हो आफ्नू स्वरूप— त्यसकारण आत्मपदमा स्थित भैहाल, त्यसो भए जगत् भ्रम निवृत्त भैहाल्छ । जसलाई आत्माको प्रमाद भएको छ (जो स्वरूपमा स्थित भएको छैन) त्यसको लागि जगत् भासमान हुन्छ । जगत् वास्तवमा उत्पन्न भएको छैन वासनावशात् स्वरूपमा स्थिति हुँदैन । संस्कारबाट सृष्टि भास्दछ—जुन कुरा भित्र छैन त्यो बाहिर देखिंदैन । वासना नै स्वरूपदेखि व्यवधान गरिदिन्छ, त्यसकारण जगत् भासित हुन्छ । असम्यक् ज्ञानले द्वैतरूप जगत् प्रतीत हुन्छ—सम्यक् ज्ञान भए ब्रह्म अद्वैत अनुभूत हुन्छ । आत्मालाई सम्यक् नजानेपछि जगत्को भान भैहाल्छ ।

२०७. जुन पदार्थको लागि अभ्यास गरिन्छ त्यो अवश्य प्राप्त हुन्छ (अभ्यासजनित संस्कारबाट प्रतीति उत्पन्न हुन्छ) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टि अन्तवाहक-शरीरमा स्थित छ; किनकि त्यो हो संस्कार-जनित (. संस्कारयुक्त चेतना हो अन्तवाहक शरीर) । अन्तवाहक शरीरलाई मैले—(विद्याधरीले) भुलेको थिएँ त्यस-कारण मेरो पनि सृष्टि भासेको थिएन। दीर्घ-कालको अभ्यास-वशात् (संस्कार फेरि फुरेको हुनाले) सृष्टि पछि भासेको थियो ।

२०८. आत्मरूपी चिन्तामणि हो कल्पतरू—उसमा जुन पदार्थको अभ्यास हुन्छ—त्यो नै सिद्ध भैहाल्छ ।

ब्रह्मचर्चाको अभ्यासबाट अज्ञान नष्ट भैहाल्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेस्रो भाग

२०९. स्वप्न जगत् झैं यो जगत् आफ्नू स्वरूपमा छैन— द्रष्टा नै दृश्यरूपले स्थित भएको छ। बोधस्वरूपमा जागेपछि—पदार्थको भावना गैहाल्छ र सब जगत् बोधस्वरूप नै प्रतीत हुन्छ।

जसले स्वप्न सृष्टिमा आफ्नू पूर्णस्वरूप बिर्सिदैन त्यो हो आतिवाहिक। त्यो प्रस्तर (ढुंगा) पानी र आगोमा अनायासले प्रवेश गर्न सक्छ—कुनै प्रकारको खेद हुँदैन। जस्तो जागेपछि स्वप्नको संपूर्ण सृष्टि आफ्नू स्वरूप नै भास्दछ (त्यो हो आतिवाहिक शरीर)।

२१०. परमात्मस्वरूपलाई अवलोकन गरे सारा जगत् आत्मस्वरूप नै अनुभूत हुन्छ। जसलाई आतिवाहिक शरीर प्राप्त हुन्छ त्यसलाई कुनै आवरण रोक्न सक्दैन, किनकि सारा हुन् त्यसकै अंग।

अन्तवाहक शरीर हो शुद्ध आत्मामा स्वप्न—पहिलेको स्वरूप नबिर्सेपछि जगत् आफ्नू स्वरूप नै भान हुन्छ।

आफ्नू सङ्कल्पबाट कल्पित भएको जगत् आफ्नै अंग प्रतीत हुन्छ। अन्तवाहक शरीरमा विराट् सबैलाई आफ्नू रूप देख्छ—त्यस्तै सब जगत् मेरो (वशिष्ठको) आफ्नू स्वरूप नै भासेको थियो—त्यसकारण खेद कसरी हुन सक्ने? आफ्नू स्वरूपलाई भुलेर परिच्छिन्न भए अरू वस्तुबाट खेद हुन सक्छ। म (वशिष्ठ) त बोधवान् थिएँ—मैले जानेको थिएँ कि स्पन्दनद्वारा नै भिन्न-भिन्न रूप धारण गरेको छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसको यस्तो निश्चय रहन्छ तिनलाई दुःख कहाँबाट हुने ? सुख-दुःखरूप पदार्थ दर्पणमा प्रतिबिम्ब झैं आफूमा भासित हुन्छ। जसलाई आतिवाहिक शरीर प्राप्त हुन्छ त्यो पातालमा र आकाशमा पुग्न सक्छ—जहाँ पस्न खोज्दछ त्यहाँ पसिहाल्छ किनकि सृष्टि हो सङ्कल्पमात्र।

२११. जब जीव भोगसित संग गर्छ (भोगको लागि इच्छा गर्छ) तब त्यो आत्मज्ञानरहित हुन्छ। इच्छा भयो कि आत्मपद हराउँछ। विषयको इच्छासित संबन्ध भए जीवको निरादर हुँदै जान्छ। शरीरको लागि जीव विषयको इच्छा गर्छ—त्यो शरीर हो नाशरूप। त्यसमा अहं बुद्धि गर्नु हो आपत्को कारण।

२१२. साराको उत्पत्ति हो अचेत्य चिन्मात्रबाट (दृश्यरहित शुद्ध चैतन्यबाट)। चैतन्य सत्ता हो सबैको आफ्नू रूप। उसमा जस्तो जस्तो वासना खडा हुन्छ त्यस्तै त्यस्तै पदार्थ भासित हुन्छ।

२१३ शुद्ध आफ्नू स्वरूपमा किञ्चन (झलक) अहं फुर्छ —त्यो नै हो जीव। अहंको दृढता भए मन फुर्छ (त्यो नै हो ब्रह्मा)। त्यो ब्रह्माले मनोराज्य (सङ्कल्प) द्वारा जगतलाई उत्पन्न गरेको छ—ब्रह्मा नै जगत्रूपले स्थित भयो। ब्रह्माको शरीर हो अन्तवाहक—केवल आकाशरूप (सङ्कल्परूप); तिनको दृढ सङ्कल्पबाट आधिभौतिक जगत् दृढ भएर आयो (प्रतीत हुन्छ)। त्यो मनबाट अरू मन उत्पन्न भएको छ।

सबैको शरीर हो अन्तवाहक तर संकलपको दृढताले आधिभौतिक भनी मान्दछ। संपूर्ण प्रपञ्च हो मनोरूप तर त्यो दीर्घकालको स्वप्न भएको हुनाले जाग्रत्रूपले स्थित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको छ—त्यस कारण दृढ भान भैरहेको छ। पाँच भूत र छैटौं मनलाई जगत् भनेको छ। जब जगत् भास्दैन तब चैतन्य परमपद बाँकी रहन्छ।

२१४. सब जगत् हो निराकार, सङ्कल्प मात्र तर सङ्कल्पको दृढताले आकाशमा (शुद्ध चैतन्यमा) स्थूलभूत दृष्ट भैरहेको छ। अज्ञान निद्राबाट जागेपछि जगत् आकाशरूप भैहाल्छ। आफ्नो सङ्कल्पले आफूलाई बन्धन गर्दैन। जबसम्म स्वरूपको प्रमाद हुँदैन (स्वरूपलाई बिर्सिदैन) तबसंम ब्रह्माको सङ्कल्प ब्रह्मालाई बन्धन गर्दैन। जस्तो कुनै मानिस मनोराज्यले एउटा ठाउँ बनाउँछ, जब उसमा दृढ भावना हुन्छ त्यो आधिभौतिकरूपले भासित हुन्छ त्यस्तै यो जगत् हो ब्रह्माको सङ्कल्प मात्र—चन्द्र सूर्य अग्नि रुद्र वरुण कुवेर सब हुन् सङ्कल्परूप—तर सङ्कल्पको दृढताको फलले यिनीहरू आधिभौतिकरूपले भासमान भए। सबै शरीर चेतनताको परिणामले फुरेको छ—त्यसकारण त्यो हो अन्तवाहक शरीर। तर सङ्कल्पको दृढतावशात् आधिभौतिक भएर भान भैराखेको छ।

२१५. जस्तो स्वप्नमा भिन्न भिन्न भूतहरू एक अनुभवस्वरूपमा नै देखिन्छन् तापनि एकजना अरू जनाको सृष्टिलाई जान्दैन। जीवले आतिवाहिक भावलाई भुलेको छ, त्यसकारण आधिभौतिक भाव (आफ्नू परिच्छिन्न भाव) दृढ भैसकेको छ। अनुभवस्वरूपमा जस्तो अभ्यास दृढ गरिन्छ त्यस्तो नै अनुभवमा आउँछ। जसलाई जस्तो निश्चय हुन्छ त्यस्तै नै उसलाई भान हुन्छ।

२१६. अहं फुरेपछि जगत् द्वैतरूपले भासित हुन्छ। जस्तो अहं फुरे स्वप्नमा सृष्टि खडा हुन्छ त्यस्तै जाग्रत् सृष्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि हो सङ्कल्परूप । ब्रह्म र त्यसको जगत् सङ्कल्पको दृढतावशात् आधिभौतिक झैं भासेको छ—तर वास्तवमा ब्रह्मा पनि उत्पन्न भएको छैन, जगत् पनि छैन । चिदानन्द ब्रह्म आफ्नू स्वभावमा सर्वदा एक रस बसिराखेको छ ।

आत्मबोध भए जगत्मा जगत्बुद्धि रहँदैन । अज्ञान नै जगत्भ्रमको कारण हो र त्यो अज्ञानको निवृत्तिको उपाय हो —यो वाशिष्ठ ग्रन्थको विचार ।

२१७. अविद्याको फलले यो संसार देखिएको छ र यो हो वासना मात्र । यसलाई सत्य जानेर जो यसको पछि—लाग्छ त्यो परमात्मदेखि शून्य रहन्छ । जसलाई भोगको इच्छा हुन्छ त्यसको संसार निवृत्त हुनु कठिन छ । भोग हो दुःखरूप, जो भोगलाई सेवन गर्छ त्यसको हृदयमा सदा तृष्णा रहिरहन्छ र त्यसको द्वैतरूप जगत् निवृत्त हुँदैन । ब्रह्मा चेतनताद्वारा (सङ्कल्पद्वारा) जगत्रूपले प्रतीत हुन्छ ।

२१८. आत्मसत्तामा पहिला आभास फुर्‍यो (त्यो हो ब्रह्म) । पछि ब्रह्माले जगत् रच्यो वास्तवमा जगत् हो आकाशरूप । वास्तवमा जगत् पनि उत्पन्न भएको छैन,—ब्रह्मा पनि उत्पन्न भएको छैन, स्वप्न पनि भएको छैन–परमार्थ सत्ता सर्वदा आफ्नू स्वभावमा स्थित भैराखेको छ–त्यो हो शुद्ध अनन्त अविनाशी अचेत्य चिन् मात्र । जगत् पनि हो त्यो स्वरूप ।

२१९. म (वशिष्ठ) चिदाकाश हुँ––सदा आफ्नू स्वभावमा स्थित रहेको छु, धेरै विकारको भित्र पनि एकरस हुँ ।

जस्तो स्वप्नमा ठूलो क्षोभ भएको देखिन्छ तर त्यो जाग्रत् शरीरलाई छुँदैन, किनकि उसमा केही पनि भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन, क्षोभ हो आभास मात्र–ठीक त्यस्तै जगत्को उत्पत्ति प्रलय आदि क्षोभमा आत्मसत्ताको केही पनि हुँदैन––त्यो क्षोभरहित अनुभवरूपमा सर्वदा स्थित रहेको छ ।

जसको यो अनुभवसित परिचय छैन––जसबाट सब कुछ सिद्ध हुन्छ––र त्यसलाई स्वीकार गर्दैन त्यो हो महामूर्ख ।

जसलाई यो आफ्नू स्वरूपमा अहं प्रत्यय भएको छ त्यसलाई मानसिक दुःख कहिले पनि हुँदैन । जसको आत्मामा अहं प्रत्यय भएको छैन त्यसलाई शान्ति प्राप्त हुँदैन । देहाभिमानीलाई कहिले पनि शान्ति मिल्दैन । दृश्यरहित आफ्नू स्वरूपलाई त्याग गरेर जो आफूलाई देहसित मिलेको जान्दछ––जो शुद्ध चैतन्य आफ्नू स्वरूपलाई छोडेर देहमा आत्माभिमान गर्छ त्यो चिन्तामणिलाई परित्याग गरीकन खरानीलाई ग्रहण गर्छ । जीवले अनात्मामा आत्माभिमान गरेपछि आफूलाई जन्म मरणशील र विकारवान ठान्दछ र जब देहाभिमानलाई परित्याग गरीकन आत्मामा आत्मबुद्धि गर्छ तब त्यो जन्म-मरणरहित हुन्छ । शस्त्र त्यसलाई काट्दैन, आगोले पोल्दैन, पानीले भिजाउँदैन, हावाले सुकाउँदैन । त्यो निराकार अविनाशी चिदाकाशरूप हुन्छ । चेतन आत्मा मृत कहिले पनि हुँदैन । सबैको अहंरूप हो निराकार अखण्ड मेरो वास्तवस्वरूप । आत्मतत्व हो सबैको स्वरूप–तर वांस्तव स्वरूपको प्रमाद भएकोले अरू (अनातम) अवस्तु प्राप्त (अवस्तुसित मिलेको) जस्तो भान हुन्छ । जो स्वरूपमा स्थित भएको छैन त्यसको जीवन हो वृथा—वास्तवमा त्यो चेतन हैन । त्यो वासनाको पछि व्यर्थै दौड़िरहन्छ–आत्मानन्द प्राप्त हुँदैन र सर्वदा नाना प्रकार तापयुक्त (दुःखित) हुन्छ । जसको आत्म पदमा स्थिति हुन्छ त्यो कुनै क्षोभले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचलित हुँदैन र सबै हो ब्रह्मस्वरूप भनी जान्दछ । दुःख तब नै हुन्छ जब आत्मस्वरूपदेखि भिन्न कुनै पदार्थको भान हुन्छ । ज्ञानीको लागि आत्मादेखि भिन्न कुनै वस्तु छैन ।

२२०. सारा जगत् हो आत्मा अनुभवरूप, किनकि त्यो हो परमात्माको स्वरूप । जस्तो स्वप्नमा अनुभवदेखि भिन्न कुनै वस्तु छैन ठीक त्यस्तै यो सारा जगत् पनि हो अनुभव-रूप, भिन्न रूपले भान हुनु हो भ्रम मात्र । आत्मसत्तामा जस्तो-जस्तो निश्चय हुन्छ अधिष्ठान त्यस्तै त्यस्तै रूपले भासित हुन्छ (प्रतीत हुन्छ) । वस्तु हो एक-उसमा जस्तो निश्चय हुन्छ त्यसलाई त्यस्तै भास्दछ । सारभूत वस्तु हो आफ्नू आत्म-स्वरूप । जब त्यसको दृढ अभ्यास हुन्छ तब आत्मसत्ता नै अनुभूत हुन्छ । त्यो निश्चयबाट कहिले पनि विचलित हुँदैन ।

२२१. वास्तव सत्ताको नाम हो ब्रह्म—त्यो हो अखण्ड र अद्वैत । उसमा जो चित् किञ्चन् (चैतन्यको झलक) आभास फुर्छ त्यो स्फुरण नै नाना प्रकार भएर स्थित भएको छ—वास्तवमा केही पनि भएको छैन । जस्तो स्वप्नमा स्वप्नको सृष्टि देखिन्छ तर वास्तवमा केही पनि छैन—निद्रा दोषले मात्र भासित हुन्छ त्यस्तै जाग्रत् सृष्टि पनि केही वास्तव हैन, अज्ञानले जीवको भान भै राखेको छ। वास्तवमा सब हो ब्रह्मरूप—आफ्नू स्वरूपलाई नजान्नाले जीवत्वभाव ग्रहण गरिराख्छ । अनात्म देहादिमा आत्मा-भिमान गर्नाले जस्तो निश्चय (संस्कारपूर्वक प्रतीति) गर्छ त्यस्तै गति प्राप्त हुन्छ । जस्ता संकल्प अनुभव सत्तामा दृढ़ हुन्छ त्यस्तै भासित हुन्छ । जस्तो जस्तो भावना हुन्छ त्यस-अनुसार अवस्थाको अनुभव हुन्छ । यसरी अनुभव सत्तामा (आफ्नू शुद्ध चैतन्य स्वरूपमा) चार अवस्था कल्पित हुन्छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१) घन सुषुप्ति, (२) क्षीणसुषुप्ति (३) स्वप्न र (४) जाग्रत।

पर्वत पाषाण हुन् घनसुषुप्तिमा स्थित। तिनीहरूलाई केही पनि फुर्दैन। वृक्ष क्षीण सुषुप्तिमा स्थित छ–यस अवस्थामा केही स्फुरण हुन्छ। पक्षी कीट पतंग स्वप्न अवस्थामा स्थित छन्––यिनीहरूलाई अलि अलि सूक्ष्म ज्ञान हुन्छ। मनुष्य र देवताले जाग्रत्‌रूप जगत्‌लाई अनुभव गर्छ। यी चार अवस्था आत्मामा कल्पित हुन्छन्—सबैको अहं प्रत्यय आत्मामा नै हुन्छ। उसमा जस्तो संकल्प दृढ हुन्छ त्यस्तो नै अनुभव हुन्छ। स्वरूप हो सबैको एक आत्मसत्ता, तर भावनाको तारतम्यले भिन्न भिन्न भास्दछ। जस्तो जस्तो भावना हुन्छ त्यसलाई त्यस्तै भासित हुन्छ।

२२२. भाव हो संवित् मात्र (ब्रह्म), भास हो संवेदन (साक्षी) र भासित हो संवेद्य (जीव र जगत्)।

२२३. आफ्नू स्वरूपको प्रमादले भएका क्रोध लोभ मोह जरा मृत्यु क्षुधा तृष्णा राग द्वेष हर्ष शोक इच्छा आदि विकारहरूको आगोमा जीव जलिराखेको छ। आत्मानन्द प्राप्त हुन सक्दैन। घटी यंत्रको झैं वासनाअनुसार घुमिरहन्छ। पाप वासना दृढ भए पाषाण र वृक्षयोनि प्राप्त हुन्छ। तामसी क्षीण वासना भए पक्षी सर्प कीट योनि मिल्छ, राजसी वासनाबाट मनुष्य योनि प्राप्त गर्छ र सात्विक वासनाबाट देवता बन्दछ। मनुष्य शरीर धारण गरीकन जब निर्वासनिक हुन्छ तब नै मुक्ति हुन्छ।

२२४. परमार्थ सत्तामा जो सृष्टि भासेको छ त्यो हो स्वप्नवत् आकार–यसकारण ज्ञानीको सारा शब्द र अर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो अज्ञात। ज्ञानीको निश्चयमा जगत् हो आत्माको विलास मात्र—आत्मादेखि भिन्न अरू केही हैन।

आत्मसत्ता हो सर्वव्यापी—उसमा जस्तो निश्चय फुर्छ अहं प्रत्यय भावनाको दृढताले त्यस्तो अनुभव हुन्छ। जुन पदार्थको निरन्तर दृढ अभ्यास हुन्छ—शरीर त्याग गरेपछि पनि त्यो अभ्यास धारण गर्छ। अधिष्टान हो आत्मसत्ता, ज्ञानमात्र, केवल अद्वैत संवित् र सबैको यथार्थ स्वरूप।

२२५. जसको बुद्धिमा पदार्थको रंग चढेको छ त्यसमा राग द्वेषको अभाव हुँदैन र जसलाई एक आत्माको अभ्यास भै रहन्छ अभ्यासको बलले त्यसलाई सारा जगत् आत्मरूप नै अनुभूत हुन्छ। उ राग द्वेषबाट मुक्त हुन्छ।

२२६. स्वप्नमा कसैको जाग्रत स्वरूपको स्मरण भए स्वप्नको सारा जगत् त्यसको आफ्नू स्वरूप मात्र प्रतिभात हुन्छ—जसलाई त्यस्तो आत्मज्ञान भएको छ उसलाई सारा जगत् आफ्नू वरूप नै भासेको हुन्छ। सर्वदा सबै काल आत्मसत्ता हो अनुभवरूप जाग्रतज्योति—त्यसको सम्यक् ज्ञान भए—जाग्रत भ्रमको अभाव भैहाल्छ। आत्मसत्ताको साक्षात्कार नभए संसार निवृत्त हुँदैन। मानिस जीव पनि हैन स्फुरण पनि हैन—शरीर नष्ट भए पनि त्यो नष्ट हुँदैन, त्यो केवल चिन्मात्र स्वरूप हो, तर वासनावशात् भ्रम देखिरहन्छ। जो हो सर्वदा अनुभवरूप त्यसलाई त्याग गरेर जो मानिस अरू कुनैलाई इष्ट भनी सम्झन्छ त्यो मूर्ख हो—त्यसलाई आत्म सुख प्राप्त हुँदैन (शुद्ध द्रष्टा नै छ, दृश्य केही पनि वास्तवमा छैन)। आत्माको प्रमाद भए म तिमी भित्र बाहिर आदि शब्द भास्दछ। आत्मज्ञान भए सर्व शब्द आत्मरूप भैहाल्छ। निर्णयपूर्वक जुन पुरुष आत्मामा अहं प्रतीति गर्छ र अनात्मा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई त्याग गरिदिन्छ त्यो हो महापुरुष (ज्ञानी)। जस्तो समुद्रमा तरंग भास्दछ त्यस्तै आत्मामा जगत् भासित हुन्छ–यो द्वैत वास्तवमा क्यै पनि हैन । स्वप्नको नगर जस्तो आफ्नू अनुभवमा स्थित छ र बाहिर द्वैत झैं भास्दछ त्यो हो आकाश झैं मात्र ठीक त्यस्तै–आत्मामा जगत् भासिरहेको छ, त्यो हो आभास मात्र ।

२२७. ज्ञान संवित्को (आफ्नू शुद्ध चैतन्य स्वरूपको) कहिले पनि नाश हुँदैन––त्यसकारण विश्व पनि हो अनुभवरूप ।

स्वप्नमा जस्तो कारण कार्य भाव वास्तवमा नभए तापनि भासिरहन्छ त्यस्तै जाग्रतमा पनि कारण कार्य भाव छैन । जगत् हो अद्वैत मात्र। जागेपछि स्वप्न सृष्टिको जस्तो अभाव हुन्छ त्यस्तै ज्ञान भएपछि यो जगत्को पनि अभाव भैहाल्छ । यो हो दीर्घ कालको स्वप्न, त्यसैले यसलाई जाग्रत भनेको छ–स्वप्नको सृष्टि जस्तो आफ्नू स्वरूप हो–निद्रा दोषले भिन्न भनी प्रतीत हुन्छ त्यस्तै यो जगत् पनि हो आफ्नू स्वरूप, तर अज्ञानले आफूदेखि भिन्न भान भैरहन्छ। ज्ञान भए सब आफ्नू स्वरूप भनी प्रतीत हुन्छ र त्यसकारण राग द्वेषको पनि अभाव हुन्छ । आफ्नू अनुभव स्वरूपमा स्थित भए सब ब्रह्मरूप देखिन्छ—जगत् केही पनि भास्दैन । आत्मसत्तामा स्फुरण किंवा संवेदन छैन –आत्मा हो परम शुद्ध र शान्तरूप, उसमा स्थित भए कुनै पदार्थमा तृष्णा रहँदैन—प्रारब्धअनुसार भोग भैरहन्छ ।

२२८. द्रष्टा दर्शन दृश्य त्रिपुटी जो भासिरहेको छ त्यो पनि हो चिदाकाशरूप । आत्मसत्ता नै त्रिपुटीरूपले भासेको छ—अरू कुनै वस्तु हैन । आत्मस्वरूपको जब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अज्ञान हुन्छ तब कुनै पदार्थमा राग र कुनै पदार्थमा द्वेष भैहाल्छ—आत्मज्ञान भए सब पदार्थ आफ्नू स्वरूप भास्दछ र कुनै पदार्थमा राग द्वेष हुँदैन। जगत् संवेदनमा स्थित छ। संवेदन आत्माको अज्ञानबाट उत्पन्न भएको छ। आत्मज्ञान भए सब जगत् आत्मरूप भान हुन्छ। जस्तो शून्य ठाउँमा वेताल कल्पित हुन्छ त्यस्तै आत्मामा जगत् कल्पित छ। त्यो अभावरूप जगत्मा प्रमादवशात् कुनै पदार्थलाई सत् भनी ग्रहण गरिन्छ र कुनै पदार्थलाई असत् भनी जान्दछ। यस्तो निश्चयलाई परित्याग गरेर जब अन्तर्मुख हुन्छ तब शान्ति लाभ हुन्छ। सब जगत् हो आफ्नू रूप, त्यसकारण दुःख कसरी हुन सक्ला ?

२२९. म छैन किंवा सब कुछ हो म नै—यस्तो जानेपछि दुःख नष्ट हुन्छ। यो जगत् हो तिम्रो आफ्नू स्वरूप—यसरी आफूलाई जानेपछि शरीर त्याग भए पनि कुनै दुःख हुँदैन, शरीर भए पनि कुनै दुःख छैन। स्वरूपको साक्षात्कार भए सारा जगत् ब्रह्मानन्दरूप अनुभव हुन्छ—इष्ट अनिष्टको प्राप्तिमा कहिल्यै पनि विचलित हुँदैन। त्यसकारण आत्मा-वाट कुनै प्रकारको उत्थान हुन नदिएर सर्वदा आफ्नू स्वरूपमा स्थित रहनू। चिन् मात्र स्वरूपको अनुभव भए जगत् किंवा व्यवहार द्वैतरूपले भान हुँदैन।

२३०. जसलाई आत्मपदमा अहं प्रत्यय भएको छ त्यस-लाई द्वैत भास्दैन। प्रत्यक्ष व्यवहार उसमा देखिन्छ तर निश्चयको बलले उसका सारा अर्थ (विषयमा सत्यता बुद्धि) नष्ट भैसकेको हुन्छ।

ज्ञानवानको लागि सारा जगत् हो भ्रान्ति मात्र अथवा अनुभव दृष्टिले आफ्नू स्वरूप प्रतीत हुन्छ। यसकारण ज्ञानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमशान्त रहन्छ र उसको निश्चयमा राग द्वेष फुर्दैन । ज्ञानवानको सारा पदार्थ—मृगतृष्णाको पानी झैं मिथ्या भासित हुन्छ ।

२३१. सर्वदा विषयबाट उपरत रहनु र आत्मालाई परम इष्ट जान्नु—यसैलाई ज्ञान भनेको छ । ज्ञानी भन्दछन् —-जो सर्वदा आफ्नू स्वरूप हो त्यसलाई बिर्सीकन म यति काल भ्रममा परेको थिएँ तर अहिले मलाई शान्ति प्राप्त भएको छ । जगलाई देखेर ती हाँस्दछन्, किनभने यो जगत् हो अनायासरूप (आफ्नू संवित्मा कल्पित रूपले स्थित छ), जस्तो ऐनामा प्रतिबिम्ब अवस्थित रहन्छ—त्यसलाई द्वैत जान्नु र रागद्वेष गर्नु हो मूर्खता ।

संपूर्ण व्यवहार हो आफ्नू स्वरूप मात्र—जस्तो स्वप्नमा देखिन्छ । स्वप्नमा स्वप्न जानेर व्यवहार गर्नु हो—अन्तवाहक दृष्टि ।

२३२. संपूर्ण ऐश्वर्य हो संसारको अन्तःपाती । जो यो सारा संसारको क्रियालाई परित्याग गरेर अन्तर्मुख हुन्छ त्यो संसार-समुद्रबाट पार भएर परमानन्द आफ्नू स्वरूपलाई प्राप्त गर्दछ ।

जुन पदार्थको लागि अभ्यास गरिन्छ त्यो प्राप्त हुन्छ ।

२३३. (१) भाव मात्र हो चैतन्य मात्र ।

(२) भास हो चैतन्य स्वरूपमा चेत्योन्मुखत्व (सूक्ष्म दृश्य खडा हुनु) अहंकारको उत्थान अर्थात् (चिदावलि किंवा संवेदन किंवा साक्षी-भाव) ।

(३) भासित हो संवेदनबाट उत्पन्न भएको जगत्—त्यो हो कल्पित । स्फुरणबाट यो तीन संज्ञा खडा हुन्छ । (क) अधिष्ठान (चैतन्य) (ख) किञ्चन—(चेतनता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावना)। यो आभास अधिष्ठानदेखि भिन्न केही पनि हैन। (ग) कल्पित वस्तु (भावनाको दृढता)। स्फुरण पनि हो चैतन्य मात्रको किञ्चन (झलक–किंवा आभास)। त्योदेखि भिन्न केही पनि हैन । चेतनताबाट जगत् उत्पन्न हुन्छ–चेतनता (स्फुरण) मेटिएपछि शुद्ध चैतन्य आफ्नू पारमार्थिक चैतन्य स्वरूप नै परिशिष्ठ रहन्छ। आफ्नू चैतन्य स्वरूप हो एक अखण्डरूप। जब कुनै पदार्थ भास्दछ त्यो चैतन्यको सहाराबाट प्रकाशित हुन्छ। मृत्यु र जीवत्वको अभाव जो जान्दछ त्यो हो आत्मा। उसमा जस्तो निश्चय हुन्छ चैतन्य स्वरूप आफू त्यो रूपले भासमान हुन्छ। जुन पदार्थसित मिल्छ (तद्रूप हुन्छ) त्यसलाई प्रकाश गरिहाल्छ। जस्तो रज्जु सर्प भएर प्रतीत हुन्छ त्यस्तै चैतन्य स्वरूप आफू आकार भएर प्रतीत हुन्छ तर आकार प्राप्त हुँदैन–(डोरी सर्प भएर जाँदैन)। फेरि आकारको अभाव भए आफ्नू स्वरूप पहिलेको जस्तो प्रतीत हुन्छ। यसकारण आफ्नू चैतन्य स्वरूपमा जो विकार भासित हुन्छ त्यो हो भ्रम मात्र–भ्रमले (भूलले) अज्ञानी दुःख अनुभव गर्छ।

२३४. जगत् हो आभास मात्र—आभास मात्रमा जो राग द्वेष फुर्छ त्यसको निवृत्तिको उपाय हो वाशिष्ठ शास्त्रको पुनः पुनः विचार । अभ्यासविना आत्मपद प्राप्त हुँदैन। वारंवार अभ्यास गरे आफ्नू (चैतन्य स्वरूपको विचार गरे) द्वैत भ्रम नष्ट भैहाल्छ र आत्मपद प्राप्त हुन्छ। जुन वस्तुको नित्य अभ्यास हुँदै रहन्छ र त्यसको लागि यत्न पनि गरिन्छ त्यै प्राप्त हुन्छ। आत्मपद पनि दृढ अभ्यास गरे प्राप्त हुन्छ।

२३५. मनका दुई प्रवाह हुन्छन्–(१) जगत्को कारण। (२) स्वरूप प्राप्तिको कारण। वाशिष्ट शास्त्रको विचारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनलाई लगाउनु तब चाँडै आत्मपद प्राप्त हुन्छ । वाशिष्ठ शास्त्रको भावना भए (संस्कारपूर्वक विचार भए, याद भए, स्मृति भए) मुक्तिपद प्राप्त हुन्छ ।

२३६. मिथ्या भ्रम (भूल) बाट जीव दुःख पाउँछ। जति सुन्दर—पदार्थ देखिन्छन्—ती सारा हुन् मिथ्या, तिनको लागि यत्न गर्नु हो आपत्को कारण । सबै पदार्थ हुन् आपातरमणीय—देख्न मात्र रमाइलो हो तर भित्र हो निस्सार । धन स्त्री रहँदैनन् । जब शास्त्रको अर्थमा दृढ अभ्यास हुन्छ तब नै अजर र अमरपद प्राप्त हुन्छ । तिमी शास्त्रार्थ बोधको लागि यत्नपूर्वक अभ्यास गर। यो महारामायण ब्रह्मविद्याको उपदेश हो—यस्तो विचार हृदयमा धारण गर। यस उपायबाट भ्रान्ति नष्ट हुन्छ । आफ्नू शुद्ध चैतन्य स्वरूप हो सदा विद्यमान,—अज्ञानी भ्रमले त्यसलाई अविद्यमान मान्दछ । यो शास्त्रको विचारद्वारा मुमुक्षु अवश्य आत्मपदलाई विद्यमान जान्न सक्दछ, यसमा संशय छैन । शुद्ध संवित् हो ज्ञान मात्र (प्रकाश किंवा अनुभव) त्यो हो तिमी म र जगत् । जब सबै त्यो नै हो तब वासना कसको लागि गर्नु ?

वासना हो दुःखको कारण। सारा पदार्थको वासना निवृत्त नभएसम्म स्वरूपको साक्षात्कार हुँदैन । सम्पूर्ण वासना क्षय भए आत्मपद प्राप्त हुन्छ ।

२३७. जति पदार्थहरू देख्नमा आइराखेका छन् ती सारा हुन् अविचारसिद्ध—विचार गरेपछि केही पनि रहँदैन । जो विचार गरे रहँदैन त्यसको लागि इच्छा गर्नु हो व्यर्थ । यो जगत्को पदार्थ हो असत्य—जस्तो मरुस्थलको नदी । जुन पदार्थ कारणविना दृष्ट हुन्छ त्यो भ्रान्ति मात्र हो । चैतन्यस्वरूप आफू जगत्को कारण हैन, त्यसकारण, जगत हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिथ्या। जगत् हो मन र इन्द्रियको विषय—आफ्नू स्वरूप मन र इन्द्रियको विषय हैन। त्यसकारण आत्मा कसरी जगत्को कारण होला ? निराकार साकारको कारण कसरी हुन्छ ? यो जगत्को कारण आत्मा हैन—समवाय कारण पनि हैन (किनकि आत्मा हो निराकार र अपरिणामी), निमित्त कारण पनि हैन (किनकि आत्मा हो अद्वैत)। दुई प्रकारको कारणरहित भएर जो भासमान हुन्छ त्यो हो भ्रान्ति मात्र—जस्तो स्वप्नमा नाना प्रकारको आकार भासित हुन्छ, त्यसको कारण क्यै पनि छैन, त्यसकारण त्यो हो भ्रान्ति मात्र, त्यस्तै यो जगत् पनि कारणविना भासमान छ, त्यसकारण भ्रान्ति मात्र हो। आत्माको किञ्चन (आभास) जगत्रूपले भासेको देखिन्छ। आत्मा र जगत्मा कुनै भेद छैन।

२३८. म तिमी र सारा जगत् हो आकाशरूप (सङ्कल्प-रूप) कसैको पनि आकार छैन। स्वप्नमा जस्तो सब आकाश-रूप हो तर नाना प्रकारको चेष्टा भएको देखिन्छ ठीक त्यस्तै जाग्रत सब आकाशरूप भैकन पनि व्यवहारयुक्त देखिन्छ।

२३९. एक देश छोडेर अरू देश प्राप्त हुनेलाई पहिले बीचमा जो उपलब्ध हुन्छ ज्ञान संवित् त्यो नै हो तिम्रो स्वरूप। त्यो हो अनामय र सर्व दुःखशून्य। म भनी त्यस-लाई जान्नुपर्छ। निश्चल भए त्यो म नै अचेत्य चिन्मात्रमा पर्यवसित हुन्छ। आदि जो अद्वैत तत्त्वमा जो स्वप्न भएको थियो उसमा ब्रह्मा उत्पन्न भयो। त्यसले पछि जगत्लाई रच्यो। त्यो ब्रह्म हो आफू आकाशरूप (सङ्कल्परूप)—चिन् मात्र स्वरूपदेखि भिन्न हैन। ब्रह्मादेखि शुरू गरेर तृणसम्म सबै हुन् असत्य। ब्रह्मा जब उत्पन्न भएको छैन तब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत् कहाँबाट उत्पन्न होला ? केवल आफ्नू चैतन्य सत्ता सर्वदा आफ्नू स्वरूपमा बसिराखेको छ ।

स्वप्नमा जस्तो आफ्नू स्वरूप नै स्थित रहन्छ (कुनै विकार छैन), तर अज्ञानवशात् विषयहरू भासित हुन्छन्–ठीक त्यस्तै यो जाग्रत जगत् क्यै पनि उत्पन्न भएको छैन–चिदाकाश आफ्नू स्वरूप नै अज्ञानवशात् जगत्‌रूपले भासित हुन्छ। त्यो आत्मसत्ता हो नित्य शुद्ध परमानन्द स्वरूप—सधैं आफ्नू स्वभावमा बसिराखेको छ—तिम्रो अनुभवरूप हो र अनुभवबाट प्रकाशित छ। त्यो आफ्नू यथार्थ स्वरूपमा स्थित हुनाको लागि यत्न गर। भ्रम मात्र जगत्‌लाई परित्याग गरेर आफ्नू स्वभावमा स्थित होऊ।

२४०. पहिले शुद्ध अचेत्य चिन् मात्र थियो। (१) त्यसपछि चेतनता फुर्‍यो–यो हो सवेदन। त्यसपछि (२) शब्द स्पर्शरूप रस गंध—पाँच तन्मात्रा उत्पन्न भयो—यो पञ्चतत्त्वबाट शरीर उत्पन्न भयो। अर्थात् पाञ्चभौतिक जगत्–स्थावर जंगम भूतहरू र नाना प्रकारको जगत् उत्पन्न भयो। (३) वास्तवमा पञ्चभूत भएको छैन—क्यै पनि उत्पन्न भएको छैन र नष्ट पनि हुँदैन—केवल आत्मसत्ता आफ्नू स्वरूपमा स्थित छ।

२४१. स्वप्नमा जस्तो नाना प्रकारको जगत् आरम्भ परिणामसहित भासित हुन्छ, तर वास्तवमा क्यै पनि उत्पन्न भएको छैन—आत्मसत्ता नै चैतन्यको स्फुरणवशात् जगत्‌रूपले भासेको छ—ठीक त्यस्तै यो जाग्रत जगत् पनि चित् संवेदन—(चैतन्यस्वरूपमा स्फुरण) बाट भासेको छ। यो जगत् हो सब आफ्नू—अनुभवरूप; तर भ्रमले आकारयुक्त भासेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । विचारपूर्वक हेरेपछि संपूर्ण जगत् भ्रम नष्ट भैहाल्छ—केवल चैतन्य आफ्नू स्वरूप मात्र बाँकी रहन्छ ।

निद्रादोषले स्वप्नमा जस्तो नाना प्रकारको क्षोभ (विकार) भासित हुन्छ र जागेपछि अद्वैत आफ्नू सत्ता नै भासमान हुन्छ—ठीक त्यस्तै आत्मसत्तामा जागेपछि केवल आफ्नू स्वरूपको नै भान भै रहन्छ । बोधकालमा जब द्वैत भास्दैन तब अबोधकालमा पनि द्वैत क्यै पनि हुँदैन यो बुझ्नुपर्छ । बोधसमयमा जो सत्य हो त्यो हो सधैं सत्य यस्तो जान्नुपर्छ ।

२४२. यो निश्चय गर कि—जगत् कुनै वस्तु हैन—जस्तो आकाशमा नीलता देखिन्छ, किरणमा पानी र रज्जुमा सर्प भासित हुन्छ—त्यस्तै आत्मामा जगत् देखिन आइराखेको छ—तर विचार गरे क्यै पनि मिल्दैन । आफ्नो कल्पना नै जीवको लागि जगत्‌रूपले भासमान भएको छ, अरू क्यै पनि हैन ।

स्वप्नमा जस्तो कल्पना नै हो जगत्‌को सृष्टि निद्रादोषले भिन्न भनी प्रतीत हुन्छ र उसमा राग द्वेष उत्पन्न हुन्छ र जागेपछि सारा क्षोभ नष्ट भैहाल्छ त्यस्तै अज्ञानले जगत् सत्य भनी भान भैराखेको छ र उसमा राग द्वेष देखिन्छ, तर ज्ञान भए सबै शान्त भैहाल्छ ।

यो जगत् भ्रम मात्र हो। ज्ञानवानको निश्चयमा सबै हो चिदाकाश—द्वैत कुनै पनि फुर्दैन । ठूलो क्षोभमा पनि ज्ञानी विचलित हुँदैन—उ सर्वदा एकरस रहन्छ ।

२४३. जो भएको हैन भ्रमले त्यो देखिन्छ र जो भएको छ त्यसको अभाव देखिन्छ । त्यस्तो अज्ञानमा जो जगत् छैन त्यो सत्य भान हुन्छ र जो सदा अनुभवरूप आफ्नू स्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो त्यसको अभाव अनुभूत हुन्छ। यसरी भ्रमले एक वस्तु अरू रूपले भासमान हुन्छ। स्वप्नमा जस्तो विपर्यय भ्रमले भान हुन्छ त्यस्तै जाग्रत्मा पनि भ्रमले विपर्यय भास्दछ। जाग्रत् र स्वप्नमा कुनै भेद छैन, स्वप्नमा जस्तो नाना प्रकारको जगत् भासिहाल्छ र जागेपछि सब भ्रम मात्र प्रतीत हुन्छ त्यस्तो ज्ञानीलाई यो जाग्रत जगत् भ्रम मात्र अनुभूत हुन्छ। पानी र तरंगमा जस्तो भेद छैन, त्यस्तै जाग्रत् र स्वप्नमा —कुनै भेद छैन। स्वप्नकालमा स्वप्न जाग्रत् प्रतीत हुन्छ, जाग्रत् स्वप्न प्रतीत हुन्छ। स्वप्नबाट जागेपछि पहिलेको अनुभवलाई स्वप्न भनी जान्दछ। यसरी भ्रमले स्वप्नलाई जाग्रत् र जाग्रत्लाई स्वप्न भनी मान्दछ।

जस्तो स्वप्नबाट अरू स्वप्न (स्वप्नान्तर) हुन्छ त्यस्तो जाग्रत्रूप स्वप्नबाट पछि स्वप्नरूप स्वप्नान्तर हुन्छ। इह लोकबाट परलोकमा पुगेपछि इहलोकलाई भ्रम मान्दछ— फेरि परलोकमा स्वप्न भए जाग्रत् परलोक स्वप्न भएर जान्छ र स्वप्नमा जो सृष्टि भास्दछ त्यसलाई जाग्रत भनी मान्दछ। परलोकबाट मरेर इहलोकमा आएपछि इहलोक जाग्रत भास्दछ र पहिलेको परलोक स्वप्न भैहाल्छ। यसकारण स्वप्न र जाग्रत् हो दुवै मिथ्या। स्वप्नबाट जागे मूर्ख मानिस म जागेको छु भन्ने मान्दछ र यसलाई जाग्रत् मान्दछ र पहिलेको अवस्थालाई स्वप्न भनी जान्दछ। तर वास्तवमा पहिलेको अवस्था हो स्वप्नान्तर र वर्तमान जाग्रत् हो स्वप्न। वर्तमान अवस्थामा जो तीव्र संवेग (दृढ ज्ञान) विद्यमान छ त्यसैले यसलाई जाग्रत मान्दछ र पहिलेको अवस्थालाई स्वप्न जान्दछ, तर दुवै हो समान, कुनै भेद छैन। आत्मामा दुवै अवस्था नै हो असत्यरूप—यिनीहरूको भान भ्रम मात्र भैरहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२४४. जगत् हो आत्माको आभास--चैतन्यको चमत्कार जगत् भएर भासमान छ। घट जस्तो माटोरूप हो त्यस्तो चेत्य (दृश्य) हो चैतन्यरूप—चैतन्यदेखि जगत् भिन्न वस्तु हैन। स्थावर जंगमरूप जगत् सब चैतन्य मात्र हो। स्वप्नमा जस्तो अनुभव (चैतन्य) पत्थर पर्वत भएर भास्दछ त्यस्तो जाग्रत् दृश्य प्रपञ्च हो सबै चिन्मात्ररूप। चैत्य र चैतन्यमा कुनै भेद छैन।

तिमीले जे जति पदार्थ देखिराखेका छौ त्यसलाई परित्याग गरेर आत्मापट्टि हेर। सारा विश्व हो आफ्नू स्वरूप—यस्तो—जानेर शुद्ध चिदाकाश निर्दुःख आफ्नू स्वरूपमा स्थित भैहाल। आफ्नू स्वभावसत्ताको जब अनुभव साक्षात्कार हुन्छ तब सारा द्वैत कलना (चित्तको वृत्ति) शान्त भैहाल्छ र केवल आफ्नू चैतन्यस्वरूप मात्र बाँकी रहन्छ।

२४५. स्वप्न र जाग्रत एकै वस्तु हो र दुई नै आत्मसत्तामा कल्पित हो। जसमा यी दुई अवस्था कल्पित छन् त्यसलाई चिदाकाश भन्दछन्।

एक देशबाट अर्को देशमा जो वृत्ति जान्छ त्यसको बीचमा जो संवित् ज्ञानरूप उपलब्ध हुन्छ—जसको आश्रयमा वृत्ति स्फुरित हुन्छ त्यो हो चिदाकाश—(शुद्ध चैतन्य)।

सारा जगत् जसका आधारमा फुरेको छ र जसको आश्रयमा वृत्ति फुर्छ त्यस्तो सत्तालाई चिदाकाश भनेको छ। जसका सारा इच्छा निवृत्त भएका छन् र राग-द्वेषरूपी मल नष्ट भएको छ त्यस्तो शुद्ध संवित्लाई चिदाकाश भन्दछन्। जगत्को (जाग्रत स्वप्नको) जब अन्त भयो तर जडता (वृत्तिको लय किंवा सुषुप्ति) आउँदैन यसको बीचमा जो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्वैत सत्ता अनुभूत हुन्छ त्यसलाई चिदाकाश भनेको छ ।

विषय इन्द्रिय र मनको वृत्ति यो तीनको जहाँ अभाव हुन्छ त्यो हो शुद्ध संवित् चिदाकाश । द्रष्टा दृश्य र दर्शन यी तीन जहाँबाट उत्पन्न हुन्छन् र फेरि जसमा लीन हुन्छन् त्यो अधिष्ठान सत्ता हो चिदाकाश । इन्द्रियको विषय चपलताको अभाव भए जुन अस्फुर सत्ता उपलब्ध हुन्छ त्यो हो चिदाकाश । जो संवित्मा स्वप्न सृष्टि फुर्छ र फेरि जाग्रत भासित हुन्छ त्यसलाई चिदाकाश भनेको छ । सम्पूर्ण दृश्यमान जगत् हो मिथ्या—भ्रमले भासमान भएको छ । जसमा यो जगत् छैन र जसमा कुनै सङ्कल्प विकल्प उठ्दैन—जो सर्वदा आफ्नू स्वरूपमा स्थित छ, सर्व दुःखरहित छ यस्तो निर्विकल्प सत्तालाई चिदाकाश भनेको छ । कारण कार्य सारा भावको निषेध भए जो आदि अन्तरहित पद बाँकी रहन्छ त्यो हो चिदाकाश । शुद्ध चैतन्य आफ्नू स्वरूप सबैको निजरूप हो र अनुभवले प्रकाशित छ । उसमा जस्तो स्फुरण हुन्छ (दृढ भावना किंवा संस्कार उदित हुन्छ) त्यस्तो नै भासित हुन्छ । त्यो चैतन्यलाई चिदाकाश भनेको छ । जाग्रतको अन्त्यमा अद्वैत सत्ता हुन्छ, फरि त्यहाँबाट स्वप्न सृष्टि खडा हुन्छ—तर स्वप्न सृष्टि वास्तवमा केही पनि हैन—अनुभव सत्ता नै स्वप्न सृष्टि भएर भासमान हुन्छ, ठीक त्यस्तै यो जगत् जो कार्यरूप देखिन्छ त्यो अविद्याले भासेको छ—वास्तवमा केही पनि उत्पन्न भएको छैन । स्वप्नको सृष्टि जस्तो अकारण हो त्यस्तै जाग्रत सृष्टि पनि अकारण हो । सारा स्थावर जंगम रूप जगत् हो चिदाकाश नै (शुद्ध चैतन्य वस्तु) केही पनि उत्पन्न भएको छैन । कुनै द्रष्टा छैन, दृश्य छैन, भोक्ता छैन, भोग पनि छैन—सब हो कल्पना मात्र । (यसरी स्फुरण—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किंवा वासनाको क्षय भए संवेदन रहँदैन–अचेत्य चैतन्य मात्र नै बाँको रहन्छ, यो हो स्वयंप्रकाश)।

आत्माको अज्ञान भए कल्पना उठ्छ र आत्मज्ञान भए लोन भैहाल्छ। आत्मसत्ता नै स्फुरणले जगत् झैं भासिरहेको छ। सारा जगत् हो भावना मात्र (संस्कार मात्र) ––जसको जस्तो भावना दृढ हुन्छ त्यस्तो भएर भान हुन्छ। आत्मसत्तामा जस्तो भावनालाई दृढ गरिन्छ त्यस्तो नै भासेर आउँछ (अनुभव हुन्छ)। चिदाकाशको निश्चय दृढ भए अज्ञानजनित जगत् भावना नष्ट भैहाल्छ।

२४६. मन अलिकति पनि स्फुरित भए यो जगत् उत्पन्न भैहाल्छ—स्फुरणरहित भए—जगत्को भावना नष्ट हुन्छ—यस्तो जानेपछि मनुष्य ज्ञानी हुन्छ। मन चलेपछि आत्मामा जगत् भास्दछ। जगत् आदि कारणबाट उत्पन्न भएको छैन। जुन पदार्थ कारणविना प्रतीत हुन्छ त्यो जुन अधिष्ठानमा प्रतीत हुन्छ––त्यो अधिष्ठानरूप नै हो—अधिष्ठानदेखि भिन्न भए त्यो भ्रम मात्र हो। द्रष्टा दर्शन र दृश्य रूप जगत् जो विस्तृत रूपले भासेको छ त्योहो सब परमात्मस्वरूप। जस्तो स्वप्नमा आकाशको वन र अरू अरू पदार्थ भासेर आउँछ त्यो सारा हो चिदाकाश (चैतन्यवस्तु), त्यस्तै यो जगत् पनि हो चिन्मात्र रूप—कारण कार्य भ'व केही छैन, जो कुछ भासमान देखिन्छ त्यो हो चैतन्यको आभास प्रकाश—परमार्थ सत्ता केवल आफ्नू स्वरूपमा स्थित भएको छ। जस्तो स्वप्न सृष्टि कारण कार्यसहित भास्दछ, त्यो कुनै कारणबाट उत्पन्न भएको हैन, अकारणरूप हो, त्यस्तै यो सृष्टि कुनै कारणबाट उत्पन्न भएको, छैन, अकारणरूप हो। कहीं पनि कुनै कर्त्ता छैन किंवा भोक्ता छैन—केवल भ्रमले (आफ्नू चैतन्य स्वरूप-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई बिर्सेपछि) कर्त्ता भोक्ता देखिन्छ र स्वप्नावस्थाको झैं विकल्प उठिराख्छ—वास्तवमा ब्रह्मसत्ता नै विद्यमान छ। यो जगत् चैतन्यको स्फुरणबाट उठेको छ। (आदि) जीव भ्रमले जगत् कल्पना गर्छ—यसको कारण ब्रह्म नै हो (किन कि महाप्रलयमा चिदाकाश नै बाँकी रहन्छ)। आत्मसत्तामा जस्तो भावना हुन्छ त्यस्तै पदार्थरूप भएर प्रतीयमान हुन्छ।

२४७. शुद्ध चिन्मात्र स्वरूपमा जब अहं स्फुरण हुन्छ तब जगत् भास्दछ। त्यो अहंरूप नै जीव बन्दछ। तिमी म सारा जगत् व्यवहारयुक्त देखिन्छ तापनि काष्ठ मौनको झैं स्थित भएको छ। आत्मारूपी रत्नको चमत्कार हो जगत् र यो चमत्कार (प्रकाश) आत्मादेखि भिन्न हैन। यो जगत्को आश्रय लिएर जो सुखको इच्छा गर्छ त्यसको सारा यत्न हो व्यर्थ। यो सब जगत् हो भ्रान्तिरूप, आकारसहित भासे तापनि निराकार हो। जो कुछ तिमी जगत् देखिराखेका छौ यो सब हो अविद्या। त्यो अविद्या हो अनन्त। देश र कालबाट उसको अन्त हुँदैन। जसले आपनू वास्तव स्वरूप-लाई जानेको छैन त्यसको लागि त्यो हो सत्य।

२४८. एकै संवित्मा भिन्न-भिन्न सङ्कल्पबाट भिन्न भिन्न रुचि र भिन्न भिन्न चेष्टा उत्पन्न हुन्छ। यो विपश्चित बोध-वान् थिएन, तर बोधको नजीक धारणाभ्यासी थियो। ज्ञान-वान् दृश्य भ्रम देख्नाको इच्छा गर्दैन। जस्तो स्वप्नबाट जागेपछि स्वप्नको सारा सृष्टि आफ्नै स्वरूप प्रतीत हुन्छ र त्यसमा बन्धन प्राप्त हुँदैन त्यस्तै यो सम्पूर्ण जगत् ज्ञान-वान्को लागि ब्रह्मरूप भैहाल्छ, द्वैतभाव रहँदैन। जसको हृदय शीतल भएको छ त्यो हो ज्ञानी, जसको हृदय तापयुक्त छ त्यो हो अज्ञानी। ज्ञानी पुरुषमा सारा क्रिया देखिन्छ तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ आफ्नो निश्चयमा सदा अस्पृष्ट रहन्छ। उसलाई—सारा क्रियामा आफ्नू आत्मस्वरूपको निश्चय रहन्छ।

२४९. स्वप्नमा आफ्नू जाग्रत्स्वरूपको स्मरण रहन्छ-भने त्यो स्वप्नमा भैकन पनि स्वाप्निक पदार्थमा आफूलाई सुखी दुःखी मान्दैन—सारा सृष्टि त्यसलाई आफ्नू स्वरूप प्रतीत हुन्छ। त्यस्तो ज्ञानवान्लाई आफ्नू स्वरूपको निश्चय अक्षुण्ण भएको हुनाले सुख दु खको क्षोभ प्राप्त हुँदैन। सारा सृष्टि चैतन्य सत्तामा अडिराखेको छ। योगीश्वर पुरुष उसमा स्थित भएर जहाँ इच्छा हुन्छ त्यहाँ आतिवाहक शरीर-द्वारा पुगिहाल्छ र तीनै काल उसको लागि साधनविना विद्यमान् हुन्छ। तर ज्ञानी केही कुराको लागि यत्न गर्दैन, यथा प्राप्त पदार्थमा प्रसन्न रहन्छ। ज्ञानीको निश्चय सदा आफ्नू स्वरूपमा रहिरहन्छ। त्यसकारण जसलाई कुनै क्षोभ हुँदैन परिआएको कार्य गरे तापनि ज्ञानीलाई कुनै खेद हुँदैन।

२५०. ज्ञानी र अज्ञानीका चेष्टा हो बराबर—तर भेद यो हो कि ज्ञानी भित्र शान्त रहन्छ र अज्ञानीको चित्त क्षोभ-युक्त हुन्छ। जसको चित्त शान्त भएको छ उसको भित्र राग-द्वेष केही पनि हुँदैन। शरीरको स्वाभाविक जो प्रारब्ध हो त्यो भैरहन्छ तर उसमा आफ्नू अभिमान रहँदैन।

२५१. जे जति तिमीले देखिरहेका छौ त्यो केही पनि छैन—केवल सारा कलनारहित अजड मुक्त स्वभाव शुद्ध संवित् एक अद्वैत आफ्नू चैतन्य स्वरूप सत्तामा स्थित भैरहेको छ। उसमा जगत् पनि हो त्यही रूप र पाषाणको शिला झैं घन मौन। तिमी पनि त्यो आफ्नू स्वरूपमा स्थित होऊ।

२५२. जस्तो सङ्कल्पको स्फुरण मनमा भासमान हुन्छ त्यस्तै यो जगत् मनमा स्फुरित भै रहन्छ। सङ्कल्पको बलले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई बिर्सेपछि) कर्ता भोक्ता देखिन्छ र स्वप्नावस्थाको झैं विकल्प उठिराख्छ—वास्तवमा ब्रह्मसत्ता नै विद्यमान छ। यो जगत् चैतन्यको स्फुरणबाट उठेको छ। (आदि) जीव भ्रमले जगत् कल्पना गर्छ—यसको कारण ब्रह्म नै हो (किन कि महाप्रलयमा चिदाकाश नै बाँकी रहन्छ)। आत्मसत्तामा जस्तो भावना हुन्छ त्यस्तै पदार्थरूप भएर प्रतीयमान हुन्छ।

२४७. शुद्ध चिन्मात्र स्वरूपमा जब अहं स्फुरण हुन्छ तब जगत् भास्दछ। त्यो अहंरूप नै जीव बन्दछ। तिमी म सारा जगत् व्यवहारयुक्त देखिन्छ तापनि काष्ठ मौनको झैं स्थित भएको छ। आत्मारूपी रत्नको चमत्कार हो जगत् र यो चमत्कार (प्रकाश) आत्मादेखि भिन्न हैन। यो जगत्को आश्रय लिएर जो सुखको इच्छा गर्छ त्यसको सारा यत्न हो व्यर्थ। यो सब जगत् हो भ्रान्तिरूप, आकारसहित भासे तापनि निराकार हो। जो कुछ तिमी जगत् देखिराखेका छौ यो सब हो अविद्या। त्यो अविद्या हो अनन्त। देश र कालबाट उसको अन्त हुँदैन। जसले आपनू वास्तव स्वरूप-लाई जानेको छैन त्यसको लागि त्यो हो सत्य।

२४८. एकै संवित्मा भिन्न-भिन्न सङ्कल्पबाट भिन्न भिन्न रुचि र भिन्न भिन्न चेष्टा उत्पन्न हुन्छ। यो विपश्चित बोध-वान् थिएन, तर बोधको नजीक धारणाभ्यासी थियो। ज्ञान-वान् दृश्य भ्रम देख्नाको इच्छा गर्दैन। जस्तो स्वप्नबाट जागेपछि स्वप्नको सारा सृष्टि आफ्नै स्वरूप प्रतीत हुन्छ र त्यसमा बन्धन प्राप्त हुँदैन त्यस्तै यो सम्पूर्ण जगत् ज्ञान-वान्को लागि ब्रह्मरूप भैहाल्छ, द्वैतभाव रहँदैन। जसको हृदय शीतल भएको छ त्यो हो ज्ञानी, जसको हृदय तापयुक्त छ त्यो हो अज्ञानी। ज्ञानी पुरुषमा सारा क्रिया देखिन्छ तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ आफ्नो निश्चयमा सदा अस्पृष्ट रहन्छ। उसलाई–सारा क्रियामा आफ्नू आतमस्वरूपको निश्चय रहन्छ।

२४९. स्वप्नमा आफ्नू जाग्रत्स्वरूपको स्मरण रहन्छ-भने त्यो स्वप्नमा भैकन पनि स्वाप्निक पदार्थमा आफूलाई सुखी दुःखी मान्दैन—सारा सृष्टि त्यसलाई आफ्नू स्वरूप प्रतीत हुन्छ। त्यस्तो ज्ञानवान्‌लाई आफ्नू स्वरूपको निश्चय अक्षुण्ण भएको हुनाले सुख दु खको क्षोभ प्राप्त हुँदैन। सारा सृष्टि चैतन्य सत्तामा अडिराखेको छ। योगीश्वर पुरुष उसमा स्थित भएर जहाँ इच्छा हुन्छ त्यहाँ आतिवाहक शरीर-द्वारा पुगिहाल्छ र तीनै काल उसको लागि साधनविना विद्यमान् हुन्छ। तर ज्ञानी केही कुराको लागि यत्न गर्दैन, यथा प्राप्त पदार्थमा प्रसन्न रहन्छ। ज्ञानीको निश्चय सदा आफ्नू स्वरूपमा रहिरहन्छ। त्यसकारण जसलाई कुनै क्षोभ हुँदैन परिश्राएको कार्य गरे तापनि ज्ञानीलाई कुनै खेद हुँदैन।

२५०. ज्ञानी र अज्ञानीका चेष्टा हो बराबर–तर भेद यो हो कि ज्ञानी भित्र शान्त रहन्छ र अज्ञानीको चित्त क्षोभ-युक्त हुन्छ। जसको चित्त शान्त भएको छ उसको भित्र राग-द्वेष केही पनि हुँदैन। शरीरको स्वाभाविक जो प्रारब्ध हो त्यो भैरहन्छ तर उसमा आफ्नू अभिमान रहँदैन।

२५१. जे जति तिमीले देखिरहेका छौ त्यो केही पनि छैन—केवल सारा कलनारहित अजड मुक्त स्वभाव शुद्ध संवित् एक अद्वैत आफ्नू चैतन्य स्वरूप सत्तामा स्थित भैरहेको छ। उसमा जगत् पनि हो त्यही रूप र पाषाणको शिला झैं घन मौन। तिमी पनि त्यो आफ्नू स्वरूपमा स्थित होऊ।

२५२. जस्तो सङ्कल्पको स्फुरण मनमा भासमान हुन्छ त्यस्तै यो जगत् मनमा स्फुरित भै रहन्छ। सङ्कल्पको बलले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टाढादेखि पनि टाढा जानु जुन शरीरबाट संभव हुन्छ त्यो शरीर हो अन्तवाहक । जो पाञ्चभौतिक शरीर प्रत्यक्ष देखिन्छ त्यो हो आधिभौतिक ।

आत्माको अज्ञान भए आधिभौतिक शरीर भासित हुन्छ । मनोराज्यमा नगर बनाएर उसमा एउटा शरीर आफू भैकन व्यवहार गर्छ । पहिलेको शरीर नबिर्सनसंम त्यो संकल्प शरीरबाट क्रिया गर्छ । त्यो हो अन्तवाहक । जब आफ्नू शरीर बिर्सन्छ तब त्यो संकल्प शरीरमा दृढ भावना भैहाल्छ– त्यो हो आधिभौतिक ।

२५३. जगत् केही पनि उत्पन्न भएको छैन । ब्रह्माकाश आफ्नू स्वरूपमा स्थित भैराखेको छ । त्यसलाई नजान्नु नै हो संसार । स्वरूपको ज्ञान भए जगत्‌को अन्त भैहाल्छ । चित्तलाई निर्वाण गर्नु नै हो जान्नु । चित्तको निर्वाण भए (चित्त नष्ट भए) जगत्‌को अन्त भैहाल्छ । चित्त नै हो संसार । चित्त आफ्नू चैतन्यस्वरूपमा स्थित भए जगत् नष्ट हुन्छ–यो हो शान्ति ।

२५४. जस्तो सूर्यको किरणमा पानी देखिन्छ– जबसंम किरण रहन्छ तबसम्म जलाभास निवृत्त हुँदैन–त्यस्तै जबसम्म आत्मसत्ता रहन्छ तबसम्म जगत्‌को चमत्कार निवृत्त हुँदैन— आत्माको ज्ञान भए जगत् सत्ता रहँदैन । आत्मालाई जाने आत्मसत्ता नै अनुभूत हुन्छ—भिन्न जगत्‌को सत्ता प्रतीत हुँदैन। वासना जो हो त्यो देशकाल र पदार्थबाट हुन्छ । उसको भित्र जो वस्तुको दृढभावना हुन्छ त्यसको जय हुन्छ। एक पुरुष-ले मनोराज्यद्वारा चारमूर्ति कल्पना गर्‍यो र उसमा भिन्न-भिन्न वासना थाप्यो। संवित् तत्व हो एक। जब पूर्वको शरीरलाई भुलेर कल्पित मूर्तिमा दृढता भैहाल्छ तब जस्तो जस्तो भावना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उसको शरीरमा दृढ़ भैहाल्छ त्यस्तो नै प्राप्त हुन्छ। ठीक यस्तै—संवित्‌मा नाना प्रकार वासना स्फुरित हुन्छ। जस्तो एकै संवित् स्वप्नमा नाना रूप धारण गर्छ र भिन्न भिन्न वासना हुन्छ त्यस्तै आकाशरूप संवित्‌मा (स्वयं प्रकाशित शुद्ध चैतन्यमा) भिन्न भिन्न वासना खडा हुन्छ।

विपश्चित्‌हरूको संवित् एक थियो, तर देशकाल र क्रियाद्वारा वासना भिन्न भिन्न भएको थियो र पूर्वको संवित्-लाई भुलेका थिए—उनीहरूलाई धेर थोर फल प्राप्त भएको थियो।

२५५. एक देशबाट अरू देशमा जो संवेदन जान्छ त्यसको बीचमा जो संवित् सत्ता रहन्छ (अनुभूत हुन्छ) त्यो हो ब्रह्मसत्ता—उसैको किञ्चन (चमत्कार झलक आभास) जगत् भएर भासित हुन्छ—तर किञ्चन कुनै भिन्न वस्तु हैन। जुन वास्तवमा छैन तर भास्दछ त्यो हो अविद्या। जुन जुन आकारमा जस्तो जस्तो वासना स्फुरित हुन्छ र दृढ़ भैहाल्छ त्यसैको जय हुन्छ। ज्ञान उदय भए अज्ञानलाई नाश गर्छ र तब नै जगत्‌को पनि अभाव हुन्छ। जबसम्म स्वरूपको प्रमाद (आफ्नू स्वरूपलाई बिर्सिनु) रहन्छ तबसम्म जगत्‌को अभाव हुँदैन। आत्माको साक्षात्कार भए जगत् ब्रह्मरूप भैहाल्छ। जगत् केही पनि उत्पन्न भएको छैन—स्फुरणवशात् भासमान हुन्छ, जस्तो स्वप्नमा अज्ञानवशात् अनन्त जगत् देखिन्छ। यो भएको छ यस्तो स्फुरण परब्रह्ममा हुन्छ र जो स्फुरित भयो त्यो पनि परब्रह्म हो--अरू केही उत्पन्न भएको हैन—आत्मसत्ता नै आफ्नू स्वरूपमा स्थित छ। जगत् कुनै वस्तु छैन, किन्तु जबसम्म सङ्कल्प रहन्छ तबसम्म जगत् स्फुरित हुन्छ। जगत् हो आत्माको चमत्कार। चैतन्य आत्माको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आश्रयमा अनन्त सृष्टि फुर्दछ, त्यो सृष्टि सब आत्मरूप हो–आत्मादेखि भिन्न केही हैन। जसको जस्तो निश्चय हुन्छ (यो हो जगत्, यो हो ब्रह्म) त्यसको लागि त्यो रूप नै प्रतीत हुन्छ।

२५६. जो कुछ द्वैत भासेको छ त्यो हो अज्ञान। जबसम्म वासना नष्ट हुँदैन तबसम्म दुःख हराउँदैन। वासना क्षय-भए जगत् आफ्नू स्वरूप अनुभूत हुन्छ र कसैमा राग किंवा द्वेष हुँदैन। जबसम्म पूर्वापर विचार (यो शुभ हो, यो अशुभ हो) मनमा फुरिरहन्छ तबसम्म बन्धन छ। जब यसको विस्मरण हुन्छ र सम्पूर्ण जगत्लाई भ्रमरूप जानेर आत्म-पदमा अवहित चित्त हुन्छ---(अन्तर्मुख चित्तबाट आत्म-स्वरूपको अनुभव हुन्छ) तब मुक्ति हुन्छ। वासना नष्ट भए सब ब्रह्मरूप नै भान हुन्छ--दुःखदायक केही भास्दैन।

२५७. जो पहिलेको आफ्नू स्वरूपमा स्थित रहन्छ त्यसको लागि जगत् आफूमा नै (आफ्नै स्वरूप) प्रतीत हुन्छ र जो आफ्नू स्वभावमा स्थित छैन उसको लागि जगत् बाहिर आफ्नू स्वरूपदेखि भिन्न रूपले प्रतीत हुन्छ। सब जगत् चैतन्य स्वरूपमा भासेको छ। त्यो चैतन्यदेखि कुनै वस्तु भिन्न हैन तर आफ्नू स्वभावमा स्थित भएपछि यस्तो प्रतीति हुन्छ किन्तु अज्ञान दृष्टिले हेरेपछि नाना प्रकारको जगत् देखिन्छ। बालकलाई वेताल दर्शन झैं यो जगत अविचारले भासेको हो र विचार उत्पन्न भए निवृत्त भैहाल्छ।

२५८. चिन्मात्र आफ्नू स्वरूपको आभास संवेदन फुरे किचन हुन्छ (चमत्कार देखिन्छ)। त्यो कुनै ठाउँमा फुरे 'म तेजअणु हुँ' यस्तो भावना हुन्छ। चित् संवेदन आफूलाई अणु जान्द-छ। जस्तो स्फुरण ब्रह्माको हुन्छ त्यस्तो अरू सबैको पनि हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जब त्यो अणुको शरीरको भावना हुन्छ तब आफूमा शरीर देखिन्छ र नेत्र आदि इन्द्रिय बनिहाल्छ। अनि शरीर र इन्द्रिय-सित आफूलाई मिलेको जान्दछ। जब यसरी देह इन्द्रियको संघातलाई म भनी जान्दछ र इन्द्रियको सहाराले विषय ग्रहण गर्छ तब त्यो चित्रूप जीव प्रमादले (आफ्नू स्वरूप-लाई बिर्सीकन) आधार आधेय भाव स्वीकार गर्छ। तर अधिष्ठान सत्तामा वास्तवमा क्यै पनि भएको हुँदैन—त्यो अद्वैत सत्ता जस्ताको त्यस्तै आफ्नू स्वरूपमा स्थित छ। जस्तो स्वप्नमा प्रमादले आफूलाई कुनै कोठामा बसेको छ यस्तो देख्दछ; ठीक त्यस्तै जाग्रत्मा पनि प्रमादले आधार आधेय भाव देख्दछ र प्राण मन र अहंकारलाई धारण गर्छ। यसरी त्यो जान्दछ यिनी हुन् मेरी आमा, यी हुन् मेरा पिता र म हुँ अनादि जीव। आफ्नो शरीरलाई जानेर पछि पाञ्च-भौतिक जगत् (शरीर) लाई देख्दछ र स्फुरणअनुसार अनुभव गरिरहन्छ। क्रम यस्तो हो—

(१) शुद्ध चैतन्य स्वरूपमा स्फुरण भयो—चित् कला फुर्‍यो र आफूलाई **तेजअणु** जान्यो।

(२) अहंवृत्ति **अहंकार** भयो, निश्चय **आत्मबुद्धि** भयो, चेतनता **चित्त** र चित्त सङ्कल्प विकल्प **मन** भयो।

(३) तन् मात्रा उत्पन्न भयो र

(४) फेरि उसको इच्छाद्वारा शरीर र **इन्द्रिय** उत्पन्न भयो र यसको सहाराले **देख्ने** इच्छा खडा भयो।

(५) त्यो संवित् कलामा जब पछि **दृश्य भास्यो** तब संवित् शक्ति (द्रष्टा) प्रमादको वशले द्वैत जान्यो (अनु-भव गर्‍यो)—-उसको लागि आफ्ना माता पिता र कुल फुरेर आयो—जो चिरकालदेखि चलिआएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५९. जसको पहिले वासनाको संसरण हुन्छ त्यो वासनाअनुसार जन्म पाउँछ । (शरीर धारण गर्छ) । जसको संस्कारविना भूत भासेर आउँछ त्यो ब्रह्माबाट उत्पन्न भएको छ । सबभन्दा पहिले जीव संस्काररूप कारणविना उत्पन्न हुन्छ र पछि जन्मान्तर प्राप्त हुन्छ ।

२६०. सङ्कल्प दृढ भए अन्तवाहक भाव विस्मृत हुन्छ। परिणामले जीव देह विशिष्ट प्रमाताभाव (आधिभौतिक भाव) लाई स्वीकार गर्छ । वासनावशात् जीव सङ्कल्प उठाउँछ र सङ्कलित पदार्थलाई जान्दछ र विशेष रूपले जान्नाको लागि देह इन्द्रियको प्रयोजन हुन्छ । प्रमाता र प्रमेय हो दृढ सङ्कल्परूप—यसकारण वृत्तिरूपले र पछि त्रिपुटीको एकता साक्षी—चैतन्यसित भए फेरि संस्काररूपले परिच्छिन्न हुन्छ । पदार्थ वृत्ति हो सब सङ्कल्परूप (संस्कार किंवा वासनारूप)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथो-भाग

२६१. जगत् हो वृत्तिरूप (स्फुरण) मात्र, मिथ्या कल्पना मात्र। जुन अवस्थामा चित्तवृत्ति स्फुरित हुँदैन त्यो हो सुषुप्ति। सुषुप्तिमा सुषुप्तिको कल्पना पनि रहँदैन—सारा कल्पनारहित केवल चैतन्य सत्ता बाँकी रहन्छ र अनुभव ज्ञानरूप आत्मसत्ता सर्वदा आफ्नू स्वरूपमा स्थित रहन्छ—त्यसमा जस्तो आभास फुर्छ त्यस्तो ज्ञान भैहाल्छ। जस्तो सुषुप्तिबाट उठीकन म सुखसित सुतेको थिएँ—यस्तो ज्ञान (संस्कारवशात्) उत्पन्न हुन्छ—त्यो अनुभवको बलले संभव छ (जान्न सकिन्छ)। जुन अवस्थामा कुनै संकल्प फुर्दैन केवल निर्विकल्प दशा विद्यमान रहन्छ किन्तु सम्यक् बोध छैन त्यो अभाव वृत्तिको नाम हो सुषुप्ति।

साक्षीभूत वृत्तिको नाम हो तुरीय। त्यो सम्यक् ज्ञानबाट उत्पन्न हुन्छ। तुरीय हो जाग्रत् स्वप्न सुषुप्ति अवस्थाको साक्षीभूत र सुषुप्ति जस्तो (निर्विकल्प)। सुषुप्तिमा जस्तो अहं त्वं आदि कुनै कल्पना रहँदैन—त्यस्तो तुरीय अवस्थामा पनि कल्पना हुँदैन। त्यो अवस्थामा ब्रह्मको सम्यक् बोध भैहाल्छ र सुषुप्तिमा जडीभूत तमोरूप अविद्या रहन्छ। तुरीय अवस्थामा जडता (दृश्यसंग संपर्क) सत् चित् आनन्द साक्षीवृत्ति रहन्छ। सम्यक् बोधको नाम हो तुरीय। आत्मसत्ता सर्वदा आफ्नू स्वभावमा स्थित रहेको छ। उसमा जाग्रत् देखि—तुरीयसंमका चारै अवस्था छैनन्। यी चार अवस्था चित् संवेदनले देखिन्छन्। आत्मसत्ताको आश्रयमा जो संवेदन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फुर्छ त्यस्तो रूप भएर भासमान हुन्छ। सृष्टि हो सङ्कल्परूप—जीवको आफ्नू आफ्नू सङ्कल्प हुन्छ र आफ्नू आफ्नू संकल्पबाट भिन्न भिन्न सृष्टि बनिहाल्छ। अनुभवको आसरामा जस्तो जस्तो सङ्कल्प फुर्छ त्यस्तो त्यस्तो सृष्टि भासित हुन्छ—सृष्टिको कारण अरू क्यै पनि हैन। सुषुप्ति अवस्थामा मन र प्राण फुर्दैन।

२६२. स्वप्नमा जस्तो पहाड देखिन्छ त्यस्तै यो शरीर देखिएको छ। यसमा कुनै कारण छैन, यसैले जगत् हो मिथ्या भ्रम। केवल ब्रह्मसत्ता आफ्नू स्वरूपमा स्थित रहेको छ; तत्ववेत्ताहरूको लागि यस्तै नै अनुभव हुन्छ।

शुद्ध चिन् मात्र आकाशमा जाग्रत भ्रम केही पनि छैन किन्तु स्फुरण भावले (संवेदनले) आफ्नू चैतन्य स्वरूपलाई भुलेर—स्वरूपको अनुभव नभएको हुनाले—मनभाव प्राप्त हुन्छ। मन आत्मसत्ताको आश्रयमा प्राणलाई आफ्नू आश्रय भनी मान्दछ। पछि मनले जस्तो जस्तो कल्पना गर्छ त्यस्तै त्यस्तै देह इन्द्रिय र जगत् भासित हुन्छ।

परब्रह्म हो सर्वशक्तिसंपन्न। उसमा जस्तो जस्तो भावनाद्वारा मन फुरिरहन्छ त्यस्तै त्यस्तै रूप भएर भासित हुन्छ। वास्तवमा केही पनि भएको छैन—ब्रह्मसत्ता नै आफ्नू स्वरूपमा सर्वदा स्थित छ। मनको स्फुरण—जति जति दृढ हुन्छ उति उति देह इन्द्रिय र जगत् भासमान हुन्छ।

२६३. जस्तै स्वप्नको जगत् कल्पना मात्र हो त्यस्तै यो जगत् पनि सब मनको विकल्पले रचित भएको छ। मन उदय भए यो पदार्थ सत्य हो, यो पदार्थ असत्य हो यस्तो फुरेर आउँछ, चित् शक्ति जब मनसित मिल्छ तब पहिले प्राण उदित हुन्छ र प्राणलाई ग्रहण गरेर मन भन्दछ कि म जीव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँ, प्राण हो मेरो गति–प्राणविना म रहँदिन । फेरि मन भन्दछ मरेपछि पनि म जीवित रहन्छु । जहाँसम्म मन रहन्छ तहाँसम्म यो तीन विकल्प उठिरहन्छ । संशय-आत्मालाई कदापि सुख मिल्दैन । आतमबोध नभए चित्त निर्वाण (नष्ट) हुँदैन र तीन विकल्पको अन्त पनि हुँदैन । मनलाई बिर्सिनाको उपाय हो आत्माको ज्ञान (आफ्नू स्वरूपलाई साक्षात् देखिहाल्नु) । मन शान्त नभए कल्याण सिद्ध हुँदैन ।

२६४. दुई उपायबाट मन शान्त हुन्छ—(१) मनको वृत्तिलाई स्थिर गर्नुबाट र (२) प्राणको स्पन्दनलाई बन्द गर्नुबाट (प्राणको वृत्तिलाई रोक्नुबाट)—उभय उपायले मन स्थित हुन्छ (मन अचल हुन्छ) । प्राण क्षोभयुक्त भए चित्त क्षोभ प्राप्त हुन्छ र तीन प्रकारका तापले जीव दुःखी रहन्छ । मनलाई स्थिर गरे (मनलाई वृत्तिरहित तुल्याए) परम सुख प्राप्त हुन्छ । मनको स्थिति हो दुई प्रकारको — ज्ञानीको र अज्ञानीको । सुषुप्तिमा वासना बाँकी रहन्छ— यो हो अज्ञानको स्थिति अर्थात् वासना किंवा जडता बाँकी रहेको हुनाले सुषुप्ति हो अज्ञानीको स्थिति, त्यसकारण मन संसारलाई लिएर फेरि उठिहाल्छ (निद्राबाट जागिहाल्छ) ।

जोगीको चित्त चेतनतालाई लिएर समाधिमा स्थित हुन्छ (चेतनताको किंवा मनको स्फुरणको तत्कालमा अभाव हुनुलाई समाधि भनेको छ)—सुषुप्तिको झैं त्यो अवस्थामा जडता रहँदैन ।

ज्ञानवान जीवन्मुक्तको चित्तवृत्ति (चेतनता किंवा स्फुरण) सम्यक् ज्ञानले स्थिर भैहालेको छ (चित्तवृत्ति फेरि उठ्दैन)—किनकि तिनको चित्त वासनारहित भएको छ । जसको चित्त यसरी स्थिर भएको छ (जसको चेतनता किंवा

१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्तवृत्ति कहिले पनि फुर्दैन) तिनलाई शान्ति प्राप्त हुन्छ। जसको चित्त वासनासहित हो त्यसलाई कदाचित् शान्ति प्राप्त हुँदैन—दुःखको कहिले पनि अभाव हुँदैन।

चित्तलाई निर्वासनिक तुल्याउने हेतु हो सम्यक्ज्ञान। सम्यक् ज्ञानको एकमात्र शास्त्र हो यो वाशिष्ठ ज्ञान-शास्त्र। यसको बराबर अरू कुनै उपाय छैन—(अरू शास्त्र छैन) यसको राम्रोसित विचार गरेपछि चित्त-वासना शून्य भै हाल्छ।

स्वप्नमा जस्तो द्रष्टा नै दृश्यरूप हुन्छ र नाना प्रकारको कर्म देख्त छ तर क्यै पनि बनेको छैन ठीक त्यस्तै यो जगत् भासमान देखिएको हो, शुद्ध चैतन्य स्वरूपसिवाय अरू केही पनि छैन।

यो जगत् हो आफ्नू स्वरूप—आत्मादेखि अरू केही पनि छैन। जो कुछ कल्पना गरिन्छ त्यो सब अविद्या मात्र हो। जबसंम यो संवित् बहिर्मुख फुरिरहन्छ तबसंम जगत् भास्दछ र कर्म हुने देखिन्छ, तर जब संवित् अन्तर्मुख हुन्छ तब जगत् पनि रहँदैन, कुनै कर्म पनि देखिंदैन—सब आत्म-सत्ता नै प्रतीत हुन्छ।

विचारबाट स्वरूपको प्राप्ति हुन्छ। जति जति विचार हुँदै जान्छ त्यति त्यति सुखको अनुभव हुँदै जान्छ। जस्तो प्रकाश ल्याएपछि अन्धकार रहँदैन त्यस्तै सत्य असत्यको विचार उत्पन्न भए अविद्याको अभाव भैहाल्छ।

२६६. आत्माको अभ्यास भए आत्मानन्द प्राप्त हुन्छ। आत्मा शुद्ध हो र सदा आफ्नू स्वभावमा स्थित छ। जो कुछ जसको अगाडि देखिन्छ त्यो अविद्याको विलास मात्र हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत्‌रूपले जो कुछ देखिन्छ त्यो सारा हो संकल्प मात्र र अनुभवरूप। सारा विश्व ब्रह्माको संकल्पमा स्थित रहेको छ।

आदि परमात्माबाट कर्मविना जो सृष्टि भएको छ त्यो हो किञ्चन आभासरूप (भिन्न वस्तु हैन)। पछि जो ब्रह्माले रचिएको छ त्यो हो संकल्परूप। पछि अज्ञानवश जो कर्म गरिन्छ तब कर्मबाट उत्पन्न भएको देखिन्छ जस्तो स्वप्नको सृष्टि भ्रम मात्र भैकन पनि स्पष्टरूपले भासमान हुन्छ—जबसंम स्वप्न रहन्छ तबसंम जस्तो कर्म गरिन्छ त्यस्तै फल अनुभव हुन्छ, तर जागेपछि कर्म पनि केही पनि रहँदैन, जगत् अलिकति पनि रहँदैन-त्यस्तै यो जाग्रत जगत् हो सारा सङ्कल्प मात्र—ज्ञान भए यसको अभाव भैहाल्छ। स्वप्न निवृत्ति भए स्वप्न सृष्टिको जस्तो अभाव हुन्छ त्यस्तै अविद्या निवृत्ति भए जाग्रत सृष्टिको पनि अभाव भैहाल्छ।

२६७. आत्मामा अहं (संवेदन) फुर्छ र त्यो उत्थानबाट पछि जो कुछ उत्पन्न हुन्छ त्यसलाई जगत् भनेको छ। यो जगत्‌मा जस्तो-जस्तो निश्चय हुन्छ त्यस्तै त्यस्तै प्रतीत हुन्छ—यसको नाम हो नीति। आत्मामा घन चेतनताको (दृढ सङ्कल्पको) फलले जगत् भासमान् देखिन्छ त्यो आत्मादेखि भिन्न हैन। आत्मामा जस्तो निश्चय हुन्छ त्यस्तै प्रत्यक्ष अनुभव भैहाल्छ।

शुद्ध चैतन्य मात्र स्वरूपमा अहं उत्थान हुन्छ (अहं भाव खडा हुन्छ, संवेदन बन्दछ) र पछि देहको भावना हुन्छ। देह भासित हुन्छ र त्यसको अगडि जगत् भास्दछ। स्वरूपको प्रमादले संकलपरूप जगत् दृढ भैहाल्छ। फेरि उसमा जस्तो जस्तो स्फुरण हुन्छ त्यस्तै त्यस्तै अनुभव हुन्छ। यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत् हो सङ्कल्प मात्र, तर आफ्नू स्वरूपको प्रमादले सत्यवत् प्रतीत भैरहन्छ। प्रमादको फलले शरीरमा अभिमान हुन्छ—परिणामले आफूमा कर्ता भोक्ता भाव मान्दछ र वासना दृढ हुन्छ र त्यसअनुसार परलोक देखिन्छ। ज्ञानवान् पुरुषको लागि आत्मस्वरूप नै हो सत्य—उसमा जस्तो निश्चय हुन्छ त्यस्तै अनुभव हुन्छ। ज्ञान ज्ञेय-ज्ञातारूप जगत् जो भासिराखेको छ त्यो अनुभवदेखि भिन्न हैन।

जो पुरुष दृश्यमित मिलेर चैतन्यरूप हुन्छ त्यो हो जड़ धर्मा—उसको लागि नाना प्रकारको पदार्थ भासित हुन्छ। ज्ञानवानको लागि चित् मात्र नै सत्य भनी प्रतीत हुन्छ।

चित् संवित् स्फुरित भएपछि स्वप्नरूप जगत् भासमान हुन्छ र स्फुरणरहित भए सुषुप्ति हुन्छ। जस्तो स्वप्न र सुषुप्ति आत्मामा कल्पित हो त्यस्तै सृष्टि र प्रलय आत्मामा कल्पित हुन्छ र आभास मात्र हो।

२६८. जीव यदि मर्दथ्योभने परलोक पनि देखिने थिएन आफ्नू मरणलाई पनि जान्दैनथ्यो। मनुष्य यदि मर्थ्योभने पहिलेको संस्कार प्राप्त हुँदैनथ्यो र पहिलेको स्मृति पनि हुँदैनथ्यो, तर पहिलेको संस्कारअनुसार क्रियामा प्रवृत्त देखिन्छ। त्यसकारण पहिलेको लोकमा जीव मरेको थिएन, केवल भ्रमले मरण भास्दछ।

जस्तो स्वप्नको शरीरबाट नाना प्रकारका काम सम्पन्न हुन्छन् र देश देशान्तर देखिन्छ त्यो सारा हो मिथ्या त्यस्तै यो जगत् र मरण पनि हो मिथ्या।

वास्तवमा जगत् पनि छैन, कोही मरेको पनि छैन। केवल आत्मसत्ता आफ्नू स्वरूपमा बसिराखेको छ र उसमा जस्तो स्फुरण हुन्छ त्यस्तै त्यस्तै नै भएर अनुभव हुन्छ। अनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भवरूप (आफ्नू चैतन्यस्वरूप) हो कल्पवृक्ष—उसमा जस्तो जस्तो स्फुरण हुन्छ त्यस्तै त्यस्तै देखिन्छ। जबसम्म संकल्प सिद्ध किंवा दृष्टि सिद्ध (दृढ सङ्कल्पसिद्ध) पदार्थको अभ्यास हुँदै रहन्छ तबसम्म आत्मसत्ताको प्राप्ति हुँदैन । जब आफ्नू स्वरूपको अभ्यास हुँदै जान्छ तब त्यै त्यै प्रकार पदार्थको (सङ्कल्पसिद्ध र दृढ सङ्कल्पसिद्ध पदार्थको) अभाव भैहाल्छ र आत्मा नै प्रत्यक्ष अनुभवबाट भासित हुन्छ।

'जुन वस्तुको अभ्यास हुन्छ (निरन्तर भावना हुन्छ) त्यो वस्तु अवश्य प्राप्त भै हाल्छ—अभ्यासविना प्राप्त हुँदैन।

आत्माको अभ्यास धेरै एकाग्र भएर गरेपछि आत्मा प्राप्त भैहाल्छ—नत्र हुँदैन ।

२६९. जसलाई जगत्को पदार्थ प्राप्तिको इच्छा हुन्छ उसलाई आत्मपद प्राप्त हुँदैन। जसलाई आत्मपद प्राप्तिको इच्छा हुन्छ त्यसलाई आत्मा नै प्राप्त भैहाल्छ—जगत्को पदार्थ भासमान हुँदैन ।

जगत् हो सङ्कल्प मात्र—जस्तो जस्तो निश्चय हुन्छ त्यस्तो त्यस्तो भासित हुन्छ । मनुष्य जस्तो भावना गर्छ त्यस्तो रूप नै भैहाल्छ। यो जगत् अविद्याको परिणामले भ्रमले मात्र दृष्ट हुन्छ। यसको भावनालाई परित्याग गरेर आत्म पदको अभ्यास गर्नु—तब सारा दुःख नष्ट हुन्छ ।

सारा सृष्टि आत्मामा स्फुरित हुन्छ (आफ्नू चैतन्य स्वरूपमा भर्खर फुरेर आएको छ) । एक जनाको सृष्टि अरूले जान्दैन, जो धारणाभ्यासी योगी हो त्यसको अन्तवाहक शरीर प्रत्यक्ष हुन्छ र त्यो अरूको सृष्टिलाई पनि जान्दछ। जगत् भिन्न-भिन्न अन्तःकरणमा स्थित छ तर आफ्नू चैतन्यस्वरूपको आसरामा स्थित छ। उसमा आदि संवेदन फुरेको छ, त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो अन्तवाहक । जब योगी अन्तवाहकमा स्थित हुन्छ तब अरूको अन्तवाहक शरीरलाई पनि जान्न सक्तछ । यसरी अनन्त सृष्टि आत्मस्वरूपको आसरामा अन्तवाहक शरीरमा फुरिरहन्छ । अन्तवाहक शरीर हो आत्माको किञ्चन (चैतन्य-स्वरूपको चमत्कार, चैतन्यस्वरूपदेखि भिन्न कुनै वस्तु हैन) फुर्छ पनि र हराउँछ पनि । संवेदन फुरे सृष्टि उत्पन्न हुन्छ र नफुरे सृष्टि हराइहाल्छ र सबै आफ्नू स्वरूप भैहाल्छ । पहिले जो सृष्टि फुर्छ त्यो कारण कार्य क्रमरहित (संस्कार-रहित) फुर्छ, पछि कारण कार्य क्रम भास्दछ र फेरि त्यसको संस्कार हृदयमा उत्पन्न हुन्छ । तब संस्कारअनुसार भासेर आउँछ । जसलाई स्वरूपको प्रमाद (विस्मरण) हुँदैन त्यस-लाई सर्वदा परब्रह्मको निश्चय बनिरहन्छ र जगत् आफ्नू सङ्कल्प मात्र प्रतीत हुन्छ । जसलाई स्वरूपको प्रमाद हुन्छ त्यसको लागि जगत् संस्कारपूर्वक भासमान हुन्छ । संस्कार पनि कुनै वस्तु हैन । जगत् नै जब मिथ्या हो तब त्यसको संस्कार कसरी सत्य होला ? तर ज्ञानवान्को लागि यसको अनुभव हुन्छ र अज्ञानीको जगत् स्पष्ट प्रतीत हुन्छ (संस्का-रको बलले) ।

सङ्कल्प र चित् पदार्थ, स्मृति र स्वप्न सृष्टि जस्तो असत् हो जाग्रत् सृष्टि पनि त्यस्तै असत् छ । चित् संवित (शुद्ध चैतन्यस्वरूप) जब बहिर्मुख हुन्छ तब जगत् भासित् हुन्छ र जब अन्तर्मुख हुन्छ, तब आफ्नू स्वरूपलाई देख्दछ ।

आफ्नू स्वरूपको किञ्चन संवेदन जब स्फुरित हुन्छ तब स्वप्न जगत् बनेर आउँछ र जब बन्द हुन्छ तब सुषुप्ति प्रलय हुन्छ । स्फुरण हो सृष्टिको उत्पत्ति र स्फुरणको बन्द हुनु हो प्रलय । जसको आसरामा स्फुरण हुन्छ त्यो शुद्ध सत्ता अव्यक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निराकार चैतन्य हो—त्यो चैतन्य नै आकार भएर भासमान हुन्छ।

२७०. पहिला सृष्टि हो अकारण (काकतालीयवत्) र पछि त्यो सृष्टि भावमा कारण कार्य हुन्छ। जसको आत्म साक्षात्कार भएको छ त्यसको लागि जगत हा अकारण—ब्रह्मरूपले अनुभव हुन्छ। मनको स्फुरण (संवेदन) जब स्थिर हुन्छ (असंवेदन हुन्छ) तब सब जगत् कारण कार्यसहित ब्रह्मरूप प्रतीत हुन्छ।

जस्तो स्वप्न सृष्टि पहिले अकारण भासित हुन्छ र जब पछि दृढ हुन्छ (स्रष्टाको आफ्नू स्वरूप बिर्सन्छ) तब कारण-बाट कार्य बन्नु स्पष्ट देखिन्छ (माटोविना घट बन्दैन) तर जागेपछि सारा जगत् आत्मरूप अनुभूत हुन्छ।

जगत् संवेदनमा बसिराखेको छ। जबसम्म अहंभाव स्फुरित रहन्छ तबसम्म जगत् देखिन्छ। अहंभाव हराएपछि सबै जगत् आकाश झैं शून्य भैहाल्छ। जबसम्म अहं फुर्दै रहन्छ तबसम्म नाना प्रकारको जगत् भासमान हुन्छ र जस्तो भावना हुन्छ त्यस्तो नै भासमान हुन्छ। सब पदार्थ आफ्नू आफ्नू शक्तिमा—जस्तो आदि नीति भएको छ त्यो स्वभावमा बसिराखेको छ पहिले चित् अनु, त्यसपछि चित्त र त्यसपछि प्राण कला खडा हुन्छ। प्राण क्षुभित भए चित्त खेद प्राप्त हुन्छ र चित्त खेद प्राप्त भए प्राण पनि क्षुब्ध भैहाल्छ। प्राण स्थित भए जीवले शान्ति पाउँछ—प्राण स्थित नभए जीव जाग्रत् स्वप्न र सुषुप्ति अवस्थामा घुमिरहन्छ। जगत् भित्र पनि छैन बाहिर पनि पनि छैन केवल अद्वैत चैतन्यस्वरूप आफ्नू स्वभा-वमा बसिराखेको छ। त्यसको प्रमाद भए चित्तको वृत्ति जब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहिर्मुख हुन्छ तब जाग्रत जगत् देखिन्छ। बहिरिन्द्रियलाई परित्याग गरेर जब भित्र आउँछ तब स्वप्न जगत् देख्दछ र जब आफ्नू स्वभावमा स्थित हुन्छ तब अरू कल्पना हराइहाल्छ—सब कुछ ब्रह्म नै भास्दछ। त्यसकारण सब कल्पनालाई परित्याग गरीकन आफ्नू स्वरूपमा बसिरहू।

जाग्रत आदि अवस्था आउँछ र गइहाल्छ। जो यिनीहरूलाई अनुभव गर्छ त्यो सत्ता हो आफ्नू वास्तव स्वरूप र सर्वदा एकरस। जसलाई आफ्नू स्वरूपको अनुभव भएको छ त्यसको लागि सारा अवस्था आफ्नू किञ्चन भनी अनुभव हुन्छ तर जसलाई आफ्नू स्वरूपको प्रमाद हुन्छ त्यसको लागि जगत् भासमान देखिन्छ। जगत् चित्तबाट कल्पित हो।

२७१. जुन चित् अणुको इन्द्रियसित सम्बन्ध हुन्छ त्यसको लागि संसारको अभाव हुँदैन। जब इन्द्रियको अर्थलाई त्याग गरेर आफ्नू चैतन्यस्वरूपपट्टि आउँछ तब सारा जगत्लाई आत्मरूप जानेर सुखी भैहाल्छ। चित्त फुरेपछि जगत् देखिन्छ, चित्त स्थित भए ब्रह्मको अनुभव हुन्छ। जगत् हो ब्रह्मको आभास। चित्तको आसरामा सारा नाडी हुन्छ—उसमा स्थित भएर जीव तीनै अवस्थाको अनुभव गर्छ। स्वप्नमा वासनाअनुसार जोवले धेरै थोरै राजसी, तामसी र सात्विकी पदार्थ देखिरहन्छ। जाग्रत आदि तीन अवस्था तीन गुणबाट बनेका हुन्। यिनीहरूलाई जो जान्दछ (द्रष्टा) त्यो हो गुणातीत र सर्वात्मा। यो जगत् र स्वप्नको जगत् सङ्कल्प मात्र हो केही पनि उत्पन्न भएको छैन, ब्रह्मसत्ता नै किञ्चन् ले जगत्रूप भएर भासेको छ। अज्ञानी त्यसलाई जगत् भनी जान्दछ र जगत्लाई सत्य जानेर इष्ट अनिष्ट पदार्थमा राग द्वेष गरिरहन्छ। जब स्वरूपको अनुभव हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तब नै दृश्य दर्शन विकार नष्ट हुन्छ र शान्तपद प्राप्त हुन्छ।

२७२. जुन अवस्थामा सारा सम्बन्धको अभाव हुन्छ र आफ्नू चैतन्यस्वरूपदेखि भिन्न केही पनि रहँदैन त्यसको नाम हो सुषुप्ति। उसमा जो स्फुरण हुन्छ त्यसको तीन पर्याय हो (जाग्रत स्वप्न र सुषुप्ति) यिनीहरू सबै नै हुन् सत् मात्र वस्तु (आफ्नू शुद्ध अद्वितीय स्वयं प्रकाश आनन्दघनस्वरूप)।

त्यो सत् मात्र वस्तुमा अरू क्यै पनि उत्पन्न भएको छैन—सबै त्यसको पर्याय शब्द हो र त्यो रूप नै हो। त्यो सत्य वस्तु आफ्नू स्वभावमा विद्यमान छ र कहिले पनि अरू भाव प्राप्त हुँदैन। आत्माको नै नाम हो सुषुप्ति—आत्माबाट नै सब जगत् उत्पन्न हुन्छ (सुषुप्तिबाट नै सारा जगत् फुरेर आउँछ)। जसको नाम हो सुषुप्ति त्यो नै स्वप्न दृश्य बनेर भासित हुन्छ।

सुषुप्तिमा अद्वैत अनुभव हुन्छ—कुनै स्फुरण रहँदैन—र उसमा जो स्वप्न र जाग्रत भासित हुन्छ त्यो अधिष्ठान रूप नै हो। जसमा फुर्छ र जसमा भासित हुन्छ त्यसमा अरू भिन्न केही पनि बनेको छैन। जस्तो स्वप्न नगर र सङ्कल्प नगरको अनुभव हुन्छ—तिनीहरू हुन् आकाशरूप (सङ्कल्परूप, कुनै भिन्न वस्तु हैन), त्यस्तै यो जगत् आकाशरूप हो—शक्ति पनि आकाशरूप हो (वास्तविक हैन)। त्यो अवस्थामा ज्ञानी स्थित रहन्छ। स्वरूपलाई जानेपछि जगत्को भय नष्ट हुन्छ।

मनुष्य अन्तर्मुख भए बोध दृढ हुन्छ। विषयबाट वैराग्य र आत्माको अभ्यास गरे बुद्धि अन्तर्मुख भएर आत्मपद प्राप्त हुन्छ, अनि सारा सब एकरस आत्मा नै अनुभूत हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२७३. जस्तो मणि मंत्र र ओखतीको बलले असत्य पदार्थ सत्य भएर देखिन्छ र सत्य पदार्थ असत्य भनी अनुभूत हुन्छ त्यस्तै अभ्यासको बलले मेरो (सुतिराखेको मानिसको भित्र पसेको योगीको) त्यो पुरुषको (सुतिराखेको मानिसको) हृदयमा सृष्टि भास्न लाग्यो। संवित्‌मा जस्तो निश्चय दृढ हुन्छ त्यस्तै नै रूप भएर भासमान हुन्छ। वास्तवमा कुनै पदार्थ छैन—भित्र पनि छैन, बाहिर पनि छैन, जाग्रत स्वप्न सुषुप्ति केही पनि छैन। सारा सृष्टि भित्र हुन्छ र प्रमादले बाहिर देखिन्छ (जस्तो स्वप्नमा)। ब्रह्मस्वरूप नै अज्ञानले जगत्‌रूप प्रतीत हुन्छ।

जगत्‌को आदिमा शुद्ध केवल आत्मसत्ता थियो र उसमा चित् संवित् फुरेर जगत्‌रूपले भासेको थियो। अरू कुनै कारणले जगत् उत्पन्न भएको हैन। वास्तवमा केही पनि उत्पन्न भएको छैन—सारा जगत् हो शान्तरूप ब्रह्म मात्र।

२७४. जब दृढ बोध हुन्छ तब रागद्वेष आदि जीव धर्मले ज्ञानी पुरुषलाई विचलित गर्न सक्दैन। संसारलाई सत्य जानेर कुनै वासनाको उदय हुँदैन। दृश्यको अभ्यास धेरै कालदेखि भैरहेको छ, त्यसैले रागद्वेषले विचलित गरिहाल्छ। जब सत्शास्त्रको विचार र सत्संग जीवलाई प्राप्त हुन्छ र आत्माको अभ्यास दृढ हुन्छ तब दृश्यको सद्‌भाव निवृत्ति भैहाल्छ।

म को हुँ ? यो जगत् के हो ? जब यसको विचार गरेर आत्मपदको दृढ अभ्यास हुन्छ तब दृश्यको भ्रम निवृत्ति भैहाल्छ। असम्यक् ज्ञानले जगत् सद् भासेको थियो—जब सम्यक् ज्ञान हुन्छ तब जगत्‌को सत्‌भाव कसरी रहन्छ ? आत्मामा जगत् भ्रमले भासित हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वप्नको सत्य असत्य पदार्थ जस्तो सारा असत्यरूप हो त्यस्तै यो जगत् पनि असत्यरूप हो। स्वप्नको झैं जाग्रत पनि हो भ्रमरूप। दृढ प्रतीतिलाई सत्य भनेको छ, अदृढ प्रतीतिलाई असत्य भनेको छ, (दुवैमा प्रतीतिको भेद मात्र हुन्छ)। स्वप्नमा जुन पदार्थको भावना दृढ हुन्छ त्यो जाग्रतमा पनि प्रत्यक्ष देखिन्छ। मनोराज्यको दृढता जाग्रतरूप भैहाल्छ।

२७५. ज्ञानवान्को लागि जगत् संकल्प मात्र प्रतीत हुन्छ। संकल्पविना जगत्को कुनै रूप छैन—त्यसकारण सत्य पनि होस् अरू असत्य पनि होस्, सारा जगत हो भ्रम मात्र। ज्ञानवान्लाई सत्य असत्य केही पनि हुँदैन—सब हो ज्ञानरूप।

स्वप्नमा जस्तो—जाग्रतको स्मरण भए स्वप्न देखिदैन त्यस्तै जाग्रतरूप स्वप्नमा बोध स्मृति (म हुँ शुद्ध चैतन्य-स्वरूप यस्तो अनुभव) उदित भए बन्ध मोक्ष केही पनि रहँदैन। संवित्को स्फुरणले नाना प्रकारको पदार्थ भासित हुन्छ र नीति पनि भासमान हुन्छ। वास्तवमा जगत् र नीति क्यै पनि छैन। जगत् कारणविना अकस्मात् फुरेर आयो र हराइ पनि हाल्छ (संवेदन फुरे जगत्को अनुभव हुन्छ र संवेदन हराएपछि जगत्को पनि अभाव हुन्छ)।

आफ्नू चैतन्यस्वरूप भन्ने जो बुझिन्छ त्यो नै हो जाग्रत शब्दको वास्तव अर्थ। मनसहित इन्द्रियको संवेदनरूप जाग्रत हो स्वप्नको झैं—स्वप्नमा पनि संवेदन र ग्रहण हुन्छ। त्यसकारण जाग्रत कुनै वस्तु हैन—केवल शुद्ध चैतन्यस्वरूप वस्तु मात्र हो—जगत् उसैको चमत्कार हो (उसदेखि भिन्न हैन)। रत्नको जस्तो चमत्कार रत्नदेखि भिन्न हैन त्यस्तै जाग्रत् स्वप्न जगत् हो आफ्नू चैतन्यस्वरूपको चमत्कार मात्र। आफ्नू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चैतन्यस्वरूप वस्तु केवल आफ्नू स्वभावमा बसिराखेको छ—त्यो हो अनन्त—उसमा जगत् केही पनि उत्पन्न भएको छैन।

२७६. तरंग जस्तो पानीकै विलास हो त्यस्तै यो शरीर पनि अनुभवरूप हो—आफ्नू चैतन्यस्वरूपदेखि भिन्न केही पनि हैन। मनुष्यले जस्तो एक स्वप्नलाई छोडेर अर्को स्वप्न देख्दछ त्यस्तै यो जगत् पनि आफ्नू चैतन्यस्वरूपदेखि भिन्न हैन। जाग्रत स्वप्न सुषुप्ति र तुरीय यी चार हुन् आत्माको नै शरीर। सृष्टिको समष्टिता हो जाग्रत (विराट्), लिङ्ग शरीरको समष्टिता (स्वप्न) हो हिरण्यगर्भ, सुषुप्ति शरीरको समष्टिता हो अव्याकृत—(माया) र सर्व शरीरको समष्टिता हो तुरीय (शुद्ध चैतन्यस्वरूप आत्मा)। साक्षीभूत वस्तुलाई जान्नुको नाम हो तुरीय। चारै शरीर हुन् आत्माको नै—त्यो आत्मा हो वास्तवमा सदा निराकाश अचेत्य चैतन्य-स्वरूप। आकार हो कल्पना मात्र। आत्मा हो सर्व कल्पना-रहित। त्यसकारण सारा जगत् हो शुद्ध चैतन्यस्वरूप। सब पदार्थ हुन् संकल्प मात्र—जसमा सारा पदार्थ कल्पित हुन्छन् त्यो हो नाम रूपरहित। त्यसलाई देखेपछि (आफ्नू चैतन्य स्वरूपको साक्षात्कार भएपछि) सारा जगत् आत्मरूप भैहाल्छ।

२७७. आत्मसत्ता आफ्नू स्वभावमै स्थित भैरहेको छ। उसमा अहं यो चेतना—संवेदन फुरिहाल्छ र जगत् आकारको स्मरण हुन्छ—जस्तो जस्तो संकल्प फुर्दै जान्छ त्यस्तो जगत् भासित हुन्छ।

बालकको लागि जस्तो असत्य वेताल भासित हुन्छ र त्यसबाट बालकलाई भय हुन्छ त्यस्तै यो जगत् नभैकन पनि आफ्नू चैतन्यस्वरूपलाई बिर्सिएर भासिराखेको छ। परमात्म-सत्ता नै संवेदनको वशले जगत्रूप भएर भासिराखेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत् परमात्मरूप नै हो। चित् संवित् स्फुरणद्वारा जगत् आकार भएर भासित छ र उसमा नाना प्रकारको शब्द र अर्थ देखनमा आइराखेको छ। जब स्फुरणरहित हुंन्छ तब आफ्नू स्वरूपलाई देखिहाल्छ (आफ्नू ब्रह्मस्वरूपलाई प्राप्त गर्छ।) संकल्पको (स्फुरणको) जब दृढता हुन्छ तब कारण कार्यभाव भासित हुन्छ। जसको कारण कार्यभाव प्रतीत हुन्छ त्यसको लागि जगत् सत्य भासमान हुन्छ।

२७८. स्वरूपलाई बिर्सेपछि अहंता उदित हुन्छ र नाना प्रकारको विकार भासेर आउँछ। जब प्रमाद (स्वरूपलाई बिर्सनु) निवृत्त हुन्छ तब सब आत्मरूप अनुभूत हुन्छ। त्यसकारण सब कल्पनालाई त्याग गरेर आफ्नू स्वभावमा स्थित भै रहू—तिम्रो सारा संशय हराइहाल्छ। जुन सत्तामा त्यो समाधिवाला शरीर र स्वप्न-कल्पित हो त्यो सत्तालाई जान, तब तिम्रो सत्यपद प्राप्त हुन्छ। जाग्रत शरीर र स्वप्नको शरीर दुई नै हो असत्। दुई जगत् नै आत्मसत्तामा आभास फुरेको छ—त्यो हो आत्मरूप रत्नको चमत्कार। यो जगत् अकारण हो, कसैले यसलाई निर्माण गरेको छैन, यो हो स्वप्न मात्र। यो तिम्रो शरीर स्वप्नमा फुरेर आएको छ। जुन शरीरबाट यो दृष्ट भैरहेको थियो (अर्थात् तिम्रो जाग्रत शरीर) त्यो भस्म भएर गयो। त्यसकारण जगत् कुनै वस्तु हैन—केवल आदि अन्तरहित आफ्नू चैतन्यसत्ता निज स्वभावमा विद्यमान छ—त्यो हो तिम्रो स्वरूप। समुद्र जस्तो तरंगरूप हुन्छ त्यस्तै आत्मा—नाना प्रकारले भासेको छ—तर अरू केही पनि भएको छैन। ब्रह्म सत्ता हो निराभास—चैतन्य सत्ता नै जगत्रूपले भासमान देखिन्छ।

२७९. सारा संशय स्फुरणमा छ। मेरो स्फुरण नष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको छ यसकारण संसार पनि ममा छैन। जब दृढ अभ्यास हुन्छ तब शान्ति मिल्दछ र चित्तनिर्वाण नभई रागद्वेष हराउँदैनं ।

२८०. आत्मस्वरूपमा चेतनता संवेदन फुर्छ—म हुँ यस्तो भावनालाई चेत्य (दृश्य) भनेको छ । यो संवेदन नै देह-इन्द्रिय प्राण मन बुद्धि आदि दृश्य जगत्लाई कल्पना गर्छ । त्यसको परिणामले जगत् चित्तमा स्थित हुन्छ र चित्त (दृश्य किंवा चित्त) आत्माबाट फुरीकन प्रमादको बलले देहादिलाई कल्पना गर्छ । सब आकार अज्ञानले दृष्ट हुन्छ ।

देह इन्द्रियको अभ्यास मानिसको दृढ भएको छ—यस-कारण पुनः देह इन्द्रिय प्राप्त हुन्छ । जब देहादिबाट विमुख भएर आत्माको अभ्यास गर्छ तब आत्मपद प्राप्त हुन्छ र देह इन्द्रियको वियोग भैहाल्छ । म को हुँ म अचेत्य चैतन्यस्वरूप हुँ । यो जगत् के हो—जगत् हो मेरो आभास । जगत् कहाँ-बाट उत्पन्न भएको छ ? चित्तको स्फुरण (स्पन्दनवृत्ति) नै हो जगत्को कारण—त्यो चित्त नै ममा छैन—तब जगत् कसोरी हुन्छ ? जगत् ममा छैन । म मेरो—आफ्नू प्रकाश-स्वरूपमा नै स्थित रहेको छु । यसरी सारा अर्थबाट मनलाई शून्य तुल्याईकन आफ्नू स्वरूपमा बसिदिए परमानन्द निर्वाण प्राप्त भैहाल्छ।

२८१. जस्तो यो सृष्टि हो त्यस्तै त्यो सृष्टि पनि हो । वास्तवमा यो सृष्टि पनि सत्य हैन त्यो सृष्टि पनि सत्य छैन। दुवै सृष्टि हुन् भ्रम मात्र । त्यो हो सत्यवस्तु जो मन र इन्द्रियको अगम्य हो—त्यो आफ्नू चैतन्यस्वरूप हो । त्यो नै हो परमात्म सत्ता र परमसत्ता, उममा सब कुछ उत्पन्न भएको देखिन्छ । जगत् हो संकल्प मात्र—भिन्न भिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संकल्पको मिलिहाल्नुमा के आश्चर्य छ? अधिष्ठानमा सब कुछ मिल्छ (किनकि त्यो हो कल्पना मात्र)।

२८२. मनुष्य जब सुत्दछ तब अनुभवरूप भैहाल्छ। फेरि स्वप्नमा स्वप्न नगर देखिन्छ। जस्तो आकाशमा विरुद्ध पदार्थ भासित हुन्छ त्यस्तै एक संकल्पसित अरू संकल्प मिलिदिन्छ—यसमा आश्चर्य छैन।

सब आकार भएर देखिन्छ तापनि आत्मसत्ता हो निराकाररूप। ब्रह्मसत्ता नै यस प्रकार भासमान हुन्छ। यो सृष्टि हो आत्माको आभास मात्र। ब्रह्मसत्तामा अनन्त जगत् फुरिरहन्छ—तर जीव आफ्नू सृष्टिलाई मात्र जान्दछ। एकज़नाको सृष्टिलाई अर्कोले जान्दैन।

२८३. आफ्नू स्वरूपलाई यथार्थ नजान्नुको नाम हो अविद्या। इन्द्रियको विषय शब्द (स्पर्श आदि) देखिन मात्र सुन्दर हो, तर यिनीहरूसित जब स्पर्श हुन्छ तब तृष्णारूपी काँढा बिझिहाल्छ र विषय भोगको परिणामले रागद्वेष र कष्ट प्राप्त हुन्छ। विचार गरेपछि अविद्या नष्ट भैहाल्छ। अविद्यारूप पदार्थलाई जो भावना गर्छ त्यो मूर्ख हो। अनन्त ब्रह्माण्ड फुरिराखेको छ--यिनीहरू सारा हुन् अविद्याका विलास मात्र। सबै पदार्थ हुन् संकल्परूप र अविद्यारचित। जो यसको निम्ति तृष्णा गर्छ त्यो मूर्ख मानिस हो। त्यसले बाँचिरहनु वृथा हो--आत्म विचार गरे अविद्याको विलासरूप जगत्को अभाव हुन्छ।

२८४. जसलाई आत्माको प्रमाद हुन्छ त्यसको लागि देवता मनुष्य पशु-पक्षी आदि इष्ट अनिष्ट धेरै प्रकारका पदार्थ देखिन्छन् र कारण कार्य भावसहित जगत् पनि स्पष्ट भासित हुन्छ। जसलाई आत्माको अनुभव हुन्छ त्यसलाई सारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा नै प्रतीत हुन्छ। प्रत्यक्ष दृश्यमान जगत् हो दृष्ट सृष्टि र जो दृष्ट भएको छैन (देखिदैन) त्यो हो अदृष्ट सृष्टि— दुवै हुन् बराबर। सिद्धहरू आकाशमा सृष्टि रचिलिन्छन्— त्यो हो संकल्प मात्र।

यसरी यो जगत् हो सङ्कल्प मात्र। जस्तो जस्तो सङ्कल्प हुन्छ त्यस्तो-त्यस्तो रूप नै सृष्टि आत्मामा देखिन्छ। जसलाई आत्मा दृष्टि भएको छ त्यसको लागि सारा सृष्टि हो आत्मरूप, जसलाई आत्म दृष्टि भएको छैन त्यसको लागि सारा जगत् भिन्न-भिन्न भासित हुन्छ। जस्तो सङ्कल्प दृढ हुन्छ त्यस्तो रूप नै भएर पदार्थ भासमान हुन्छ। यदि तिम्रो यस्तो तीव्र संवेग हुन्छ कि आकाशमा नगर भैहालोस् तब त्यस्तो नै देखिन्छ। जो कुराको बारेमा मनुष्य दृढ निश्चय गर्छ त्यौ नै सिद्ध भैहाल्छ। यदि चैतन्यस्वरूपतिर एकत्र हुन्छ तब आत्मा नै सिद्ध हुन्छ। जगत्को सत्यतालाई त्यागीकन यदि कोही आत्मपरायण हुन्छ तब तीव्र भावनाको बलले मोक्ष प्राप्त हुन्छ। जबसम्म संसारको भावना भै रहन्छ तब सम्म संसार नै प्राप्त हुन्छ। आदि सृष्टि अकारण हो—पृथक् कुनै वस्तु भएको हैन, अधिष्ठानरूप मात्र हो—फेरि जस्तो जस्तो भावना हुँदै जान्छ त्यसअनुसार जगत् देखिन्छ। धर्म र अधर्मको भावनाअनुसार स्वर्ग र नरक भासेर आउँछ। जस्तो-जस्तो कर्म कोही गर्छ त्यस्तो-त्यस्तो जगत् देखिहाल्छ। जुन-जुन पदार्थको चिन्तना गर्दै शरीरलाई छोड्दछ त्यो नै प्राप्त भै हाल्छ। संसार केवल वासना मात्र हो जस्तो कोही निश्चय गर्छ त्यस्तै अनुभव गरिहाल्छ।

२८५. चैतन्य मात्र स्वरूपमा जुन चेतना (संवेदन) फुरेको हो त्यो जस्तो फुरेको थियो त्यस्तै स्थित भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जबसंम-कुनै भिन्न स्फुरण हुँदैन तबसंम त्यस्तै रहिरहन्छ। सारा शब्द र अर्थ (जगत्) जो भासित रहेको छ त्यो चैतन्यरूप नै हो—अरू कुनै भिन्न वस्तु हैन। जसको यस्तो यथार्थ अनुभव भएको छ त्यसको लागि जगत् स्वप्नपुर किंवा संकल्पनगर झैं प्रतीत हुन्छ। पृथ्वी आदि पदार्थ पिण्डाकार भास्दैन (सब ब्रह्मरूप भनी अनुभव हुन्छ)। ब्रह्मसत्ता ज्ञान संवित्रूप हो–आफ्नू स्वभावलाई कहिले पनि त्याग गर्दैन र अनुभवबाट सर्वदा प्रकाशित छ–उसमा अविद्या कहाँबाट आउला ? सारा जगत् जो भासमान् देखिन्छ त्यो शुद्ध चैतन्य-रूप हो। संवेदन (दृढ सङ्कल्प) द्वारा पिण्डाकार भान हुन्छ संवेदन (स्फुरण) निवृत्त भए सारा जगत् आत्मरूप भास्दछ। ब्रह्मसत्ता सर्वदा आफ्नू स्वभावमा अवस्थित छ। उसमा जस्तो स्फुरण हुन्छ त्यस्तो नै भान हुन्छ। सारा जगत् हो त्यसको चमत्कार कुनै भिन्न वस्तु हैन। यसको नाम हो परम बोध–यो बोधको दृढ़ता नै हो मोक्ष।

२८६. जसको बुद्धि शास्त्रको सहाराले तीक्ष्ण भएको छ र वैराग्य अभ्यासयुक्त– र निर्मल भएको छ तिनलाई आत्म-पद प्राप्त हुन्छ। अज्ञानले जगत् देखिन्छ। यो सारा जाग्रत जगत् स्वप्न मात्र हो। अल्पकालको नाम हो स्वप्न, दीर्घकालको नाम हो जाग्रत। आत्मामा दुइ नै हो तुल्य। चित्तको वृत्ति निर्विकल्प भए मोक्षको अनुभव हुन्छ र जबसंम वासना विकल्प—सत्य प्रतीत भै रहन्छ त्यहाँसंम बन्धको भान हुन्छ। बन्ध मोक्ष चित् सवेदनमा भासमान् छ। यसैले चित्तलाई निर्वाण गर—तब सारा कल्पना नष्ट हुन्छ।

पदार्थको प्रतिपादक शब्दलाई परित्याग गरेर निर्मल ज्ञानमात्र जो आफ्नू स्वरूप हो उसमा स्थित भैहाल। सारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवहार गर, तर हृदयमा परमपद प्राप्तिको लागि यत्न गर। सबै शब्दको अभाव गर—फेरि अभावको पनि अभाव गर। तब आफ्नू शुद्ध चैतन्य स्वरूप नै बाँकी रहन्छ। त्यो हो परम निर्वाणरूप—उसैमा स्थित रहू। हृदयबाट सारा कल्पनालाई परित्याग गर—यसरी आफ्नू स्वरूपमा स्थित रहू।

२८७. जस्तो आफ्नू चेतनता नै स्वप्नपुर भएर भासित हुन्छ त्यस्तै जगत्को पहिले जो चैतन्य सत्ता थियो त्यो नै जगत् रूपले भासिरहेको छ। जगत् आत्मादेखि भिन्न कुनै वस्तु हैन—त्यो आत्मरूप नै हो। आत्माको स्वभाव हो चैतन्य, त्यो आत्मसत्ता चेतनताले जगत् आकार भएर भासेको हो—यस्तो जानीकन परम शान्ति जो निर्वाण पद हो उसमा स्थित भैरहू।

आत्मा हो निर्विकार—किन्तु अज्ञान दृष्टिले नानाप्रकारको विकार देख्नमा आइरहेको छ। सारा विकारलाई निषेध गरीकन असत्य जानेपछि सारा विकारको अभाव भए आफ्नू चैतन्य स्वरूप बाँकी रहन्छ। सत् शास्त्र र सन्त-संगतिपूर्वक उनीहरूको तात्पर्य अर्थको जब दृढ अभ्यास हुन्छ तब आफ्नू स्वरूप सत्तामा स्थिति भैहाल्छ।

२८८. ज्ञानवान्लाई जगत्को पदार्थको लागि तृष्णा हुँदैन—किनकि ज्ञानी जगत्लाई मृगतृष्णा झैं असत् भनी जान्दछ र ब्रह्म भावनामा दृढ रहन्छ। अज्ञानीलाई जगत्को पदार्थको लागि भावना हुन्छ। आत्माको अनुभव भए जगत्—पदार्थको इच्छा रहँदैन। जो पुरुष इन्द्रियलाई जितीकन आत्मपदमा स्थित छैन त्यसलाई शान्ति प्राप्त हुँदैन।

विषयमा प्रसन्न नहुनु। यो शरीर हो नाशरूप। तब विषयलाई को भोग गर्छ? तिमी जाग र आफूलाई अविनाशी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र अच्युत परमानन्दरूप जान। यो जगत् मिथ्या भ्रमरूप उदित भएको छ, यसलाई परित्याग गर।

पुरुषको स्वरूप हो अचेत्य चिन् मात्र (दृश्यरहित चैतन्य मात्र)—उसमा जो संवित्को स्फुरण हुन्छ त्यसैको परिणामले ज्ञान संवित्को अन्तःकरण र दृश्य जगत्सित सबंध हुन्छ। जहांबाट चित् स्फुरित भएको हो त्यो ठाउँमा नै (आफ्नू शुद्ध चैतन्य स्वरूपमा नै) ज्ञान संवित्लाई--स्थित गर— त्यसो भए इन्द्रियको अभाव भैहाल्छ। तिमी इन्द्रियको वशमा जाँदैनौ। जो सारा पदार्थ जगत्मा दृष्ट भैराखेका छन् ती सारा असत्यरूप हुन्। तिनको निम्ति तृष्णा गर्नु हो मूर्खता। यी प्रत्यक्ष दृष्ट पदार्थहरूलाई परित्याग गरेर जब वृत्ति आत्माको अभिमुखी हुन्छ तब जान्नु कि मलाई इन्द्रपद प्राप्त भएको छ। विषयमा आसक्त हुनु हो ठूलो कृपणता। विषयबाट उपरत हुनु हो ठूलो उदारता। त्यसकारण मनलाई वशीभूत गर। मनलाई वश गरेपछि जगत् आत्मरूप भैहाल्छ। जतातिर मन जान्छ उतातिरबाट मनलाई फर्काइहाल्नू। यसरी दृश्य जगत्तिरबाट प्रत्यावृत भए मनको वृत्ति ज्ञान संवित् (साक्षीचैतन्य) तिर आइहाल्छ (आफूलाई निर्विकार चैतन्यरूपले अनुभव हुँदै रहन्छ) यसरी तिम्रो उदारता (आत्माकार वृत्ति) प्राप्त हुन्छ र शुद्ध आतमसत्ताको अनुभव भैरहन्छ। मनलाई स्थित गरे (विषयाकार हुन नदीकन मनलाई जागा राखे) सजिलोसित आत्माको अनुभव भैहाल्छ।

मनलाई स्थित गर्ने उपाय हो (१) ज्ञानी पुरुषको सङ्गत गर्नु र (२) दिन-रात सच्छास्त्रको विचार गर्नु। सदाकाल यस्तो उपाय अवलम्बन गरेपछि मन चाँडै नै स्थित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भैहाल्छ। जब मन स्थित हुन्छ तब आत्मपदको अनुभव भैहाल्छ।

चित्तमा तृष्णा र कामना रहन्छ। सम र संतोषद्वारा इन्द्रियमाथि विजय प्राप्त हुन्छ। इन्द्रियलाई जितेपछि चित्त विषयाकार हुन पाउँदैन र परिणामले आत्मपद प्राप्ति हुन्छ। जसले इन्द्रियलाई जितीकन आत्मपदलाई प्राप्त गर्‍यो त्यसको लागि नानात्व (जगत्) फेरि भान हुँदैन।

यो जगत् आत्माको आभास हो र बेसरी विचारपूर्वक देखेपछि नानात्व दृष्ट हुँदैन। आत्मसत्ता नै किञ्चन (चमत्कार, झलक) द्वारा जगत्‌रूपले भासेको छ। पानी जस्तो द्रव स्वभावले तरंग भएर देखिन्छ त्यस्तै आत्मसत्ता चेतनता (स्फुरण) वशात् जगत्‌रूपले भासित हुन्छ। आत्मबोध भए फेरि दृश्य भ्रम देखिदैन।

२८९. कर्म इन्द्रिय कर्त्ता—केही पनि उत्पन्न भएको छैन। स्वरूपमा जस्तो नाना प्रकारका क्रिया कर्म देखिन्छ तर त्यो आकाशरूप हो—क्यै पनि उत्पन्न भएको छैन, ठीक त्यस्तै जाग्रत जगत् पनि हो। आकाशरूप आत्मामा संङ्कल्प-रूप जगत् स्थिति भएको छ। जगत् हो आत्माको नै रूप (आफ्नू स्वभाव)। जब आत्मामा स्थिति हुन्छ तब म तिमी आदि शब्दको अभाव भैहाल्छ।

२९०. सुषुप्ति र तुरीय अवस्थाको भित्र अलिकति मात्र भेद छ सुषुप्तिमा अज्ञान र जडता रहन्छ, तर तुरीय अवस्थामा अज्ञान र जडता छैन—त्यो हो चैतन्य अनुभव सत्ता।

अल्पकालको अवस्था हो स्वप्न, चिरकालको अवस्था हो जाग्रत्। जाग्रत् र स्वप्न दुवै हो स्वप्नरूप, सुषुप्ति हो अज्ञान रूप—तुरीय हो जाग्रत् (किनकि यो जागरणमा फेरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रम प्राप्त हुँदैन)। चतुर्विध अवस्थामा चैतन्य मात्र घनीभूत भएर रहेको छ—त्यो चार अवस्थालाई देख्दैन।

जब प्राणको स्पन्दनलाई निरूद्ध गरेर मुमुक्षु आत्मातिरलाई चित्तलाई लगाउँछ, परस्पर ज्ञान मात्रको निर्णय र चर्चा गरिरहन्छ र ज्ञान मात्रको नै कथा कीर्तन गर्छ र त्यसमा प्रसन्न हुन्छ यस्तो जो नित्य जाग्रत् रहीकन निरन्तर प्रीतिपूर्वक आत्माको भजन गर्छ, जसलाई आत्मविषयिणी बुद्धि उदित हुन्छ परिणाममा तिनलाई शान्ति प्राप्त हुन्छ। जसलाई आतम अभ्यास हुन्छ तिनलाई अवेदन सत्ता शान्ति प्राप्त हुन्छ। आत्म-स्थिति प्राप्त भए तिनको लागि इन्द्रको राज्य पनि सुकेको पराल झैं तुच्छ देखिन्छ र सारा जगत् आत्मरूप प्रतीत हुन्छ। आत्मा देखि भिन्न केही पनि भास्दैन। आत्माभ्यासको बल बढेपछि र आतम वस्तुको अभावको अभ्यास दृढ़ भएपछि जगत्को अभाव भैहाल्छ र अद्वैत सत्ताको भान हुन्छ।

२९१. जीवमाथि दृश्यरूपी ठूलो बोझा परेको छ आत्माभ्यासको ठूलो बलले—मात्र यसको निवृत्ति संभव छ नभए हुँदैन।

आत्मामा जगत् केही पनि उत्पन्न भएको हैन। शुद्ध चिन्मात्रमा जब अहं फुर्छ तब त्यो संवेदन स्फुरण जगत्रूप भएर भामान हुन्छ। संवेदन जब अधिष्ठानको अभिमुखी हुन्छ तब त्यो अचेत्य चिन् मात्र (शुद्ध चैतन्य) अधिष्ठान रूप नै भैहाल्छ। स्फुरण र अस्फुरणमा चैतन्य मात्र नै विद्यमान रहन्छ—तर संवेदन फुरे जगत् देखिन्छ तर जगत् अरू केही वस्तु हैन—चैतन्यरूप नै हो। स्फुरण बन्द भए संवित् आफ्नू रूपमा स्थित हुन्छ। यसकारण ज्ञानवान् पुरुषको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि जगत् आत्मरूप प्रतीत हुन्छ—ब्रह्मदेखि भिन्न भान हुँदैन। जसको मन आत्मामा लाग्छ उनको लागि सब आत्मा नै भास्दछ—आत्मादेखि भिन्न जगत् केही भास्दैन। आत्मा को प्रमाद (बिर्सनु) भए जगत्तिर चित्त लागे—जगत् भासमान हुन्छ। स्वप्नमा जस्तो स्वप्न जगत् भास्दछ—जाग्रतको जगत् भास्दैन, त्यस्तै अज्ञानीको लागि जगत् भासेर आउँछ, ब्रह्म भास्दैन। जगत्को आदि र अन्तमा ब्रह्म सत्ता नै हुन्छ, मध्यमा पनि त्यो एकै सत्ता विद्यमान रहन्छ—आत्म सत्ता नै चेतनता (स्फुरण) वशात् जगत्रूपले भासमान हुन्छ। स्वप्नको सृष्टिको जस्तो आदि, अन्त र मध्यमा एकै ब्रह्म सत्ता विद्यमान रहन्छ—आत्मादेखि भिन्न केही पनि हुँदैन—त्यस्तै यो जगत् आदि अन्त र मध्यमा आत्मादेखि भिन्न हैन। ज्ञानवान्को सर्वदा यो निश्चय रहन्छ कि जगत् क्यै पनि उत्पन्न भएको हैन—उत्पन्न हुने पनि छैन केवल आत्म सत्ता सर्वदा आफ्नू स्वभावमा स्थित छ र सब पदार्थ हो ब्रह्म नै—म तिमी आदि अज्ञानले भासमान हुन्छ। स्वप्नमा जस्तो म तिमी आदि अनुभव हुन्छ तर तिमीहरू भिन्न-भिन्न वस्तु हैनन्—सब अनुभवरूप हुन् त्यस्तै यो जगत् सब अनुभवरूप नै हो।

सङ्कल्पनगर र स्वप्नपुर जस्तो अनुभवदेखि भिन्न हैन किन्तु स्वरूपलाई बिर्सेपछि आकाररूप भएर भासमान हुन्छ, त्यस्तै यो जगत् आकारयुक्त भासे तापनि ज्ञानरूपदेखि भिन्न हैन। सम्पूर्ण जगत् आत्मरूप हो तर अज्ञानवशात् भिन्न-भिन्न भासिराखेको छ। यो सब जगत् हो आफ्नू रूप। जब सबै आत्मरूप हो तब ग्राह्य ग्रहण आभास कसरी बन्ला ? यो हो मिथ्या भ्रम। ब्रह्मा स्फुरण भए तापनि उदित भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन किन्तु अचेत्य चिन् मात्र नै आफ्नू स्वरूपमा विद्यमान छ। उत्थान क्यै पनि भएको हैन। केवल अज्ञानको निश्चयमा नाना प्रकारको जगत् भासित हुन्छ। क्यै पनि उत्पन्न भएको छैन—कारण नभएको हुनाले सर्वदा एक रस आफ्नू चैतन्य स्वरूप नै विद्यमान छ।

२९२. जाग्रत र स्वप्न दुवै हुन् स्वप्नरूप। जाग्रत वस्तु हो आफ्नू चैतन्यस्वरूप—आत्मस्वरूपमा जाग्नुको नाम हो जाग्रत। जाग्रत स्वप्न र परलोक सबै हो स्वप्न मात्र। जो आदि स्वप्न हो उसमा दृढ अभ्यास भए जाग्रत भएर भास्दछ। यसैले जो सब आकार तिम्रो—सत्य भनी प्रतीत भैरहेको छ त्यो सारा हो निराकार आकाशरूप वस्तु (सङ्कल्परूप मात्र), केही पनि उत्पन्न भएको छैन। जगत्का सारा पदार्थ हुन्—स्वप्नमा देखिएको त्रिलोकी भ्रमको झैं निराकार आकाश रूप। अधिष्ठान आफ्नू चैतन्यस्वरूपमा जागेपछि सब पदार्थ आकाशरूप भैहाल्छ। अधिष्ठान आफ्नू स्वरूपमा जो ग्राह्य ग्राहक भाव भासिरहेको छ त्यो हो मिथ्या कल्पना मात्र—वास्तवमा केही पनि हैन। सारा जगत् हो मृगतृष्णाको पानी झैं मिथ्या—उसमा ग्रहण र त्याग केही पनि संभव छैन। यो उभयको कल्पना हटाइहाल। यो होस्, यो नहोस् यस्तो कल्पना-लाई परित्याग गरेर आफ्नू चैतन्यस्वरूपमा (साक्षीभावमा) स्थित भैराख—त्यसो भए पूर्ण शान्ति प्राप्त हुन्छ।

२९३. यो जगत्को पहिले अचेत्य चिन् मात्र थियो त्यो हो अशब्द पद—पछि त्यसमा जान्नु फुरचो र त्यसको आभास जगत् भयो। त्यो आभासमा जसको अधिष्ठानमा अहं प्रतीति रहन्छ उसको लागि जगत् आकाशरूप (सङ्कल्परूप) भसित हुन्छ—त्यसको अज्ञान रहँदैन। उ हो ज्ञानस्वरूप।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसलाई अधिष्ठानको प्रमाद हुन्छ (सारा कल्पनाको अधिष्ठान आफ्नू शुद्ध चैतन्यस्वरूपलाई जो बिर्सिहाल्छ)—त्यसको अज्ञान दशा र ज्ञान दशा दुवै हुन्छ। ज्ञानवानको लागि जगत् आत्मरूप हुन्छ। अज्ञानीको लागि भिन्न-भिन्न नामरूप जगत् भासमान हुन्छ। आत्मा हो निराभास—त्यसको अख्याति विपर्यय ख्याति असत्य ख्याति र आत्म-ख्याति हुँदैन। म आफूलाई जान्दिन यो हो अख्याति—आफूलाई देह इन्द्रियरूप जान्नु हो विपर्यय ख्याति, जगत्लाई असत्य जान्नु हो असत्य ख्याति र आत्मालाई आफ्नू स्वरूप जान्नु हो आत्मख्याति। यो चार ख्याति हो आफ्नू चैतन्यस्वरूपको आभास मात्र। आत्मसत्ता हो निर्विकल्प अचेत्य चिन्मात्र—उसमा वाणीको प्रवेश छैन।

२९४. परमार्थसत्ता चेतन पनि हैन जड पनि हैन। चेतनता (स्फुरण किंवा स्पन्दन किंवा संवेदन) स्वभाववशात् देखिन्छ—त्यो क्यै भिन्न हैन। सन् मात्र वस्तु सधैं आफ्नू स्वभावमा स्थित छ। कोही त्यसलाई जान्न सक्दैन। त्योदेखि कोही भिन्न छैन। सब पदार्थ र प्राणी हो त्यसको रेखा मात्र र त्यसभित्र अवस्थित। त्यसकारण त्यसलाई भिन्न रूपले कोही जान्न सक्दैन—अनुभवद्वारा आफूले आफूलाई जान्दछ। म—(वशिष्ठ) आफ्नू स्वभावमा स्थित भैकन त्यसलाई देखेको छु। त्यसमा स्थित भए अनुभवद्वारा त्यसलाई जानिन्छ। म पनि त्यो शिलाको रेखा हुँ—त्यसकारण त्यसमा स्थित भएर मैले त्यसलाई देखें। परमात्मा घन चैतन्यरूप भएको हुनाले त्यो हो शिलारूप। त्योदेखि भिन्न केही पनि छैन। पञ्चतत्व हो त्यसमा रेखा—त्यसकारण त्यो रूप। तिमी म सब हौं त्यो रूप—अरू केही पनि भएको हैन। पृथिवी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पानी तेज वायु आकाश मन बुद्धि चित्त अहंकार सारा पदार्थ र कर्म जो भान भैराखेको छ सब ब्रह्मरूपी शिलाको रेखा मात्र हो—अरू केही पनि हैन ।

२९५. नाना प्रकारको व्यवहार देखनमा आइराखेको छ—तर हो शिलारूप नै । आत्मा नै स्फुरणद्वारा यसरी भासिराखेको छ जस्तो पानी तरंग भएर भास्दछ । सबै हो घन ब्रह्मरूप—त्यसकारण सङ्कल्प (चितवृत्ति) लाई परित्याग गरेर त्यो स्वरूपमा स्थित भैराख ।

२९६. विचार गरेपछि जगत् रहँदैन। जगत् हो चैतन्यको चमत्कार । आफ्नू चैतन्यस्वरूपको किञ्चन फुरेपछि जगत् भएर भास्दछ ।

जगत् संस्कारबाट उत्पन्न भएको छैन—काकतालीयवत् अकस्मात् फुरेर आएको छ । यो जगत् हो आभास मात्र—आभासको अभाव कहिले पनि हुँदैन, किनकि त्यो हो आत्मस्वरूपको चमत्कार भिन्न केही पनि हैन । त्यसकारण त्यसको नाश पनि हुँदैन । आत्मसत्ता आफ्नू स्वभावमा स्थित रहेको छ—जगत् हो त्यसको आभास । आफ्नू स्वरूप हो अद्वैत, त्यसकारण त्यसमा कार्य कारण भाव छैन—जाग्रत् आदि केही पनि छैन—केवल अद्वैत सत्ता सब उत्थानरहित चिन् मात्र स्थित छ । त्यसकारण जगत् पनि हो त्यो रूप नै—क्रिया जो देखिन्छ त्यो वास्तवमा केही पनि हैन ।

२९७. अनुभवस्वरूप हो सधैं जाग्रतरूप । जस्तो पदार्थ अगाडि आउँछ त्यसलाई अनुभव गर्छ । जुन अवस्थामा पदार्थ विपर्यय भास्दछ त्यो अवस्थालाई स्वप्न भनेको छ । सारा पदार्थ विपर्यय भासेको छ (कुनै पदार्थ सत्य हैन)। जुन अव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थामा अज्ञान वृत्ति रहन्छ अर्थात् म आफूलाई जान्दिनँ यस्तो अनुभव भैरहन्छ त्यसलाई सुषुप्ति भनेको छ। तुरीय हो साक्षीभूतसत्ता—जो जाग्रत स्वप्न र सुषुप्तिलाई अनुभव गर्छ (प्रकाश गर्छ)। त्यो सर्वदा काल सबैलाई अनुभव गरिराखेको छ—त्यो हो प्रत्यक् चैतन्य (भित्र बलिराखेको आफ्नू स्वरूप)। तुरीयातीत हो अद्वैत सत्ता जसको अगाडि द्वैत केही छैन। उसमा जगत्को अत्यन्त अभाव छ। ज्ञानीको लागि तरंग बुद्-बुद केही पनि भास्दैन—सदाकाल चैतन्य समुद्र भास्दछ। पृथिवी आदि तत्व हुन् आफ्नू स्वरूपको किञ्चन—भिन्न केही उत्पन्न भएको छैन। आत्मामा जगत् उत्पन्न हुन्छ र लीन भैहाल्छ आत्मसत्ता जस्ताको तस्तै रहिरहन्छ। यो जगत् उत्पन्न नै भएको छैन, तब सत्य असत्य कल्पना, स्मृति, भित्र, बाहिर कस्तो वस्तु होला? अद्वैत सत्तामा कुनै कल्पना छैन। जस्तो स्वप्नको सृष्टि आफ्नू अनुभवरूप हो र त्यो नै सृष्टि भएर बाहिर भासमान् हुन्छ तर वास्तवमा यहाँ भित्र बाहिर केही पनि हैन सब हो भ्रमरूप। इच्छा स्मृति विद्या अविद्या इष्ट अनिष्ट आदि सारा शब्द हो आत्माको नाम—आत्मादेखि भिन्न कुनै पदार्थ छैन। तिमी जाग र हेर सब हो तिम्रो नै स्वरूप। शब्द अर्थको विचार सङ्कल्प उठे मात्र हुन्छ। सङ्कल्प तब फुर्छ जब तिम्रो शुद्ध चैतन्यस्वरूपमा अहं अभिमान हुन्छ। यो अहंलाई (म भावलाई अर्थात् सङ्कल्पकर्त्ता संवेदनलाई) आफ्नू चैतन्यस्वरूपमा लीन गरिदेऊ। चित्तलाई निर्वाण गरे सब जगत् शान्त भैहाल्छ—द्वैत कल्पना सब नष्ट हुन्छ। यो मोक्ष शास्त्रको विचार गर र सङ्कल्प त्याग गरीकन आफ्नू परमानन्द स्वरूपमा स्थित भैराख।

जस्तो समुद्रमा तरंग स्वाभाविक फुर्छ—त्यस्तै संवित्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्ता (तिम्रो चैतन्यस्वरूप) बाट आदि सृष्टि फुरेको छ र जस्तो तरंग आफ्नू सत्ताबाट बढ्दैछ त्यस्तै आत्मसत्ताबाट जगत् विस्तृत हुन्छ—त्यो आत्मादेखि भिन्न हैन । जब चिन्मात्र आफ्नू स्वरूपको अभ्यास बहिर्मुख फुर्छ तब चार अन्तःकरण बन्दछ—उसमा जस्तो निश्चय हुन्छ त्यसलाई नीति भनेको छ । त्यो पहिले अकस्मात्—(कारणविना) स्वाभाविक फुरेर आउँछ र आभास मात्र हो—उसमा दृढता भए नीतिरूपले स्थित हुन्छ । वास्तवमा द्वैत क्यै पनि छैन । यथार्थ ज्ञानीको लागि सब पदार्थ आत्मा नै अनुभव हुन्छ, चैतन्य आत्माको आभास हो चेत्य । त्यो चेत्य आभासलाई (दृश्यलाई) असम्यक् दृष्टिले भिन्न भिन्न पदार्थ भनी अज्ञानी जान्दछ । सम्यक्दर्शीले सब कुछ आत्मरूप नै देख्छ । सर्वगत आत्मरूपो भित्तामा जो लिखित चित्र हो त्यो आत्मादेखि भिन्न हैन । जस्तो स्वप्न कालमा अनुभव आकाशमा (अनुभवस्वरूप आफ्नू चैतन्यमा) पृथ्वी आदि तत्व भासेर आउँछ—त्यो चैतन्य मात्र नै आकार भएर भास्दछ, अरू केही उत्पन्न भएको हैन त्यस्तै यो जाग्रत जगत् पनि अनुभवरूप नै हो । चिन्मात्र आत्मामा जस्तो सृष्टि आभास मात्र हो त्यस्तै कारण कार्यभाव पनि आभास मात्र हो । आभासको दृढताले कारण कार्यभाव देखिन आउँछ, तर आदि सृष्ट कारणभावरहित हो । स्वप्नमा जस्तो अद्वैत हो, जाग्रतमा पनि सदा अद्वैत छ । पदार्थको अनुभव र स्मृति हो मिथ्या । अनुभव सत्ता नै जगत्रूपले—भासमान हुन्छ । त्यो हो सदा नै जाग्रतरूप (अनुभव सत्ताको कहिले पनि अभाव हुँदैन) । जब त्यसको अभाव हुन्छ तब जगत् र स्मृति रहँदैन । अनुभव (प्रकाश) हो स्वतः सिद्ध—उसमा जो पदार्थ भास्दछ त्यो अनुभवरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो—त्यस्तै यो सारा दृश्यमान् पदार्थ—अनुभवरूप हो—भिन्न केही पनि हैन ।

२९८. यो सारा जगत् आत्मरूप हो । सब जगत् हो अकारण र आफ्नू चैतन्यस्वरूपको आभास—कारणबाट केही पनि उत्पन्न भएको हैन ।

अनुभवरूप आत्म चैतन्य सदा समीपमा विद्यमान छ—उसलाई जानेपछि सब अद्वैतरूप भान हुन्छ। अज्ञानीले आत्म-स्वरूपलाई जान्दैन र विपर्यय बुद्धिले देहादिलाई आत्म भनी मान्दछ । जसको आफ्नू चैतन्यस्वरूपमा अहं प्रतीति भएको छ तिनको लागि सारा जगत् आत्मरूप प्रतीत हुन्छ ।

२९९. अचेत्य चिन् मात्र आफ्नू स्वरूपमा अहं फुरेपछि चेत्य (दृश्य) लाई जान्दछ र शब्द अर्थको कल्पना गर्छ । ईश्वर जीव ब्रह्मा इन्द्र वरुण कुबेर पृथ्वी पानी तेज वायु अकाश देश काल इत्यादि शब्द र अर्थ स्फुरणमा बनिहाल्छ। ब्रह्म नै स्फुरणवशात् जगत्को आकार भएर भासमान छ । स्फुरणरहित भए जगत् आकार हराउँछ । स्वप्नमा जस्तो आफ्नू अनुभव नै पहाड वृक्ष आदि नाना प्रकारको जगत् भएर भासमान हुन्छ त्यस्तो ब्रह्मसत्ता नै जाग्रत जगत्रूप भएर भासेको छ । त्यो ब्रह्म सत्ता नै कहिले अन्तवाहक कहिले आधिभौतिक कहिले ईश्वर र कहिले जीव भएर भासित हुन्छ ।

आत्माकाशमा (चैतन्यस्वरूप आफूमा) जगत् हो आत्म-रूप—उसमा जगत् जस्तो आभास हो त्यस्तै स्मृति अनुभव पनि हो आभास । त्यो जगत्को कारण हुन सक्दैन ।

३००. आत्म सत्ता हो अद्वैत । उसमा आभास स्मृति अनुभव जाग्रत र स्वप्न कल्पना केही पनि हैन—स्फुरण पनि कुनै वस्तु हैन । जगत् भिन्न देखिन्छ तर त्यो हो अचेत्य चिन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मात्र स्वरूप। स्वप्नमा जस्तो आफू नै सब कुछ भएर भासित हुन्छ त्यस्तै—यो जगत् आफूमा भासिराखेको छ—तर केही पनि भएको हैन।

सुख दुःख जब हुन्छ तब चित्तसित जगत्‌को सम्बन्ध हुन्छ। जगत्‌सित चित्तको सम्बन्ध जब रहँदैन—चित्त जब चैतन्य रूप भैहाल्छ—तब उपाधियुक्त सुख दुःख रहँदैन। जसको बुद्धि अद्वैत स्वरूपमा घनीभूत भएको छ तिनलाई द्वैतरूप जगत् पदार्थ भास्दैन—सुख दुःखको कसरी भान होला? आफ्नू स्वरूपलाई बिर्सीकन जीवले कष्ट पाउँछ।

३०१. विचाररूपी मित्रले ज्ञानीलाई तृष्णारहित तुल्याउँछ र आत्मस्वरूपमा स्थिति गरिदिन्छ। विचार सधैं ज्ञानीको साथ रहन्छ र सब काम गर्छ। परमार्थको निरूपणको बारेमा ज्ञानी शेषनाग र बृहस्पति झैं हुन्छ। ज्ञानी सदा सावधान रहन्छ।

यो जगत् वास्तवमा ज्ञानस्वरूप हो—ब्रह्म सत्ता नै स्फुरणवशात् जगत्‌रूपले भाएको छ। जगत्‌को कारण केही पनि छैन।

पहिले पनि जगत्‌लाई महाप्रलयरूप (अद्वैत सत्ता) भनी जान्नु। विषय इन्द्रिय र मनका वृत्तिहरू हुन् ब्रह्म स्वरूप। स्वप्नमा जस्तो अनुभव (आफ्नू चैतन्यस्वरूप) विद्यमान रहन्छ र त्यो नै नाना प्रकारको जगत् आकार र इन्द्रिय भएर भासमांन हुन्छ—अरू केही पनि भएको हैन त्यस्तै यो जगत् पनि अनुभवरूप हो। यो जगत् आत्माको आभास हो। जसमा यो जगत् आभास फुरेको छ त्यो अधिष्ठान हो ब्रह्मसत्ता। तिम्रो अगाडि भासिराखेका सारा पदार्थहरू ब्रह्मस्वरूप हुन्। मनोराज्य जस्तो अनुभवरूप हो त्यस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टिको पहिले जो अनुभव विद्यमान थियो यो सृष्टि हो त्यो अनुभवरूप नै—अरू क्यै पनि उत्पन्न भएको छैन। अनुभव सत्ता नै सृष्टिरूपले भासेको छ।

३०२. एक देशबाट अर्को देशमा जो संवित् प्राप्त हुन्छ त्यसको बीचमा जो अनुभव उपलब्ध हुन्छ त्यो नै हो तिम्रो स्वरूप—अरू सब (दृश्य) हुन् आभास मात्र। जाग्रत्लाई छोडेर स्वप्न शरीरसित मिलेको छैन—जाग्रत् र स्वप्न देश-को बीचमा स्थित भएको जो तिम्रो चैतन्यस्वरूप (संवित्) त्यो ब्रह्म सत्ता नै हो तिम्रो स्वरूप। त्यो प्रकाशरूप आफ्नू स्वभावमा स्थित छ। जाग्रत जगत् जो भासमान देखिन्छ त्यो पनि हो स्वयं प्रकाश ब्रह्मस्वरूप। जगत् हो ब्रह्मको स्वभाव (अभिन्नरूप) अज्ञानी अनुभव सत्तालाई दबाइदिन्छ र शश श्रृङ्ग झैं असत्य जगत्लाई प्रत्यक्ष जान्दछ। सब पदार्थको प्रकाश र तेजसत्ता हो आत्मा नै। आत्मस्वरूपमा सूर्य आदि भासमान छ। ज्ञानवान्को लागि जगत् केही पनि उत्पन्न भएको छैन।

सारा शब्दरहित र साराको अधिष्ठान हो आत्म सत्ता। स्वप्नमा जस्तो पृथ्वी आदि तत्व प्रतीत हुन्छ तर केही पनि उत्पन्न भएको हैन केवल आत्मसत्ता आफ्नू स्वरूपमा स्थित रहन्छ र उसमा जगत् भासमान हुन्छ त्यस्तै अहिले जो नानात्व भासिराखेको छ त्यो केही पनि हैन र पहाड आदि स्थूल पदार्थ देख्नमा आइराखेको छ त्यो अणु मात्र पनि छैन।

सुषुप्तिमा अद्वैतरूप हुन्छ—फेरि सुषुप्तिबाट स्वप्न फुरेर आँउछ र फेरि सुषुप्तिमा लीन भैहाल्छ तब उत्पन्न र लीन भएको कि। (केही पनि उत्पन्न र लीन भएको छैन) स्वप्नको आदिमा र अन्तमा अद्वैतसत्ता नै रहन्छ र बीचमा जो भासित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ (स्वप्न) त्यो पनि हो त्यै रूप–आत्मादेखि भिन्न केही पनि हुँदैन । जगत् हरहालतमा हो अनुभवरूप । जस्तो स्वप्न सृष्टिबाट जो जागेको छ त्यसको लागि स्वप्न सृष्टि अद्वैत आफ्नू स्वरूप भान हुन्छ, त्यस्तो तुरीय अवस्थामा सधैं आफ्नू चैतन्यस्वरूप नै भासमान भै रहन्छ ।

३०३. तुरीय हो जाग्रत् सत्ताको नाम । जो अनुभव साक्षी ज्योति हो त्यो जाग्रत्मा पनि साक्षीरूप, स्वप्नमा पनि साक्षीरूप र सुषुप्तिमा पनि साक्षीरूप छ । यसकारण सारा अवस्थाहरू हुन् तुरीयरूप । अज्ञानीलाई भिन्न भिन्न अवस्था प्रतीत हुन्छ ।

३०४. एक पदार्थलाई वृत्तिले त्याग गऱ्यो तर दोस्रो पदार्थलाई ग्रहण गरेको छैन यस्तो मध्य स्थलमा (संधि स्थलमा) जो अनुभव ज्योति उपलब्ध हुन्छ (जो आफ्नू चैतन्यस्वरूप स्वयं अनुभवमा आइहाल्छ) त्यो नै हो आत्म-सत्ता—(आफ्नू वास्तवरूप)—उसमा फेरि जो कुछ भास-मान हुन्छ त्यो हो—त्यै रूप नै ।

जस्तो जाग्रत खतम भयो, स्वप्न आएको छैन यस्तो सन्धिकालमा साक्षी अनुभव मात्र विद्यमान रहन्छ र त्यो सत्तामा स्वप्नकालको शरीर पदार्थ भासमान हुन्छ—त्यो पनि हो चैतन्यरूप ठीक त्यस्तै जाग्रतको पहिले अनुभूत हुन्छ जो आफ्नू स्वरूप त्यस्ता जाग्रतको शरीर र पदार्थ जो भास-मान देखिन्छ त्यो सब हो आफ्नू स्वरूप । यस्तो जानेपछि कुनै दुःखले पनि छुँदैन । स्वप्नकालमा आफ्नू जाग्रत स्वरूपको स्मृति भए जस्तो स्वप्नकालीन कुनै दुःखको अनुभव हुँदैन किन्तु सारा व्यवहार भैरहन्छ तापनि त्यो अद्वैत आफ्नू रूप भैहाल्छ—तैजस् पुरुषले सारा व्यवहार गरे तापनि आफ्नू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निश्चयमा केही पनि फुर्दैन, ठीक त्यस्तै जो पुरुष जाग्रतको पहिले अनुभूत भएको आफ्नू स्वरूपमा जागेको छ त्यसको लागि सारा जगत् आत्मरूप नै भान हुन्छ ।

ज्ञानवानको आत्मदृष्टि हो स्वाभाविक । तिनलाई आत्मानन्द प्राप्त हुन्छ र ती सधैं आफ्नू स्वभावमा नै स्थित रहन्छन् । त्यसकारण तिनको कुनै प्रकार कल्पना उठ्न सक्दैन—तिनको सधैं निरावरण दृष्टि रहिरहन्छ ।

३०५. आकाश रूप हो (सङ्कल्परूप विराट्को) अंग कसरी भासमान हुन्छ ? जस्तो स्वप्नमा ठूलो पहाड र पर्वत प्रत्यक्ष देखिन्छ तर वास्तवमा केही पनि छैन त्यस्तै आदि विराट् पनि केही छैन—त्यो हो आकाशरूप (सङ्कल्परूप)—यसकारण त्यसको अंग आकाररूप कसरी होला ।

३०६. यो जगत्को पहिले केवल अद्वितीय आत्म सत्ता थियो—उसमा स्मृति किंवा अनुभव केही पनि भएको छैन । सब कुछ ब्रह्म नै आफ्नू स्वरूपमा स्थित रहेको छ र जस्तो जस्तो उसमा स्फुरण हुन्छ त्यस्तो रूप भएर त्यो भास्दछ—तर अरू कुनै वस्तु भएको हैन ।

जगत्को स्फुरणमा किंवा त्यसको अभावमा ब्रह्म सत्ता एकनास रहन्छ—उसमा कारण कार्यभाव क्यै पनि हैन । जगत् हो आत्माको अवयव (अंग) आत्मामा प्रकट हुन्छ र लीन भैहाल्छ--आत्मादेखि भिन्न केही पनि हैन । चित् स्वभावको स्फुरण हो जगत्—आरंभ किंवा परिणामबाट जगत् उत्पन्न भएको हैन । स्वप्नको सृष्टि जस्तो आफ्नू अनुभवमा (चैतन्यस्वरूपमा) स्थित रहन्छ, सारा स्वाप्निक पदार्थको अधिष्ठान हो अनुभव सत्ता—तर निद्रादोषले भिन्न भिन्न पदार्थ भास्दछ—त्यस्तै अज्ञानीको लागि जगत् भिन्न भिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भान हुन्छ तर स्वरूपमा जागेको ज्ञानवान्‌लाई भिन्न केही पनि भास्दैन--त्यसको लागि सब कुछ आफ्नू स्वरूप देखिन्छ। सारा अर्थको अर्थभूत हो ब्रह्म—उसमा सारा पदार्थ कल्पित हुन्छ । मन हो आत्मामा कल्पित ।

३०७. स्वप्नको पहिले जस्तो अद्वैत सत्ता विद्यमान छ र उसमा अकारण स्वप्न सृष्टि फुरेर आउँछ—त्यस्तो जाग्रतको पूर्व क्षणमा विद्यमान भएको अद्वैत आफ्नू चैतन्य स्वरूपमा अकारण आदि सृष्टि फुरेको छ । अरू क्यै पदार्थ हैन—सब हो चिदाकाशरूप ।

तरंग जस्तो आफूलाई पानीरूप जान्दछ त्यस्तै जीव यदि आफूलाई परमात्मदेखि अभिन्न म आत्मा नै हुँ—भनी जानोस् त त्यसको जीवभाव नष्ट भै हाल्छ । द्रवतावशात् जस्तो पानी तरंगरूप भैहाल्छ त्यस्तै संवेदनवशात् चैतन्यस्वरूप आफू नै ब्रह्मा भएर भासेको छ र ब्रह्मा मनोराज्यबाट यो जगत्‌लाई खडा गरेको छ । जगत् हो आकाशरूप (सङ्कल्प मात्र) निराकार—क्यै पनि उत्पन्न भएको हैन ।

आत्मामा घन चेतनताले जगत भासेको छ । जस्तो कसैको निश्चय हुन्छ ब्रह्म त्यसअनुसार त्यसको लागि भासित हुन्छ । समुद्र जस्तो द्रवतावशात् तरंगरूप भएर भासमान हुन्छ त्यस्तै चैतन्य ब्रह्म जगत्‌रूपले भासित छ । वास्तवमा दुःख केही पनि हैन । दुःख र सुख अज्ञानवशात् प्रतीत हुन्छ । स्वप्नबाट जागेपछि जस्तो स्वप्नको सृष्टि असत्य हुन्छ त्यस्तै ज्ञानीको लागि यो सृष्टि हो असत्य ।

३०८. सम्यक्‌दर्शीले जगत्‌लाई असत्य भनी मानेको हुनाले जगत्‌को पदार्थमा इच्छा गर्दैन । समुद्रमा जस्तो तरंग स्थित रहन्छ त्यस्तै ईश्वर परमात्मामा जगत् बसेको छ । आत्मा र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत्मा कुनै भेद छैन । जगत्को कारण छैन—अविद्या र जगत् परमात्मामा आभास मात्र हो । अविद्या जगत्को कारण हुन सक्दैन । स्वप्नमा जस्तो घट कुमाल र माटो एकै साथ भासेको हुन्छ त्यस्तै परमात्मा जगत् र अविद्या एकसाथ भासेको छ । यो आभास कुनै वास्तव वस्तु हैन । निर्विकल्प अवस्थामा जगत्को अत्यन्त अभाव हुन्छ । चित्तको वृत्ति नफुरे अभाव वृत्ति (सुषुप्तिको झैं) रहिरहन्छ । यसकारण सम्यक् बोधको नाम हो निर्विकल्प । साक्षात्कार कालमा बाधित जगत्को अभाव दर्शन उत्ति संस्कारवशात् संभव हुन्छ । दृश्यको अत्यन्त अभाव भए मुक्ति सिद्ध हुन्छ । आत्मानुभव आकाश (स्वयं प्रकाश शुद्ध चैतन्यस्वरूप) देखि भिन्न कुनै उठान त्यहाँ छैन। आत्मा हो अद्वैत । जगत्को अत्यन्त अभावलाई जान्नुको नाम हो बोध । यो बोधको दृढता—यस्तो ध्यानको दृढता भए परमपद (निर्वाण, मोक्ष) प्राप्त हुन्छ ।

अध्यात्मशास्त्रको अर्थ अभ्यास गरे मोक्ष प्राप्त हुन्छ । ब्रह्मगा संवेदन फुरे जगत् भासित हुन्छ र निर्वेदन भएर अन्तर्मुख भैकन अधिष्ठानतिर लागे जगत्को अभाव भैहाल्छ । सारा जगत् हो ब्रह्मस्वरूप—ब्रह्मदेखि भिन्न केही पनि हैन—भिन्न भएर जो प्रतीत हुन्छ त्यो हो भ्रम मात्र । आत्मपदको अभ्यास भए भ्रम शान्त भैहाल्छ । आत्मसत्ता नै सृष्टि आकार भएर भासमान छ (स्वप्नको सृष्टि झैं) । स्वभाव निश्चय-पूर्वक देखेपछि सारा भ्रम नष्ट हुन्छ । सृष्टि स्थिति र प्रलय सारा हो आत्माको संज्ञा—दोस्रो वस्तु केही पनि हैन ।

३०९. जगत् अबुद्धिपूर्वक अकस्मात् फुरेको छ—त्यो आभास सत्तामा जगत्को सङ्कल्प दृश्य भएको छ, त्यसैले कारणबाट कार्यको उत्पत्ति—प्रतीत हुन्छ । तर आत्मस्वरूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थित भए सब जगत् आत्मस्वरूप नै भैहाल्छ । कारण कार्य-भाव अज्ञानीको निश्चयमा हुन्छ । अज्ञानीको मोह दृष्टिमा कारण कार्यभाव प्रतीत हुन्छ । स्मृति संस्कार र जगत्को अनुभव सारा हो आभास मात्र । सारा कलना (चित्तवृत्ति) लाई त्याग गरेर जगत्लाई आभासरूप जानिहाल । स्मृति संस्कार अनुभव र जगत् एकै साथ फुरेको छ—यिनीहरूमा कुन हो कारण कुन हो कार्य यो भन्न सकिदैन । यो सारा जगत् जो भासमान देखिन्छ त्यो हो आफ्नू स्वरूपको आभास—आत्म सत्ता नै यसरी प्रतीभात भैरहेको छ । जब चित् संवेदन फुर्छ तब जगत्रूप भएर भासित हुन्छ र जब स्फुरणरहित हुन्छ तब जगत्को आभास नष्ट हुन्छ । जगत्को उत्पत्ति र प्रलयमा आत्मसत्ता ज्यौंका त्यौं रहिरहन्छ । स्फुरण र अस्फुरण हो संवेदनको स्वभाव । जस्तो एकै अनुभव सत्तामा स्वप्न र सुषुप्ति कल्पित हुन्छ —स्वप्नमा जगत् भास्दछ र सुषुप्तिमा जगत् हराउँछ—तर दुवै अवस्थामा अनुभव एकनास रहिरहन्छ, ठीक त्यस्तै संवित् फुरे (संवेदन उठे) जगत् भासित हुन्छ—नफुरे अच्युतरूप (शुद्ध चैतन्यरूप) रहिरहन्छ—तर दुवे अवस्थामा आत्मसत्ताको कुनै परिवर्तन हुँदैन । जो कुछ जगत् भासेको देखिन्छ त्यो आत्मादेखि भिन्न हैन किन्तु आत्म-स्वरूप नै हो—जगत्को उत्पत्ति स्थिति र प्रलय हो आत्माको आभास मात्र—त्यो आस्थाको योग्य हैन ।

दिनको आधा किंवा एक प्रहर यो वाशिष्ठ शास्त्रको विचार गर्नु—त्यसो भए जगत् भ्रान्ति निवृत्त हुन्छ ।

३१०. यो संपूर्ण जगत् हो आभास मात्र—यसलाई असत्य जान्नु । जस्तो स्वप्नमा कोही मर्छ र उसको बान्धव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोइरहन्छ यसको प्रत्यक्ष अनुभव हुन्छ, तर केही पनि भएको हैन, सब भ्रम मात्र हो, त्यस्तै यो जगत्लाई भ्रम मात्र जान्नु।

जस्तो एक सृष्टि भो त्यस्तै अरू सारा सृष्टि पनि हो। एक सृष्टिलाई यथार्थ जानेपछि सारा सृष्टि जानिन्छ। स्वप्नको पहिले जस्तो आफ्नू निर्मल अनुभव रहन्छ, स्वप्न निवृत्त भए पनि त्यो अनुभव नै विद्यमान रहन्छ र स्वप्नकालमा जुन पदार्थहरू देखिन्छन् ती पनि त्यो अनुभव मात्र हो भनी जान्नु, अरू कुनै वस्तु हैन--अनुभव सत्ता नै पदार्थहरूको रूपमा भासमान हुन्छ त्यस्तै यो सारा जगत् हो तिम्रो आफ्नू स्वरूप अरू कुनै वस्तु हैन।

ब्रह्म आकाशको (शुद्ध चैतन्यस्वरूपको) सूक्ष्म अणुमा फुरयो कि म हुँ--त्यो अणुले आफूलाई जीव जान्यो। स्वप्नमा जस्तो सर्वात्मा भए तापनि आफूलाई जीव भनी जान्दछ त्यस्तै चैतन्य अणु सर्वात्मा भैकन पनि (१) अहंकारलाई अंगीकार गरेर आफूलाई जीव मानिहाल्छ। उसमा जो निश्चय हुन्छ त्यो (२) बुद्धि हो, सङ्कल्प विकल्प स्फुरण (३) मन बन्यो। मनसित मिलेर चिद् अनु देहलाई चिन्तन गरयो र आफूमा देह (४) इन्द्रिय भास्यो—आफूसित शरीर देख्यो—यो शरीर मेरो हो। स्वप्नमा जस्तो कोही आफूसित शरीर देख्छ र त्यो शरीर मोटो देखिन्छ त्यस्तै चित् अनु आफूसित स्थूल देखिन्छ। जस्तो स्वप्नमा सूक्ष्म अनुभव (आफ्नू चैतन्यस्वरूप) बाट ठूलो पहाड देखिन्छ त्यस्तै—सूक्ष्म चिद् अनुबाट स्थूल विराट् शरीर भासमान हुन्छ। स्वप्नमा जस्तो देश काल पदार्थ भासित हुन्छन् तर यी कुनै वस्तु हैनन् त्यस्तै देश काल पदार्थ भासमान भएका छन्, तर यी वास्तविक हैनन्।

३११. जब चित् संवित् बहिर्मुख फुर्छ तब नाना प्रकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत् भासमान हुन्छ र जब अन्तर्मुख हुन्छ तब अवाच्यरूप भैहाल्छ। स्फुरण र अस्फुरणमा संवित् (चैतन्यस्वरूप आफू) एकै प्रकार रहन्छ। स्वरूपमा स्थित भए संपूर्ण जगत् ब्रह्मरूप भैहाल्छ—जगत्को कुनै कल्पना रहँदैन। जगत्को आदि हो अद्वैत सत्ता, अन्तमा पनि अद्वैत सत्ता रहन्छ—त्यसकारण माझमा जो कुछ भासमान देखिन्छ त्यो पनि अद्वैत सत्ता हो भनी जान्नू–अरू केही हैन।

जगत्को कुनै कारण छैन। अधिष्ठान सत्ताको अज्ञान ले जगत् भासमान भएको देखिन्छ। अधिष्ठानलाई जान्नुको नाम हो विद्या।

ब्रह्म सत्ता हो सर्वात्मा—उसमा जस्तो निश्चय (दृढ-भावना) हुन्छ त्यस्तो नै भासित हुन्छ। तर के भासित हुन्छ? आफ्नू अनुभव नै त्यो रूप भएर भासमान हुन्छ। जस्तो स्वप्नमा आफ्नू अनुभव नै नाना प्रकारको पदार्थरूपले भासेर आउँछ (तर केही पनि उत्पन्न भएको हैन, भासमान सारा पदार्थ हो सङ्कल्परूप) त्यस्तै यो जगत् केही पनि उत्पन्न भएको छैन—यो आकाशरूप र कारणरहित हो। आदि सृष्टि हो अ-कारण, पछि कारण कार्य भाव दृष्ट हुन्छ, तर वास्तवमा दोस्रो वस्तु केही पनि छैन—सब हो भ्रम मात्र।

ज्ञानवानको निश्चयमा जगत् फुर्दैन। यो जगत् हो अकारण र आभास मात्र—आरंभ किंवा परिणामद्वारा उत्पन्न भएको हैन। जगत् कुनै वस्तु हैन–आत्मसत्ता नै जगत्‌रूपले भासेको छ। स्वप्नको सृष्टि हो अनुभवरूप तर स्वप्नको पुरुष (तैजस जीव) ले स्वरूपको प्रमादले कारण कार्य भाव सब यथार्थ भनी ग्रहण गर्छ। जाग्रत जगत् पनि बिलकुल स्वप्न जगत् झैं भासमान भैरहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३१२. सृष्टि हो आदि अकारण—पछि सृष्टिकालमा कारण कार्यरूप भएर भासित हुन्छ । जसलाई आफ्नू वास्तव स्वरूपको स्मरण रहिरहन्छ त्यसको लागि सृष्टि अ-कारण प्रतीत हुन्छ तर जो अज्ञानी मानिस आफ्नू वास्तविक स्वरूपलाई बिर्सिन्छ त्यसको लागि कारण कार्यरूप सृष्टि (स्वप्नमा देखिएको सृष्टि झैं सत्यरूपले) भासमान हुन्छ ।

वास्तवमा एकै अनुभवरूप आत्मसत्ता विद्यमान छ—तर जस्तो जस्तो सङ्कल्प अनुभव सत्तामा दृढ हुन्छ त्यस्तै भासमान हुन्छ । जुन पदार्थको संवेग तीव्र हुन्छ (ज्ञानको दृढता) हुन्छ त्यो पदार्थ भासमान हुन्छ। कल्पवृक्षको पदार्थ सङ्कल्पको तीव्रताले प्रत्यक्ष दृष्ट हुन्छ—त्यो कुनै कारणबाट उत्पन्न (कार्य) हैन । महाप्रलयमा जगत्को अवशेष केही पनि रहँदैन—त्यहाँबाट जानिन्छ कि जगत् हो आभासमात्र (वस्तु हैन)—अनुभव सत्ता नै स्फुरणवशात् यसरी भासेको छ । सङ्कल्पको दृढता भए आकार भएर भासित हुन्छ ।

जुन शरीरले स्वर्ग नरकमा सुख दुःख भोग्छ त्यो शरीरको कारण के हो ? त्यसको कुनै कारण छैन—केवल आफ्नू चेतनतामा जो सङ्कल्पको वासना दृढ भएको छ उसै अनुसार शरीर सुख दुःख भान हुन्छ, सङ्कल्पको दृढता बाहेक अरू कुनै वस्तु हैन ।

३१३. सारा पदार्थ सङ्कल्पबाट रचित भएको छ—त्यो हो आत्मरूप । स्फुरणको नाम हो जगत् र अस्फुरणको नाम हो ब्रह्म । संवेदनको स्फुरण वा अस्फुरणमा ब्रह्ममा (आफ्नू चैतन्य आत्मस्वरूपमा) कुनै भेद छैन । सम्यक्दर्शी पुरुषलाई ठूलो कष्ट प्राप्तिमा पनि खेद हुँदैन । परमपदमा जागेकाहरूको सारा क्रिया भैरहन्छ तापनि ती आफूलाई अक्रिय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्दछन् । सारा पदार्थ हुन् अजातं जात । वेदान्त शास्त्रको सिद्धान्त हो कि वासनारहित हुनु । केको वासना गर्नु ? सारा सृष्टि हो अकारण—भ्रममात्र । यसको निम्ति कसरी आस्था गर्नु ? यो हो स्वप्नको पदार्थ झैं असत्य ।

जगत् हो संकल्प मात्र र अभास मात्र—ब्रह्म नै छ अरू कुनै वस्तु छैन ।

आत्मा हो कुमाल, संकल्प हो चक्र, अनुभव चैतन्य (घट) त्यो बाट उत्पन्न हुन्छ ।

जसलाई आफ्नू वास्तव स्वरूपको विस्मरण हुन्छ त्यसको लागि जड र चेतन भिन्न भिन्न प्रतीत हुन्छ—तर ज्ञानवान-लाई एक ब्रह्म सत्ता नै अनुभव हुन्छ। जति जति ब्रह्म विचार हुँदै रहन्छ त्यति त्यति त्यति दुःख नष्ट भैहाल्छ । विचार-लाई त्याग गरेपछि दुःख बढेर आउँछ र जगत्को पदार्थको प्रतिभा मनमा फुरिरहन्छ ।

चैतन्यको स्वरूप हो दुइटा—(१) स्फुरणरूप चैतन्यको नाम हो जगत्, (२) अस्फुररूपको नाम हो ब्रह्म । जब फुर्छ तब द्रष्टा दर्शन र दृश्य त्रिपुटीरूप भएर भासमान हुन्छ । आत्मसत्तामा जागेपछि सारा नाम रूप—आफ्नू अनुभवरूप भएर भास्दछ ।

३१४. जुन पदार्थको अभ्यास हृदयमा स्थित हुन्छ (दृढ हुन्छ) त्यसको नै जय हुन्छ । सारा पदार्थ हो संकल्प-रूप (आधिभौतिक शरीररहित) । जुन संकल्पको दृढता हुन्छ त्यो नै उदित हुन्छ (आधिभौतिक शरीर प्राप्ति हुन्छ) । जुन संकल्पको संवित्‌सित एकता हुन्छ त्यो नै प्रकट हुन्छ । अनुभव आकाशमा जुन संकल्प दृढ हुन्छ त्यो नै भासेर आउँछ । जुन सङ्कल्पको दृढता हुन्छ त्यसको अनुभव हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाहिरको कर्म फलदायक हुँदैन, जो कुछ भित्र दृढ स्थित हुन्छ त्यो सफल हुन्छ। जसको भित्र वरको सङ्कल्प दृढ हुन्छ त्यो वर प्राप्तिलाई अनुभव गर्छ। वर श्राप हो संकल्परूप– (अन्तवाहक शरीर) जब वरको संकल्प दृढ स्थित हुन्छ (चैतन्यसित एकता प्राप्त हुन्छ) तब वर-प्राप्तिको अनुभव गर्छ (त्यो हो आधिभौतिक शरीर)।

ब्रह्माकाशको अणुको जो सूक्ष्म अणु हो उसमा जो स्वप्न फुर्छ त्यो हो यो जगत्। अणुमा यदि यो जगत् अटाउँछ भने एउटा मन्दिरमा किन अटाउँदैन ? यो सम्पूर्ण जगत् हो स्वप्न मात्र–म तिमी आदि सारा जगत् स्वप्न निद्रामा फुरिराखेको छ। आत्मसत्ता हो सदा अद्वैत, परमशान्त र अनन्त। उसमा जगत् हो आभास मात्र। स्वप्नमा आफ्नू अनुभव हो अत्यन्त सूक्ष्म र उसमा त्रिलोकी भासेर आउँछ। यदि सूक्ष्म चैतन्यमा त्रिलोकी भास्नु संभव हुन्छभने मंदिरको भित्र भास्नु किन असंभव होला ? परलोकमा सूक्ष्म पूर्यष्टकमा त्रिलोकी फुरिहाल्छ—तब मन्दिरमा सृष्टि भासिहाल्नुमा के आश्चर्य छ ? यो भासमान जगत् आत्मामा स्थित छ र आत्माको किञ्चन् मात्र (झलक मात्र, विलास मात्र) हो।

अभ्यासजनित संस्कार उत्पन्न नभएसंम स्वरूपको अनुभव हुन सक्दैन। म ब्रह्म हुँ (म ब्रह्मा हुँ) यो साक्षात्कार (अपरोक्ष अनुभव) हो तत् तत् विषय संस्कार (दृढ निश्चय) संयुक्त संवित् (चैतन्य)। त्यसकारण प्रयत्नपूर्वक ब्रह्मविषयक दृढ ज्ञान (चित्तको अखण्डाकारता किंवा संस्कार) उत्पन्न गर्नुपर्‌यो।

३१५. ब्राह्मण पनि अजरूप आफूलाई स्फुरणवशात् जगत्‌रूपले देख्दछ। जस्तो एकै मन्दिरमा धेरै मानिस सुत्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र आफ्नू आफ्नू स्वप्नको सृष्टि देखिहाल्छ—यसमा कुनै आश्चर्य छैन—त्यस्तै उनीहरूको पनि आफ्नू आफ्नू सृष्टि भासिहाल्छ—यसमा के आश्चर्य हो ?

जस्तो स्वप्नको सृष्टि भासेर आउँछ त्यो क्यै उत्पन्न भएको हैन—आफ्नू अनुभव नै सृष्टि रूप भएर भासित हुन्छ—त्यस्तै यो जगत् पनि हो अनुभवरूप । जस्तो स्वप्नको सृष्टि हो आफ्नू अनुभवरूप नै किन्तु प्रमादले (आफ्नू स्वरूपलाई बिर्सिएकोले) भिन्न भिन्न भास्दछ त्यस्तै यो जगत् आत्मा-देखि भिन्न केही पनि हैन । आदि स्फुरणमा जस्तो निश्चय भएको छ त्यो अरू निश्चय नभएसंम त्यस्तै—रहिरहन्छ । यो सारा विश्व हो संकल्परूप र संकल्परूपको अधिष्ठान हो ब्रह्म (चिद्घन आफ्नू स्वरूप)—संकल्पितरूपले आफ्नू ब्रह्म स्वरूप नै भासमान भएको छ। ब्रह्मदेखि भिन्न केही पनि हैन । ज्ञान-वान्को लागि सब ब्रह्म नै भास्दछ तर अज्ञानीलाई भिन्न भिन्न पदार्थ भान हुन्छ । जब अध्यात्म अभ्यास हुन्छ (अखंडा-कार चित्त हुन्छ) तब सारा जगत् ब्रह्मरूप भासमान हुन्छ ।

३१६. चित्तको स्फुरणवशात् नाना प्रकार पदार्थ भास-मान हुन्छ तर आत्मादेखि भिन्न केही पनि हैन । ब्रह्मा विष्णु रुद्र आदि जो जगत् प्रतीत हुन्छ त्यो—सारा हो स्वप्नविलास। जस्तो सुषुप्तिमा सुतिराखेको पुरुषलाई क्यै पनि फुर्दैन र त्यो सुषुप्तिबाट स्वप्नको सृष्टि फुरेर आउँछ—त्यो क्यै पनि उत्पन्न भएको हैन—त्यो सुषुप्तिरूप नै हो, तर स्वप्नमा स्थित भएको पुरुषलाई सत्य भासित हुन्छ र जो अनुभवमा जागे तिनको लागि सुषुप्तिरूप भान हुन्छ त्यस्तो यो जगतलाई जान्नु (जगत् आफ्नू स्वरूपदेखि भिन्न केही पनि हैन—जागे-पछि सारा चिन् मात्र नै अनुभव हुन्छ) । आत्मा हो शान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्त र सदा आफ्नू स्वरूपमा स्थित भएको । भाव अभाव सुख दुःख उदय अस्तरूपले आत्मसत्ता नै भासिराखेको छ । निद्राको जस्तो दुइ पर्याय हो—स्वप्न र सुषुप्ति—त्यस्तै जगत् र आत्मा एकै सत्ताका दुइ पर्याय मात्र हुन् । जब संवेदन फुर्दैन तब अनिर्वाच्य हो र जब अहंभावलाई लिएर फुर्छ तब सङ्कल्परूप सृष्टि भासित हुन्छ । जबसंम सङ्कल्प रहिरहन्छ जबसंम मनोराज्य रचित स्वप्न नगर स्थित रहन्छ र जब मेटिन्छ तब सृष्टि लय भैहाल्छ । त्यसकारण वस्तु क्यै पनि उत्पन्न भएको छैन--आफ्नू अनुभव नै सृष्टिरूप भएर स्थित छ—ठीक त्यस्तै यो जगत् अनुभवरूप हो अरू क्यै पनि हैन ।

३१७. यो सृष्टि कुनै संस्कारबाट उत्पन्न भएको हैन—भ्रमले भासिराखेको छ । स्मृति र अनुभव जगत् उत्पन्न भए संभव हुन्छ । तर जगत नै जब फुरेको थिएन तब स्मृति र अनुभव पनि थिएन । जब जगत् फुर्छ तब स्मृति र अनुभव पनि भासित हुन्छ । त्यसकारण सारा जगत् हो अपूर्व (भर्खर भएको) र भ्रमले भासमान छ, क्यै पनि उत्पन्न भएको छैन आत्मसत्ता नै ज्यौंका त्यौं स्थित छ । त्यो नै हो सर्वात्मा--यस्तो जान्नुलाई उनको श्रेष्ठ पूजा भनेको छ ।

अभ्यासविना स्वरूपको साक्षात्कार हुँदैन । म (उग्रतपा ऋषिको शिष्य) अहिले आफ्नू स्वभावमा स्थित भएको छु र मेरो कुनै कल्पना छैन । म हुँ अनन्त आत्मा, नित्य शुद्ध अच्युत परमानन्दस्वरूप—सारा जगत् हो मेरो नै स्वरूप । तपाईंको वचन (उग्रतपा मुनिको उपदेश) विचारको बलले मेरो भ्रम निवृत्ति—भएको छ—अहिले म आफ्नू स्वभावमा स्थित भएको छु ।

३१८. जबसंम चित्त फुरिरहन्छ तबसम्म सृष्टिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्त हुँदैन । चित्त स्फुरणरहित भए जगत् कल्पना मेटिइहाल्छ । आदि सृष्टि अकारण फुरेको छ—पछि उसमा कारण कार्यभाव भास्यो—त्यो आभासको दृढताले भयो (आभासमा सत्यता बुद्धि किंवा अध्यासको बलले भयो) । अज्ञानीको लागि स्वप्नमा जस्तो (तैजसको लागि) जगत् कार्य कारण दृढ भएर भास्दछ—ज्ञानवानलाई सारा जगत् आफ्नू स्वरूप नैं भान हुन्छ । यो जगत् चित्तमा बसिराखेको छ (दृढ कल्पना मात्र हो, आफ्नू स्वरूपदेखि अरू केही हैन) ।

आत्मा नैं जगत्‌रूप भएर भासमान छ—जस्तो वस्त्र मूर्तिरूपले देखिन्छ—वस्त्रमा अंकित मूर्ति वस्त्र नै हो, अरू केही हैन ।

३१९. धेरै प्रकारको वासना संवेदनमा फुरिहाल्छ—तर जसको स्वरूपको विस्मरण हुन्छ त्यसको लागि जगत् सत्यरूप प्रतीत हुन्छ । जहिले त्यसको विचार उत्पन्न हुन्छ तब त्यै वेला उसको अज्ञान-निद्राको अभाव भैहाल्छ। विचारको अभ्यास भए मन तद्‌रूप हुन्छ र तब यथाभूत दर्शन हुन्छ—सारा ब्रह्माण्ढ आफ्नू स्वरूप नै अनुभव हुन्छ—किनकि आफ्नू स्वरूपमा नै स्थित भैराखेको छ । सबैको अधिष्ठान जो आत्मसत्ता हो उसमा अहं प्रतीति हुन्छ—यसकारण आफ्नू स्वरूपमा नै सृष्टि भासमान हुन्छ । जस्तो स्पन्द फुर्छ त्यसको त्यस्तै सिद्धि हुन्छ । शुद्ध संवेदनसित (साक्षी चैतन्यसित) एकता भएपछि निरावरण दृष्टि बन्दछ—यसकारण सारा संकल्प सिद्ध हुन्छ, किनकि यो जगत् आत्मामा संकल्पद्वारा रचित भएको छ र आत्मसत्तामा यसको अहं प्रत्यय भएको हो । शुद्ध संवेदनमा जस्तो संकल्प फुर्दछ त्यस्तो नै भासमान हुन्छ—त्यो हो संकल्परूप, संकल्पदेखि भिन्न हैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तो रत्नको प्रकाश चमत्कार हुन्छ त्यस्तै आत्माको प्रकाश हो यो जगत् । जस्तो समुद्र द्रवताले तरंगरूप भएर भास्दछ त्यस्तो ब्रह्म संवेदनको फलले जगत्‌रूप भएर भासित छ । आदि स्पंद फुरेर जंगत्‌रूपले स्थित भएको छ । उसमा कार्य कारण भाव छैन । जसलाई प्रमाद हुन्छ (आफ्नू स्वरूप-लाई बिर्सिन्छ) त्यसको लागि कारण कार्यभाव भास्दछ। ज्ञान संवित् चेत्यसम्बन्धी भएर नाना प्रकार रूप धारण गर्छ र प्रमादले भिन्न भिन्न पदार्थ भासेर आउँछ—तर वास्तवमा अरू क्यै पनि हुँदैन—संवित् (आफ्नू चैतन्यस्वरूप) सदा अखण्डरूप नै रहन्छ। जबसम्म प्रमाद रहन्छ तबसम्म जगत्‌को आदि अन्त भास्दैन। प्रमादबाट जागेपछि सारा कल्पना हराउँछ। जाग्रत् अवस्थाको अभाव भए सुषुप्ति आउँछ। तब सब कल्पनाशून्य केवल अद्वैत सत्ता विद्यमान रहन्छ। जब उसमा चेतनता फुर्छ तब फेरि स्वप्न सृष्टि भास्दछ—स्थावर—(जसमा संवेदन फुर्दैन) र जंगम सृष्टि अरू क्यै पनि भएको हैन—अद्वैत अनुभव सत्ता स्थावर जंगम रूप भएर भासमान हुन्छ। ठीक त्यस्तै अनुभवरूप आत्मा यो जगत्‌रूपले भासमान भएको छ। सृष्टिको आदि परम सुषुप्ति-रूप सत्ता थियो। उसमा संवेदन फुरीकन जगत् भासमान भयो—त्यो जगत् संवेदनरूप नै भयो र जुन आत्मसत्तामा फुरे-को छ त्यो रूप नै भयो— भिन्न केही हैन। जस्तो स्वप्नको सृष्टि अनुभवरूप हो—संकल्प नगर हो संकल्परूप त्यस्तै यो सृष्टि हो अनुभवरूप (आफ्नू चैतन्यस्वरूप)।

अद्वैत चिन्मात्र आत्मामा जो सूक्ष्म भाव म हुँ संवित् स्फुरण भयो त्यसको नाम हो चित्त—त्यो चित्तमा जगत् फुर्छ। वास्तवमा चैतन्य सत्ता नै हो—त्योदेखि भिन्न केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि हैन । सब हो चिदाकाश । स्फुरणवशात् नाना रूप भासेको छ। सूक्ष्म चिद् अणुमा अनन्त ब्रह्माण्ड फुर्छ—तर त्योदेखि भिन्न हैन। जस्तो शुद्ध संवेदनसित एकता भएको छ त्यो हो निरावरण र त्यसमा जस्तो स्फुरण आभास फुर्छ त्यस्तै सिद्ध हुन्छ।

३२०. शुद्ध चिन्मात्र सत्तामा (चित् धातुमा) जो आभास फुर्छ त्यसलाई संवेदन भनेको छ। संवेदन फुरे जीव जान्दछ म ब्रह्मा हुँ। त्यसको मनोराज्य हो जगत्। संवेदनबाट आदि संकल्प (ब्रह्माको संकल्प) फुरेको छ। आत्माको आभास संवेदन हो ब्रह्मा—उनले अगाडि संकल्पपुर सृष्टिलाई रचना गरे र म तिमी आदि सारा उनको संकल्पमा स्थित छौं।

सारा अर्थलाई धारण गरेको जो चैतन्य धातु हो नाना आकारमा प्राप्त भए तापनि त्यो चेतनतादेखि भिन्न केही पनि हैन। सारा पदार्थ हो अर्थरूप, वस्तुरूप धातु हो आत्म-सत्ता—त्यसले दुई प्रकारको अर्थलाई धारण गरेको छ—(१) स्वप्न (नानात्व) र (२) बोध (अद्वैत सत्ता)। ज्ञानवान्-लाई सर्व ब्रह्मरूप भास्दछ, अज्ञानीलाई नानात्व भान हुन्छ। तिमी स्वभाव निश्चय गरेर हेर कि सब हो ब्रह्मरूप—भिन्न केही पनि हैन।

शुद्ध चिन्मात्र सत्तामा जो चित्तभाव भएको छ—उसमा चैतन्य आभास फुरयो र उसमा जस्तो संकल्प फर्छ त्यस्तै रूप स्थित हुन्छ। त्यो सङ्कल्प निश्चयको नाम हो नीति। वास्तवमा नीति पनि हो आभासरूप। जस्तो द्रवतावशात् समुद्रमा तरंग फुर्छ त्यस्तै आत्मामा संवेदनवशात् नीति र जगत् फुर्छ—यिनी-हरू हुन् त्यै रूप नै।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चतत्व सङ्कल्पबाट उत्पन्न हुन्छ। सङ्कल्प संवेदन-बाट उत्पन्न हुन्छ र संवेदन हो आत्माको आभास। संवेदन फुरेपछि इन्द्रिय विषय मन उत्पन्न हुन्छ। संवेदन निर्वाण भए सारा कल्पना हराउँछ।

संवेदन पहिले सङ्कल्प गरेर विश्वलाई रचना गर्छ। यो जगत् आभास आकारसहित देखिन्छ परन्तु हो—अन्त-वाहक—व्यवहारसहित देखिन्छ परन्तु अव्यवहार हो। संवे-दन जुन अन्तवाहकरूप हो त्यसले विश्वलाई रचना गरेको छ। त्यसकारण विश्व पनि हो अन्तवाहक—तर अज्ञानीलाई सङ्कल्पको दृढताको बलले आधिभौतिक रूप भएर भान हुन्छ। सब जगत् हो निराकार तर सङ्कल्पको दृढताको बलले आकार भासमान हुन्छ। संवेदनमा जो सङ्कल्प फुर्छ त्यो नै अन्तः-करण चतुष्ठय भएरं भान हुन्छ। सङ्कल्पदेखि उत्पन्न भएको जगत् पनि हो सङ्कल्परूप। सङ्कल्पको दृढताले पिण्डाकार भान हुन्छ—तर सब हो आकाशरूप (सङ्कल्परूप)।

निराकार अद्वैत ब्रह्म सत्ता संवेदनद्वारा जगत्‌रूपले भास्दछ। जस्तो स्वप्नमा आफ्नू अनुभव (शुद्ध चैतन्यस्वरूप) सृष्टिरूप भएर भासमान हुन्छ त्यस्तै आफ्नू अनुभव (चित्-स्वरूप) यो जगत् भएर भासेको छ।

३२१. द्रष्टा जब दृश्य वस्तुको भावना गर्छ तब जगत् भासमान् देखिन्छ—त्यो हो अन्तवाहकरूप (निराकार सङ्कल्प-रूप)। दृश्यमा अहं बुद्धि भए अन्तवाहकबाट आधिभौतिक शरीर बनिहाल्छ। (ब्रह्माको चतुष्ठय मुख यो दृढताको बलले भएको हो)। आत्मसत्ता आफ्नू स्वभावमा स्थित रहेको छ। उसमा जो चैतन्य संवेदन फुरेको छ त्यसले दृश्यको भावना गर्छ। त्यो भावना नै जगत्‌रूप बनेर स्थित भयो। जब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संकल्पको दृढता हुन्छ तब आफूसित शरीर आकार प्राप्त हुन्छ। स्वप्नमा जस्तो स्वरूपलाई बिर्सेपछि आकार भास्दछ त्यस्तै यो शरीर र जगत् पनि भान भैराखेको छ—त्यो आभास मात्र हो। स्वरूपको विचार भए सब शान्त भैहाल्छ।

यो जगत् हो अविचार-सिद्ध—विचार गरे शान्त भैहाल्छ। विचारद्वारा दृश्य भ्रम शान्त भए मुक्ति प्राप्त हुन्छ। सम्यक् ज्ञान आत्मसत्ताको बोध भए जगत् भ्रम नष्ट हुन्छ। दृश्य-रहित चैतन्य मात्र हो केवल बोध। अचेत्य चिन् मात्र सत्ता-लाई यथार्थ जान्नु हो केवल ज्ञान। चिन्मात्र द्रष्टामा जब संवेदन चेतनता (चित्तवृत्ति) फुर्छ तब त्यो चेतनता चेत्य (दृश्य) भएर भास्दछ—संवेदन नै दृश्य भएर भासित हुन्छ। दृश्य आफूभित्र रहन्छ तर बाहिर भासित हुन्छ। जस्तो स्वप्नको सृष्टि आफूभित्र नै रहन्छ तर स्वप्नकालमा बाहिर देखिन्छ। वास्तवमा भित्र बाहिर केही पनि छैन—आत्मसत्ता नै आफ्नो स्वभावमा स्थित छ।

३२२. जब चिन् मात्र स्वरूपमा चेननता फुर्छ तब जगत् म तिमी आदि भासेर आउँछ—त्यो स्फुरण रूप नै हो, अरू केही उत्पन्न भएको हैन। ज्ञानरूप आत्माको दृश्यसित मिल्नु (अभ्यास) त्यो नै हो बन्धन र यो अभ्यासको अभाव हुनु हो मोक्ष। सम्यक् ज्ञान भए दृश्यसित सम्बन्धको निवृत्ति हुन्छ। त्यो बोध हो निराकार र आफ्नू शीतलरूप। जुन ज्ञान भए ज्ञेय (दृश्य) सित संयोग निवृत्ति हुन्छ त्यसलाई केवल ज्ञान अविनाशीरूप भएको छ। जगत् ज्ञेय हो—अवि-चार-सिद्ध।

यो सारा जगत् हो विराट् पुरुषको शरीर। त्यो विराट् पुरुष नै उत्पन्न भएको छैन—तब जगत्को उत्पत्ति कसरी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संभव होला ? स्वप्नमा जस्तो सारा जगत् अर्थ प्रत्यक्ष भासमान् हुन्छ तर केही पनि उत्पन्न भएको हैन, त्यस्तै म तिमी आदि जगत् भ्रमले भासेको हो कुनै कारणबाट उत्पन्न भएको छैन—यसैले बुझिन्छ कि यो सब हो आभास मात्र । आत्मसत्ता हो अद्वैत र आकाशरूप (आफ्नू स्वयंप्रकाशरूप)—त्यसकारण जगत् पनि हो निराकार र ज्ञप्तिरूप (आफ्नू शुद्ध चैतन्यस्वरूप) । यो जगत् चित्त स्फुरणवशात् भासेको छ—जस्तो जस्तो चित्त फुर्छ त्यस्तो त्यस्तो भान भैहाल्छ—यसको अरू कुनै कारण छैन ।

दृश्य जगत्को कुनै कारण नभएको हुनाले त्यो असम्भव छ भनी सिद्ध हुन्छ । नानात्व हो भ्रम मात्र, भ्रान्ति कुनै वस्तु हैन । म तिमी आदि सब हौं एक अनामय सत्ता । कारण नभएको हुनाले सर्वत्र शान्त रूप छ—भ्रम पनि कुनै वस्तु हैन ।

३२३. जबसम्म आत्मरूपको अभ्यास हुँदैन तबसम्म भ्रम भासिरहन्छ र शान्ति प्राप्त हुँदैन । अभ्यासद्वारा जब केवल तत्वमा विश्रान्ति पाउँछ तब भ्रम नष्ट हुन्छ । द्वैत उपदेश, अधिकारी आदि शब्द ब्रह्ममा स्थित छ । शुद्ध बन्ध मोक्ष दुईको नै अभाव छ । भेद संवेदन दृश्यमा हुन्छ—अज्ञान भ्रमले भान हुन्छ, बोधका दृश्यप्राप्ति द्वैत र एकको भ्रम मूर्खको विषय हो । शुद्ध बोधसत्तामा जो जान्नु हो त्यो नै म तिमी रूपले कहिएको छ—त्यो चेतनता स्फुरणको फल हो । दृश्य सत्तालाई जान्नु पनि बन्धन हैन—किनकि ज्ञान नै सारा अर्थरूपले स्थित भएको छ । कारणरहित वाह्य अर्थ सत्य भासे तापनि भ्रम मात्र हो—भिन्न केही हैन । जगत् हो स्वप्नको झैं । पिण्डाकार भ्रम मात्र हो—नानात्व केही पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हैन। निर्वासनिक पुरुषको जगत्को सत्भाव नष्ट भैहाल्छ।

स्वप्नको पदार्थ जाग्रतमा जस्तो नष्ट भैहाल्छ त्यस्तो आत्मस्वरूपको बोध भए सारा वासना नष्ट हुन्छ। पिण्ड ग्रहण भ्रम शान्त भए जीव निर्मल र क्षोभरहित हुन्छ—जगत्को आस्था शान्त भैहाल्छ र चित्त परमात्म तत्वलाई प्राप्त गर्छ। पूर्वापर विचार गरे चित्त र चित् पदार्थ भ्रम शान्त हुन्छ। विचार गरे वासना नष्ट हुन्छ। चित्त-उत्पन्न भएको हैन—द्वैत छैन। अज्ञानीको लागि जगत् दृढ द्वैतरूपले भासित हुन्छ। ज्ञानीलाई आदिमा केही पनि उत्पन्न नभएको हुनाले—जगत् अवाच्य पद आफ्नू स्वरूप हो। वास्तव नभए पनि अनुभव हुन सक्छ, जस्तो स्वप्नको पदार्थ।

३२४. संसार कुनै संस्कारबाट उत्पन्न भएको हैन—सब हो कल्पना मात्र। जो कुछ भासिरहेको छ त्यो ब्रह्मको प्रकाश हो—ब्रह्म नै आफूमा प्रकाशमान भैरहेको छ। सब ब्रह्म नै हो—प्रकाश र प्रकाशकको भेद क्यै पनि छैन—ब्रह्म हो स्वप्रकाश। सूर्यको प्रकाश—त्रिपुटीबाट हुन्छ। आत्मसत्ता हो अद्वैत र विज्ञानघन, उसमा जो संवेदन फुरेको छ त्यो नै जगत्‌रूपले स्थित भएको छ। आत्मसत्ता नै संवेदनद्वारा आकार भएर भासेको छ। स्वप्न र सङ्कल्प दृष्टान्त सहाराबाट हेरेपछि अनुभवरूप नै आकार भएर भासिरहेको छ।

जगत्को आभास हो असत्य, प्रमाणरूप हैन--यथार्थ ज्ञानको साधक हैन। जस्तो जस्तो आत्मामा सङ्कल्प दृढ हुन्छ त्यस्तो रूप नै जगत् भासमान हुन्छ। जगत् हो वासना मात्र—-जगत् चित्तमा स्थित छ। जगत् पदार्थलाई आत्मामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्तले रचेको छ–चित्त जस्तो जस्तो भावना गर्छ त्यस्तो त्यस्तो भान हुन्छ।

जब संवेदन फुर्छ तब जगत् भास्दछ–तर जगत् आत्मादेखि भिन्न हैन।

आदि जो संवेदन फुर्‍यो त्यो विराट् पुरुष भएर स्थित भयो। त्यो विराट् पुरुष अगाडि देशकाल पदार्थ स्थावर जंगम जगत्लाई रचेको छ। त्यसको समष्टिवपु (शरीर) को नाम हो विराट्। जस्तो स्वप्नको पहाड हो त्यस्तै यो विराट् पुरुष हो आकाशरूप (चैतन्य स्वरूप)। दृश्य सम्बन्धरहित हुनु हो निर्विकल्प ज्ञान–दृश्यसित संयोग हो सविकल्प ज्ञान (भिन्न भिन्न जगत्को भान)। आत्मा रस पान गरेपछि फेरि कुनै कल्पना रहँदैन। सत्य असत्यको विचार प्राप्त भए सारा दु:ख नष्ट हुन्छ। गुरु र शास्त्र वचनको अभ्यास भए अन्त:करण शुद्ध हुन्छ तब आत्मसत्ता स्वत: प्रकाशित भैहाल्छ।

३२५. गुरु शास्त्र नेति नेति गरेर (जगत् पनि हैन, जगत्को वासना पनि हैन यसरी बुझाउँछन्) अर्थात् सारा अनात्म धर्मलाई निषेध गरेर आफ्नू वास्तव स्वरूपलाई बाँकी राख्छ। अनात्मधर्मलाई त्याग गरेपछि आफ्नू शुद्ध चैतन्य स्वरूप परिशिष्ठ रहन्छ–र त्यसको ज्ञान स्वत: भैहाल्छ— (आफ्नू स्वरूप हो स्वयं प्रकाशमान)—फेरि अरू केही जान्नु बाँकी रहँदैन। आफ्नू स्वरूपलाई जान्नाको लागि कुनै यत्न आवश्यक छैन—केवल आवरणलाई हटाउनको लागि **गुरु शास्त्रको सहाराले (यो हो यत्न) जब अहंकाररूपी आवरण हटिहाल्छ तब आत्मा स्वयं प्रकाशित-भैहाल्छ।** गुरु शास्त्रको अभ्यासले रज र तम गुणको अभाव हुन्छ तब परम अनुभव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योति आत्मा अकस्मात् प्रकाशित भैहाल्छ। उसको साधन हो केवल शास्त्रको विचार। मनको स्फुरणको नाम हो संसार—मन उपसम भए संसारको कल्पना रहँदैन।

ज्ञानी दृढ समझको बलले कहिले पनि तपायमान हुँदैन। सारा अवस्थामा उसको समता भाव बनिरहन्छ।

आत्मपद प्राप्त भए ज्ञानी निःसंकल्प हुन्छ र चेष्टा व्यवहार गरे तापनि चित्त शान्त भैहाल्छ। चित्तले जब आत्मपदलाई स्पर्श गर्छ तब चित्त शान्त भैहाल्छ—तर चेष्टा पहिले कै जस्तो भैरहन्छ।

❀ समाप्त ❀

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्यक् साक्षात्कार

•

साक्षात्कारको साधन हो चित्तलाई कहिले पनि नलीकन आफ्नू शुद्ध चैतन्यस्वरूपलाई निरन्तर अनुभव गरिराख्नु। अरू बाहिरको कुनै साधन आत्म-साक्षात्कारको लागि हुन सक्दैन। आत्मा हो सधैं स्वयं प्रकाशित वस्तु र अद्वितीय एकरस प्रकाश वस्तु मात्र। बुद्धिलाई अन्तर्मुख तुल्याएर एकैछिन हेरेपछि स्वयंप्रकाश आत्मस्वरूपको सिंगै अनुभव हुन्छ र यो अनुभवलाई कैले पनि त्याग नगरेपछि आफ्नू स्वरूपको अनुभव सधैं बनिरहन्छ। कारण यो हो कि बुद्धि एकपल्ट चैतन्यस्वरूपमा विलीन भएपछि पुरुषकृत साधनको अपेक्षा स्वरूपको अनुभवको लागि हुनै सक्तैन। उपदेश साहस्री ग्रन्थमा शंकर भगवान् भन्नुहुन्छ कि द्वैत वस्तु जो मान्दछ अर्थात् साधन आदिको जो अपेक्षा गर्छ तर अनुभवरूप आफू-लाई जान्दैन (किन्तु प्रमाता भाव बनाइराख्छ) त्यो तिम्रो स्वरूप होइन त्यसकारण तिम्रो स्वरूपलाई मात्र सदा अव-लम्बन गरेपछि अद्वैत आफ्नू स्वरूपको अनुभवको संस्कार बढ्दै जान्छ। यस्तो संस्कारलाई स्वतः निरन्तर बढाइराख्नु हो तिमीहरूको काम। यस्तो स्वतःसिद्ध अनुभवको अनुवृत्तिले कुनै भिन्न साधनको अपेक्षा गर्दैन। साधन आदि त्रिपुटीभाव हो चित्तको कल्पित—सारा कल्पित भावको निरसन भए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(त्यो निरसन स्वतःसिद्ध छ) आत्माको अनुभव सजिलो-सित बनिरहन्छ । त्यसकारण शुद्ध चैतन्य आफ्नू स्वरूपलाई कैले पनि छोड्नु भएन—आफ्नू स्वरूपलाई नछोडेपछि चिद् आभास (जीवभाव) कहिले पनि उठ्न सक्दैन ।

ब्रह्मज्ञानको साधन

विचारद्वारा मात्र ज्ञान प्राप्त हुन्छ, साक्षात्कारको साधन हो विचार। दृष्टान्त लिनु दशम पुरुष हराएको छैन, त्यसपछि दशम पुरुष तिमी हौ—यसमा दशम पुरुष हुनुको लागि विचारको आवश्यक छ । विचार हो कि साथीहरूलाई एक दुई सात आठ नौ भनीकन गन्नु र त्यसपछि आफूलाई दशम पुरुष भनीकन गनेर दशम पुरुष आफूलाई खास प्राप्त गरि-हाल्नु, आफू दशम पुरुष बनिहाल्नु । रहस्य कुरा यो हो कि दृश्य वर्गलाई हेरेपछि आफूमा पुग्नु र सारा कुराको जान्ने-वाला आफूमा नै पर्यवसित हुनु ।

त्यस्तै गोपालजीको बारेमा उपदेश हो—तिमी हौ शुद्ध चैतन्यरूप तिमी प्रमाता हैनौ। अहिले प्रमाता भावलाई छोड़ी-कन शुद्ध चैतन्य स्वरूपलाई कसरी ग्रहण गर्नु, शुद्ध चैतन्यरूप आफू कसरी बन्नु ? विचारद्वारा बन्नुपर्छ । विचार यो हो कि प्रमाता भावलाई र सारा जगत्को पदार्थलाई मैले जानि-राखेको छु । त्यसकारण दृश्य पदार्थबाट सम्पूर्ण दृष्टिलाई हटाएर दृश्यको प्रकाशकरूपले जो बाँकी रहन्छ उसमा नै सम्पूर्ण दृष्टिलाई पर्यवसित गर्नु—अवशिष्ट उसैमा रहिदिनु । यस्तो रहिदिनु हो साक्षात्कार। साक्षात्कारको अर्थ हो आफू भएर प्रकाशित हुनु ।

सार कुरा यो हो कि जब आफूदेखि सम्पूर्ण जो सारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृश्य पदार्थ हो त्यहाँबाट दृष्टिलाई बिलकुल फर्काउनु । फर्काएको दृष्टि परिशिष्ठ अधिष्ठान आफ्नू चैतन्यस्वरूपमा निबद्ध गर्नु अर्थात् त्यो शुद्ध चैतन्यस्वरूप स्वतः आफू भइ-हाल्नु । यो हो स्पष्टरूपले सिंगै बुद्धिपूर्वक आफ्नू ब्रह्मस्वरूप-लाई बेश गरी जानिहाल्नु ।

गोपालजीको बारेमा

प्रश्न—जाग्रत जगत् स्वप्न जस्तो हो यस्तो वाशिष्ट शास्त्रबाट पुनः पुनः सुनेपछि पनि जाग्रत्मा पदार्थको लागि किन रागद्वेष भैरहन्छ ?

उत्तर—रागद्वेष हो पदार्थको वासनाबाट उत्पन्न भएको। पदार्थ वासना हामीहरूको हृदयमा दृढ बनिसकेको छ । तब यस्तो दृढ पदार्थ वासनादेखि ज्यादा बलिया पदार्थहरू असत्य हुन् यस्तो वासना वैराग्य र अभ्यासले बनिहाल्छ तब पदार्थमा तुच्छता बुद्धि वैराग्य अभ्यासले उत्पन्न भएको हुनाले पदार्थमा फेरि रागद्वेष उत्पन्न हुँदैन । हामीहरूले मात्र सुने तापनि त्यसको अर्थमा अभ्यास गर्दैनौं र पदार्थ हो स्वप्नको झैं भनी सुनेर पनि पदार्थमा अरुचि बुद्धि गर्दैनौं । सत्यता बुद्धि तब निर्बलियो हुन्छ जब रागद्वेष उत्पन्न गर्न सक्दैन । यस्तो मिथ्यात्व बुद्धि वैराग्यपूर्वक आफ्नू परमार्थिक स्वरूपको निरन्तर अभ्यासले बढेर आउँछ नभए रागद्वेष हट्दैन ।

शंका समाधान

सम्पूर्ण वाशिष्ठामृत लेखे सुनेपछि पनि जो संस्कारको वशले देहाभिमान र जगत्को भान फुरिहाल्छ त्यसको निवृत्तिको उपाय हो (१) वैराग्य र (२) अभ्यास । यसैको स्पष्टी-करण गर्छु, मन लगाएर सुन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाशिष्ट शास्त्रको सारा सिद्धान्त पनि दुई भागमा विभक्त देखिन्छ—(१) संवेदन किंवा संकल्पलाई मिथ्या भनीकन जानेर त्यसलाई त्यागिदिनु—अर्थात् संवेदन (स्फुरण) सित नमिल्नु। अर्थात् सङ्कल्पसित नमिलेपछि आफ्नू चैतन्यस्वरूपको विस्मरण हुँदैन र सङ्कल्पको दृढता जो आधिभौतिक भाव हो त्यो पनि बन्दैन।

वाशिष्ठमा बताएको कथाको आशय।

(२) आफ्नू शुद्ध चैतन्यस्वरूपलाई सधैं सम्झिराख्नु—कहिले पनि नबिर्सनू।

त्यो भए वाशिष्ठको सिद्धान्त पनि हो वैराग्य (संवेदनलाई त्यागिदिनु) र अभ्यास (आफ्नू स्वरूपमा सधैं स्थित रहनु)।

रहस्य कुरा यो हो कि स्फुरण किंवा संवेदन हो स्वाभाविक। त्यसपट्टि आग्रह नगर्नु—अर्थात् संस्कार, संस्कारबाट बनेको संवेदन र त्यसको दृढतारूप शरीर अभिमान खडा होस्। अनात्मा पदार्थ खडा भए पारमार्थिक आफ्नो केही हानि हुँदैन। किन्तु हानि हुन्छ जब अन्तवाहक किंवा आधिभौतिक भावलाई स्वीकार गरिन्छ। त्यसो भए तिमोहरूको कर्तव्य हो स्फुरणलाई स्वीकार नगर्नु।

यो विवेकले संभव हुन्छ अर्थात् स्फुरण हो मिथ्या। त्यसलाई परित्याग गरिदिनु र आफ्नू चैतन्यस्वरूप हो पारमार्थिक सत्य। त्यसैमा निष्ठा राख्नु। जब-जब सङ्कल्प भाव (अन्तवाहक भाव) फुर्छ तब त्यो चैतन्यस्वरूपमा तिमी सधैं बसिराख किनकि चैतन्यस्वरूप हो पारमार्थिक र उसमा कल्पित भएको जो स्फुरण र उसको दृढता देहाभिमान त्यो हो सर्वथा मिथ्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् विवेक हो मिथ्या वस्तुलाई तुरन्त छोडिदिनु र सत्य वस्तुमा आदर र निष्ठा गरिरहनु । यो हो सारा वेदान्तको सिद्धान्त र जगत्बाट आफूले बाँच्ने एकमात्र उपाय ।

योगवाशिष्ठका प्रकरणहरूको क्रम र पारस्परिक सम्बन्ध

(१) संसारको सारा अर्थबाट जब मानिस विमुख हुन्छ तब नै आफू र जाग्रत्को यथार्थ स्वरूप जान्नाको लागि इच्छा संभव हुन्छ । शरीर परिवार धन जन ऐश्वर्यबाट चित्त उपरत नभए (यसैलाई शांकर वेदान्तमा चित्तको अन्तर्मुखता किंवा चित्त शुद्धि भनेको छ) जिज्ञासा उत्पन्न हुन सक्दैन । यसैले सर्वप्रथम प्रकरणको वैराग्य शुभेच्छा जो ज्ञानको पहिला भूमिका हो त्यसको प्रधान अंग हो वैराग्य ।

(२) वैराग्यको दृढता भए मुमुक्षुको उत्पत्ति हुन्छ । जसरी यथार्थ तत्त्व जिज्ञासा होस् यसकारण मुमुक्षु पुरुषको व्यवहार कस्तो हुन्छ त्यसको विवरण मुमुक्षु व्यवहार प्रकरण-मा—वर्णित भएको छ । सार कुरा यो हो कि मुमुक्षु सर्व प्रकारले सत्वगुण प्रधान हुन्छ—त्यसको व्यवहार पूरा सात्त्विक हुनुपर्छ । (यो कुरा गीता सप्तदश अध्यायमा देखाइएको छ) ।

(३) सन्मार्गमा स्थित (शुद्ध सात्त्विक) मुमुक्षु अहिले दृश्यमान जगत् प्रपंचको स्वरूप जान्नलाई उन्मुख हुन्छ—किनकि जहाँसम्म जगत्को कल्पित मन बुद्धिमा निश्चय हुँदैन त्यहाँसम्म बाहिरी वैराग्य भए पनि र चित्त संसारबाट विमुख भए तापनि वैराग्य ज्ञानपूर्वक नभएको हुनाले प्रतिष्ठित हुँदैन । वैराग्य हो दुई प्रकारको—(क) संस्कारपूर्वक र (ख) बोधपूर्वक । उत्पत्ति प्रकरणमा वाशिष्ठ देखाउनुहुन्छ कि जगत्को उत्पत्ति कुनै कारणबाट (आरम्भ किंवा परिणामबाट) भएको होइन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किन्तु सङ्कल्प किंवा संवेदनबाट मात्र भएको हो। उत्पत्ति प्रकरणको श्रवण मनन भए वैराग्य सुप्रतिष्ठित हुन्छ।

(४) त्यसपछि जगत् कसरी स्थित रहन्छ यो शंकाको समाधानको लागि स्थित प्रकरणमा वाशिष्ठ बताउनु हुन्छ कि सङ्कल्पको दृढता भए सारा अनात्म प्रपंच (नगन्) स्थित भैहाल्छ—आधिभौतिक भाव प्राप्त हुन्छ।

(५) यति कुरा संभेपछि मुमुक्षु आफ्नू स्वरूपलाई हेर्दै रहन्छ (अर्थात् आफ्नू चित् स्वरूपलाई अनुभव गर्दै रहन्छ) र साथसाथै चित्तको विषयाकार वृत्तिलाई बन्द गरिदिने प्रयत्न गरिरहन्छ। जनक आदि उत्तम मुमुक्षु विचारको बलले विषयाकार वृत्ति हुन दिंदैनन् र प्रह्लाद, उद्दालक आदि मन्द मुमुक्षु भक्तिको बलले किंवा योगको बलले चित्तवृत्तिलाई शान्त तुल्याउँछन्। गीताशास्त्रमा बताइएको जो ज्ञानाभ्यास हो त्यो उपसम प्रकरणमा विस्तृत रूपले वर्णित छ।

(६) त्यसपछि चित्तवृत्ति शून्य हुन्छ—पहिले (यो हो पूर्वार्द्ध) चित्त कर्म अधिक (न्यूनाधिक) वृत्तिरहित हुन्छ (सम्पूर्ण नष्ट हुँदैन) र पछि (यो हो उत्तरार्द्ध) सम्पूर्ण नष्ट हुन्छ (ज्ञान भूमिकाको अभ्यास क्रमले किंवा ज्ञानपूर्वक समाधि अभ्यासले)। यसरी चित्त सम्पूर्ण नष्ट हुन्छ। चित्तको अत्यन्तिक नाश किंवा निर्वाण हो मोक्ष।

वाशिष्ठमा बताइएको कथाको आशय।

(१) अहल्याको कथा। अहल्या गौतम ऋषिकी पत्नी थिइन्। त्यै देशमा एकजना इन्द्र नाम भएको मानिस पनि थियो। जस्तो रामायण आदिमा प्रसिद्ध छ त्यस्तै अहल्याको मन इन्द्रपट्टि ढल्क्यो—इन्द्रको मन पनि अहल्यापट्टि गयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुइजना मा प्रेम बढेर आयो। इन्द्रले पनि अहल्यामाथि प्रेम छोडे-नन्। प्रेम यति बढेर आयो कि जब गौतम मुनिले श्राप दिए तब इन्द्रको शरीर छुट्यो तर कुनै दुःख लागेन।

कथाको आशय यो हो जो कुछ देखिन्छ (सुख दुःख जगत्को पदार्थ) त्यो सारा हो मनको दृढ वृत्तिरूप। सारा सृष्टि म तिमी जगत् हो सङ्कल्पको दृढता मात्र। त्यसो भए जहाँ मनलाई अचल तुल्याएर तिमो राख्छौ त्यो तिम्रो लागि प्रतीत हुन्छ, त्यो बाहेक अरू कुरा प्रतोत हुँदैन—किनकि जो कुछ देखिन्छ प्रतीत हुन्छ प्रत्यक्ष अनुभूत हुन्छ त्यो सारा हो मनको दृढ वृत्ति मात्र त्यसैले इन्द्रको आफ्नो शरीर, राजाको दण्डबाट दुःख र अहल्या बाहेक अरू कुनै कुरा अनुभव हुन पाएन। भरत मुनिले श्राप दिंदाखेरि पनि शरीरको पतन भयो शरीर नष्ट भयो तर आफूलाई अलिकति पनि पीर लागेन किनकि उसको मन अहल्याबाट अन्त गएन—अहल्यामा नै दृढरूपले बसिराखेको थियो, त्यस कारण आनन्दको नै अनुभव भै राखेको थियो। कथाको आशय यति मात्र हो कि तिमी अखण्ड सुखरूप आफ्नू चैतन्य स्वरूपमा जब मनलाई अचल तुल्याउँछौ तब तिम्रो पनि आफ्नू आनन्दस्वरूपदेखि अरू क्यै कुराको भान हुँदैन, तिमीलाई मोक्षानन्द मिलिहाल्छ।

वशिष्ठको यो आशय नबुझेर यदि आफू पनि अरूको स्त्रीमा प्रेम गर्छ तब ठूलो हानि प्राप्त हुन्छ किनकि लम्पट व्यवहारबाट संसारमा सुख मिल्दैन किन्तु यस्तो कथाबाट वशिष्ठको आशय नसम्झेपछि मानिसको ठूलो हानि नै हुन्छ।

(२) लवण र गाधीको कथा। लवणको कथामा ठूलो यज्ञ आदि सूत्रकर्म गरेपछि इन्द्रबाट सजाय मिल्यो र त्यै सजायले लवण राजालाई बडो ठूलो दुःख र संकष्ट केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालको लागि प्राप्त भएको थियो यस्तो वर्णित छ। कथाको आशय हो कि जसलाई इन्द्र इन्द्रजालबाट राजालाई दुःख दिनुको लागि आएको थियो त्यो माया देखाएर र मात्र गै हालेको थियो कुनै पुरस्कार किंवा धन मानेको थिएन। जो अज्ञानी मानिस हो त्यो सधैं भ्रममा परिराखेको हो। लवण राजा विचारवान र सत्संगी थियो तापनि अज्ञानलाई नष्ट नगरेको हुनाले इन्द्रबाट पठाएको मायावीद्वारा धेरै संकटमा परेको थियो। वशिष्ठको आशय यो हो कि विचार विवेक-लाई पूरा गरीकन आत्मसाक्षात्कार तुल्याइहाल्नु र सारा दृश्यबाट सदा कालको लागि मुक्त हुनु।

(३) गाधी ब्राह्मणको कथा यो हो कि जहाँसम्म माया किंवा हृदय रहिरहन्छ (अर्थात् जहाँसम्म चित्तवृत्ति फुरिरहन्छ) तावत् आश्चर्य र मोह र शंकाको अभाव हुन सक्दैन। जो कुरा धट्न नसक्ने त्यो कुरा घटिहाल्छ देख्नमा आउँछ। आश्चर्यजनक कुराको समाधान अज्ञान दशामा हुन सक्दैन। जब चित्तवृत्तिको अत्यन्त अभाब हुन्छ तब मात्र धेरै आश्चर्य भन्ने कुराहरू सदाकालको लागि हराइहाल्छ। त्यसकारण आफ्नू स्वरूपको ज्ञानलाई मात्र संपादन गर्नुपर्छ—अरू कुनै कुरामा लग्नु भएन।

यसरी कथाहरू संसारबाट शुरू भएर परमात्मस्वरूपमा पुर्‍याइदिन्छन्। अज्ञानीको संसार-प्रसिद्ध भएको हुनाले त्यहाँ-बाट कथाको शुरू हुन्छ, तर कथाको आशय संसार होइन किंवा परमत्मस्वरूप प्राप्तिको साधन हो।

वाशिष्ठ शास्त्रको संक्षेप

वाशिष्ठ शास्त्र धेरै लामो भएको हुनाले त्यसको संक्षेप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बताउनु सजिलोसित मननको लागि अत्यन्त सफल हो । मानिस सधैं चिन्ता किंवा क्रिया गरिरहँदैन। क्रिया र चिन्तन भैरहे तापनि दुई क्रियाको बीचमा किंवा दुई चिन्ताको बोचमा क्रिया र चिन्ताको अभाव अनुभव हुन्छ । यस्तो अभाव कालमा सबैलाई स्वतः आफ्नू प्रकाश स्वरूपको अनुभव भैहाल्छ। यस्तो स्वयंप्रकाश आफ्नू स्वरूपको स्वतः प्राप्त अनुभवको एकक्षण लिउँ म बिलकुल निश्चिन्त भएर बसिराखेको छु र मेरो बुद्धि शान्त र अन्तर्मुख भैकन बुद्धिपूर्वक किंवा स्पष्ट आफ्नू प्रकाश र सुखस्वरूप परमार्थ वस्तुलाई अनुभव गरिराखेको छु तर अज्ञानवशात् किनकि मैले अन्तिम साक्षात्कार प्राप्त गरेको छैन । जगत् वासना फुर्‍यो अर्थात् बासनाबाट सूक्ष्म जगत् फुर्‍यो । यो फुरेको सूक्ष्म जगत् मेरो नै अंग हो ममा नै फुरिराखेको छ र मबाट नै प्रकाशित छ अर्थात् यो सूक्ष्म दृश्य प्रपंच मबाट अर्थात् साक्षीबाट प्रकाशित छ । यो दृश्य प्रपंच ममा कुनै राग द्वेष उत्पन्न गर्दैन । जस्तो मन्द हावाले नदीमा अलिकति पानीको चलन देखिन्छ त्यस्तै आफ्नू चैतन्य स्वरूपमा वासनाले अलिकति प्रपंच चल्यो (उठ्यो, फुर्‍यो)।

यसैको नाम हो अन्तवाहक शरीर। यो हो मृदु भनो राज्य आफ्नू स्वरूपलाई बिर्सिएको छैन—मबाट स्वतः (वासना-वशात्) सूक्ष्म प्रपंच फुरेको छ तर म त्यो प्रपंचसित मिलेको छैन । यो हो ब्रह्माको स्थिति ।

अज्ञानीको यसरी फुरेको मृदु मनोराज्य एकछिनपछि रमाइलो भएर प्रतीत हुन्छ । सङ्कल्प कर्ता (चेताउनेवाला) संवेदन किंवा वासनामुक्त शुद्ध चैतन्य म फुरेको कुरासित मिल्यो (यसैलाई तादात्म्याध्यास भनेको छ) । म चिता-उनेवाला र थाहा पाउनेवाला मानिस आफ्नू स्वरूपलाई भुलि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कन भर्खर फुरेको मृदु मनोराज्य (सूक्ष्मप्रपंच) सित तद्रूप भैदियो। अर्थात् पहिलेको सूक्ष्म प्रपंच तीनवटा भागमा विभक्त भयो—त्रिपुटी बन्यो—पदार्थ, उसलाई ग्रहण गर्नेवाला, र ग्रहण गर्नु। त्रिपुटीको भित्र जुन चेतन हिस्सा हो अर्थात् ग्रहण गर्नेवाला त्यो मैले बनिदियो। संकल्पकर्ता म संकल्पित वस्तुलाई ग्रहण गर्नेवाला बनिदियो साथै साथ पदार्थ आफ्नो अंग भएको हुनाले सत्य प्रतीत भयो र त्यसलाई ग्रहण गर्नु पनि धेरै प्रयोजनीय कुरा ठहऱ्यो। यसरी संकल्पको दृढता भयो—तीव्र मनोराज्य बनिगयो। आफ्नू स्वरूप (अशरीर प्रकाशरूप चैतन्य) विस्मृत भयो हरायो। म शरीरवाला बनिदिएँ—किनकि ग्रहण गर्नेवाला हो स्थूल शरीरवाला एक मानिस। यस्तो अध्यास र तज्जनित स्थूल शरीरलाई ग्रहण स्वप्नमा पाइन्छ। म स्थूल शरीरवाला मानिस बन्यो।

यसैलाई आधिभौतिक शरीर भनेको छ। यसैको नाम हो प्रमाता र जगत्मा सत्यता बुद्धि।

यसरी वाशिष्ठबाट जानेर पछि उल्टा क्रमले म आधिभौतिक भावलाई र त्यसपछि अन्तवाहक भावलाई पनि छोडिदिए मेरो सनातन स्वतः सिद्ध अव्यभिचारी अलुप्त यथार्थ स्वरूप सजिलोसित प्राप्त हुन्छ। म फेरि अनायासले चाँडै नै सदाप्राप्त चैतन्य सुखरूप आफूलाई फेरि प्राप्त गरिहाल्छ।

यो हो वाशिष्ठ प्रतिपादित अजातवाद र अप्राप्त आफ्नू सनातन सुखस्वरूपलाई फेरि प्राप्ति गर्ने सजिलो बाटो।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखकका कृतिहरू

१. अमृत-वचन—(लेखकको जीवनमा प्रयोग गरिएको वेदान्तको उत्तम ग्रन्थ)
मूल्य भा. रु. ४।- पृष्ठ ३००

२. स्वरूप-प्रकाश—(सरल सम्पूर्ण साधनसहित वेदान्तको उत्तम ग्रन्थ
मूल्य भा. रु. ३।- पृष्ठ २००

३. गीतामृत—(शांकर भाष्य र योगवाशिष्ठअनुसार रचित सरल साधन, रहस्यपूर्ण प्रमाण तात्पर्य टीकासहित) मूल्य भा. रु. १५।- पृष्ठ ६५०

४. आत्म-प्रकाश—(वेदान्तको सरल र युक्तिपूर्ण उपादेय ग्रन्थ)
मूल्य भा. रु. ।५० पृष्ठ ६४

५. परमार्थ प्रश्नोत्तरी—(प्रश्नोत्तरपूर्वक संक्षिप्त वेदान्त ग्रन्थ)
मूल्य भा. रु. ।२५ पृष्ठ २४

६. गीताको भूमिका—(योगवासिष्ठअनुसार गीताको उपादेय व्याख्यान)
मूल्य भा. रु. ।५० पृष्ठ २०

७. सुखको बाटो—(वाशिष्ट र वाशिष्ठोत्तर दुइ अद्वैत वेदान्तको प्रक्रिया भेद विमर्श—रूप परिशिष्ठसहित) मूल्य भा. रु. ३।- पृष्ठ २१६

८. ज्ञानसर्वस्व—(अद्वैत ज्ञानको साधन र प्रक्रियाहरूले सुशोभित)
मूल्य भा. रु. ५।- पृष्ठ २१७

९. स्वरूपानुभव—(हिन्दीमा) (चित्त विश्रान्ति, योगवाशिष्ठ सार र साधन रहस्यले सुसम्पन्न) मूल्य भा. रु. २।५० पृष्ठ २८८

१०. महौषधि—(मोक्ष पाउने शास्त्रको सार संग्रह जहाँबाट भवरोग नष्ट हुन्छ)
मूल्य भा. रु. १।- पृष्ठ ४८

११. गीता रहस्य—(गीतामृतको सरलरूपमा संक्षिप्त विवेचन)
मूल्य १।- पृष्ठ ४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२. आत्मानुसन्धान—(सुन्दर, सरल, वेदान्तविषयक विविध)

मूल्य भा. रु. २।- पृष्ठ १३४

१३ ईश्वर विज्ञान—(सबै प्राणीहरूको र सम्पूर्ण जगतको वास्तव स्वरूप परमात्माको तिनै प्रस्थान अनुसार सरल हृदयग्राही र विस्तृत वर्णन छ)

मूल्य भा रु. ५।-

१४. वाशिष्ठामृत—(योगवाशिष्ठ मोक्षोपाय शास्त्रको सम्पूर्ण उत्तम, उत्तम विषयहरूको स्पष्ट र सरलरूपले वर्णन । यो वेदान्त ग्रन्थ मुमुक्षुको लागि अत्यन्त उत्कृष्ट छ) मूल्य भा. रु. १२।-

१५. ज्ञानसाधन—(०२२ साल वैशाख र ०२२ साल चैत्रको नारायणगढ़मा आयोजित सत्संग र प्रवचनहरूमाथि आधारित)

यसको परिशिष्ठ खण्ड ३ उपादेय ग्रन्थ जोडेको छ र ०२२ साल चैत्र, नारायणगढ़ र काठमाडौंको सत्संग समारोहमा भाग लिएका सत्संगीहरूबाट आफ्नो अनुभवको विशेष वर्णन र साक्षात्कार प्राप्त भएको सत्संगीहरूको नाम दिएको छ। यहाँबाट सत्संगमा रुचि भएको नयाँ भक्तहरूको धेरै प्रोत्साहन मिल्छ। मूल्य भा. रु. १२।-

छापिंदै छ :—

१६. ज्ञानालोक—(अजातवाद)

(बृहदारण्यक श्रुतिबाट र माण्डुक्यकारिकाबाट ज्ञानको विषयमा र अजातवाद श्रेष्ठ वेदान्त सिद्धान्तरूप निर्णयको विषयमा विस्तृत वर्णन छ। मूल्य भा. रु. १२।-

१७. परमार्थ पत्रावली—(भिन्न २ शिष्यहरूलाई बाबुबाट लेखिएका चिट्ठीहरूको संग्रह । यो पत्रावलीबाट कर्म भक्ति र ज्ञानपूर्वक स्वरूपको साक्षात्कार अवश्य नै उत्पन्न हुन्छ । यसमा सत्संगी भक्तजनको तस्वीर पनि राखेको छ) मूल्य भा. रु. ८।-

१८. ब्रह्मनिष्ठ ज्ञानवान गुरु श्री क्षितीशचन्द्र चक्रवर्ती ज्यूको फोटो—

मूल्य भा. रु. १।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तक पाइने ठेगाना—

१. हीरालाल श्यामकृष्ण प्रधान
नयाँ बजार, बन्दीपुर (तनहुँ)

२. हीरालाल श्यामकृष्ण प्रधान
नारायणगढ़ (चितवन)

३. बाबुराम गोविन्दराम,
खुदीवेनी (लमजुङ)

४. शंभूलाल चिंकाजी प्रधान
बन्दीपुर—चाँदनी चोक

५. वैकुण्ठलाल वसन्तलाल चुके
नारायणगढ़, चितवन ।

६. रामकुमार दिनेशकुमार,
कुन्छा, लमजुङ ।

७. भक्तिदास श्रेष्ठ (किरानापसल)
असन ठानामुनि, काठमाड़ौं ।

८. रत्न पुस्तक भण्डार,
भोटाहिटी, काठमाड़ौं ।

९. पं० ज्ञानेश्वर शर्मा (शास्त्री, काव्यतीर्थ)
आनन्द निकेतन, रिड़ी (गुल्मी) लुंबिनी अंचल

१०. टेकहरि शर्मा,
चन्द्रकोट, गुल्मी

११. दयाशंकर प्रदीपशंकर पालिखे
सांगुको मुख, पोखरा ।

१२. नेपाली साहित्य भण्डार,
गोस्वारा रोड, विराटनगर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६३२०
AUTHOR चक्रवर्ती श्रीतीशचन्द्र
TITLE वाग्विलासामृत

६३२०
NR66
CHA
2023

MAHENDRA SANSKRIT UNIVERSITY

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu